## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

### षाष्ठम पत्र

### बौद्ध दर्शन र अभिधर्म

**समग्र उद्देष्य**

विद्यार्थीहरूले बुद्धको मौलिक दर्शनको ज्ञान पाएर, त्यसकै आधारमा चिन्तन मनन तथा अभ्यास गरी जीवनमा सम्यक मार्गतिर पाइला चाल्न सक्नेछन् ।

**सिकाइगत उद्देष्यहरू**

१. वम्मिक सुत्त पढेर ध्यान अभ्यासमा प्रयोग गर्नसकिने विधिहरूबारे ज्ञान पाई ध्यान अभ्यासको लागि मार्ग निर्देशन पाउनेछन् ।

२. अभिधर्म जस्तो गहन बौद्ध दर्शनमा समुच्चय काण्ड, प्रत्यय काण्ड, कर्मस्थान काण्ड भित्र परमार्थ स्वभाव धर्मबारे पालि शब्दार्थ, भावार्थ, व्याख्या, व्यावहारिक पक्षको अध्ययन गरी जीवनको प्रत्येक घडीमा त्यसको प्रयोग विधि समेत सिक्नेछन् ।

३. *म्यूप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश,* जस्तो अभिधर्म व्याख्याको विश्वप्रख्यात आधिकारिक पुस्तकको आधारमा अभिधर्मको गहन दर्शन सहजरूपले सिक्नेछन् ।


**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com


परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

षाष्ठम पत्र

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

### षाष्ठम पत्र

### बौद्ध दर्शन र अभिधर्म


**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध परियत्ति शिक्षा**



https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

## षष्ठम पत्र

## बौद्ध दर्शन र अभिधर्म

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : राहुल तुलाधर

**दाता परिवारलाई साधुवाद !**

परियत्ति सद्धम्मकोविद अन्तिम वर्ष, षष्ठम पत्रको यस पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने **राहुल तुलाधर** परिवारलाई साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : ३०० प्रति
बु.सं. २५६८
वि.सं.२०८१
ने.सं. ११४४
ई.सं. २०२४

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ललितपुर

सहयोगार्थ मूल्य : ३००/-
(नोट : यस पुस्तक विक्रि भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था, 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर,  श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं।

*बौद्ध दर्शन र अभिधर्म* शिर्षकको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ'द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)' को षष्ठम पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो। *बौद्ध दर्शन र अभिधर्म* शिर्षकको यस षष्ठम पत्रको लागि विभिन्न लेखकहरूको पुस्तक, अनुसन्धान तथा लेख रचनाहरू समेटेर तयार गरिएको हो।

*बौद्ध दर्शन र अभिधर्म* शिर्षकको यस षष्ठम पत्रको पाठ् यसामग्रीमा एकाइ १ का विषयवस्तु *वम्मिक सुत्त* महासी सयादो मूल लेखक भएको आधिकारिक पुस्तकमा आधारित भई अनागारिका कुसलञाणीले सम्पादन गर्नुभएको हो। एकाइ २ का विषयवस्तु *अभिधर्म* भिक्षु ज्ञानपूर्णिकद्वारा नेपालीमा अनुवाद भएको *अभिधर्मार्थ संग्रह* पुस्तकबाट साभार गरी लिइएको हो। एकाइ ३ का विषयवस्तु *अभिधर्म दैनिक जीवनमा* गोरकम, एन.भीद्वारा लिखित तथा आर.बि. वन्द्यद्वारा अनुवादित पुस्तक *जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग* बाट साभार गरी लिइएको हो। एकाइ ४ को विषयवस्तु *अभिधर्मार्थ संग्रहको व्याख्या* को लागि म्यूप्येंजी सयादोद्वारा लेख्नुभएको पुस्तक *अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश* प्रज्ञानन्द महास्थविरद्वारा नेपालभाषामा अनुवाद भएको तथा अनाागारिका अग्गञाणीद्वारा सम्पादन भएको पुस्तकको

https://dhamma.digital

संगीता धाख्वाद्वारा नेपालीमा अनुवाद गर्नुभएको पुस्तकबाट साभार गरी लिइएको हो ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यस पाठ्यपुस्तकको पाठ्यसामग्रीका लेखकहरूलाई 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' विशेष आभार व्यक्त गर्दछ । यो पुस्तक तयार गर्नको लागि लेखन, अनुवाद, टाइपिंग, शुद्धाशुद्धि, प्रेस सम्बन्धी कार्य इत्यादि कार्यहरु सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सबै श्रद्धालुहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस पुस्तक प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्ने राहुल तुलाधरलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धि कार्य निपुणताका साथ गर्नुहुने *आईडियल प्रिन्टिङ्ग प्रेस*का सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षु संघ, श्रद्धेय गुरुमां संघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६८ | प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, असार | सम्पादक मण्डल

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का बिद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ। यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हने अपेक्षा गरेका छौं।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ। 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शनमहास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं। 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक

https://dhamma.digital

उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकि सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने राहुल तुलाधरप्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप नेपाल बौद्ध परियत्ति शिक्षाले सफलपूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६८ — **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८१ — **नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## षष्ठम पत्र
## बौद्ध दर्शन र अभिधर्म

## विषय सूचि


| | पृष्ठ |
|---|---|
| **एकाइ १ : वम्मिक सुत्त** | **१** |
| **एकाई २ : अभिधर्म** | **६७** |
| १) समुच्चय काण्ड | ६८ |
| २) प्रत्यय काण्ड | ८४ |
| ३) कर्मस्थान काण्ड | १०७ |
| **एकाइ ३ : जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग** | **१४३** |
| १) द्वारहरू तथा चित्तका भौतिक आधारहरू | १४४ |
| २) धातुहरू | १५५ |
| ३) हाम्रा जीवनका शोभन चित्तहरू | १६५ |
| ४) लोकहरू | १७८ |
| ५) समथ | १८९ |
| ६) ध्यान चित्तहरू | २०४ |
| ७) लोकुत्तर चित्तहरू | २१९ |
| ८) सम्बोधि | २३४ |
| **एकाइ ४ : अभिधर्मार्थ संग्रहको व्याख्या** | **२४३** |
| समुच्चय काण्ड | २५० |
| प्रत्यय-काण्ड | २७० |
| कर्मस्थान-काण्ड | २८१ |


Dhamma.Digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## एकाइ १ : वम्मिक सुत्त

Dhamma.Digital

मूल लेखक : भदन्त ऊ सोभन महास्थविर (महासी सयादो)

*नेपालभाषा अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर*

*नेपाली अनुवादक : भिक्षु नायको*

*परियत्ति पाठ्यसामग्रीको लागि लेखन तथा सम्पादन :*
अनागारिका कुसलञाणी

https://dhamma.digital

# एकाइ १ : वम्मिक सुत्त

## परिचय

यो सूत्र भगवान् बुद्धले रूपकाय शरीरलाई धमिराको घर(ढिस्कुरो)को उपमा दिई आज्ञा हुनुभएको सूत्र हो । यो सूत्र विशेषत आयुष्मान् कुमार काश्यपलाई महाब्रह्माले सोधेका रहश्यमय र गम्भीर १५ वटा प्रश्नबारे भगवान् बुद्धले उपमा र उपमेय मिलाएर दिनुभएको उपदेश हो । यो सूत्र त्रिपिटकको सूत्रपिटक अन्तर्गत मज्झिमनिकाय, मूलपण्णास पालि, ओपम्म वर्गमा पर्दछ ।

यही सूत्रलाई व्याख्या गरिएको पाठ्यपुस्तक "वम्मिक सुत्त" को मूल लेखक भद्दन्त सोभन महास्थविर (महाशी सयादो) हो भने नेपालभाषामा अनुवादक भिक्षु ज्ञानपूर्णिक हो । नेपालभाषामा अनुदित पुस्तकको नेपाली भाषामा अनुवादक भिक्षु नायको "परियत्ति सद्धम्म कोविद" हो ।

### सूत्रको निदान

भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा विराजमान हुनुभएको समयको कुरा हो । त्यस बेला एक रातको समयमा आयुष्मान् कुमार काश्यप स्थविर जेतवन विहारको उत्तरतर्फ रहेको अन्धवनमा बसिरहनुभएको थियो । विवेक प्राप्त गरेर एकान्त र शान्तपूर्वक बस्न मनसाय भएका भिक्षु भिक्षुणी स्थविरहरू यस अन्धवनमा गई बस्ने गर्थे । यस अन्धवनमा साधारण मानिसहरू आवत जावत गर्दैनथे । एकदमै एकान्त ठाउँ थियो ।

यस्तो मैले सुनें – एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा विहार गर्नुहुन्थ्यो । त्यो समयमा आयुष्मान् कुमारकाश्यप अन्धवनमा विहार गर्नुहुन्थ्यो । त्यसपछि कुनै



https://dhamma.digital

एक देवता (महाब्रह्मा) प्रकाशमय रातमा जाज्वल्य वर्णले पुरै अन्धवन प्रकाशित गरि जहाँ आयुष्मान कुमारकाश्यप हुनुहुन्छ, त्यहाँ नजिक गए, नजिक गई एक छेऊमा उभ्यो । एक छेऊमा उभिएको त्यो देवताले (महाब्रह्माले) आयुष्मान् कुमारकाश्यपलाई (सुमेध भन्ने शिष्य र ब्राह्मण आचार्य बीच संवाद भएको प्रसंगलाई लिएर) यस्तो भन्नुभयो –

**"भिक्खु भिक्खु, अयं वम्मिको रत्तिं धूमायति, दिवा पज्जलति । ब्राह्मणो एवमाह – 'अभिक्खण, सुमेध, सत्थं आदाय'ति । अभिक्खणन्तो सुमेधो सत्थं आदाय अद्दस लङ्गिं 'लङ्गी, भदन्ते' ति । ब्राह्मणो एवमाह –' उक्खिप लङ्गिं; अभिक्खण, सुमेध, सत्थं आदाया'ति । अभिक्खणन्तो सुमेधो सत्थं आदाय अद्दस उद्धमायिकं । 'उद्धुमायिका, भदन्ते'ति । आदि**

**भिक्षु ! भिक्षु !! यो ढिस्कुरोबाट रातमा धुँवाको मुस्लो ह्वारह्वार्ती निक्लिन्छ । दिउँसो भने दन्दनी आगो दन्किन्छ ।** महाब्रह्माले भनिरहेको कुरामा विचार गरी हेरौं । केही सम्बन्धै नराखिकन सुरुदेखि नै "भिक्षु ! भिक्षु !! यो ढिस्कुरोबाट रातमा धुँवाको मुस्लो ह्वारह्वार्ती निक्लिन्छ । दिउँसो भने दन्दनी आगो दन्किन्छ" भनी साँच्चैको भइरहेको जस्तै भनी रह्यो । ब्राह्मण आचार्यले प्रज्ञा ज्ञानले राम्ररी सम्पन्न भएको चतुर शिष्यलाई यसरी भन्यो -

**"राम्रोसँग प्रज्ञा ज्ञानले परिपूर्ण हे दक्ष शिष्य ! शस्त्र लिएर यो ढिस्कुरोलाई निरन्तर खन ।" उक्त दक्ष शिष्यले कुटो लिएर निरन्तर खन्दै जाँदा ढोकाको चुकुल देख्यो । "भदन्त ! चुकुल चुकुल" भनी शिष्यले गुरुलाई भन्यो । ब्राह्मण आचार्यले यसरी भन्यो - "हे दक्ष शिष्य । चुकुल उखेल, शस्त्र लिएर निरन्तर खन्दै जाऊ ।" दक्ष शिष्यले खन्दै जाँदा जति छोयो त्यत्ति फुल्दै आउने भ्यागुता देख्यो । "भदन्त ! जति छोयो त्यत्ति फुल्दै आउने भ्यागुता, छुँदै लग्यो त्यति नै फुल्दै जाने भ्यागुता रहेछ ।"** १५ वटा समस्याहरू इत्यादि रूपमा महाब्रह्माले कुमार काश्पय स्थविरलाई प्रश्नहरू दिएर गयो ।

**भिक्षु ! भिक्षु !!** यो आयुष्मान् कुमार काश्यपलाई सर्वप्रथम



https://dhamma.digital

बोलाइएको शब्द हो । **भिक्षु ! भिक्षु ! !** भनी दुईपटक दोहोऱ्याइकन भनेको पालि अनुसार - **"आमोदितं"** शब्द भनिन्छ । यो हतारपतारमा झस्की प्रयोग गरिने शब्द हो । "सर्प ! सर्प ! !, आगो ! आगो ! !" आदि भनी हतारपतारले छिटोछिटो प्रयोग गर्ने शब्द हो । "उक्त भ्यागुतोलाई समेत निकाली फ्यालिदेऊ । खन्नु पर्ने खन्दै जाऊ ।" भनी गुरुले अऱ्हाए । खन्दै लैजाने क्रममा दोबाटो भेटियो । यसरी एकपछि अर्को आश्चर्यजनक वस्तुहरू भेट्दै आखिरमा नाग भेटियो । ढिस्कुरोदेखि लिएर नागसम्म पुग्दा १५ वटा प्रश्नहरू पुगे । यसलाई पालि भाषामा पहेलि भनिन्छ । गाउँ खाने कथा जस्तै हो ।

यी प्रश्नका सही उत्तर दिनसक्ने तीनजना व्यक्तिहरू मात्रै छन् ।" "१. भगवान् बुद्ध, २. वहाँका श्रावक शिष्य र ३. मेरो तर्फबाट सिकी लिई सकेका व्यक्ति । यी तीन व्यक्ति बाहेक अरूले यसको उत्तर दिन सक्दैनन् । त्यसैले भगवान् बुद्धसँग सोधी याद गरी राख्नुहोला ।" भनी सूचित गरीकन ब्रह्मलोकमा नै फर्किगए ।

## आयुष्मान् कुमार काश्यपको पूर्वजन्मको कुरा

काश्यप बुद्धको पालामा शासनको अन्ततिर कतिपय श्रमण प्रव्रजितहरूको आचरण नराम्रो देखेर संवेग उत्पन्न गरी सातजना भिक्षुहरूले यस्तो विचार गरे - "सम्यकसम्बुद्ध उत्पन्न हुनु भनेको सजिलो छैन । कम्तीमा पनि चार असंख्य र एक लाख कल्प पारमिता गुण धर्म पूर्ण गरिसकेपछि मात्र बुद्धत्व लाभ हुन्छ । यसरी बुद्ध भइसकेपछि मात्र मार्गफल निर्वाणमा पुग्नका निम्ति सत्य आचरण र सत्य धर्म बताउन सक्ने हुन्छ । अति दुष्कररूपले आचरण गरी स्थापना गर्नुपर्ने बुद्धशासनमा कतिपय हाम्रा सहधर्मी प्रव्रजितहरूले शिक्षापद आचरण धर्मलाई गौरवपूर्वक आचरण गरेको रहेनछ । बहुमूल्य भइरहेको यो बुद्धशासन यस किसिमले अगाडि बढ्यो भने समय नबित्दै विनाश भएर लोप भई जाने सम्भावना छ । लोप हुन नदिनका निम्ति र विनाश हुनु अगावै यो शासनको आधार लिई भरोसा हुने किसिमले कोशिस गर्न



https://dhamma.digital

योग्य छ । केही विघ्नबाधा नभएको शान्त र एकान्त वनजंगलमा गई वीरतापूर्वक कोशिस गर्नुपऱ्यो ।" भनी सल्लाह गरे ।

## सात भिक्षुहरूको जंगलमा बास

यसरी एउटै उद्देश्य र राय अनुसार अष्टपरिष्कार धारण गरी तिनीहरू जंगलतर्फ लागे । जंगल प्रवेश गरी एउटा पहाडमाथि उक्ले । उक्त पहाडको टुप्पो ठाडो उकालो थियो । त्यस पहाड बिना भऱ्याङ चढ्न नसक्ने खालको चट्टानको थियो । उक्त चट्टान पर्वत देख्ने बित्तिक्कै सातै भिक्षुहरूले एउटै राय व्यक्त गरी भऱ्याङ ल्याई माथि उक्ले । त्यहाँ माथि पुगेपछि संघ स्थविरले सुचित गरे - "आयुष्मान्हरू हो ! शरीरप्रति, जीवनप्रति लिप्त हुने आशक्ति भाव बाँकी छ भने यो पहाडबाट तल झर्नू । त्यसो होइन र सबैको एउटै राय भए यो भऱ्याङलाई हटाइदिन्छु ।" सातै भिक्षुहरूले मरे मरिन्छ भन्ने भावले आत्म समर्पण गरी साँच्चैको उद्योग गर्ने मनोभावना अति प्रबल रहेको हुनाले कोही पनि तल झरेनन् । सबैले एउटै उद्देश्य राखी त्यहाँ बसे । उक्त घटनापछि स्थविरले सबैको एउटै मनसाय रहेको देखी भऱ्याङ हटाई दिनुभयो ।

## पर्वतको टुप्पोमा सात भिक्षुहरूको उद्योग

भऱ्याङ खसालिसकेपछि सात भिक्षुहरूको धर्मबाहेक अरू कुनै पनि आधार भरोसा भएन । उनीहरू पर्वतको तल आउन असमर्थ भए । यदि त्यहाँ होस् नराखी निदायो भने मर्ने सम्भावना धेरै रह्यो । पानी पिउनको लागि हुनसक्छ एउटा घडामा मात्रै थियो होला । पानी सकिएको खण्डमा पानीकै प्यासले मर्न सक्ने धेरै सम्भावना भयो । भोजनको नाममा भोलि जान्छु भन्ने पनि बाँकी रहेन । भोककै कारणले मर्न सक्ने भयो । अभिज्ञासँग विशेष धर्म प्राप्त गरेको खण्डमा मात्र उनीहरू बाँच्ने सम्भावना रह्यो । यस प्रकार मरण धर्मसँग नजिकिएको हुनाले ती भिक्षुहरूले भविष्यको विषयमा विचार गर्ने र आशा राख्ने ठाउँ केही पनि रहेन । त्यसैले ती सात भिक्षुहरूले धर्मलाई मात्र भरोसा लिई जोडतोडले अभ्यास गरिरहे । त्यसप्रकारको जोडतोडको उद्योग



https://dhamma.digital

अभ्यासले सबैभन्दा जेष्ठ संघस्थविर रात कटेको अवस्थामा आश्रव निरोध भई अरहन्त अवस्थामा पुगे ।

ध्यानभावना अभ्यास गर्ने समयमा मरणानुस्मृति अनुसार मरण धर्मलाई अति नजिक राखी विचार गर्नु अति उपकारक हुन्छ । त्यसैले भगवान् बुद्धले मरण धर्मलाई नजिक राखी चिन्तन गर्नका निम्ति आज्ञा गर्नुभएको छ -

**अज्जेव किच्चं आतप्पं - को जञ्ञा मरणं सुवे**

**न हि नो सङ्गरतेन - महासेनेन मच्चुना ।**

**अर्थात् - सम्यक् प्रधान वीर्यलाई वा सम्यक्प्रधान वीर्यद्वारा गर्नुपर्ने र गर्न योग्य कार्य सम्पूर्ण भोलि पर्सि भनी दिन नपन्छाऊ । आजको आज नै उद्योगपूर्वक गर्नुपर्ने गर्न योग्य कार्य गर्नुपर्छ ।**

उत्पन्न भइसकेको अकुशललाई पन्छाउन सक्ने गरिकन, उत्पन्न नभएका अकुशललाई उत्पन्न हुन नदिइकन, उत्पन्न नभएका दान, शील, समथ, विपश्यना, मार्गकुशल उत्पन्न हुने किसिमले, उत्पन्न भइसकेको कुशल उत्पन्न गरी स्थिर हुने किसिमले, वृद्धि हुने किसिमले, पूर्ण हुने किसिमले उद्योग गर्ने वीर्यलाई सम्यक् प्रधान वीर्य भनिन्छ । उक्त सम्यक् प्रधान वीर्यद्वारा उद्योग गर्नुपर्ने कार्य भोलि मात्र गर्छु, पर्सि मात्र गर्छु भनी आदि तवरले समय खेर नफालिकन आजको आजै तुरुन्त नै उद्योग गर्नु पर्दछ । यसरी भगवान् बुद्धले भिक्षु, उपासक, उपासिकाहरूलाई अति नै दया करुणा राखी प्रष्ट हुने गरी प्रेरणा दिइराख्नु भएको हो ।

**"न हि नो सङ्गरतेन, महासेनेन मच्चुना ।"**

अर्थात् - रोग, शस्त्र, विष इत्यादि भन्दा पनि सैन्य समूह धेरै भएका मृत्युराजसँग मित्र सम्बन्ध राखी, दिन तोकेर, उपहार चढाई, घुस दिई, हमला गर्न सक्ने किसिमले सैन्यबल प्रयोग गरिकन लड्न सक्ने क्षमता हामीमा छैन ।

मृत्युराजसँग कसैले पनि कुनै शस्त्रले पनि, कुनै शक्तिले पनि आक्रमण गर्न सक्दैनन् । सबैजना उसकै अधिनमा छन् । विश्वका प्रसिद्ध



https://dhamma.digital

योद्धा राजाहरू, योद्धा सेनापति, वीर योद्धाहरूले समेत मृत्युराजसँग हार खाई बस्नु परेका छन् । त्यसैले भोलि मर्दिन होला भनी कसले निश्चित रूपले भन्न सक्ला र ? भन्न सकिँदैन । त्यही कारणले भोलि पर्सि नभनी दिन नतोकी, आजको आजै अहिलेको अहिल्यै उद्योग गर भनी भगवान् बुद्धले जुर्मुराउने तरिकाले प्रेरणा दिइराख्नु भएको हो । यस अवस्थामा मरण धर्मलाई कति हदसम्म नजिक राख्न दिन मनलाग्छ भन्ने कुरा उल्लेख छ –

## मरणधर्म स्मरण

एक पटक भगवान् बुद्धले भिक्षु परिषद्सँग मरणधर्म विचार गर्ने, सम्झने, मरण स्मृतिलाई अभिवृद्धि गरेका छौ ? भनी प्रश्न गर्नुभयो । ६ जवान भिक्षुहरूले अभ्यास गरिरहेको कुरा निवेदन गरे –

पहिलो भिक्षुले - "दिन रातको भित्रमा मरेर नगएको खण्डमा भगवान् बुद्धको उपदेश धर्म उद्योग गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो । त्यो भिक्षुले विचार गरेको तरिका यस्तो हो - "आज दिनभर मरिँदैन, भोलि मर्न पनि सकिन्छ ।"

दोश्रो भिक्षुले - "दिनभर नमरिकन श्रमण धर्म गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो ।

तेश्रो भिक्षुले - "एक छाक भोजन खाइरहेको अवस्थामा समेत अभ्यास गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो ।

चौथो भिक्षुले - "भोजन चार पाँच गाँस खाइरहेको अवस्थामा अभ्यास गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो ।

उक्त चारजना भिक्षुलाई भगवान् बुद्धले प्रशंसा गर्नुभएन । मरण धर्मलाई टाढा टाढा राखी सुस्तरी सुस्तरी विचार गरिरहेका भनी निन्दा गर्नुभयो ।

पाँचौ भिक्षुले - "भोजन एक गाँस खाने बखतमा समेत अभ्यास गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो ।

छैठौं भिक्षुले - "सास भित्र बाहिर हुने अवस्थामा पनि अभ्यास



https://dhamma.digital

गर्न पाए कति हुन्थ्यो" भनी विचार गरेको कुरा निवेदन गऱ्यो ।

यी दुई भिक्षुलाई भगवान् बुद्धले प्रशंसा गर्नुभयो । "भोजन एक गाँस लिने समय, साँस भित्र्याउने क्रममा मर्न सकिन्छ" भनी विचार गरेको खण्डमा मरणधर्मलाई नजिकले विचार गरेको भन्न मिल्दछ । अप्रमाद भएको भनिन्छ । आश्रव क्लेश नाश गर्नका निम्ति बलियोसँग उद्योग गरिरहेको भनिन्छ । त्यसैले भगवान् बुद्धको अभिलाषा अनुरूप भन्ने हो भने मरण धर्मलाई जति सक्यो त्यति नजिकबाट विचार गर्नु आवश्यक छ ।

भगवान् बुद्धको अभिलाषा अनुरूप समय नबित्दै मर्न सकिन्छ भनी विचार गरेको खण्डमा मात्रै हतार मानेर धर्मको अभ्यास गर्न सकिन्छ। भविष्यसँग नअलमली जति सक्यो त्यति बलियोसँग जोडतोडले अभ्यास गर्न सकिन्छ भन्ने अभिप्राय हो । आज मानिसहरूले उद्योग गरिरहेको, मर्नदेखि डराई, मर्नु अगावै धर्म प्राप्त गर्नका निम्ति हो । हजारौं हजार लाखौं लाख वर्षसम्म मरिँदैन भन्ने बेला यी मानिसहरूले अहिले जस्तो हतार मानीकन उद्योग गर्लान् भन्ने पनि रहेन ।

भावना अभ्यास गरिराखे तापनि मरण भयबाट टाढिरह्यो भने कसै कसैले त ध्यान अभ्यासलाई फितलो गर्छन् । भावना गरिसकेपछि के गर्नुपर्ला भनी, कुन प्रकारले सुख वृद्धि गर्नुपर्ला भनी आदि प्रकारले भविष्यको चिन्तन गरी समय सित्तैमा फालिरहेका हुन्छन् । त्यसैले पर्वत टुप्पामा पुगी उद्योग गरिरहेका भिक्षुहरूले फितलो नबनाउनका लागि भऱ्याङ हुत्याइकन उद्योग गरेका हुन् । यदि भऱ्याङ भई नै रहेको भए तल आउन मन लागेको बेलामा तल आउने भएको कारणले पर्वतको टुप्पोमा गई उद्योग गरेतापनि विशेष केही लाभ हुने थिएन । भऱ्याङ नभइदिएको कारणले केही आधार भएन । मर्नुपर्ने साह्रै नै नजिक भइसकेको कारणले, धर्ममात्रै आधार लिइकन जीऊज्यान दिई उद्योग गरे । यस प्रकार उद्योग गरेको कारणले रात बित्दैमा स्थविर अरहन्त भए ।



https://dhamma.digital

## अरहन्त र ध्यान अभिज्ञा

अरहन्त पनि दुई किसिमका छन्। कोही व्यक्ति अरहन्त भएतापनि चारआर्य सत्य थाहा पाई क्लेश निर्मूल भएका हुन्छन्। आकाशमा उड्ने आदि ऋद्धिसिद्धि सम्पन्न हुन्नन् । यस्तो अरहन्तलाई **सुक्खविपस्सक अरहन्त** भनिन्छ। **"ध्यान अभिज्ञाको छाँया नपरेतापनि आ-आफ्नो भावना भाविता गरी अरहन्त फलमा पुगेका अरहन्तहरू"** भन्ने यसको अभिप्राय हो । कोही सुरुदेखि अभिज्ञा प्राप्त गरी विपश्यना भाविता गरि अरहन्त हुनेछन् भने कोही चाहिं अरहन्त हुने बखतमा अभिज्ञासहित एकैचोटी दुबै लाभ गर्छन् । यसरी अरहन्त मार्गसहित अभिज्ञा ज्ञानमा सम्पन्न हुनेलाई **"मार्गसिद्ध ध्यान"** भनिन्छ र यस्ता अरहन्त आकाशमा उड्न सक्ने आदि ऋद्धिसिद्धिले सम्पन्न भएका हुन्छन्। अहिले उल्लेख गरेको संघ स्थविर पनि अरहन्त सहित ध्यान अभिज्ञा एकैचोटी सम्पन्न भएका व्यक्ति हुन् ।

## भोजन सेवन कबुल नगरेको

त्यसो भएको हुनाले अरहन्त स्थविरले ध्यान अभिज्ञाको शक्तिबाट आकाशमार्गबाट उडी भिक्षाटन गरी सहबासीहरूका निम्ति पनि भोजन ल्याए। अनि ध्यान भावना अभ्यास गरिरहेका अरु भिक्षुहरूलाई सम्बोधन गर्दै भने - "आयुष्मान्हरू ! चित्त कमजोर नगर्नुहोला । कोशिस गरी अभ्यासलाई निरन्तरता दिनुहोस् । तपाईहरूको लागि भोजन ल्याएको छु । यसरी नै म तपाईहरूलाई सधैं सेवा गर्नेछु । यो भोजन सेवन गरी उद्योगी हुनुहोस् ।" ती ६ जना भिक्षुहरूले गौरवपूर्वक प्रश्न गरे - "हामीले भावना गर्नुभन्दा पहिले, सर्वप्रथम धर्म विशेष प्राप्त गर्ने भिक्षुले बाँकी भएका भिक्षुहरूका निम्ति भोजन ल्याउनुपर्छ भन्ने कुरा कबुल गरेका थियौं र ?" "छैन" "त्यसो भए हामीसँग पनि तपाईंले जस्तै विशेष धर्म प्राप्त गर्ने कारण उपनिश्रय भए तपाईले झैं लाभ गर्ने छौं । त्यस प्रकारले सम्पन्न हुने किसिमले कोशिस गर्नेछौं । तपाईले ल्याउनुभएको भोजन ग्रहण गरियो भने हामी ध्यान भावनामा फितलो हुने सम्भावना



https://dhamma.digital

छ" भनी अरहन्त स्थविरले दिनुभएको भोजन स्वीकार गरेनन् । अरहन्त स्थविर पनि आफूलाई योग्य स्थानमा उडिगए ।

दोश्रो दिनमा द्वितीय स्थविर अनागामी मार्ग फलमा पुगी अनागामी भए । बाँकी रहेका ६ जना भिक्षुहरूमध्ये उनी जेष्ठ स्थविर थिए । उनले पनि एकै चोटी अनागामी मार्गफल सहित अभिज्ञा ज्ञान लाभ प्राप्त गरेका थिए । त्यसैले उनले पनि अभिज्ञा शक्ति प्रयोग गरी भोजन ल्याए । पहिलेको स्थविरले झैं भावना अभ्यास गरिरहेका सहधर्मीहरूलाई सम्बोधन गरे । त्यसबेला बाँकी रहेका पाँच भिक्षुहरूले "पहिले धर्म विशेष प्राप्त गरेका भिक्षुको भोजन स्वीकार नगरे तापनि दोश्रो व्यक्तिबाट भोजन स्वीकार गर्नेछौं भन्ने कुरा के हामी बीच कबुल भएको थियो र ?" "छैन" भनी जवाफ आएपछि पहिलेको स्थविरको भोजन स्वीकार नगरेझैं उनीलाई पनि फिर्ता पठाइदिए । वहाँहरू साह्रै नै श्रद्धा राख्न योग्य हुनुहुन्थ्यो । अरहन्त स्थविरले ख्वाउन ल्याएको भोजन स्वीकार गरेनन्, अनागामी स्थविरले ल्याएको भोजन स्वीकार गरेनन् । दुई दिन बिती सकेको थियो, कति भोक प्यास लाग्यो होला ? त्यसो भए तापनि मरे मर्छु भनी दृढ चित्तले आफूले आफूलाई भरोसा दिइकन उद्योग अभ्यास गरिरहेको राम्रो हैन र ?

यसरी अनागामी स्थविर पनि आफूलाई योग्य स्थानमा गए । बाँकी भएका पाँच भिक्षुहरू पनि उद्योग गर्नुपर्ने कार्यमा लागि नै रहे । पारमिता धर्म इन्द्रिय परिपक्व नभएको कारणले ती भिक्षुहरूले विशेष धर्म प्राप्त गर्न सकेनन् । खाने पिउने अभावको कारणले ती परलोक हुनुभयो । यस्तो अवस्थामा श्रद्धा नभएकाहरूको दृष्टिमा – "यी भिक्षुहरूले धर्माचरण गरेका कारण धेरै नै हानी भयो" भनी मनमा राख्ने गर्छन् । साँच्चैको भन्ने हो भने हानी त भएको छैन । एक जन्ममा एकपटक मर्नु भनेको कुनै आश्चर्यको कुरा होइन । यो शरीरलाई जतिसुकै सेवाटहल गरे पनि, संरक्षण गरि राखे तापनि एक दिन त अवश्य मरिन्छ । मर्ने अवस्थामा सुगतिमा जाने किसिमले आधार भरोसा हुने गरी परिशुद्ध रूपमा मर्नु आवश्यक छ । फितलो किसिमको शील हुनु, शील एउटै



https://dhamma.digital

पनि परिशुद्ध नभइकन मरेर जानु पर्‍यो भने त्यो झन् डरलाग्दो हुन्छ। त्यो व्यक्ति दुर्गतिमा पनि पर्न सक्छ। ती पाँचजना भिक्षुहरू त भावना अभ्यास गरी परलोक भएको कारणले शील पनि पूर्णरूपले परिशुद्ध नै रह्यो। समाधि र प्रज्ञा पनि पूर्ण भै रह्यो। यसरी परिशुद्ध रूपले मर्नुलाई उत्तम मरण भनी भगवान् बुद्धले आज्ञा गरि राख्नुभएको छ। यसरी उत्तम मरणद्वारा मृत्यु भएका उनीहरूलाई कुनै हानी भएन। धेरै भन्दा धेरै लाभ प्राप्त भयो।

## लाभै लाभ

ती भिक्षुहरू मरणपछि उनीहरूको शील, समाधि र प्रज्ञा, कुशल प्रज्ञाको कुशल आनुभावले दिव्यलोकमा सुतिरहेको व्यक्ति ब्युँझे झैँ अकस्मात् देवलोकमा देवता भई उत्पन्न भए। रातमा सुती बिउँझेको व्यक्तिलाई कुनै कष्ट वेदना नभएझैँ उनीहरूलाई पनि मनुष्य जन्मबाट च्यूति (पतन) भई तुरुन्त दिव्यलोकमा देवता हुन गएका हुन्। विमान परिष्कार देवकन्या परिवार साथै केही पनि अपुग भन्ने नरही सम्पूर्ण कुराले परिपूर्ण भए। त्यसो भएको एक जन्मको लागि मात्र होइन, काश्यप बुद्धको पालादेखि अहिले गौतम बुद्धको पालासम्म नै छ दिव्यलोकको कहिले माथिको भूवनमा त कहिले तलको भूवनमा घुमी चहारीकन सुख भोग गरिरहे। दुई बुद्धको बीचको समयमा दिव्यसम्पत्तिको मात्र अनुभव गरिरहे। जन्मभय भएको भूमि दिव्य सम्पत्तिले मात्र परिपूर्ण भएको र केवल भूमिमात्र परिवर्तन भइरहेको छ भनी थाहा पाएकाले खुसीका साथ परिवर्तन गरिरहे। एक राम्रो घरबाट अर्को राम्रो घरमा सरे जस्तै। गौतम बुद्धको पालामा मुक्त हुने कारण भएकोले मनुष्य लोकमा आउनु पर्नेभयो। केही हानीको डर छैन। लाभै लाभ हुने भयो।

अब फेरि एकपटक काश्यप बुद्धको समयको घटना जोड्दा पहिलो अरहन्त स्थविर आयु सकिएर परिनिर्वाण भए। अनागामी स्थविर मात्र त्यस जन्मबाट परलोक भई सुद्धावास भन्ने ब्रह्मलोकमा उत्पन्न भए। उनी महाब्रह्माले आफ्ना सहवासी धर्मसाथीहरूलाई ब्रह्मलोकबाट अवलोकन गरे। सहयोग दिनुपर्ने अवस्थामा सहयोग दिनका निम्ति हेर्दा



https://dhamma.digital

उनीहरू दिव्यलोक पुगिरहेको देखेर धन्दा नलिइकन उपेक्षापूर्वक बसे ।

## महाब्रह्माका ५ जना साथीहरू

### आयुष्मान दब्ब स्थविर :-

वर्तमान गौतम बुद्धको समयमा ती सहबासी भिक्षुहरू पाँचजनामध्ये एकजना आयुष्मान दब्ब भन्ने स्थविर भई सात वर्षको उमेरमा नै अरहन्त भएको ती महाब्रह्माले देखे । सात वर्ष भन्ने बेलामा साह्रै नै सानो थियो होला । अहिलेको सात वर्षको बच्चासँग तुलना गरि हेऱ्यो भने साह्रै नै सानो भन्ने थाहा हुन्छ । त्यसो भए तापनि पहिले पहिले पर्वत टुप्पोमा साह्रै नै उद्योग गरि आएका हुनाले पारमिताका कारण सात वर्षको उमेरमा नै अरहन्त भएको हो । वर्तमान अवस्थामा पूर्ण रूपले उद्योग गर्नेहरूले वर्तमान जन्ममा कारण प्राप्त नभए तापनि, पूर्ण हुन नसके तापनि, मनमा दृढताका साथ उद्योग गर्नु आवश्यक छ । यस बुद्धशासन भित्र पछिको जन्ममा वा पछिको बुद्धको शासनमा उनी आयुष्मान् दब्ब स्थविरले झैं सजिलैसँग अरहन्त प्राप्त गर्न सकिनेछ ।

### पुक्कुसाति राजा :-

अर्को एकजना तक्षशिला देशमा पुक्कुसाति भन्ने राजा भइरहेको देखे । तक्षशिला भनेको भारतको उत्तर पश्चिम कुनाको पञ्जाब क्षेत्र भित्र पेसावर भन्ने शहरको दक्षिणतर्फ पर्दछ (हाल पाकिस्तानमा) । त्यस पुक्कुसाति राजा पनि राजगृहका राजा बिम्बिसारले दिई पठाएको समाचार अनुसार बुद्ध, धर्म र संघको गुण थाहा पाएर आनापाना (स्वासप्रस्वासमा ध्यान) विचार गरि प्राप्त भएको ध्यानको कारणले भगवान् बुद्धलाई उद्देश्य राखी स्वयम् भिक्षु भइसकेपछि भगवान् बुद्धको दर्शन गर्नका निम्ति बाहिरिएका थिए । राजगृह पुगिसकेपछि कुम्हालेको भाँडाकुँडा बनाउने पाटीमा बसिरहेको बेला भगवान् बुद्ध पनि त्यहाँ आइपुग्नुभयो । धातु विभङ्ग सूत्र देशना भगवान् बुद्धको तर्फबाट सुनिसकेपछि उनी पनि अनागामी भए । अनागामी भएको केही समय नबित्दै पहिले पहिले गरिआएको अकुशल कर्मका कारण शत्रुता



https://dhamma.digital

पालिरहेकी एक यक्षिनीले गाईको रूप धारण गरि मारिदिए । परलोक भई सुद्धावास ब्रह्मलोकभूमिमा पुगे । यो पनि त्यस महाब्रह्माले देखे । आयुष्मान् दब्ब र पुक्कुसाति राजाहरूका निम्ति ती महाब्रह्माले सहयोग दिनुपर्ने आवश्यकता देखेनन् ।

## सभीय परिव्राजक

अर्को एकजना सभीय भन्ने परिव्राजक भएका थिए । उनले गलत मिथ्या धारणा ग्रहण गरेका थिए । उसकहाँ महाब्रह्मा पुगिकन दुई प्रश्न दिए । प्रश्न दिइसकेपछि भिक्षु श्रमणहरूसँग सोध्नु र उत्तर दिनसक्नेको शिष्यत्व ग्रहण गरी आचरण गर्न सुझाव दिए । सभीयले धेरै जनासँग प्रश्न सोधे तर कसैले उत्तर दिन सकेनन् । आखिर भगवान् बुद्धकहाँ पुगी प्रश्न सोध्दा वहाँ भगवान्ले चित्त बुझ्ने गरिकन उत्तर दिनुभयो । त्यसपछि बुद्धशासनमा भिक्षु भई भावना अभ्यास गरी समय नबित्दै अरहन्त भए ।

## बाहिय दारूचीरिय

अर्को एकजना बाहिय देशमा जन्मन पुगे त्यसैले उसको नाम नै बाहिय रह्यो । ऊ बाहिय देशको समुद्री जहाजमा बसी समुद्र पारि रहेको देशमा व्यापार गर्न जाने व्यापारी भयो । समुद्र पार गरिकन व्यापार गर्ने क्रममा आयात निर्यात गरी उसले ७ पटक सफलता प्राप्त गरिसकेको थियो । आठौं पटकमा सुवर्णभूमि भन्ने ठाउँमा जाने उद्देश्य राखी मालसामान टन्न भरिकन समुद्री जहाजबाट प्रस्थान गरे । पहिले पहिलेका समुद्री जहाज भनेको कपडा टाँगेको ठूलठूला जहाज हो । सुवर्णभूमि भनेको बर्माको तथऊँ शहर नै हो भनी पहिले धेरैले विश्वास गर्दथे । आजभोलि कतिपय मानिसहरूले सुमात्रा द्वीपलाई सुवर्णभूमि भन्ने उल्लेख गरेको पाइन्छ । अर्थकथामा उल्लेख गरिराखेको सुवर्णभूमिसँग त्यो मेल खाँदैन । बाहियको समुद्री जहाज समुद्रमा पुग्दा समुद्री आँधिको प्रकोपले विनाश भयो । जहाजमा सवार भएका धेरै मानिसहरूको विनाश भयो । बाहिय एकजना मात्र कर्म बलियो भएको कारण र पच्छिम भविक



https://dhamma.digital

(अन्तिम जन्म भएको व्यक्ति) भएको कारणले बिग्रेको काठको एक टुक्रालाई बलियोसँग समाती छालले घचारी घचारीकन समुद्री किनारमा आइपुग्यो । समुद्र छेऊमा पुगेपछि केहीबेर विश्राम गरी निदाएछ । पछि भोक लागेको कारण खानेकुरा खोज्न जाने विचार गऱ्यो । समुद्रले बगाउने क्रममा उसको शरीरमा लुगाफाटाको नाममा केही बाँकी रहेन । लज्जा सरम छोप्नको निम्ति ऊ जंगलतर्फ लाग्यो । रूखको स्याउला पात गाँसीकन आफ्नो लज्जालाई छोप्यो । यसरी स्याउला पात गाँसी लुगा लगाएको कारण उसलाई दारुचीरिय भनी विशेषण एउटा थपेर "बाहिय दारुचीरिय" भन्न थालियो ।

त्यस स्याउला पातको लुगा लगाई मन्दिरको एउटा माटोको भाँडो लिई सुप्पारक बन्दरगाहको गाउँमा भोजन माग्न गयो । सुप्पारक बन्दरगाह भनेको बम्बईको समुद्री किनार छेऊ हो । बम्बई शहरको उत्तरतर्फ नर्वदा नदीको मुहान सोपारक भन्ने यो ठाउँ हो । यसरी स्याउला पात गाँसी लगाएको व्यक्ति पुरानो माटोको भाँडो समाती आएको देखी आश्चर्य मानी त्यस सुप्पारक गाउँका मानिसहरू साह्रै नै प्रभावित भए । "ओहो ! यो व्यक्ति साह्रै नै गजबको छ । अरूले झैं साधारण लुगा पनि लगाएको छैन । राम्रो माटोको भाँडो पनि समातेको छैन । अवश्य यो व्यक्ति अरहन्त हुनुपर्छ" भनी उनीहरूले प्रशंसा गर्न थाले । कसै कसैले त सिधै अरहन्त भनेर प्रशंसा गर्न थाले । यसरी प्रशंसा गरी मिठो मिठो, राम्रा राम्रा, स्वादिला परिकारहरू भक्ति र स्नेहपूर्वक दान दिई पूजा गर्न थाले । राम्रा राम्रा वस्त्र पनि दान गर्न ल्याए । राम्रा राम्रा भाँडाकुँडा पनि दान दिन ल्याए ।

पहिले पहिलेको युगका मानिसहरू साह्रै नै आश्चर्यजनकका देखिन्छन् । यसरी वस्त्र नलगाएको मानिस देख्ने बित्तिक्कै अरहन्त भनेर सम्झने अचम्मको हो । स्याउला पात गाँसीकन लज्जा सरम छोप्नका निम्ति मात्र वस्त्र लगाएको त्यस बाहियलाई प्रशंसा गरी पूजा मान गर्न थाले । मूल कारण के हो भनेर विचार पनि गरेनन्, परीक्षण पनि गरेनन् । कति अद्भूतका मानिसहरू रहेछन् । पहिले यसरी मानि आएका कारण

आज भोलि पनि अर्थ न वर्थका धर्महरू वृद्धि भै रहेका हुन् । त्यो बेलाका मानिसहरू मात्र होइनन्, हिजोआजका मानिसहरू समेत अलिकति मात्र आश्चर्यजनक कार्य केही गऱ्यो भने नै महान् व्यक्तिको रूपमा मानेर उनीहरूप्रति श्रद्धा राख्ने, मान राख्ने, गुणगान गर्ने गर्दछन् । विज्ञानको विकास भएको यस युगमा विचारै नगरीकन, परीक्षण नै नगरिकन, विश्वास गर्नु अति नै नसुहाउँदो कुरा हो ।

यसरी सुप्पारक गाउँका मानिसहरूले अरहन्त भनी प्रशंसा गरी दान प्रदान र पूजाआजा गरेको बेला बाहियको विचारमा - "मलाई अरहन्त भनी दानप्रदान, पूजा सत्कार गरिरहेको वस्त्र नलगाएकै कारणले हो । त्यसैले यिनीहरूले दान दिन ल्याएको वस्त्र ग्रहण गरी लगाएको खण्डमा यिनीहरूको श्रद्धा बिग्रन सक्छ ।" यति विचार गरि उनीहरूले ल्याएका खाद्य पदार्थ मात्र स्वीकार गरे । लत्ता कपडा स्वीकार गरेन । पहिले लगाई राखेको स्याउला पातको वस्त्र नै लगाइरहे । अनि झन् मानिसहरूले उसलाई महान् भनी पहिलाभन्दा धेरै गौरव राखी दानप्रदान गर्ने र पूजा आजा गर्न थाले । अगाडि पछाडिको केही विचार नगरिकन आश्चर्य देख्ने बित्तिक्कै साह्रै नै ठूलो मान्ने स्वभावका ती व्यक्तिहरू थिए । बाहियले मानिसहरूले त्यसरी अरहन्त अरहन्त भनी प्रशंसा सत्कार सम्मान गरी ल्याएको देखी आफूले आफूलाई नै अरहन्त हो भनी मनमा राख्न थाले । "लोकमा अरहन्त भन्नेहरू म जस्तै त होला नि" भनी आफूले आफूलाई ठूलो मान्न थाले । मानिसहरूको स्वभाव यदि धेरैले त्यो कुरालाई स्वीकार गऱ्यो भने सही गलत नछुट्याइकन नै त्यो कुरालाई सजिलै स्वीकार गर्छन् ।

धेरै भन्दा धेरै मानिसहरूले उसलाई अरहन्त भनी सबैबाट प्रशंसा गरिएकोले साँच्चै नै मनमा राख्न पुगेको हो । हिजो आज पनि गुरुहरूले श्रोतापन्न भयो, अरहन्त भयो भनी निर्णय दिँदा मख्ख पर्नेहरू छन् होला । अरूहरूले प्रशंसा गरेका कारण मख्ख पर्ने छन् होला । यी सबै होश गर्नुपर्ने कुरा हुन् ।

बाहियले आफूले आफूलाई ठूलो सम्झिरहेको, दृष्टि भ्रममा



https://dhamma.digital

परी रहेको सुद्धावास महाब्रह्माले देख्नुभयो । देख्नुभएपछि यसरी विचार गर्नुभयो – “ओहो । मेरो मित्रले त बाटो बिराइरहेको रहेछ । त्यो बेला काश्यप बुद्धको पालामा पर्वतको टुप्पोमा रहि, भावना उद्योग गरेको बेला अरहन्त स्थविरले ख्वाउन ल्याउनुभएको अति परिसुद्ध भोजन समेत ग्रहण नगरी भावना अभ्यास मात्र गरि आएको थियो । अनागामी स्थविरले ल्याउनुभएको भोजन स्वीकार गरेन । अहिले भने अरहन्त नभएतापनि अरहन्त भनी प्रशंसा र पूजा गरिरहेको स्वीकार गरिरह्यो । आफूले आफूलाई अरहन्त सम्झी दृष्टिभ्रममा परि मख्ख परिरहेको छ । साह्रै नै गलत भै रहेछ । कति समय नबित्दै ऊ परलोक हुनेछ । ऊ परलोक हुने समय नजिकिँदै छ । म गई सहयोग गर्नुपर्ला ।” यसरी विचार गरि बाहिय दारुचीरिय भएको ठाउँमा आइपुगे । रातको प्रहरमा आफ्नो शरीरलाई तेजले जाज्वल्यमान गरिकन आकाशमा उभी – “हे बाहिय, तिमीले त आफूलाई अरहन्त भनी सम्झीरह्यौ । साँच्चै त तिमी अरहन्त होइनौ । अरहन्तहरूले गरिने आचरण तिमीसँग छँदा पनि छैन ।” सोझै भने ।

त्यस समय बाहियले विचार गर्‍यो - “अँ हो बा । मैले त अरहन्त हुने किसिमले केही आचरण गरेको पनि छैन । जहाज बिग्रि समुद्रको छालले हुत्याइ ल्याएको हो । समुद्र छेऊमा पुगेपछि वस्त्र नभएपछि स्याउला पात गाँसीकन लगाई हिँडेको हो । त्यही वस्त्र लगाई माग्न जाँदा मानिसहरूले देखी ठूलो मानी अरहन्त भनी प्रशंसा गरे । यी सबै अरहन्त हुने आचरण होइनन् । अनि मैले अरहन्त नभए तापनि अरहन्त भनी स्वीकार गरी बाटो बिराइरहेको साह्रै नै गलत हो ।” यति विचार गरी धर्म संवेग उत्पन्न भएर आयो । त्यसपछि उसले प्रश्न गर्‍यो – “भो महाब्रह्मा, के यो संसारमा साँच्चैको अरहन्त व्यक्तिहरू छन् र ? भए कहाँ छन् ?”

“यस सुप्पारक बन्दरगाहको पूर्वोत्तर प्रदेशमा कोशल भन्ने देश छ । त्यस देशमा श्रावस्ती शहर नजिक जेतवन भन्ने विहार छ । त्यस जेतवन विहारमा शाक्य राजवंशमा उत्पन्न हुनुभएका गौतम भन्ने



https://dhamma.digital

बुद्ध हुनुहुन्छ । वहाँ गौतम बुद्ध क्लेश रहित साँच्चैको अरहन्त पनि हुनुहुन्छ । अरहन्त हुन सक्ने प्रतिपदा उपदेश वहाँले दिई राख्नुभएको छ ।" महाब्रह्माले भन्नुभयो । अनि बाहिय थर्कमान भई संवेग उत्पन्न गरी तुरुन्त नै भगवान् बुद्धकहाँ गए ।

सुप्पारक बन्दरगाह श्रावस्ती देशबाट एक सय बीस योजन टाढा छ भनी बाहिय सूत्र अर्थकथामा व्यक्त गरिराखेको छ । "पुन्नोवाद सूत्र" अर्थकथामा मात्र एक सय तीस योजन टाढा छ भनी बताइराखेको छ । एक योजन बराबर तेह्र माइल छ भनी अर्थकथामा उल्लेख गरिएको छ । अहिलेका विद्वानहरूले त आठ माइल छ भनी बताउँछन् । त्यस ८ माइलको हिसाबले हिसाब गरे तापनि १२०८ गर्दा मात्र नै ९६० माइल हुन जान्छ । त्यति टाढाको लामो बाटो पुग्न २/३ रात नकाटी एक एक रात मात्र काटी द्रूत गतिले बाहिय अगाडि बढ्न थाल्यो ।

"पुगेको पुगेको ठाउँमा एक एक रात मात्र काटी आएको **सब्बत्थ एकरतिवासेन** भन्ने पालि अनुसारको सोझो अर्थ हुन जान्छ । युक्तिसंगत पनि छ । त्यसो त बाहिय सूत्र अर्थकथाचार्यले सुप्पारक बन्दरगाहबाट श्रावस्तीमा एक रातमा पुग्न आयो भन्ने अर्थलाई मात्र प्रधानता दिई देखाएका छन् । त्यसो भन्दा एक रातभित्रमा ९६० माइल त मनुष्य शक्तिले पुग्न सक्छ भन्ने सम्भव भएन । सहयोगको आवश्यकता देखापऱ्यो । त्यति मात्र होइन **सब्बत्थ एकरतिवासेन** भन्ने कुरासँग पनि मेल खाएन । सम्पूर्ण ठाउँमा भन्ने कुरा उल्लेख भएको छ । बस्यो भन्ने कुरा पनि उल्लेख छ । अनि बस्यो भनेको मतलब गएको त होइन होला । सम्पूर्ण ठाउँमा रातभर बस्यो भनेको ठाउँ ठाउँ पिच्छे नै बस्यो । एक रातमात्र बस्यो भन्ने हुँदैन ।

एक ठाउँमा एक रात, यसरी बस्दै गयो भने मात्र मिल्दछ । त्यसैले "ठाउँठाउँमा विश्रामका लागि एक रात एक रात मात्र बस्यो । दुई रात तीन रात गरि समय खेर फालेन" भन्ने यो अर्थ सबैभन्दा युक्तिसंगत हुन्छ । यदि एकै रातमा पुग्न गयो भन्यो भने *सब्बत्थव वास* भन्ने पद दुवै आवश्यक छैन । *एक सत्तेनेव* भनी यति कुराले पूर्ण हुन जान्छ ।



https://dhamma.digital

मुख्यतया यहाँ भन्न खोजेको कुरा के हो भने – "बाहियले साह्रै नै संवेग उत्पन्न गरी हत्तारले आयो" भन्ने हो । त्यसरी आएर जेतवन विहारमा पुग्दा भगवान् बुद्ध श्रावस्ती नगरमा भिक्षाटनको लागि गई रहनुभएको समय थियो । बाहिय पनि हत्तनपत्त श्रावस्ती शहरभित्र भगवान्लाई पछ्याइकन गयो । भगवान् बुद्धको दर्शन गर्न पाउँदा खुब प्रसन्न भयो । प्रीति र श्रद्धाले चित्त भरिपूर्ण भएर आयो । भगवान् बुद्धलाई गौरवपूर्वक वन्दना गर्‍यो । वन्दना प्रणाम पश्चात् उपदेशका निम्ति प्रार्थना गर्‍यो । ऊसँग प्रसन्नता र श्रद्धा प्रबल भएको र द्रुत गतिले यात्रा गरिआएकोले थकाई लाग्नसक्ने देखी "उपदेश दिन योग्य समय छैन" भनी भगवान् बुद्धले रोक लगाउनुभयो – "बाहिय, अहिले म भिक्षाटनको लागि जाँदैछु । उपदेश दिने समय यो होइन ।" बाहियले यसै किसिमले तीनपटक प्रार्थना गर्‍यो । भगवान् बुद्धले उचित समय भएको थाहा पाउनु भई संक्षिप्तमा उपदेश दिनुभयो ।

**तस्मा तिह ते बाहिय, एवं सिक्खितब्बं 'दिट्ठे दिट्ठमत्तं भविस्सति, सुते सुतमत्तं भविस्सति, मुते मुतमत्तं भविस्सति, विञ्ञाते विञ्ञातमत्तं भविस्सति ।** संक्षिप्त अभिप्राय यस्तो हो – "देख्दा खेरि देखेकै रूपमा मात्र विचार गर्नु, सुन्दा खेरि सुनेको रूपमा मात्र विचार गर्नु, सुँघ्दा खेरि सुँघेको रूपमा मात्र विचार गर्नु, छोएको बेलामा छोएको मात्र विचार गर्नु, विचार गरेको रूपमा विचारकै रूपमा मात्र भाविता गर्नु ।"

बाहियले संक्षिप्त धर्म उपदेश सुन्दा सुन्दै, देख्दा, सुन्दा, छुँदा, थाहा पाउँदा, मात्रामा बसी भाविता गरि विपश्यना ज्ञान, मार्गज्ञान, क्रमिक रूपमा वृद्धि गरि अरहन्त भए । तुरुन्त मार्ग ज्ञान फल ज्ञान प्राप्त गरेका – **"खिप्पाभिञ्ञा"** व्यक्ति मध्ये एतदग्ग प्राप्त व्यक्तिमा उत्तमपुरुष हुनुभयो ।

त्यसरी अरहन्त भइसकेपछि चीवर खोज्न जाने क्रममा पहिलो जन्ममा शत्रुता राखेर आएकी एक यक्षिणीले गर्भिणी गाईको भेष धारण गरी सिंगले हानेकोले आयुष्मान् बाहिय दारुचीरिय परिनिर्वाण हुनुभयो ।



https://dhamma.digital

## आयुष्मान् कुमारकाश्यप

अब एकजना मात्र बाँकी रह्यो । त्यो कहाँ गई रहेछ भनी हेरेको बखतमा आयुष्मान् कुमार काश्यप भई अन्धवनमा विहार गरी रहनुभएको महाब्रह्माले देख्नुभयो । त्यसैले आयुष्मान् कुमार काश्यपलाई पनि सहयोग गर्ने मनसायले पहिले सुरुमा भने अनुसार रातको समयमा शरीरको तेजले जाज्वल्यमान पारी आयुष्मान् कुमार काश्यपकहाँ आई धर्म उपहार दिए झैं – **"भिक्खु ! भिक्खु ! अयं वम्मिको रत्तिं धूमायति ।"** आदि भनी १५ वटा प्रश्न दिइ गएका हुन् ।

राजाले पालनपोषण गरिएको भएर कुमार भन्ने विशेषणसँग "कुमार काश्यप" नाम हुन गएको हो । सात वर्षको उमेरमा त्यो बालक बुद्धशासनमा प्रव्रजित भयो । बीस वर्षको उमेरमा भिक्षु पनि भयो । भिक्षु भइसकेपछि आयुष्मान् कुमार काश्यप स्थविर भनी नाम रहन गयो । उक्त आयुष्मान् कुमार काश्यप स्थविर यस "वम्मिक सूत्र" मा उल्लेख भए अनुसार विपश्यना भावना अभिवृद्धि गरी अरहन्त फलमा पुग्नु भयो । अरहन्तफलमा पुगी अरहन्त भए पश्चात् विचित्र धर्मकथिक हुनुभएकोले भगवान् बुद्धद्वारा "एतदग्ग" पदवीबाट प्रशंसा गर्न योग्य पनि हुनुभयो ।

यस सूत्रको उत्पत्तिको कारणले यी भर्खरका कुरा बताउनु परेको हो । भोलिपल्ट आयुष्मान् कुमार काश्यप भगवान् बुद्धका सामु पुगी आदर गौरवपूर्वक अभिवादन गरे । योग्य आशनमा बसिसकेपछि गएको रातको प्रहरमा एक ब्रह्मा आई १५ वटा प्रश्न दिई गएको कुरा निवेदन गरे । उक्त निवेदन गरिसकेपछि १५ वटा प्रश्न सोधे –

**"को नु खो भन्ते वम्मिको का रत्तिं धुमायना, का दिवा पज्जलना ?"**

हाम्रो भाषामा यसको अर्थ यस प्रकारको हो । **"भन्ते भगवान् ढिस्कुरो भनेको कस्तो हो ? रातको समयमा धुँवा निस्किरहने केलाई भन्न खोजेको हो ? दिनमा भने आगोको ज्वालो बाहिर निस्कने भनेको**



https://dhamma.digital

**कसरी हो ? ब्राह्मण आचार्य भन्ने व्यक्ति कस्तो हो ? सुमेध कसलाई भनिएको हो ?"**

यसरी सोधिएको बेला – **"को वम्मिको"** भन्ने प्रश्नको उत्तर भगवान् बुद्धले यसरी दिनुभयो –

## पहिलो प्रश्न : ढिस्कुरो के हो ?

**"वम्मिको ति खो भिक्खु, इमस्सेतं चातुमहाभूतिकस्स कायस्स अधिवचनं, मातापेत्तिकसम्भतस्स ओदनकुम्मासूपचयस्स अनिच्चुच्छादन -परिमद्दनभेदन -विद्धंसन -धम्मस्स ।"**

अर्थात् – भिक्षु ! ढिस्कुरो भनेको यसको नाउँ चार महाभूत धातु समूह भै रहेको, आमाबुबाहरूको शुक्र श्रोणिकले बनिरहेको, दाल, भात, तरकारी, रोटी आदि खाद्य पदार्थले वृद्धि भएर आउने, अनित्य स्वभाव भएकोले, श्रीखण्ड दल्नु पर्ने, अनेक किसिमले मालिस गरिराख्नु पर्ने, दली राखे तापनि विनाश भएर जाने स्वभाव भएकोले यो शरीरको रुढि (व्यवहारिक चलनचल्ती) अनुसार आइरहेको नाम हो ।

## धेरै प्वाल भएको धमिराको ढिस्कुरो

प्राकृतिक ढिस्कुरोमा ठूला ठूला प्वाल पनि हुन्छन् । साना साना प्वाल पनि धेरै हुन्छन् । त्यसरी नै मानिसहरूको रूपकाय शरीरमा पनि ठूला ठूला र साना साना प्वालहरू धेरै छन् । ठूला प्वाल भनेका के हुन् त ? आँखारूपी प्वाल, कानरूपी प्वाल, नाकरूपी प्वाल, मुखरूपी प्वाल आदि । साना प्वाल भन्नाले शरीरमा भएका मसिना मसिना रौं अडेको प्वाल, पसिना आउने प्वाल, बाफ आउने प्वाल आदि । यूरोपियनहरूले त एक एक गरिकन अनुसन्धान गरिराखेको छ । एकदमै सूक्ष्मादि सूक्ष्म प्वालहरू पत्ता लगाउन सक्ने यन्त्रको आविष्कार गरी शरीरमा भएका मसिना मसिना प्वालहरू २००० भन्दा बढी छन् भनी उनीहरूले भनेका छन् । प्राकृतिक आँखाले त यी साना प्वालहरू देख्न सक्दैनन् ।

आजभोलिका मानिसले यो शरीरलाई त्यही धमिराको ढिस्कुरो सरि प्वालै प्वालले भरिएको प्राकृतिक आँखाले देख्न सकेको भए अरुको



https://dhamma.digital

शरीरप्रति आशक्त हुने थिएन होला । यद्यपि प्राकृतिक आँखाले हेर्ने बखतमा अनुहारको मसिनो छालाले प्वालहरूलाई छोपिदिएको कारण प्वाल नदेख्ने भइकन अनुहार चिप्लो तथा सुन्दर देखिएको हो । त्यसैले यो शरीरमा जालीमा झैं प्वालैप्वाल भएको अनुविक्षण यन्त्रले जस्तै ज्ञानले देख्न सकेमा यो शरीर घिनलाग्दो र डरलाग्दो देख्ने थियो । त्यसरी डरलाग्दो र घिनलाग्दो भनी थाहा पाउन दिनका निम्ति महाब्रह्माले यो शरीरलाई ढिस्कुराको उपमाद्वारा देखाई सम्झाई बुझाई गएको भन्न सकिन्छ । यो सजिलोसँग बुझ्न सक्ने अर्थ हो ।

## मलमूत्र असुचि बाहिर निस्कने ढिस्कुरो

अर्को अर्थ यो पनि हो – "वमति = बान्ता गरेर ल्याउने भएकोले, वम्मिक = ढिस्कुरो ।" के बान्ता गरेर ल्याउने त ? ढिस्कुरोबाट सर्प पनि बाहिर निस्कन सक्छ । बिच्छि, मुसा आदि नानाप्रकारका किरा फट्याङ्ग्रा पनि बाहिर निस्कन्छन् । यसरी घिनलाग्दा, डरलाग्दा के जस्तो, के जस्तो प्राणीहरू बान्ता गरेर ल्याउने हुन्छन् । त्यसरी नै यो शरीरमा पनि चिप्रा (आँखाबाट), कानबाट कानेगुजी, नाकबाट सिंगान, मुखबाट (खकार, थुक, र्‍याल), शरीरबाट पसिना, तलका दुई द्वारबाट मलमूत्र बाहिर निस्कन्छन् । यस भित्र राम्रो र मज्जा मान्न योग्य के नै छ र ? छैन । त्यसैले घिनलाग्दो वस्तु बान्ता गरेर ल्याउने ढिस्कुरो भनियो ।

## असुचिको समूहरूपी ढिस्कुरो

फेरि अर्को अर्थमा पनि, ढिस्कुरो भनेको धमिराहरूले बान्ता गरी ल्याएको थुप्रो हो । त्यस धूलोको ढिस्कुरो धमिराहरूले फाली ल्याएको हो । त्यसैकारण धमिराहरूले फालेको धुलोको थुप्रोलाई ढिस्कुरो भनेझैं यो शरीर पनि बुद्ध, प्रत्येक बुद्ध र अरहन्तहरूले फाली राख्नुभएको केश, रौं आदि बत्तिस कोठास समूह मात्र हो भनिएको छ । धमिराले फालिराखेको माटोको थुप्रो र बुद्ध अरहन्तहरूले फाली राख्नुभएको बत्तिस कोठास समूह उस्तै भएन र ? बुद्ध, प्रत्येक बुद्ध र अरहन्तहरूले घृणा मानिकन



https://dhamma.digital

फाली राख्नुभएको यो बत्तिस कोठास समूहलाई पृथकजनहरू (साधारण व्यक्तिहरू) ले मज्जा मान्ने गर्छन् ।

कसरी त ? कपाललाई नै उदाहरण लिऊँ । कपाल लामो गरि पाल्न मिल्नेहरूले लामो गरि नै पाली रहे । छोटो पारिकन पाल्न मिल्नेहरूले छोटै पाली रहे । आफूलाई जस्तो जस्तो किसिमले पाल्न मन लागेको हो त्यस्तै किसिमले पालिकन कोरी बाँटी राखे । केटीहरूले लामो हुने गरिकन कपाल पाली कोरी बाँटी अनेक किसिमले शोभा हुने गरिकन कपाल मिलाइराखे । आधुनिक तालले अनेक किसिमको कपाल बनाई कल्की झैं चुस्स चुस्स पर्ने गरिकन, राम्रो देख्ने किसिमको बनाइ राख्यो होइन ? कसै कसैले सामान्य किसिमले मात्र नभइकन अनेक किसिमले घुम्रो घुम्रो बनाई कोर्ने चलन छ होइन ? केटाहरूले पनि श्रृंगारहगृहमा गइकन आफूलाई मनपर्ने किसिमले ससाना हुने गरिकन शोभा देखोस् भन्नका निम्ति कपाललाई राम्रो बनाउने गरिरहेको छ होइन ? त्यही कपालमा मज्जा मानी रहेका छन् । साथसाथै अरूको कपालमा समेत मज्जा र आशक्ति भै रहेका छन् । यी सबै बुद्ध, अरहन्तहरूले घृणा मानिकन फालिराखेका वस्तु हुन् । हामी मानिसहरूले त्यसैमा मज्जा मानी रहेका छौं । यो वस्तु शरीरमा भइन्जेल मात्र मज्जा लिन योग्य छन् । शरीरबाट खस्ने बित्तिक्कै घृणा मान्छन् । खाइराखेको तरकारी आदि खानेकुरोमा कपाल एउटा देख्ने बित्तिकै सबै खानेकुरा घृणा मानेर फाल्छन् । टाउकोमा रहुन्जेल मज्जा मान्ने, टाउकोबाट झर्ने बित्तिक्कै घृणा मान्ने । कस्तो नमिल्ने कुरा । टाउकोबाट केश झर्ने बित्तिक्कै घृणा मान्ने हो भने आफ्नो टाउकोमा रहँदै, अरूको टाउकोमा रहँदै त्यस केशप्रति घृणा मान्नु पर्दछ ।

अर्को अर्थमा ढिस्कुरो भनेको धमिराले बान्ता गरिराखेको थुक एक ढिक्का भई थुप्रिरहेको धूलोको समूह हो । त्यसरी नै यो शरीर पनि भव तृष्णारूपी थुकले ढिक्को परिरहेको ढिस्कुरो जस्तै हो ।



https://dhamma.digital

## नानाप्रकारका किराहरूको ठाउँ (घर भएको ढिस्कुरो)

अर्को अर्थमा प्राकृतिक ढिस्कुरो भित्र सर्प, बिच्छि, मुसा, गड्यौँला आदि नानाप्रकारका डरलाग्दा, घृणित प्राणीहरू बस्दछन् । त्यो ढिस्कुरो डरलाग्दो पनि छ, खिन्नलाग्दो पनि छ । यो शरीर त्यस ढिस्कुरो जस्तै हो । यो शरीरभित्र पनि धेरै किराहरू छन् । असी (८०) प्रकारका किटाणुहरू छन् भनेर ग्रन्थमा समेत उल्लेख गरिएको छ । जाति हिसाबले नै असी (८०) प्रकारका छन् भने एक एक जातिको समूह समूहलाई गन्न थाल्यो भने कति होलान् भन्न सकिन्न । यस सूत्रको अर्थकथामा– *"असीतिमत्तानि किमिकुलसहस्सानि"* भनी बताइराखेको छ । त्यसलाई सोझै अनुवाद गर्नुपर्दा ८० वटा थुप्रो छ भनेको हो । अर्को ग्रन्थ (विसुद्धिमार्ग) मा त ८० प्रकारका मात्र छन् भनेको छ। त्यस अर्थकथा पालिमा– "सहस्स" शब्द बढि भयो भनेर लिएमा मात्र ग्रन्थसँग मेल खान आउँछ ।

ढिस्कुरो भित्र रहेका सर्प, बिच्छि आदि किराहरूले यदि जन्म दिए भने त्यहीँ ढिस्कुरोभित्र आफ्नो सन्तानको जन्म दिन्छन् । मलमूत्रको त्याग गर्नुपरे तापनि त्यहीँ त्याग गर्छन् । शरीर सुख भएन भने शरीर खुम्चाइकन त्यहीँ बसिरहन्छन् । मरे तापनि त्यहीँ भित्रै मर्छन् । त्यसो हुँदा त्यो ढिस्कुरो ती किराहरूको प्रसूति गृह पनि भयो, मलमूत्र त्याग गर्ने चर्पी पनि भयो, अस्पताल पनि भयो, मरेको खण्डमा श्मसान पनि भयो । त्यसरी नै यो शरीरभित्र कति किटाणुहरू छालाभित्र बसिरहेका छन्, कति मासुभित्र बसिरहेका छन्, कति फोक्सो, हड्डीभित्र बसिरहेका छन्, कति आन्द्रामा नशामा आदि । फेरि यो शरीरभित्र रहेका किटाणुहरूले मलमूत्र त्याग गर्ने बेला कहाँ गएर त्याग गर्छ ? यही शरीर भित्र नै त्याग गर्छ होला । त्यसैले यो शरीर किटाणुको चर्पी भएन र ? मानिसहरूले टाउको, निधार, गाला भनी जतिसुकै ठूलो माने तापनि किटाणुको त टाउकोमा मलमूत्र त्याग गरिदिने कपालमा पनि, गालामा पनि त्याग गरिदिने । यस्तो हुँदा मानिसहरूले सबैभन्दा लच्छिन मानिराखेको टाउको, निधार, गाला, किटाणुको त चर्पी हुँदा अलच्छिन भयो ।




https://dhamma.digital

फेरि यो शरीरमा भित्र रहेका किटाणुहरूलाई रोग लागेमा यो शरीरभित्र खुम्ची खुम्चीकन सुतिरहन्छन् । छट्पटाउँछन् पनि होला । मरेर गए तापनि शरीर भित्रै मर्छन् । मरेका किटाणु त्यहीँ शरीरमै रहन्छन् । त्यसो हुँदा यो शरीर किटाणुको अस्पताल पनि भयो, श्मसान पनि भयो । श्मसान भनेको डरलाग्दो सबैभन्दा मन नपर्ने, शोभा नभएको अमङ्गल ठाउँ होइन र ? यो शरीर पनि मरी गएका किटाणुहरूको लास जम्मा भइरहेको श्मसान भएकोले विशोभा, अमंगल, नरमाइलो, डरलाग्दो छैन र ? यसरी ढिस्कुरो भन्ने किटाणुको बासस्थान भएकोले घृणाजनक र भयानक भयो । त्यसै कारण ढिस्कुरोको उपमा दिइराखेको हो । ढिस्कुरो झैं यो शरीर पनि घृणाजनक, भयानक थाहा पाइ आशक्त नहुन, मज्जा नमान्न उद्योग गर्न पर्दछ ।

## चार धातुको समूह ढिस्कुरो

ढिस्कुरो जस्तो यो शरीर पृथ्वी, जल, तेज र वायु भन्ने चार धातु धर्म समूह मिली बनिरहेको छ । ढिस्कुरो भनी उपमा दिई बताइराखेको यो शरीर पृथ्वीधातु, आप (जल) धातु, तेज धातु र वायु धातु भन्ने चार धातु समूहले बनेको हो । माटोको थुप्रोलाई ढिस्कुरो भने झैँ चार धातु समूह मात्र यो हो ।

यसलाई विभाजन र परीक्षण गरी हेरौं, पृथ्वी धातु भनेको नरम तथा कडा स्वभाव हो । शरीरमा परीक्षण गरी हेऱ्यो भने कडा, लचिलो तथा नरम पनि देख्न सकिन्छ ।  कपाल, रौं, नङ, दाँत, छाला, पाँच कोट्ठास भए । मासु, नशा, हाड, फोक्सो, मुटु, कलेजो, मृगौला, झिल्लि, फियो, ठूलो आन्द्रा, सानो आन्द्रा, पेट, लादि, गिदी, सेतो मासि सम्म १५ वटा र माथि उल्लेख भएका जम्मा २० वटा समूह छन् । यी सबै कडा, चिप्लो, नरम स्वभाव भएका पृथ्वी धातु मात्र हुन् । यसरी पृथ्वी धातु भने तापनि यी समूह भित्र कडा स्वभावको मात्रा बढी नै छन् । साँच्चै भन्नुपर्दा यसभित्र आप, तेज, वायु पनि समावेश भैरहेको छ । त्यो कसरी भने कपालभित्र क्याच क्याच हुने, टाँसिने आप धातु पनि छ । तातो, चिसो हुने बाफ, तेज धातु पनि छ । फुल्ने, घचेड्ने, वायु धातु



https://dhamma.digital

पनि छ । चलाउने बेला चल्ने वायु धातुकै कारण हो, तर कडा पृथ्वी धातु प्रधान भएकोले कपाललाई पृथ्वी धातुको समूहमा राखिराखेको हो । बाँकी रहेका रौं देखि गिदीसम्मको भाग पनि यस्तो नै हो ।

भावना गरिरहने योगीहरूले कपाल, रौं, छुने बखतमा कडा स्वभाव थाहा पाउने बित्तिकै पृथ्वी धातुलाई थाहा पाएको हो । पृथ्वी धातु, आप धातु, आदि भनी देशना प्रज्ञप्तिलाई विचार गरी राख्नुपर्ने आवश्यक छैन । साँचैको आवश्यक त लचिलो अनुभव भै रहेको बेलामा लचिलो, कडा भै रहेको बेलामा कडा स्वभावलाई थाहा पाउनु आवश्यक छ । त्यसलाई नाघी केटी नै हो, केटा हो, केटीकै स्वर हो, केटाको स्वर हो भनी द्रव्य प्रज्ञप्ति, पुद्गल प्रज्ञप्तिसम्म पुग्नु पर्दैन । साँचै भन्ने हो भने कडा नरम भनेको, कडा नरम स्वभाव मात्रै हो । केटी पनि होइन, केटा पनि होइन, कपाल, रौं आदि पनि होइन, पृथ्वी धातुमात्र हो । मुख्यतया यसलाई नै थाहा पाउनु आवश्यक छ ।

पित्त, खकार, पिप, रगत, पसिना, चिल्लोपना, आँसु, बोसो, थुक, सिंगान, हड्डीको जोड्ने तेल, पिसाब आपो धातु भनी विभाजन गरी देखाइएको छ । यी सबै बगेर जाने तरल स्वभाव मात्रै हुन् । त्यसैले यसलाई आपो धातु भनियो । यसमा पनि आप धातु प्रधान भएकोले हो । यसमा पनि पृथ्वी, तेज, वायु पनि संलग्न छन् ।

शरीर भित्रको प्राकृतिक स्वभाव अनुसार तातो बाफलाई जीर्ण तेज भनिन्छ । यो तेजको कारण रूप पनि बिस्तारै बिस्तारै छिप्पेर आउने, बुढा बुढी हुने भइन्छ । यस प्रकृति बाफ स्वभाव भन्दा तात्तिएर आउने, ज्वर शक्ति तातिने बाफलाई – "सन्त डान तेज" भनिन्छ । डाक्टरहरूले प्रयोग गरिने डिग्रो मिटर भन्ने हो भने ९८.४ भन्दा बढी बल्ने ताप हो । पोल्यो पोल्यो भन्नुपर्ने गरिकन ठूलो किसिमले पोल्नुलाई दाह तेज भनिन्छ । खाएको, पिएको वस्तु पचाउने पेटमा रहेको तातोपनलाई पाचक तेज भनिन्छ । यी चार तेजमा तातो स्वभाव मात्र छ । शरीरको कुनै न कुनै भागमा छोएको बेला तातो चिसो भएको एक न एक स्वभाव देखिन्छ । त्यो म हो कि, केटी हो कि, केटा हो की ? केही पनि होइन ।



https://dhamma.digital

तातो, पोलेको चिसो भएको स्वभाव मात्र हो । ती सबै तेज धातु हो ।

वायु धातु ६ प्रकारका छन् । १. माथि जाने वायु, २. तल जाने वायु, ३. पेट भित्र रहने वायु, ४. पेट बाहिर रहने वायु, ५. सास फेर्ने वायु, ६. हात खुट्टा, आदि शरीरका अङ्ग प्रत्यङ्गमा घुमी रहने वायु । खुम्चाउन मिल्ने, तन्काउन मिल्ने, उभिन-बस्न मिल्ने, हिँड्न उभिन मिल्ने, आदि शरीरको आकार प्रकार बनाउन मिल्ने नै वायु धातुको शक्तिले हो । त्यसलाई अङ्गमंगानुसारि वायु भनिन्छ । यी ६ प्रकारका वायुलाई वायु धातु भनिन्छ । यी सबैको टम्म पर्ने स्वभाव, हलचल गर्ने स्वभाव मात्र हो । केटा पनि होइन, केटी पनि होइन ।

भर्खर उल्लेख गरिएका पृथ्वी धातु २० वटा, आपो धातु १२ वटा, तेज धातु ४ वटा र वायु धातु ६ वटा गरी जम्मा ४२ वटा भए । संक्षिप्तमा भन्नु पर्दा महाभूत चारवटा आ-आफ्नो ठाउँमा ठीकठीक तवरले बसिरहेको यी चार धातु समूहलाई नै रूपकाय (शरीर) भनिन्छ । विपश्यना ज्ञान दृष्टि नभएका साधारण मानिसहरूको दृष्टिमा भए मेरो शरीर, उसको शरीर, केटाको शरीर, केटीको शरीर भनी साँच्चैको मनमा लिई राख्छन् ।

उपमा दिनुपर्दा बंगला घर एउटा बनाउन पर्दा इँट्टा, बालुवा, सिमेन्टी, काठ, डन्डी, कङ्कड, विभिन्न यी वस्तुहरू आ-आफ्नो ठाउँमा मिल्ने तरिकाले प्रयोग गरी बनाउँछन् । यसैलाई नै बङ्गला भनिन्छ । बङ्गला घर भनी अन्य कुनै वस्तु होइन । इँट्टा, एक एक गरिकन अलग्ग पारिदिएमा, बालुवा अलग्ग अलग्ग पारिदिएमा, त्यस्तै सिमेन्ट, डन्डी, काठ आदि अलग्ग अलग्ग पारिदिएमा बङ्गला भन्ने हुँदैन । त्यसरी नै शरीर पनि चार धातु समूह मिली बनिरहेको ठूलो धातु समूह मात्र हो ।

त्यसैले– "चातुम्महाभूतिकस्स इमस्स कायस्स अधिवचनं" = चार धातुको समूहले सिद्ध भइरहेको यो शरीरको रुडि अनुसारको नाम हो । (चार धातु समूहले भन्न खोजेको शरीर भनेको व्यावहारिक रूपले छ, तर वास्तवमा केवल ती सबै चार धातुको समूह मात्र हो भनेर भन्न खोजेको हो ।)



https://dhamma.digital

## “कलल” भन्ने थोपाबाट सुरु भएको

यो रूपकायलाई मानिसहरूले एक ढिक्को रूपमा समूहगत द्रव्य यथार्थको रूपमा लिन्छन् । त्यसो होइन साह्रै नै सानो समूहबाट विस्तारै विस्तारै सुरुवात भइकन ठूलो रूपमा देखा पर्न आएको हो । आमाबाबु दुईको शुक्र श्रोणित (डिम्ब ग्रन्थी) लाई आधार लिई बनिरहेको हो । बाबुको शुक्र धातु र आमाको रगत यी दुई मिली ‘कलल’ भन्ने मसिनो थोपा रूपी सफा पानी धातु थोपाबाट यो शरीरको सुरुवात भई बनी राखेको हो । त्यस धातुभित्र कायदसक, भावदसक र वत्थुदसक भन्ने कलाप समूह तीन कर्मले बनिरहेको हो । यी तीन कलाप समूह र कलल प्रसादरूप कति प्रमाणको छ ? साह्रै नै सूक्ष्म । प्रकृति आँखाले देख्न सकिन्न, पर्खालको प्वाल छेडी सूर्य किरण निस्कने ती थोपालाई – ‘ अनुकण’ भनिन्छ (त्यस अनुकणलाई ३६ भागमा विभाजन गरी आएको एक भागलाई ‘परमाणु कण’ भनिन्छ । त्यस परमाणु कण जति रूपमा छ भनी मोटामोटी थाहा पाउनु पर्दछ । अर्को रूपमा भन्नु पर्दा एकदम मसिनो कपाल अथवा भर्खरै जन्मेको पाठोको एउटा रौंलाई तेलमा डुबाई ती कपालमा भएको तेललाई टकटकाउने र सबै भन्दा अन्तिम रूपमा जुन झरिने तेल थोपा बराबरको हुन्छ । त्यो तेलको थोपा खसेपछि अर्को थोपा खस्ने भन्ने हुँदैन । त्यसरी अन्तिम रूपमा झरिने तेल थोपा बराबरको हुन्छ भनी मनन गर्नु पर्‍यो । प्राकृतिक आँखाले त्यो थोपालाई देख्न सक्दैन । कलल प्रसाद भनेको त्यति हदसम्मको सूक्ष्म, सफा, सेतो पानीको रूपमा रहीरहेको हुन्छ । त्यस थोपाभित्र कलाप समूह तीन, रूप समूह तीस देखि सुरू भई यो शरीर बनी आएको हो ।

त्यो पानी थोपा थाहा नपाउने किसिमले बिस्तारै बिस्तारै छिप्पिंदै परिवर्तन हुँदै जाने हो । सात दिन हुँदा– त्यो पानी थोपा बिस्तारै बाक्लो तरल भई ‘अर्बुदपिलि’ भन्ने हुन जान्छ । अर्बुदपिलि बिस्तारै बिस्तारै छिप्पिंदै परिवर्तन हुँदै फेरि सात दिनपछि मिहिन हुने गरिकन पिसिराखेको रातो खुर्सानी जस्तै मासुको टुक्रा हुँदै आउँछ । त्यस नछिप्पिएको मासुको टुक्रा फेरि सात दिन भएपछि भने जस्तै डल्लो परेको मासुको डल्ला



https://dhamma.digital

झैं भएर आउँछ । त्यो मासुको डल्ला फेरि सातदिन भएपछि भनेजस्तै पाँचवटा डल्लोको रूपमा बाहिर निस्कन्छ । टाउको हुनलाई एक डल्लो हात दुइवटा हुनलाई दुई डल्लो, खुट्टा हुन दुई डल्लो । त्यसपछि बिस्तारै बिस्तारै ठूलो हुँदै आउन थाल्छ । टाउकोको आकार, हातखुट्टा, शरीरको आकार प्रस्ट हुँदै देखा पर्न थाल्छन् । ५७ दिन हुन्जेलसम्म चक्षु, श्रोत, घ्रान र जिव्हाप्रसाद रूपहरू बनिसकेको हुन्छ भनिएको छ ।

## आहारद्वारा वृद्धि

यो रूपकाय आहार विहारद्वारा पनि वृद्धि भइ आउँछ । दाल, भात, रोटी, तरकारी, आदि आहार खाइकन पनि वृद्धि भएर आउने यो शरीरको नाम हो । जन्म भै सकेपछि आमाको दूध सेवन गरी वृद्धि हुने गर्दछ । आहार सेवन गर्न सक्ने भइसकेपछि दाल, भात, तरकारी आदि सेवन गरी त्यो आहारबाट पनि वृद्धि हुने गर्दछ । त्यो कसरी भन्दा आहार सेवन गरी निली पठाएका केही भाग खाने कुरा शरीरभित्र भएका किटाणुहरूले खाइदिन्छन् । केही भाग मलमूत्र भै जान्छन् । केही पाचक तेजले नष्ट गरिदिन्छ । केही रस धातु भइकन शरीर पूरामा मासु, रगत आदि बनी जान्छ भनी ग्रन्थमा उल्लेख गरिराखेको छ ।

भात, दाल, तरकारी, आदि आहार सेवन गरी वृद्धि भएर बालक अवस्थादेखि वयस्क मानिसको रूप भइन्जेलसम्म त्यहीँ बालक ठूलो भएर आएको होइन । नयाँ नयाँ रूप उत्पति भई ठूलो हुँदै आएको हो । उपमा कस्तो त भन्दा, सानो बीऊ रोपी ठूलो रूख भएर आउने त्यही होइन । सानो पिपलको बीऊ पानी, माटो, घाम, हावा आदि शक्तिको भरोसा पाइकन टुसा पलाउने हो । त्यही टुसा त्यही रूपले भरोसा पाइकन रूखको रूपमा परिणत हुने हो । बिस्तारै बिस्तारै त्यसले आफ्नो हाँगा फिँजाउँदै ठूलो हुने हो । त्यसो हुँदा जुन बीऊ रोपेको हो त्यही नै त्यो रूख होइन । रूख भैन्जेलसम्म त्यही बीऊ भै रहिरहँदैन । ठूलो भै छिप्पिएको त्यो रूख पहिलाको कलिलो रूख होइन । त्यसरी नै यो शरीरभित्र रहेको रूपहरू क्षण क्षणमा नै उत्पत्ति विनाश भै रहेको



https://dhamma.digital

छ । नयाँ नयाँ उत्पन्न भई पुराना पुराना विनाश भएर जाने हो । त्यसैले यो अनित्य धर्म हो । नित्य भन्ने छैन । यो शरीरलाई चिप्लो बनाउनका निम्ति नुहाउने, मुख धुने, श्रीखण्ड, अत्तर, पाउडर आदि दल्नेद्वारा निरन्तर रूपमा दलि राख्नुपर्दछ । शरीरलाई मिची मिचीकन पनि मर्मत गरि राख्न पर्छ । त्यसो भए तापनि शरीर स्थिर नभएको रूप समूह भएकोले क्षणिक क्षणिकमा नै विनाश भएर जाने स्वभावको छ । अनित्य स्वभाव भएकोले श्रीखण्ड दल्नुपर्ने, मालिस गर्नुपर्ने, बिग्रिकन विनाश भै जाने प्रकृति भइरहेको यो शरीरको नाम हो ।

महाब्रह्माले ढिस्कुरो भनी अन्य केहीलाई भनेको होइन, यही शरीरलाई भनिएको हो । यो शरीरको स्वभाव धातुको समूह मात्रै हो । आमा बाबुको शुक्र श्रोणितको आधार लिई (कलल) भन्ने साह्रै नै सानो थोपा रूपि सफा पानीबाट बनी आएको हो । खाने, पिउने, आहारलाई आधार लिई विस्तारै विस्तारै वृद्धि भएर आउने हो । मुख धुने, नुहाउने, श्रीखण्ड आदि वस्तु दल्ने, मालिस, मसाज गर्ने आदिद्वारा निरन्तर रूपमा मर्मत गरिरहनु पर्दछ । त्यसरी विनाश भएर जाने अनित्य स्वभाव भइरह्यो । त्यस्तो स्वभाव भएको यो शरीरलाई ढिस्कुरो भनी अरुढ गरि नाम दिई राख्यो भन्ने मुख्य अभिप्राय हो ।

### दोस्रो प्रश्न : धुवाँ बाहिर निस्किरह्यो भनेको के हो ?

*"का रत्तिं धूमायना"* अर्थात् – रातमा धुँवा निस्की रहेको भनेको के हो ?" भनी सोधिएको प्रश्नलाई भगवान् बुद्धले – *"यं खो भिक्खु दिवा कम्मन्ते आरब्भ रत्तिं अनुविक्केति अनुविचारेति, अयं रत्तिं घूमायना"* अर्थात् – हे कुमार काश्यप भिक्षु ! दिउँसो गर्नुपर्ने कामकाजलाई कारण बनाई राति जुन तर्कनाबाट विचार गरिरहने हो । त्यहीँ रातमा तर्कनाबाट विचार गर्ने रातमा धुँवा बनी आउने हो भनी उत्तर दिनुभयो ।

पहिले पहिले बुद्धकालीन अवस्थामा मानिसहरू त्यति लोभी थिएनन् । त्यसैले त्यस समयका मानिसहरूले आर्थिक सम्बन्धी क्रियाकलाप दिनको समयमा मात्र गर्ने गर्दथे । रातको समयमा गर्नुपर्ने कामहरू थोरै



https://dhamma.digital

नै हुन्थे । आज भोलि मानिसहरूको लोभ वृद्धि भए अनुसार कार्य क्षेत्र पनि फराकिलो भई आइरहेको छ । त्यसैले कामकाज पनि दिनरात नभनीकन, रातदिन खटिराख्नुपर्ने भयो । उद्योग सम्बन्धी कामकाज चौबीसै घण्टा निरन्तर रूपमा गर्नुपर्ने भयो । भर्खरै भनी आएको प्रश्न-उत्तर पहिलेको जमाना अनुसारको भई रह्यो । त्यो समयमा रातमा काम गर्नुपर्छ भन्ने थिएन, गर्नु पनि हुन्न । त्यसैले रातमा भोलिपल्ट गर्नुपर्ने कामको विषयमा तर्कना विचार गर्नुपर्ने हुन्छ । त्यही नै रातको धुँवा निस्किएको हो ।

यस धुँवालाई राम्रो धुँवा वा नराम्रो धुँवा भनी छुट्टाउनु मन परेमा, छुट्टाउन पनि सकिन्छ । राम्रो धुँवा भनेको भोलि विहार जान्छु । चैत्य स्थानमा जान्छु, उपोसथ शील धारण गर्छु, भिक्षा भोजन दान गर्छु, धर्म उपदेश सुन्छु, आदि भनी तर्कना विचार गरिरहनु हो । त्यसैले लौकिक कुरालाई सम्बन्ध राखि लोभ, द्वेष सम्बन्धी चिन्तना भई रह्यो भने– "मसँग धुँवा निक्लिसक्यो भनी" मनमा राख्नुपर्दछ । यो देशना आयुष्मान कुमार काश्यपदेखि लिएर सम्पूर्ण भिक्षुहरूका निम्ति मुख्य भइरह्यो । भिक्षुहरूले दिउँसो अर्थको निम्ति गर्नुपर्ने विशेष कारण केही छैन । त्यसैले रातमा भोलि पर्सिको निम्ति चिन्तना उत्पति भयो भने धुँवा नै भनी मनमा राखी त्यसलाई हटाउने कोसिस गर्नुपर्दछ । गृहस्थीहरूले पनि भावना गरिरहेको समयमा मात्र भए पनि यस्तो चिन्तना देखा पर्न आयो भने त्यो समयमा त्यस धुँवालाई आउन नदिनका निम्ति उद्योग गर्नुपर्दछ ।

## तेस्रो प्रश्न : दिउँसो आगोको मुस्लो बाहिर निस्किरह्यो भनेको के हो ?

*"का दिवा पज्जलना"* अर्थात् – दिउँसो आगोको ज्वाला बाहिर निस्किरह्यो भनेको के हो ? भनी सोधिएको प्रश्नमा भगवान् बुद्धले – *"यं खो भिक्खु, रत्तिं अनुवितक्केत्वा अनुविचारेत्वा दिवा कम्मन्ते पयोजेति कायेन वाचाय, अयं दिवा पज्जलना"* अर्थात् – हे कुमार काश्यप भिक्षु ! रातमा तर्कना र विचार गरी दिउँसो कामकाज शरीर, वचनले जुन



https://dhamma.digital

प्रयोग गर्ने हो, काम गर्ने हो यो दिनमा शरीर र वचनले कामकाजमा प्रयोग गरिने, काम गरिने दिनमा/दिउँसो आगो बलिकन दन्दन्ती बाहिर निस्कने हो ।

रातमा विचार गरिरहेको कुरालाई नै दिनमा शरीरले अटूट् रूपमा गर्नुपर्ने हुन्छ, वचनले भनी बहन गर्नु पर्ने, रातमा लोभ द्वेषले युक्त भई विचार गरिरहेकोलाई हातखुट्टा प्रयोग गरी कार्य गर्नुपर्ने, वचनले प्रवन्ध गरी गर्नुपर्ने यी सबै दिनमा आगोको मुस्लो निस्किरहेको भनिएको हो । यहाँ विचित्रको ढिस्कुरो भन्ने पनि छ । कस्तो भने अरूले रातमा विचार गरी दिनमा काम गर्दछ । उक्त व्यक्ति त्यस प्रकारको होइन । उसले दिनमा चियाएर हेरी विचार गरिसकेपछि अरू सुतिरहेको समयमा रातमा जुर्मुराइकन उठ्ने हो । यस्तो ढिस्कुरोलाई त यथार्थ स्वभाव नभएको ढिस्कुरो भन्नु पर्ला ।

**चौथो प्रश्न : ब्राह्मण भन्ने व्यक्ति कस्तो हो ?**

*"को ब्राह्मणो"* अर्थात् – ब्राह्मण भन्ने व्यक्ति कस्तो हो ? भन्ने प्रश्नलाई भगवान् बुद्धले– *"ब्राह्मणोति खो भिक्खु तथागतस्सेतं अधिवचनं अरहतो सम्मासम्बुद्धस्स"* अर्थात – हे कुमार काश्यप भिक्षु ! ब्राह्मण भन्ने यो नाम देव, मनुष्य, ब्रह्मा, सत्व समूहहरूको पूजा विशेषलाई ग्रहण गरी लिन योग्य चार आर्यसत्य सम्पूर्ण धर्मलाई छुटाई छुटाइकन विभाजन गरी स्वयम्भू ज्ञानले राम्रोसँग जानी बुझीलिनु भएका विपश्वी आदि पहिले पहिलेका बुद्ध समान प्रकाशमान हुनु भएका सम्यकसम्बुद्धको नाम हो भनी उत्तर दिनुभयो । ब्राह्मण आचार्य भनेको रुढी अनुसारको नाम हो ।

वास्तवमा देव, मनुष्य, ब्रह्मा, सत्व समूहहरूका साँच्चैको गुरु हुनुभएका भगवान् बुद्धको नाम हो । वहाँ तथागत ब्रह्मा, देव, मनुष्य, सत्व समूहहरूको पूजा विशेषलाई ग्रहण गरी लिन योग्य हुनुहुन्छ । यसको तात्पर्य सत्व प्राणीहरूको पूजा सत्कार ग्रहण गर्ने बित्तिकै त्यस सत्व प्राणीहरूलाई उनीहरूले इच्छा गरिएको सुख इच्छा गरे अनुसार



https://dhamma.digital

प्रदान गर्न सक्ने व्यक्ति हो। त्यसैले पूजा विशेष ग्रहण गरी लिन योग्य व्यक्ति भनी प्रशंसा गर्नुपर्ने भयो। फेरि भगवान् बुद्धले सम्पूर्ण धर्मलाई आफ्नो स्व-ज्ञानले यथार्थ रूपमा जानी बुझी लिनुभएको महान् पुरुष हुनुहुन्छ। पहिले पहिलेका बुद्धहरू समान ज्ञान शक्तिमा मात्र होइन ऋद्धिपाद आदि विभिन्न क्षेत्रमा पनि समान हुनुभयो। वहाँ तथागतलाई ब्राह्मण आचार्य भनी राखेको हो।

एक एक बुद्धको पालामा मुक्त भएर जाने वेनेय्य सत्वहरू २४ असंख्य ६० करोड/कोटि एक लाख छ भनी 'स्वसत्थकी' ग्रन्थमा उल्लेख गरिराखेको छ। त्यसमध्ये मानिसमात्र होइन देव, ब्रह्मा पनि गाभिएका छन्। त्यति मात्र होइन पछिका तथागतको पालामा मुक्त भई जाने सत्वहरूको पनि अहिलेको बुद्धशासनमा धेरै मात्रामा छ। यति धेरै संख्याका सत्वहरूको गुरु हुनुभएका भगवान् बुद्धलाई – *"सत्था देवा मनुस्सानं* सम्पूर्ण देव मनुष्यका शास्ता हो" भनी प्रशंसा गर्नुपरेको हो। त्यसरी असंख्य असंख्य सत्वहरूको गुरु हुनुभएका भगवान् बुद्धलाई ब्राह्मण आचार्य भनी रुढी अनुसार भनिराखेको हो।

भगवान् बुद्धले सम्पूर्ण विश्वमा हानि हुन सक्ने विषय सम्पूर्णलाई निषेध गर्नुभयो। "वर्तमान जीवनमा पनि हानि हुन सक्ने, पछिको संसारमा पनि हानि हुन सक्ने" नराम्रा अकुशल सम्पूर्णलाई नास गर्नका निम्ति भगवान् बुद्धले उपदेश दिई राख्नुभएको छ। शरीरले उल्लंघन हुने कायिक दुश्चरित्र कर्म, वाचिक दुश्चरित्र कर्म, चित्तले चिन्तन गर्ने मानसिक दुश्चरित्र कर्म यी अकुशल कर्म सम्पूर्ण गर्न हुन्न भनी भगवान् बुद्धले निषेध गरी राख्नुभयो। दान, शीलले जतिसुकै परिपूर्ण भैरहे तापनि मार्गफलमा नपुगेसम्म कारण नमिल्दाखेरि एक न एक जन्ममा चार अपायमा पतन हुन जान सक्ने हुन्छन्। यो सोच्ने कुरा हो। त्यसैले चार अपायबाट सदा मुक्त हुनसक्ने बाटो, संसार दुःखबाट मुक्त हुने बाटो भैरहेको शील, समाधि र प्रज्ञा आचरणलाई आचरण गर्न भगवान् बुद्धले सूचित गरी राख्नु भएको हो।

गुरु हुनेसँग कस्तो गुणले परिपूर्ण हुनु पर्दछ भन्दा निरर्थक हुने



https://dhamma.digital

कामहरू, नराम्रा काम कुराहरूलाई रोक्न सक्ने हुनु पर्दछ। सार्थक काम कुरा देखाइदिन सक्ने क्षमताले युक्त भएको हुनु पर्दछ । मैत्री करुणा अगाडि सारी आफूलाई लाभ सत्कार हुने कुरामा नफसी शिष्यहरूलाई लाभ दिलाउन सक्ने काम कुरा सिकाउन सक्ने हुनुपर्दछ । संसारमा गुरु भनेका यस्तै हुनु पर्दछ। गुरु भएकाहरूले शिष्यहरूलाई हानि नहुने तरिकाले रक्षा गर्नुपर्दछ। शिष्यहरूलाई लाभ वृद्धि हुने तरिकाले रक्षा गरी निर्देशन दिई राख्नुपर्दछ ।

*"बुद्धो लोके समुप्पन्नो–हिताय सब्बपाणिनं"* अर्थात् – चार आर्य सत्य धर्म जानी बुझिलिनु भएको भगवान् बुद्ध लोकमा सम्पूर्ण प्राणीहरूको हित गर्नका निम्ति उत्पन्न हुनु भयो । संसारमा भगवान् बुद्ध उत्पत्ति हुनुको कारण एक दुई प्राणीहरूको निम्ति मात्र होइन। एक समूह मानिसको लागि मात्र पनि होइन। एक देवता समूहको लागि मात्र पनि होइन। कोही कोही प्राणीहरूको निम्ति मात्र पनि होइन। वास्तवमा सम्पूर्ण प्राणीहरूको निम्ति नै उत्पन्न हुनुभएको हो । त्यसो भए तापनि कतिपय प्राणीहरूले भगवान् बुद्धप्रति श्रद्धा राख्न सक्दैनन्। त्यसो हुनुमा उनीहरूसँग पारमी बीज नहुनु, संस्कार नहुनुकै कारण हो। उनीहरूसँग भगवान बुद्धको शरणमा जान सक्ने कर्म नभएकै कारण भएको हो भन्ने थाहा पाउनु पर्दछ ।

## पाँचौं प्रश्न : सुमेध को हो ?

*"को सुमेधो"* अर्थात् – उत्तम प्रज्ञा ज्ञानले सम्पन्न अति नै उत्तम दक्ष शिष्य भन्ने व्यक्ति को हो ?" भन्ने प्रश्नलाई भगवान्ले *"सुमेधोति खो भिक्खु सेक्खस्सेतं भिक्खुनो अधिवचनं"* अर्थात् – हे कुमार काश्यप भिक्षु ! उत्तम प्रज्ञा ज्ञानले सम्पन्न कुशल तीक्ष्ण बुद्धि भएका शिष्य भन्ने यो नाम हो। शील, समाधि र प्रज्ञा तीन शिक्षा आचरण गरिरहने योगी भिक्षुको नाम हो भनी उत्तर दिनुभयो ।

तीक्ष्ण शिष्य भनेको शैक्ष पुद्गलको नाम हो । शैक्ष पुद्गल भनेको आचरण गरिरह्यो, वा गरिरहनेछ त्यसैले शैक्ष पुद्गल भनिन्छ"



https://dhamma.digital

भन्ने विग्रह अनुसार आचरण गरी रहने व्यक्तिलाई शैक्ष भनिन्छ। शील-आचरण, समाधि-आचरण, प्रज्ञा-आचरणलाई आचरण गरिरहने व्यक्ति नै शैक्ष हो । विशेषतः यसमा विपश्यना प्रज्ञा आचरणलाई आचरण गरिरहने व्यक्ति नै शैक्ष नामले चिनिन्छ । सुमेध पनि हो । शील, समाधि, आचरण मात्रले चार धातु समूह रूप काय ढिस्कुरोलाई छुटाउन सकिंदैन । विपश्यना प्रज्ञा आचरणले मात्र छुटाउन सकिने हुन्छ । विपश्यना आचरण गर्न शीलले पनि सम्पन्न हुनुपर्छ । समाधि पनि विपश्यना ज्ञानसँग सम्बन्धित भइकन स्वतः नै समावेश भएर जान्छ। अनि विपश्यना भाविता गरीरहने व्यक्ति शील, समाधि र प्रज्ञा तीन वटा शिक्षाबाट नै पूर्ण रूपले आचरण गरिरहने शैक्ष पुद्‌गल हुने भयो । भावना गरिरहेको योगी हो ।

## छैठौं प्रश्न : शस्त्र भनेको के हो ?

*"किं सत्थं"* अर्थात् – शस्त्र भनेको के हो ? भनी आयुष्मान कुमार काश्यपले सोधेको प्रश्नमा *"सत्थन्ति खो भिक्खु अरियायतं पञ्ञाय अधिवचनं ।"* अर्थात् – कुमार काश्यप भिक्षु ! शस्त्र भन्ने नाम लौकिक लोकुत्तर प्रज्ञा र विपश्यना प्रज्ञा, आर्यमार्ग प्रज्ञाको नै नाम हो भनी भगवान् बुद्धले उत्तर दिनुभयो ।

शस्त्र भनेको नै प्रज्ञाको नाम हो । ढिस्कुरो भत्काउन, खन्न, हातले मात्र सक्दैन । कुटो, कोदालोले खने मात्र सजिलो हुन्छ । त्यसमध्ये कुटो भए सबैभन्दा सुहाउने हुन जान्छ । अर्थकथामा कुदालो भनी बताइराखेको छ । यसमा पनि कुटो भन्ने ज्यावल भनी नामकरण गरिएको हो । माटो खन्नको लागि, ढिस्कुरो भत्काउनको लागि, कुटो चाहे झैँ यो शरीररूपी ढिस्कुरो छुट्टाउन प्रज्ञा शस्त्र आवश्यक छ । कस्तो प्रज्ञा भन्दा अर्थकथामा लौकिक प्रज्ञा र लोकुत्तर प्रज्ञा भनी सामान्य रूपमा उल्लेख गरियो । त्यसो भए तापनि लौकिक प्रज्ञामा पनि *"चतुधातुववत्थान विपस्सना पञ्ञा"* ले छुट्टाउनु पर्ला । त्यसैले "विपश्यना कुटोले खनिर हेछौं" भनी सम्झिनु पर्दछ ।



https://dhamma.digital

सामान्य मानिसहरूले यो शरीरलाई एक ढिस्कोको रूपमा लिने गर्दछन् । जुन किसिमले ढिस्कुरोलाई कुटोले नखनेको अवस्थाझैँ हो । योगीहरूले शरीरका आकार प्रकार, हाउभाउ हरेकमा छोए पिच्छे नै होश राखी "जाँदै छु, उभिँदै छु, बस्दै छु, हुँदै छु, पल्टिदै छु, खुम्च्याउँदै छु, तन्क्याउँदै छु आदि" भनी निरन्तर रूपले होश राख्दै जाने बेला कडा भएको, घोचेको, पोलेको, तात्तिएको, कस्सिएको, चलिरहेको, ढिक्को परेको बांगिएको, समूह समूह छुट्याइकन जान्ने बुझ्ने गर्दछन् । यसमा चार धातु समूह थाहा पाई रहेको, छुट्याइरहेको हुन्छ । जुन किसिमले कुटोले खन्ने क्रममा माटोको ढिक्को पत्रपत्र भइकन फुटी छुटेर आएझैँ हो । साँच्चै नै यो शरीरमा होश राखे पिच्छे नै एक एक गरी अलग्ग अलग्ग भई छुटेर आउने गर्दछ । जाने बेला "जाँदै छु, जाँदै छु" भनी बलियोसँग होश राख्नुपर्दछ । त्यसो नभए "उठाउँदै छु, सार्दै छु, राख्दै छु" भनी ध्यान राखी होश बढाउनु पर्दछ । त्यसरी ध्यान दिई दिईकन समाधि ज्ञान बलियो हुँदै आएपछि रूप स्वभाव धर्मलाई भाग भाग गरी छुट्याईकन जान्न बुझ्न सक्ने भएर आउँछ । जाने बेला कस्सिएको स्वभाव, हल्लिएको स्वभाव "वायु धातु" एउटा एउटा टुक्रिएर छुटेर आउने गर्दछ । कस्सिएमा कसिएको मात्र, टम्म परेकोमा टम्म परिएको मात्र छुटेर आउने गर्दछ । सुरु सुरुमा जस्तो एक ढिक्को होइन । वायु धातु स्वभाव मात्र देखा पर्दछ । अन्यमा पनि यसरी नै होश स्मृति राखे पिच्छे नै शरीरको आकार प्रकार स्वभाव एक एक पत्र पत्र छुट्टिएको देखा पर्न आउँदछ । त्यसैले भाविता गरी थाहा पाइएको प्रज्ञा कुटोको धार जस्तै हो । कुटोले एक पटक खन्ने क्रममा ढिस्कुरोमा रहेको माटोको ढिक्को एक एक गरी निक्ले झैँ स्मृति होश राखे पिच्छे नै शरीरको भाग भाग छुटेर आउने गर्दछ ।

अब यसलाई विचार ज्ञानले नै विचार गरी जानि बुझिलिऊँ । पहिले कपालको बारेमा विचार गरी हेरौँ । कपाल भनेको कडा स्वभाव भएको "पृथ्वी धातु" हो । व्यक्ति वा सत्व होइन । त्यसो गर्दा कपाल भन्ने एक भाग अलग्ग भएर आयो । त्यसरी नै मासु, फोक्सो, हड्डी,



https://dhamma.digital

नशा धेरै नै अन्य भागहरू छन् । मोटामोटी रूपमा भन्नुपर्दा माथि पत्रको रूपमा रहेको छाला, त्यसपछि मासु, त्यसपछि रगत, नशा, हड्डी, एक एक रहेसम्म ज्ञानले हेरिलिऊँ । त्यसपछि आन्द्रा, फोक्सो, मुटु, एक एक छुट्याई हेरौं, केवल धातु स्वभाव मात्र भेटिन्छ । पुद्गल वा सत्व भन्ने भेटिंदैन । यी सबै ढिस्कुरो खन्ने क्रममा एक एक ढिक्को परी निक्लिएको माटाको डल्लाभैँ शरीरबाट ढिक्को ढिक्को रूपमा देखा पर्न आउने केवल धातु स्वभाव मात्रै हुन् । त्यसैले भाविता गरी, स्मृति राख्दै थाहा पाउनु प्रज्ञा रूपी कुटोको धार हो ।          त्यसैले शस्त्र (कुटो) भनेको के हो ? भाविता गरी थाहा पाई राख्नु "प्रज्ञा" नै हो ।

## सातौँ प्रश्न : निरन्तर रूपमा खन्नु भनेको के हो ?

*"किं अभिक्खणं"* अर्थात् – निरन्तर रूपमा खन्नु भनेको के हो ? भनी आयुष्मान कुमार काश्यपले सोधेको प्रश्नमा *"अभिक्खणन्ति खो भिक्खु वीरियारम्भस्सेतं अधिवचनं"* अर्थात् – "काश्यप भिक्षु ! निरन्तर रूपमा खन्नु भन्ने यो नाम वीर्यलाई बलियोसँग भाविता गर्नु अथवा अटूट रूपले अभ्यास गर्नुको नाम हो भनी भगवान् बुद्धले उत्तर दिनुभयो ।"

निरन्तर रूपमा खन्नु वा अटूट् रूपमा खन्नु, भाविता गरी अभ्यास गरि राख्ने वीर्य हो । कुटोको बिँडलाई राम्रोसँग समात्नु पर्छ । खुकुलो तालले त समात्नै मिल्दैन । बलियोसँग समाती उठाई खन्नु पर्छ । उठाई खन्ने बेला बल लगाई खन्नु पर्छ । त्यसरी नै भाविता गर्ने बेला वीर्यले पनि बलियो कोशिस गर्नुपर्ने हुन्छ ।

"फुलिरहेछ, सुकिरहेछ, बसिरहेछु, छोई रहेछु, देख्दैछु, सुन्दैछु, खुम्च्याउँदैछु, फिजाउँदैछु" आदि भनी भाविता गरे पटक पटक नै उचिति रहेको वीर्य अटूटरूपमा समावेश हुन जान्छ । यो वीर्य सिथिल हुन गएमा भाविता राम्रो हुन सक्तैन । त्यसैले सम्यक्-व्यायाम भन्ने यो वीर्य अत्यावश्यक हुन्छ । यसलाई नै सम्यक्-प्रधान अनुसार चार सम्यक् प्रधान पनि भनिन्छ । चार प्रकारका सम्यक्-प्रधान कसरी सिद्ध हुन्छ भने एउटा वीर्यले कोसिस गरी रहेको बखतमा पहिले उत्पन्न भइसकेका



https://dhamma.digital

अकुशललाई छुटाउन सकिन्छ । साँच्चैको वीर्यले कोसिस गरिरहेको बखतमा पहिले उत्पन्न भइसकेका अकुशल उत्पन्न हुने अवसर हुन्न । त्यसैले पहिले उत्पन्न भइसकेको अकुशललाई पनि हटाउन सक्ने हुन्छ । फेरि पछि उत्पन्न हुन सक्ने नयाँ अकुशल पनि उत्पन्न हुने अवसर बाँकी रहन्न । हुन पनि सक्दैन । फेरि उत्पन्न नभएका विपश्यना कुशल भाविता गरे गरे पटक नै उत्पन्न हुने हुन्छ । उत्पन्न नभएको मार्ग प्रज्ञा पनि उत्पन्न गराउँछु भनी कोसिस गरी रहन्छ । त्यसैले यसलाई उत्पन्न नभएका विपश्यना र मार्ग कुशलहरू उत्पन्न गराउँछु भनी कोसिस गरी रहेको पनि भनिन्छ । यसले गर्दा नै उत्पन्न भई सकेको कुशल पनि स्थिर भई रहन्छ भने एक पटक भाविता गर्ने बेला विपश्यना कुशल एक पटक हुन्छ । फेरि अर्को पटक भाविता गर्ने बेला अर्को विपश्यना कुशल उत्पन्न हुन्छ ।

भाविताको हरेक पटक पटकमा जति जति कोसिस गरियो त्यति त्यति नै नयाँ नयाँ वृद्धि भै राख्ने हो । त्यसैले यस वीर्यलाई एक पटक भाविता गर्ने बित्तिकै चार सम्यक् प्रधान कृत्य एकै पटक सिद्ध हुन्छ । चार सम्यक् प्रधान कृत्य सिद्ध हुन जाने सम्यक् व्यायाम भन्ने यस वीर्यले साँच्चैको कुटोले खनेझैं हो । कुटोले खन्ने बेला माथिसम्म उठाई, खन्ने, उठाउने, गरी माटोको चप्रा चप्रा आउने गरिकन खन्न पर्ने हुन्छ । त्यसरी नै भाविता गर्ने बेला पनि भाविता गऱ्यो, होस् राख्यो, भाविता गऱ्यो, होस राख्यो । एक पछि अर्को यसरी नै अटूट रूपमा उत्पन्न भएको आरम्मणमा लगातार रूपले उद्योग गरी राख्नु पर्ने हुन्छ । त्यसैले कुटोले खन्नु र विपश्यना भावना उत्पन्न हुने किसिमले कोसिस गर्नुमा अति नै मेल खान जान्छ ।

### आठौं प्रश्न : ढोकाको चुकुल भनेको के हो ?

*"का लङ्गी"* अर्थात् – ढोकाको चुकुल भनेको के हो ? भनी आयुष्मान कुमार काश्यपले सोधेको प्रश्नमा *"भिक्खु, अविज्जायेतं अधिवचनं ।"* अर्थात् – काश्यप भिक्षु ! ढोकाको चुकुल भन्ने यो



https://dhamma.digital

नाम कर्मस्थाननय (तरिका) लाई नजानिएको अविद्याको नाम हो भनी भगवान् बुद्धले उत्तर दिनुभयो ।

ढोकाको चुकुल भनेको अविद्या नै हो । कर्मस्थान विधिलाई थाहा नपाउनु अविद्या हो । अविद्या भनेको त्यसको ठाउँ हेरी हेरी अनेक प्रकारका छन् । विपश्यना र आर्य मार्ग ज्ञानले हटाउन पर्ने अविद्या त चार सत्यलाई थाहा पाउन नसक्ने अविद्या हो । यहाँ भन्न खोजिएको अविद्या त्यति माथि तहमा पुगेको छैन । श्रुतमय ज्ञान र चिन्तामय ज्ञान हटाउने अविद्या मात्र हो । त्यो कर्मस्थान विधिलाई थाहा नपाउनु अविद्या नै हो । कर्मस्थान विधि थाहा भएन भनि भावना अभ्यास गर्न सकिँदैन । कर्मस्थान विधि त अलग्गै राखौं, भात पकाउने तरिका समेत थाहा भएन भनि पकाउन सकिन्न । थाहा नभइकन पकायो भने बिग्रन्छ । पकाउने नै हो भने तालिम लिनुपर्छ । स्त्रीहरूले स्कूल नगइकन नै पकाउन जानेको भनेको उनीहरूको आमाले सिकाइदिई राखेको कारणले नै हो । उनीहरूको आमाले कसरी पकाउनुपर्छ भनी देखाई सिकाई राखेको कारणले हो । विशेषरूपले नै देखाई सिकाई राख्नु पर्ने जरुरी छैन । हेरेर पनि सिक्न सकिन्छ । त्यसरी तरिका थाहा भएमा मात्र पकाउने तरिका मिल्दछ ।

“कर्मस्थान भावना अभ्यास गर्ने पद्धति रहेन भने भावना अभ्यास गर्न सकिन्न” भन्ने बुझाउनका निम्ति भनी रहेको हुँ । आलार ऋषि साधारण व्यक्ति थिएनन् । सात समापत्ति प्राप्त गरी रहेका साँचैको आचार्य हुन् । त्यस्ता आचार्य भै रहे तापनि भगवान् बुद्धले बताई राख्नुभएको स्मृतिप्रस्थान विधि अनुसार ६ द्वारमा उत्पत्ति भएका नाम रूप धर्मलाई भाविता गरी विपश्यना ज्ञान उत्पत्ति हुन्छ भन्ने कुरा उसलाई थाहा थिएन । उसले मात्र होइन, पृथक्जन ब्रह्माहरूलाई पनि थाहा थिएन । त्यसैले यो विधि अति नै साधारण विधि होइन । बुद्ध उत्पत्ति भएको समयमा मात्र उहाँले बताई सकेपछि मात्र थाहा पाउने विधि हो ।

त्यसकारण विपश्यना कर्मस्थान विधि थाहा नहुनु भनेको अविद्या



https://dhamma.digital

रूपि ढोकाको चुकुल जस्तै हो । घरमा होस्, चाहे विहारमा होस्, भित्र बाहिर गर्ने ढोका किन नहोस् चुकुल राखिराख्यो, ताला मारिराख्यो भने भित्रको व्यक्ति बाहिर जान सक्दैन र बाहिरको व्यक्ति भित्र आउन नसक्ने हुन्छ । त्यस्तै भने झैँ विपश्यना भाविता गर्ने विधि थाहा पाएन भने जतिसुकै राम्रो मनोवृत्ति भए तापनि, जतिसुकै भावना अभ्यास गर्न मनसाय भए तापनि, विपश्यना भावना अभ्यास गर्न कदापि सक्दैन । अभ्यास नै गर्न सकेन भने, विपश्यना ज्ञान उत्पत्ति भएन भने मार्गफल निर्वाण प्राप्त गर्न नसकिने हुन्छ ।

त्यसैले भगवान् बुद्धले स्मृतिप्रस्थान पद्धति रूपी ढोका खोलिदिनुभएको हो । "छ द्वारमा उत्पत्ति हुने बित्तिकै भाविता गर । यसरी भाविता गरेमा स्मृति उत्पन्न हुन्छ, समाधि उत्पन्न हुन्छ, ज्ञान उत्पन्न हुन्छ । *'गच्छन्तो वा गच्छामीति पजानाति'* अर्थात् – गइरहेमा, गइरहेछु भनी जान्दछ । जाने इरियापथमा पाईलैपिच्छे (म) जाँदैछु, जाँदैछु" भनी खुट्टाको गतिसँगै चित्तलाई पनि खुट्टासँगै घचाडिरहनु पर्दछ । कुनै पनि चालको गतिमा बेहोश भई सार्न मिल्दैन ।

चुकुल उखाली फाल भनेको अविद्यालाई हटाऊ भन्न खोजेको हो । यहाँ "अविद्यालाई हटाई पठाउ" भनी सामान्य रूपमा भनिराखेकोलाई "कर्मस्थान भावना विधिले थाहा नपाएको अविद्यालाई हटाउनु पर्दछ" भनी भनेको हो । अविद्यालाई हटाउने उपायको रूपमा *कम्मट्ठान-उग्गहपरिपुच्छा-वसेन* अविज्जा पहान अर्थात् – कर्मस्थान अध्ययन गर्ने, श्रवण गर्ने हिसाबले अविद्या हटाउनुलाई बताइरहेको हो" भनी व्याख्या गरिराखेको अर्थकथाद्वारा थाहा पाउनु पर्दछ । "भावना गर्ने कर्मस्थान विधि सिकी लिनु स्पष्ट नभएको कुरा सोध्नुद्वारा अविद्या हटाउन सकिन्छ" भने अनुरूप कर्मस्थान विधिद्वारा अविद्या हटाउनु पर्ने हो । त्यस अविद्या हटाउनका निम्ति हामीले भावना विधि सिकाउने-सुनाउने भनिएको नै अविद्यारूपि ढोकाको चुकुल खोलिराखेको हो ।



https://dhamma.digital

## नवौँ प्रश्न : भ्यागुतो भनेको के हो ?

*"का उद्धुमायिका"* अर्थात् – छोएपिच्छे फुलेर आउने भ्यागुता भनेको के ? यस प्रश्नलाई भगवान् बुद्धले *"उद्धुमायिकाति खो भिक्खु कोधूपायासस्सेतं अधिवचनं"* अर्थात् – हे काश्यप भिक्षु ! उद्धुमायिक भन्ने भ्यागुतो छोएपिच्छे फुल्दै फुल्दै ठूलो भई आउने भ्यागुताको जाती रिस उठ्ने, डाहा हुने, दोषको स्वभावको भनी नाम हो भनी उत्तर दिनुभयो ।

द्वेष भनेको नै त्यो भ्यागुता समान हो । मनपर्दो आरम्मणको सम्पर्क हुने बित्तिकै फुल्दै फुल्दै प्रीति वृद्धि हुँदै आउँछ । आफूलाई मन नपर्ने कुरा देखेको खण्डमा रिस (द्वेष) उत्पन्न हुन्छ । सुन्न पर्दा, सुँघ्नु पर्दा, खानु पर्दा पनि द्वेष/रिस उत्पन्न हुन्छ । कल्पना, विचार र चिन्तना गर्दा पनि रिस उत्पन्न हुन्छ । विशेष त सुन्न र स्पर्श हुँदा धेरै मात्रामा रिस उत्पन्न हुन्छ । आफूलाई मन नपर्ने कुरा एकपटक सुन्नुपर्दा नै रिस उत्पन्न हुन्छ । फेरि दोहोऱ्याएर सुन्नु पर्दा झनै रिस बढेर आउँछ । जति जति बढी सुन्नुपर्ने हुन्छ तीव्र गतिमा रिसको मात्रा त्यति नै बढेर आउने हुन्छ । पहिले मनमा मात्र भइरहेको, पछि मुखमा देखा पर्न थाल्छ । बार-बार सुन्नपऱ्यो भने त मुखले नचाँहिदो अपशब्द बोलीवचन प्रयोग गर्ने हुन्छ । त्यति मात्र नभई शरीरले समेत हात खुट्टा प्रयोग गर्ने भएर आउँछ । यसरी मन नपर्दो आरम्मण जुध्न आएमा उद्धुमायिक भ्यागुता भनी उपमा अनुसार भनिराखेको हो । साँच्चै सुहाँउदो पनि छ । द्वेष उत्पत्ति हुने स्वभाव सबैले प्रत्यक्ष अनुभव गरिरहेकै कुरा हो ।

आफूले आफूमा रिस निकाल्नु भनेको अरूप्रति रिस गरेजस्तो होइन । रिस उत्पन्न हुने भनेको आफ्नो नजिकको व्यक्तिसँग नै हो । टाढा सम्बन्ध भएका व्यक्तिहरूसँग त्यति रिस उत्पन्न हुँदैन । व्यवहारमा भन्ने चलन पनि छ - "जिब्रो र दाँत" अति नजिक । यी दुई नजिक हुन्छन् । अति नजिक भएका व्यक्तिहरूले एक अर्काप्रति रिस गर्ने गर्छन् । परस्परमा सहन सक्ने गुण छैन भने अति दुःख भोग गर्नुपर्ने हुन्छ । त्यसैले त्यो भ्यागुतालाई होश राख्नु पर्छ । गुरु र शिक्षा, सँगै बस्ने



https://dhamma.digital

सहधर्मीहरू, साथीभाइहरू, जहान परिवारहरू, छरछिमेक चाहिने बेला आफन्तजनहरू साथै अति आवश्यक व्यक्तिहरू, यिनी सबैसँग भरोसा, आधार लिनुपर्ने हुन्छ । एक अर्कासँग कुरा बाझिन गई रिस निकाल्नु पर्ने व्यक्तिहरू पनि यिनीहरू नै हुन्छन् । दाजुभाइ, दिदीबहिनीहरू अति झगडा गर्नुपर्ने पनि हुन्छन् । त्यसैले त्यस भ्यागुता महत्वपूर्ण छ । संसारभर फिँजीकन दुःख दिने यो भ्यागुता हो । एक राष्ट्र अर्को राष्ट्रसँग युद्ध गराइदिने यही भ्यागुता हो । डरलाग्दो भ्यागुता हो । यो भ्यागुतालाई स्वीकार गर्न योग्य छैन, विचार गरिकन हटाउनु पर्दछ । भाविता गरिकन हटाउनु पर्दछ ।

## दसौँ प्रश्न : दुई बाटो भनेको के हो ?

*"को द्वेधापथो "* अर्थात् – दुई बाटो भनेको के हो ? भन्ने प्रश्नमा भगवान् बुद्धले *"द्वेधापथोति खो भिक्खु विचिकिच्छाये तं अधिवचनं ।"* अर्थात् – हे काश्यप भिक्षु ! दुई बाटो भनेको शंका हुने विचिकिच्छाको नाम हो भनी उत्तर दिनुभयो ।

उपमा एउटा – एक व्यापारीले सामान किन्न गयो । सामान किन्नलाई पैसा चाहिन्छ । पैसाको पोको बोकी सामान किन्न गएका व्यापारीहरूलाई लुट्न नपाएका लुटेराहरूले जासुस गरी चिवा गर्दै हिँड्छन् । यो मान्छेले कुन बेला सामान किन्न जान्छ भनी समाचार थाहा पाई खबर पुऱ्याउने मान्छे पनि हुन्छन् । यस्तो अवस्थामा, कुन बेलामा किन्न जान्छन् भन्ने कुरा लुटेराहरूले थाहा पाउने गर्दछन् । त्यस व्यापारी आएको थाहा पाई आ-आफ्नो हातमा शस्त्र अस्त्र बोकी पछि पछि लाग्न थाल्छ । हात-हातमा शस्त्र अस्त्र बोकी लुटेराहरू पछि पछि लागिरहेका छन् भनी थाहा पाउने त्यस अघि अघि गइरहेको व्यापारी डराउँछ । त्यसैले दौडी दौडी जानुपर्ने हुन्छ । पाइलाले नभ्याउने गरिकन दौड्नुपर्ने हुन्छ । यसरी भागिरहेको बेला दुर्भाग्यवस दुईवटा बाटो भेटिन्छ । त्यस बाटो ऊ कहिल्यै गएको हुँदैन । गइसकेको बाटो भए केही कुरा थिएन । दायाँ भएपनि बाँया भए पनि नगएको बाटो समाती जानुहुन्थ्यो । अहिलेको बाटो कहिल्यै नगएको बाटो पऱ्यो । यस्तो



https://dhamma.digital

हुँदा दायाँबाट गए ठिक होला कि ? बाँयाबाट गए ठिक होला भन्ने कुरा मनमा दोधार भयो । दायाँबाट जाँदा शत्रुको हातबाट मुक्त होला र ? बायाँबाट जाँदा केही होला कि ? भनी विचार गरिरह्यो । यसरी गहिरिएर विचार गरी राख्यो । विचार गर्दागर्दै पछि लागेका शत्रुले भेट्टाइहाले । तिनीहरूले त्यस व्यापारीलाई मारी मालसामान लुटि लिए । यसरी अनर्थ हुन गयो । त्यसो भएको किन त ? दोबाटो भेटेकै कारणले गर्दा हो । नत्र भनेशत्रुको हातबाट मुक्त हुने थियो । अर्को तर्फबाट भन्नुपर्दा तर्क वितर्क नगरी एउटा बाटोलाई पछ्याएको भए शत्रुबाट मुक्त हुन्थ्यो, तर एउटा न एउटालाई नसमाती विचार मात्र गरिरहेको कारणले शत्रुहरूको हातमा पर्न गयो ।

त्यसरी नै भावना अभ्यास गर्ने क्रममा विचिकिच्छा उत्पन्न हुने बेला विचिकिच्छाद्वारा यो हो कि ? त्यो हो ? गर्दागर्दै क्लेश शत्रुले भेट्टाउन आउने गर्दछ । भावना अभ्यास गर्ने व्यक्तिहरूलाई हामीले स्मृतिप्रस्थान विधि अनुसार नै भावना अभ्यास गर्ने कुरा बताउँदै आएका हौँ । शरीरको आकृति विकृति उत्पन्न भए लगत्तै पछिपछि लागी होश राख्न निर्देशन दिइरहेका हौँ । पल्टिरहेमा "पल्टिदैछु, पल्टिदैछु" भनी होश राख्न निर्देशन छ । खुम्चाइरहेमा "खुम्चाउँदैछु, खुम्चाउँदै छु" भनी स्मृति राख्न, शरीर सिधा पारेमा "सोझ्याउँदैछु, सोझ्याउँदैछु", पेट फुलेमा "फुल्दैछ, फुल्दैछ" भनी स्मृति राख्न, पेट सुक्दैछ भने "सुक्दैछ, सुक्दैछ" भनी स्मृति राख्न निर्देशन छ । त्यति मात्र नभइकन यदि कल्पना आएमा, विचार आएमा, तर्कना आएमा, कल्पना गर्दैछु कल्पना गर्दैछु, विचार गर्दैछु, तर्कना गर्दैछु भनी उत्पत्ति भए अनुसार स्मृति राख्न निर्देशन दिइराखेको छ । चित्तानुपश्यनामा *सरागं वा चित्तं सरागं चित्तन्ति पजानाति ।* अर्थात् – राग सहितको चित्तलाई रागसहितको चित्त भनी जान्दछ इत्यादि रूपले आज्ञा गरिराख्नु भएको छ ।

वेदनानुपश्यनामा पनि वेदना देख्न आएमा त्यही अनुसारले भाविता गर्नुपर्दछ । त्यसलाई भगवान् बुद्धले यसरी आज्ञा गरी राख्नुभएको छ –



https://dhamma.digital

*"सुखं वा वेदनं वेदयमानो सुखं वेदनं वेदयामीति पजानाति ।* अर्थात् – सुख वेदना उत्पन्न भएमा सुख वेदना अनुभव गर्दछु भनी भाविता गर्नू । *दुक्खं वा वेदनं वेदयमानो दुक्खं वेदनं वेदयामीति पजानाति ।* अर्थात् – दुःख वेदना उत्पन्न भएमा दुःख वेदना अनुभव गर्दछु भनी भाविता गर्न निर्देशन भइरहेको छ । यसरी वेदना देख्ने बित्तिकै भाविता गर्नुपर्दछ । देख्ने, सुन्ने, आदि उत्पन्न भए तापनि त्यसरी नै भाविता गर्नुपर्दछ । निर्देशन दिइरहेको अनुसारले अभ्यास गर्ने योगीसँग अभ्यास गर्दागर्दै द्वन्द्व संशय उत्पन्न हुन आउँदछ । यस द्वन्द्वबाट नछुटिञ्जेलसम्म उत्पन्न भइराख्दछ । उत्पन्न गर्न हुँदैन भनेर मात्र उत्पन्न नहुने कहाँ हो । उत्पन्न त भइहाल्छ नै । त्यसो भए तापनि द्वन्द्व उत्पन्न हुने बित्तिकै भाविताद्वारा हटाउनु आवश्यक छ ।

अर्थकथामा यसरी उल्लेख गरिएको छ –

*"उभयपक्खसन्तीरणमुखेन विचिकिच्छा वञ्चेति ।"* अर्थात् – दुई पक्षलाई बराबर हुने गरिकन होश राखी जाँचबुझ गर्ने ज्ञानको स्वरूप लिई विचिकिच्छाले फकाई फुल्याई झुक्याउने गर्दछ । विचिकिच्छाले झुक्याउने गर्दछ । कसरी झुक्याउन जान्दछ भनी दुई पक्षलाई नै सुहाउँदो जस्तो गरिकन ठिक्क पारी झुक्याउने गर्दछ ।

विचिकिच्छाले ज्ञानको रूप लिएर नाना प्रकारले तर्क वितर्क गरिरहन्छ । जसका कारण आफूमा भएको विश्वास खल्बल्ली श्रद्धा धर्म बिग्रन जानेहुन्छ । यो महत्वपूर्ण कुरामा विचार गर्नुपर्ने हुन्छ । त्यसैकारण विचिकिच्छा भन्ने संशय तर्क वितर्क उत्पत्ति हुने बित्तिकै भाविता गरी हटाउनु पर्दछ । हामीले पनि भाविता गर्दा-गर्दै, मनन गर्दै पछि मात्र त्यो स्वभाव बुझिलिएका हौं । "जाँदै गरेमा जाँदैछु, उभिरहेमा उभिँदैछु, बसिरहेमा बस्दैछु, खुम्चाएमा खुम्चाउँदैछु, फुलेमा फुल्दैछ, सुकेमा सुक्दैछु" आदि नाना प्रकारले शरीरको आकृति विकृतिलाई मनन् गर्दै पहिलो जग मात्र होइन आदि, मध्य, अन्त्य सम्पूर्णलाई आफैले प्रष्ट देखिदै आउन थाल्यो भने अनि मात्र विचिकिच्छा हटेर गयो भनी थाहा पाउनुपर्दछ ।



https://dhamma.digital

वेदना उत्पन्न भएमा त्यही अनुरूपले भाविता गर्नुपर्दछ । उत्पन्न भएका भएका विषयवस्तुमा भाविता गर्दै जाँदा केही पनि बाँकि रहन्न । उत्पत्ति भए अनुरूप नै भाविता गर्दै जाँदा स्वभाव थाहा पाउन सकिन्छ । यथार्थ स्वभाव धर्म थाहा पाई त्यस यथार्थ स्वभाव धर्मको आदि अन्त्यलाई थाहा पाउन सकिन्छ। उत्पत्ति भए अनुरूप नै आदिदेखि अन्तसम्म गहिरिएर हेरिरहेको खण्डमा अवश्य देख्न सकिन्छ। गहिरिएर नहेरेको खण्डमा देख्न पनि सकिन्न । उपमा के भने आकाशमा बिजुली चम्क्यो, त्यसलाई राम्रोसँग हेरेको व्यक्तिले मात्र त्यो कसरी उत्पन्न भई अन्त्य भयो भनेर थाहा पाउन सकिन्छ। त्यसरी नै उत्पत्ति भएका स्वभाव धर्मलाई राम्रोसँग भाविता गरेको खण्डमा त्यसको हलन चलनको गतिद्वारा त्यसको यथार्थ स्वभाव धर्मलाई थाहा पाउन सकिन्छ । अर्को एउटा उपमा हामीले कमिलाको ताँती देखेकै छ। साधारण किसिमले त्यो कमिलाको ताँती हेर्दा लामो देखिन्छ। नजिक गएर गहिरिएर हेरेमा कमिला एउटा एउटा गरी छुट्टिन्छ। एक अर्कासँग जोडिएको हुँदैन । यो थाहा पाएको नै नजिकिएर, गहिरिएर हेरेकोले नै हो । त्यसरी नै उत्पत्ति हुने बित्तिकै, विनाश हुने बित्तिकै नामरूप धर्मलाई गहिरिएर अटूट रूपमा भाविता गरेको खण्डमा नामरूप धर्म एउटै, एकै किसिमले रही रहेको भेट्न सकिन्न। एकपछि अर्को उत्पत्ति विनाश भइरहेको देखिन्छ। अति द्रुतगतिले उत्पत्ति विनाश भइरहेको धर्म हो। स्थिर नभएको धर्म हो भनी स्वज्ञानले निर्धारण गरी थाहा पाउन सक्नेछ ।

## एघारौं प्रश्न : साबुन चालनी भनेको के हो ?

*"कि चङ्गवारं"* अर्थात् – साबुन चालनी भनेको के हो ? यसो भनी आयुष्मान कुमार काश्यपले सोधेको बेला भगवान बुद्धले *"चङ्गवारन्ति खो भिक्खु पञ्चन्नेतं नीवरणानं अधिवचनं"* अर्थात् – काश्यप भिक्षु ! साबुन चालनी भन्ने यो नाम पाँचवटा नीवरणहरूको नाम हो भनी उत्तर दिनुभयो ।

साबुनको फिँज भन्नाले पाँच नीवरण धर्मलाई भनिएको हो ।



https://dhamma.digital

साबुन चालनी पुरानो व्यवहारमा चल्थ्यो। यो शब्द आजभोलि व्यवहारमा प्रयोग हुँदैन । पहिले पहिले हिजो आज जस्तो साबुन थिएन । पहिले कडा खालको चून साबुन मात्र पाइन्थ्यो । रेशमी मखमल जस्ता नरम खालका कपडा धुन परेमा जमीनबाट निकाल्न पर्ने त्यो चुन साबुनले धुँदा कपडा बिग्रने गर्थ्यो होला। त्यसैले नरम खालको साबुन चाहेमा के गर्नुपर्थ्यो भने चून साबुनलाई पानीमा भिजाई कपडामा छान्दा बाक्लो साबुन फिँज तैरेर आउने हुन्छ अनि मात्र त्यसले कपडा धुन योग्य हुन्छ। बाक्लो साबुन फिँज छान्ने कपडा जालि झैँ हुन्छ । त्यस किसिमको जालियुक्त कपडाबाट पानी खन्याउने बेला एक गाग्री खनाए तापनि ह्वारर् जान्छ, सय गाग्री खनाए तापनि त्यस्तै हुन्छ।

त्यस्तै पञ्चनीवरण भएका व्यक्तिहरूमा कुशल धर्म स्थिर हुन सक्दैन । साबुन चालनीबाट पानी ह्वारर् बाहिरिए झैँ हो । कुशल धर्म पनि केही नरहने गरी झर्छ। यहाँ कुशल धर्म भनेको विशेष गरिकन समाधि र प्रज्ञालाई भनिएको हो । दान कुशल र शील कुशल त स्थिर हुने सम्भावना छ । नीवरण धर्महरू रहिरहे तापनि दान बिग्रिदैन । त्यसैले नचाइकन पनि दान त दिइ नै रहेका छन् । शील पनि बिग्रिदैन । किनभने शील भनेको कायिक र वाचिक कर्म उल्लंघन नगरेसम्म स्थायी रहिरहन्छ । मनले कामच्छन्द, व्यापाद आदि जतिसुकै कल्पना गरिरहे तापनि शील बिग्रिदैन । त्यसैले दान, शील कुशल कर्मलाई नीवरणले बिल्कुल रोक्न सक्दैन । रोक्न सक्ने क्षमता भएको भनेकै समाधि र प्रज्ञा कुशल धर्ममा हो ।

समाधि भावना कुशलको स्थिति “पथवी पथवी” भनी विचार गरी गरी काम आरम्मणहरू कल्पना गरिरहेको बेला त्यस समाधि भावना कुशलहरू उत्पन्न हुन सक्दैन । काम आरम्मणलाई पाँच मिनेट मात्र कल्पना गरि हेरौँ, त्यस पाँच मिनेटको भित्र समाधि कुशल चित्त एउटा पनि उत्पन्न हुँदैन । एक घण्टासम्म कल्पना गरि बसिरह्यो भने एक घण्टाभित्र पनि उत्पन्न हुन सक्दैन । विपश्यना कुशल पनि त्यस्तै हो । काम आरम्मण भनेको “किन्ने, बेच्ने, गर्ने मिल्ने आदिलाई भनिएको



https://dhamma.digital

हो । आफूलाई लोभ्याउने आरम्मणसँग सम्बन्ध राखी कल्पना गरिरहेमा त्यस समयमा भाविता गर्नुपर्ने विपश्यना कुशल उत्पन्न गर्न सक्दैन । दश मिनेटसम्म कल्पना गरिरहेमा दश मिनेट खेर जान्छ । एक घण्टा कल्पना गरेमा एक घण्टा खेर जान्छ । त्यो नै भावना कुशल कर्मलाई नीवरण धर्मले रोकेको हो ।

योगी व्यक्तिले मार्ग, फल र निर्वाणमा पुग्ने हेतुले समाधि, प्रज्ञाको अभ्यास गर्ने हो । त्यहीबेला नीवरण बीचमा उत्पन्न भई "अय् ! तिमी अहिले नजाऊ, पर्ख" भनी रोकेझैं गर्ने हो । त्यसैले नै नीवरण भनिएको हो । त्यस नीवरण साबुन चालिनि समान भयो । साबुन चालिनीमा पानी खन्याउँदा एक थोपा पनि पानी रहँदैन । कामच्छन्द र कामारम्मणलाई ग्रहण गरी कल्पना गरिरह्यो भने, भावनाको नाममा केही उत्पन्न हुन सक्दैन । भावना कुशल एउटा पनि जम्मा हुँदैन । यो कुरा भावना अभ्यास गरेको खण्डमा धेरै थाहा पाउने हुन्छ । भावना अभ्यास गर्ने बेला "फुलिरहेछ, सुकिरहेछ, बसिरहेछ, छुँदैछु" भनी सम्झँदा सम्झँदै आफू सँधै गइरहेको आरम्मणतर्फ चित्त जाने नै हुन्छ । क्षण क्षणमा पनि बाहिर जाने पनि हुन्छ त्यसरी बाहिर जानेलाई पनि भाविता गर्नुपर्ने हुन्छ । भगवान् बुद्धले "पानीमा रहेको माछालाई पानीबाट उठाई जमीनमा राख्ने बेला झैं" भनी दिइराख्नुभएको अति राम्रो उपमा हो ।

## पानी र माछा : काम-गुण र चित्त

माछा भन्ने पानीमा बस्छ । जमीनमा त्यसलाई राख्दा बस्न सक्दैन । यसरी नै मानिसको चित्त पनि कामगुण आरम्मणमा डुबी राख्ने हुन्छ । खाने, पिउने, लगाउने, बस्नका निम्ति, एकले अर्कोलाई व्यवहार गर्ने बारेमा चिन्तन मनन गरिराख्नु पर्ने हुन्छ । ती सबै काम आरम्मण हुन् । त्यसैले काम-आरम्मणलाई चित्तको घर भनिन्छ । चित्त सधैं बसिराख्ने ठाउँ पनि त्यहीँ नै हो । त्यस काम-गुण रूपी घरबाट निकाली चित्तलाई कर्मस्थान आरम्मणमा टाँसी दिई कर्मस्थान मनन गर्ने बेला भर्खरै बताइ आए झैं माछालाई जमीनमा राख्ने झैं हुन्छ ।



https://dhamma.digital

त्यसलाई भगवान् बुद्धले गाथाद्वारा व्यक्ति गरिराख्नुभएको छ । भावना गरिसकेकाहरूका लागि त झन भाव प्रकट हुन्छ -

**वारिजोव थले खित्तो - ओकमोकतमुब्भतो ।**
**परिफन्दतिदं चित्तं - मारधेय्यं पहातवे ॥**

अर्थात् – पानी भनेको आफू बस्ने घरबाट उठाइकन जमिन माथि फालिराखेको जलप्राणी माछा आफू बस्ने ठाउँ पानी सम्झी उफ्री उफ्री रहे झैँ क्लेश मारको क्षेत्र भइरहेको दुःख समूहलाई हटाउँदा यो चित्त छट्पटाउँछ ।

मानिसहरूको सन्ततीमा उत्पन्न भइरहेको रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान भन्ने पञ्चस्कन्ध रूपी दुःख-सत्य धर्म नै क्लेश मारको क्षेत्र हो । उक्त क्लेशको कारणले गर्दा भव उत्पत्ति हुने हो । उत्पत्ति हुने भवमा मृत्यु हुनुपर्ने हुन्छ । त्यसो भएको नै यस नाम र रूपस्कन्ध भएर हो । यो नाम र रूप स्कन्ध नभए मृत्यु हुँदैनथ्यो । त्यसैले नाम रूप-स्कन्ध क्लेशरूपी मारले घात गर्ने क्षेत्र हो । त्यसको क्षेत्रमा आएकोले यी नाम रूप धर्म उत्पत्ति भइराख्ने हुन्छ । त्यसैले लोकमा उत्पत्ति भएका मानिसहरू बुढो हुन मनपर्दैन, रोगी हुन मनपर्दैन, मर्न मन नपरे तापनि वृद्ध, रोगी र मरण हुनुपर्ने नै हुन्छ । कहीँ कतै भाग्न सकिन्न । देवलोकमा उत्पन्न भए तापनि हुँदैन । ब्रह्मलोकमा गए तापनि मुक्त हुँदैन । त्यसको घेराबाट कोही कतै फुत्कन सकिन्न । त्यसैले त्यसको क्षेत्रबाट बाहिर निस्कन के गर्नुपर्छ भनी चित्तलाई शमथ र विपश्यना रूपी जमीन माथि राख्नु पर्छ ।

क्लेश मारको क्षेत्र भइरहेको दुःख समूहलाई हटाउनको निम्ति कामगुण आरम्मण भन्ने घरबाट उठाइकन शमथ र विपश्यना आरम्मण भन्ने जमिनमाथि फालिराख्ने यस चित्त आफ्नो ठाउँ कामगुण घर सम्झी सम्झी उफ्री उफ्री बस्ने गर्दछ । पानीमा बस्ने माछा जमीनमा राख्ने बेला छट्पटी छट्पटी चलेझैं, दुःख स्वभावलाई हटाउनका निम्ति चित्तलाई समथ विपश्यना आरम्मणमा राख्ने बेला त्यस्तै हुन्छ ।



https://dhamma.digital

कर्मस्थान आश्रममा आई लौकिक आरम्मणलाई विचार नगरी "फुल्दैछ, सुक्दैछ, बस्दैछु, छुँदैछु" आदि भनी विपश्यना आरम्मण बारम्बार सम्झी भाविता गर्ने बेला, चित्तले आफू बस्ने कामगुण आरम्मण फेरि फेरि विचार गर्ने हुन्छ । त्यो चित्त आफ्नो घर फर्केको हो । माछा छट्पटाए झैं हो । अलिकता मात्र होइन । धेरै नै समान छ । त्यसरी छट्पटाइ रहेको चित्तलाई कल्पना नगर्नका निम्ति भाविता गरी निवारण गर्नुपर्छ, हटाउनुपर्छ ।

## पञ्च नीवरण हटाउन

त्यसैले *"पजह चङ्कवारं* अर्थात् – साबुन चालनी हटाऊ" भनिएको हो । साबुन चालनी हटाऊ भनिएको *"पजह पञ्चनीवरणे* अर्थात् – पञ्च नीवरणलाई निवारण गर" भनिएको हो । त्यसैले त्यस नीवरणलाई भाविता गरी हटाउनु पर्दछ । हटाउन "फुलिरहेछ, सुकिर हेछ" आदि भनी भाविता गर्दागर्दै चित्त यदि घर पुगिरहेमा "पुगिरहेछ" भनी भाविता गर्नुपर्दछ । कामकाजमा चित्त पुगिरहेमा "पुगिरहेछ" भनी भाविता गर्नुपर्छ । विचार गरिरहेमा "विचार गरिरहेछ" भनी भाविता गरी हटाउनुपर्दछ । हटाउने विधि यसरी नै हो । यसरी भाविता गरि नीवरणलाई निवारण गर्ने विधि सबैभन्दा उत्तम विधि हो ।

फेरि मनोवृत्ति बिग्रने व्यापाद पनि उत्पन्न हुनसक्दछ । त्यसलाई पनि भाविताद्वारा नै हटाउनुपर्छ । त्यसरी नै शारीरिक र मानसिक आलश्य थिनमिद्ध देखापरेमा त्यसलाई पनि भाविताद्वारा नै हटाउनुपर्छ । अनि चित्त विक्षिप्त हुने, चञ्चल हुने उद्धच्च, पश्चाताप हुने कुक्कुच्च देखा पर्न आएमा पनि त्यसलाई भाविताद्वारा हटाउनुपर्दछ । संशय हुने विचिकिच्छालाई पनि भाविताद्वारा हटाउनु पर्ने हुन्छ ।

यहाँ पहिले पनि विचिकिच्छा एउटा उल्लेख भइसक्यो । फेरि पनि देखापऱ्यो । दोहोरिएन र भनी प्रश्न गर्ने ठाउँ छ । अगाडिको विचिकिच्छा, भावना गर्ने पद्धतिमा संशय हुनु हो भने अहिलेको नीवरण विचिकिच्छा भावना गर्दागर्दै, यो पनि विश्वास नभए जस्तो त्यो पनि



https://dhamma.digital

विश्वास नभए जस्तो, होला नहोला आदि भनी संशय हुनु हो । यसलाई पनि भाविताद्वारा हटाउनुपर्छ । अघि उल्लेख गरि आएको दुई बाटो विचिकिच्छालाई उपदेश सुनि, गुरु आचार्यसँग छलफल गरि वा बहुश्रुत धेरै बनाई यो त्यो ग्रन्थहरू अध्ययन अन्वेषण गरेर भए पनि हटाउनु पर्दछ । यसरी दुईमा भेद छ ।

## चित्तविशुद्धि

पाँच नीवरणलाई भाविता गरि हटाएमा चित्त-विशुद्धि भन्ने चित्त शुद्ध निर्मल भएको स्तरमा पुगिन्छ । मार्ग र फलमा पुग्न सक्ने गरि भावना अभ्यास गर्ने भएमा पहिले शील विशुद्धिले सम्पन्न हुनुपर्दछ । यसरी शील परिशुद्ध भइसकेपछि चित्त निर्मल हुने चित्त-विशुद्धिले सम्पन्न हुनुपर्छ ।

**नाम रूप परिच्छेद ज्ञान उत्पत्ति :-**

यस स्तरमा पुग्ने बित्तिकै भाविता गरेको अवस्थामा, भाविता गर्ने आरम्मण साथै भाविता गरि थाहापाउने चित्त यी दुई चित्त छुट्याइ छुट्याइकन थाहा पाउने हुन्छ। त्यो नाम रूप परिच्छेद ज्ञान हो। नाम र रूपलाई छुट्याइकन थाहा पाउन सक्ने ज्ञान। भाविता गर्नुपर्ने आरम्मण रूप र भाविता गरी थाहा पाउने नाम, यी दुईवटै भाविता गरेको, हरेक पटक छुट्याई छुट्याई थाहा पाउने हुन्छ । उदाहरण प्रस्तुत गर्न परेमा - फुलिरहेछ भनी भाविता गर्ने बेला (होश राख्ने बेला) पेट भित्र कसिएर आएको, हलचल भई आएको देखापर्छ । अनि फेरि फुलिरहेछ भनी भाविता गरी थाहा पाउने चित्त पनि प्रकट हुन्छ। फुलेर आएको कसिएर आएको चलिरहेको स्वभाव रूप हो । भाविता गरी थाहा पाइरहेको नाम हो । त्यो नामरूप परिच्छेद ज्ञानद्वारा नाम र रूप छुटाई छुटाई थाहा पाइरहेको स्वरूप भगवान् बुद्ध स्वयंले आज्ञा गरी राख्नुभएको हो ।

## बाह्रौं प्रश्न : कछुवा भनेको के हो ?

*"को कुम्मो* अर्थात् – कछुवा भनेको के ?" भन्ने प्रश्नलाई



https://dhamma.digital

*“कुम्मोति खो भिक्खु पञ्चन्नेतं उपादानक्खन्धानं अधिवचनं”* अर्थात् – कुमार काश्यप भिक्षु ! कछुवा भन्ने यो नाम पाँचवटा उपादानस्कन्धको नाम हो भनी उत्तर दिनुभयो ।

नामरूपलाई विभाजन गरी थाहा पाउने अवस्थामा पञ्चस्कन्ध देखा पर्न आउँछ । साबुन चालनी समानको नीवरण धर्मलाई भाविता गरी हटाउँदा चित्त-विशुद्धि हुन्छ । चित्त परिशुद्ध हुने बित्तिकै भाविता गरेको हरेकपल्ट नै नाम र रूपलाई विभाजन गरी थाहा पाउने हुन्छ । यो नाम रूप दुईवटा भनेको अरू होइन स्कन्ध पाँचवटा नै हुन् । फुलिरहेछ भनी थाहा पाउने व्यक्तिले कसिरहेको, हलचल भइरहेको स्वभावलाई देख्नु नै वायुधातु प्रधान भएको रूपस्कन्ध हो । भाविता गरी थाहा पाएको नामस्कन्ध हो । त्यस नामस्कन्धमध्येमा आरम्मणलाई थाहा पाउने स्वभाव विज्ञानस्कन्ध हो । भाविता गर्दागर्दै स्वभावधर्मलाई थाहा पाएर आउने क्रममा चित्त प्रसन्न भई गद्‌गद् भएर आउनेलाई सुख वेदना भनिन्छ । गद्‌गद् खुशी नभई सामान्य रूपमा जान्ने काम मात्र भइरहेको छ भने त्यो उपेक्षा वेदना हो । त्यस वेदना वेदनास्कन्ध हो । फुलेको स्वभावलाई सम्झिरहेको भनेको नै संज्ञास्कन्ध हो । त्यस फुलेको स्वभाव, कसेको, हलचल भएको स्वभावलाई थाहा पाउनका निम्ति बलियोसँग मनन् गरी, विभाजन गरी थाहा पाएको संस्कार स्कन्ध हो । यसरी भाविता गर्ने क्रममा एकैचोटि स्कन्ध चारवटै विभाजन भई छुटि छुटिकन थाहा पाउने हुन्छ । त्यसैले फुलिरहेछ भनी भाविता गर्ने क्रममा कसिरहेको, हलचल भइरहेको भनेको नै रूपस्कन्ध हो । भाविता गरी थाहा पाइरहेको नाम स्कन्ध चारवटा हुन् । दुईवटै जोडने क्रम पञ्चस्कन्ध हुने हो । भाविता गर्ने बेला त्यस पाँचवटा स्कन्ध देखिराख्ने हो । त्यो कछुवालाई देखी राखेको हो । कछुवाको दुईवटा हात दुई खुट्टा र एउटा टाउको गरी पाँच अङ्ग प्रत्यङ्ग हुन्छन् । त्यस्तै गरी भाविता गर्ने बेलामा नाम स्कन्ध चार र रूपस्कन्ध एक, यी स्कन्ध पाँच वटा देख्ने हो ।

अन्य सुकिरहेछ, बसिरहेछु, छोइरहेछु, खुम्चाउँदैछु, तन्काउँदैछु



https://dhamma.digital

भनी आदि रूपमा भाविता गर्दा यसरी नै पञ्चस्कन्धलाई देख्ने हो । खुम्च्याउने क्रममा खुम्च्याउँदैछु भनी भाविता गर्ने बेला कसिएको, हलचल भएको 'रूप' र भाविता गरी थाहा पाएको 'नाम' हो । नाम चारवटा नामस्कन्ध, रूप एउटा रूपस्कन्ध मिली स्कन्ध पाँचवटा भयो । त्यस पञ्चस्कन्ध धर्मलाई भाविताद्वारा हटाउनु पर्दछ । मज्जा मानिराख्ने हुनुहुँदैन । भाविता गरिएन भने मज्जा मान्ने हुन्छ । खुम्च्याउने, तन्काउनेमा पनि मज्जा मान्ने, सार्नेमा पनि मज्जा मान्ने हुन्छ । रूपको आकार प्रकार उत्पन्न भए भएमा मज्जा मान्ने हुन्छ । कल्पना गर्ने, विचार गर्ने, चिन्तन मनन गर्ने नामस्कन्ध हो । त्यसमा पनि मज्जा मान्ने हुन्छ । त्यसैले रूपस्कन्ध र नामस्कन्धमा समेत मज्जा मान्ने, प्रसन्न हुने नभइकन यस स्कन्ध पाँचवटालाई भाविताद्वारा चाल पाई हटाउनुपर्ने हुन्छ । उपादान स्कन्ध भनेको उपादानको आरम्मण धर्महरू, बलियो आशक्ति हुनसक्ने धर्म हो । यसलाई नै विपश्यना भाविता गरि मज्जा मान्ने, प्रसन्न हुनेलाई हटाउनुपर्छ भन्ने मतलब हो ।

त्यसैले *उक्खिप कुम्मं, पजह पञ्चुपादानक्खन्धे* । अर्थात् – कछुवालाई उखेल, उपादानस्कन्ध पाँच वटालाई हटाऊ भन्ने कुरा भगवान् बुद्धले स्पष्ट गर्नुभयो । त्यसलाई अर्थकथा *पजह पञ्चुपादानक्खन्धेति एत्थ पञ्चसु खन्धेसु छन्दरागप्पहानं कथितं* । अर्थात् – उपादानस्कन्ध पाँचवटालाई हटाइ पठाऊ भन्ने भनी यहाँ पाँचवटा स्कन्धहरूप्रति इच्छा आशक्तिलाई प्रहाण गर्नुलाई भनिराखेको छ भनी कुरा व्याख्या गरियो ।

विपश्यनाले आशक्ति हुनसक्ने पञ्चस्कन्धलाई भाविता गर्दछ । त्यस पञ्चस्कन्ध धर्महरू भाविताद्वारा हटाउनु पर्छ भनिए तापनि भाविता गर्ने बखतमा पञ्चस्कन्धको प्रकृति स्वभाव मात्रलाई थाहा पाउने हुन्छ । उत्पत्ति, विनाश, अनित्य भनेको थाहा पाउन सक्ने हुँदैन । फुलिरहेछ भनी भाविता गर्ने बित्तिकै कसिरहेको स्वभाव, टम्म परिरहेको स्वभाव, हलचल हुने स्वभाव यतिलाई मात्र थाहा पाउन सक्ने हुन्छ । त्यसैले फुलिरहेछ भनी भाविता गर्ने बेला कसिने, हलचल हुने रूप एक र



https://dhamma.digital

भाविता गरी थाहा पाउने नाम एक यी नाम रूप एक एक गरी दुई मात्र थाहा पाउने हुन्छ। खुम्चाउँदैछु भनी भाविता गर्ने बेला कसिएको, हल्लीरहेको रूप साथसाथै भाविता गरी थाहा पाउने नाम यी दुईमात्र थाहा पाउने हुन्छ। यो पहिले अभ्यास गर्ने बेला थाहा पाउने हो। पछि समाधि ज्ञान छिपिंदै आउने बेला आदिदेखि अन्तसम्म विभाजन गरी थाहा पाउने हुन्छ। यसरी आदि देखापर्ने बित्तिकै, अन्त लोप हुने थाहा पाउने बित्तिकै, उत्पन्न भई विनाश भएकोले स्थिर भन्ने छैन भनी थाहा पाएको विपश्यना ज्ञान उत्पन्न भएको हो। यसरी स्वज्ञानले थाहा पाउन सक्ने गरिकन अभ्यास गरी लैजानु पर्छ। भाविता गर्नु भनेको अगाडि अगाडिको ज्ञान थाहा पाउनका निम्ति मात्र होइन। समाधि ज्ञान परिपक्व भइसकेपछि अनित्य, दुःख र अनात्म स्वभाव धर्मलाई समेत थाहा पाउन सक्ने किसिमले भाविता गर्नुपर्छ। त्यसरी थाहा पाउन सकेमा मात्र पञ्चस्कन्धसँग सम्बन्धित मज्जा मान्नेबाट अलग्ग भइन्छ।

त्यसका निम्ति अर्थकथाचार्यले *“अनिच्चं वेदितब्बं, अनिच्चता वेदितब्बा, अनिच्चानुपस्सना वेदितब्बा”* अर्थात् – अनित्यलाई थाहा पाउनुपर्छ, अनित्यलक्षणलाई थाहा पाउनुपर्छ, अनित्यानुपश्यनालाई थाहा पाउनुपर्ने हुन्छ भनिराखेको हो।

*अनिच्चन्ति खन्धपञ्चकं* अर्थात् – अनित्य भनेको पञ्चस्कन्ध समूह हो भनी अर्थकथामा उल्लेख गरिराखेको छ। पञ्चस्कन्ध समूह योगीको ज्ञानले भाविता गरे पटक नै उत्पत्ति विनाश रूपले प्रकट भइराख्ने हो। पञ्चस्कन्ध भनी भनिराखेको ग्रन्थ व्यवहार अनुसारले बुझ्नका निम्ति हो। भाविता गर्ने व्यक्तिले भाविता गरे पटक नै पाँच पाँच थरि थरि हुने गरी देख्ने त होइन। एक एकलाई प्रधानता दिइकन देख्ने हो। रूपलाई भाविता गर्ने बेला रूपलाई प्रधानता दिइ उत्पत्ति विनाश स्वभावलाई थाहा पाउने हुन्छ। नामलाई प्रधानता दिइ भाविता गर्ने बेला नामकै उत्पत्ति विनाश स्वभावलाई थाहा पाउने हुन्छ। चित्तलाई भाविता गर्ने बेला चित्त उत्पत्ति विनाश भएर गएकोलाई थाहा पाउने हुन्छ। वेदनालाई भाविता गर्ने बेला दुखेको, थकाई लागेको आदि



https://dhamma.digital

उत्पत्ति विनाश भएर गएको स्वभावलाई थाहा पाउने हुन्छ । त्यसरी नै स्वभाव एउटा एउटालाई प्रधानता दिइ उत्पत्ति विनाश उत्पत्ति विनाश भएकै अनुरूपमा थाहा पाउने हुन्छ। त्यसैले योगीहरूले आफ्नो अनुभूतिले उत्पत्ति भइ विनाश भइ गयो भनी थाहा पाएका सम्पूर्ण आरम्मण अनित्य धर्म हो भनी जान्न सक्ने हुन्छ। यो नाम र रूप स्कन्ध पाँचवटा नै हुन् ।

उत्पत्ति विनाश हुने सम्पूर्ण नाम रूप स्कन्धहरू अनित्य धर्म हुन्। *हुत्वा अभावाकारो अनिच्च - लक्खणं ।* अर्थात् – उत्पत्ति भइसकेपछि नभएको आकार प्रकार अनित्य लक्षण हो । उत्पत्ति भईसकेपछि स्थिर नभइ विनाश भइजाने अनित्य लक्षण हो । स्वभाव धर्मलाई भाविता गर्ने बित्तिकै विनाश भइ जाने हुन्छ । विनाश, विनाश हुने हुन्छ । त्यसरी विनाश, विनाश भइ गएको अनित्य धर्म हो भनी थाहा पाई जान्नु कारण, संकेत चिन्ह, लक्षण भयो। त्यसलाई नै अनित्य-लक्षण भनिएको हो । भाविताद्वारा थाहा पाइराख्ने क्षणमा लोप भइ गएको थाहा पाएको अनित्य मात्र अनित्यानुपश्यना ज्ञान हो । यस अनित्य ज्ञानलाई थाहा पाउने बित्तिकै दुःख र अनात्म भन्ने पनि थाहा पाउने हुन्छ। कारण के हो भने यस अनित्य धर्म नै दुःख हो। त्यस दुःख नै अनात्म पनि हो। अनित्य, दुःख र अनात्म भनेको नाम मात्र फरक हो। धर्म स्वभाव एउटै हुन् । त्यसैले अनित्य थाहा पाउने बित्तिकै दुःख र अनात्म पनि थाहा पाएको हुन्छ।

उत्पत्ति भए भएकालाई भाविता गरी अनित्य हो, दुःख मात्र हो र पुद्गल सत्व होइन, स्वभाव धर्म मात्र हो" भनी यसरी भाविता जब जब गरिन्छ तब कछुवा भन्ने पञ्चस्कन्धलाई हटाई रहेको हुन जान्छ। कछुवा भनेको उपादान स्कन्ध पाँचवटालाई भाविताद्वारा गोत्रभू-ज्ञान, मार्ग-ज्ञानसँग सँगै उत्पन्न हुने अनुलोम ज्ञानसम्म भाविताद्वारा हटाउन पर्ने हुन्छ।

त्यसरी हटाएको कारणले उत्पन्न भएको, लोप हुँदै विनाश भई गएको देखी अस्थिर हो, दुःख मात्र हो, शाश्वत होइन, स्वभाव मात्र हो



https://dhamma.digital

भनी परामर्श गर्ने, मनन गर्ने **सम्मसन-ज्ञान** परिपक्व भएर आउने बेला, भाविता गर्नु पर्ने आरम्मणको आदि र अन्त उत्पत्ति र विनाशलाई स्पष्ट हुने किसिमले छुट्टाइ छुट्टाइकन थाहा पाउने **उदयब्बय-ज्ञान** उत्पत्ति हुने हुन्छ। त्यस उदयब्बय-ज्ञान पनि परिपक्व भएर आयो भने भाविता गर्दै जाँदा पहिले उत्पत्ति भएको प्रकट नभई विनाश विनाश मात्र भएको देख्ने बेला **भङ्ग-ज्ञान** उत्पत्ति हुन्छ। त्यस भङ्ग-ज्ञान उत्पत्ति हुने अवस्थामा भाविता गरी थाहा पाउनु पर्ने आरम्मण, भाविता गरी थाहा पाउने चित्त यी दुवै विनाश विनाश भई गईरहेको मात्र देखिने हुन्छ। यसरी तह तह भित्र पनि, बाहिर पनि क्षण क्षणमै विनाश मात्र भइरहेको देख्दा "केही पनि भरोसा छैन। डरलाग्दो मात्र छ" भनी देखा पर्न आउने हुन्छ। त्यसलाई नै **भय ज्ञान** भनिने हो। यसरी "डरलाग्दो रहेछ" भनी थाहा पाउँदा थाहा पाउनु पर्ने आरम्मण र ती सबैमा नाना प्रकारको दोष देखेर आउने हुन्छ। त्यसलाई **आदीनव-ज्ञान** भनिन्छ। त्यस ज्ञानले देखिने अनेक प्रकारको दोषमा काम-गुण आरम्मणसँग सम्बन्ध राखी विचार गरि हेऱ्यो भने खुकुरी र अचानो झैँ देखा पर्न आउँछ।

### तेह्रौं प्रश्न : खुकुरी र अचानो भनेको के हो ?

*"का असिसूना"* अर्थात् – खुकुरी र अचानो भनेको के हो ? भन्ने प्रश्नलाई *"असिसूनाति खो भिक्खु पञ्चन्नेतं कामगुणानं अधिवचनं"* अर्थात् – काश्यप भिक्षु ! खुकुरी र अचानो भन्ने यो नाम पाँचवटा काम गुणको नाम हो भनी भगवान् बुद्धले उत्तर दिनुभयो।

खुकुरी र अचानो भनेको काम गुण पाँचवटाको नाम हो। मासु काट्ने बेला तल अचानो राखी माथिबाट खुकुरीले काट्ने हो। त्यस्तै नै कामगुण पाँचवटा आरम्मण धर्मलाई अचानो बनाई क्लेश शस्त्रले प्राणीहरूलाई मारी रहेछ। कामगुण आरम्मणलाई क्लेशद्वारा मज्जा मानी प्रसन्न भएकोले दुःख भइरहेको हो भन्ने अभिप्राय हो। त्यसलाई मज्जा मानी रमाइलो साथ वर्तमान जीवनमा पनि काम गुण आरम्मणहरू बनाउन जबर्जस्ती कोशिस गरी अनेक प्रकारले चित्त र शरीरलाई कष्ट



https://dhamma.digital

दिई राख्नु पर्ने हुन्छ। त्यसमा पनि अयोग्य अकुशल कर्महरू गर्न पुगेमा चार अपायमा पुगी दुःख भोग्नु पर्ने हुन्छ। काम गुण अचानोमा रमाइलो मान्ने आशक्त हुने राग भन्ने ठूलो खुकुरीको चोट खाई कष्ट भोगी राख्नु परेकै हो। त्यति मात्र होइन काम गुणलाई मन पराई त्यो प्राप्त गर्नका निम्ति कुशल कर्म गरी देव मनुष्य लोकमा पुगी देव सुख र मनुष्य सुख प्राप्त भएमा त्यस जन्ममा पनि मर्नुपर्ने हुन्छ। हरेक जन्म जन्ममा मर्नुपर्ने नै हुन्छ। त्यसरी मर्नुपरेको पनि यी क्लेशहरूले सास्ती गरेकोले नै हो। काम गुण आरम्मण भनेको अचानोमा राखी क्लेश काम भन्ने खुकुरीले घाँटी रेटिरहेको समान हो। काम गुण आरम्मणको माथि राखि प्राणीहरूलाई क्लेश कामरागले हनन् गरी सास्ती गरि राख्यो। यसरी हनन् गरिएको प्राणीहरूले भोगि राख्नु पर्ने हुन्छ। "खुकुरी र अचानो हटाऊ" भनिएको त्यस काम गुण आरम्मणलाई **आदिनव-ज्ञान**ले भाविता गरी आशक्तिलाई हटाऊ भनिएको हो।

त्यस आदिनव-ज्ञानले राम्रोसँग दोष देख्ने बेला भाविता गरिएको आरम्मणमा, भावितាद्वारा सम्झने र विचार गर्नेमा रमाइलो मान्ने नभई उदास भएर आउने हुन्छ। त्यस उदास हुने खालको धर्मलाई उदासकै रूपमा जस्तो छ त्यस्तै किसिमले थाहा पाउनुलाई **निब्बिदा-ज्ञान** भनिन्छ। उदास हुने बेला छोड्न मन लाग्ने स्वभाव उत्पन्न भई आउँछ। यो **मुञ्चितुकम्यता-ज्ञान** हो। मुक्त हुन मन लागेको बेला मुक्त हुन सक्ने किसिमले निरन्तर भाविता गरी लैजानु पर्छ। त्यसरी फेरि भाविता गरी विशेष थाहा पाउनुलाई **पटिसंखा-ज्ञान** भनिन्छ। त्यस पटिसंखा-ज्ञान परिपक्व हुने अवस्थामा संस्कार स्वभाव धर्मलाई समान रूपले भाविता गर्ने **संखारूपेक्खा-ज्ञान** उत्पन्न हुने हुन्छ। यो ज्ञान ("अनुलोम-ज्ञान" बाहेक) विपश्यना ज्ञानमध्ये सबैभन्दा उत्तम ज्ञान हो। त्यसैले यो ज्ञान उत्पत्ति हुने बेला अति प्रसन्न र प्रफुल्लित भई अति शूक्ष्म धर्म-राग उत्पन्न हुने गर्दछ। यस रागलाई हटाउन सकिएन भने आर्य मार्ग फल ज्ञानमा पुग्न सकिन्न। तसर्थ यो धर्म रागलाई हटाउन अति आवश्यक छ।



https://dhamma.digital

## चौधौं प्रश्न : मासुको चोक्टा भनेको के हो ?

*"का मंसपेसि"* अर्थात् – मासुको चोक्टा भनेको के हो ? भन्ने प्रश्नलाई भगवान् बुद्धले *"मंसपेसीति खो भिक्खु नन्दीरागस्सेतं अधिवचनं"* अर्थात् – काश्यप भिक्षु ! मासु चोक्टा भन्ने यो नाम मज्जा मान्ने, आशक्त हुने रागको नाम हो भनी उत्तर दिनुभयो ।

मासु खाने मानिसहरूलाई मासु अति मनपर्ने हुन्छ । सिंह, बाघ, कुकुर, गिद्ध, काग जस्ता प्राणीहरूलाई पनि मनपर्ने हुन्छ । मासु खाने प्राणीहरूले मासु देख्यो कि मासु भएको ठाउँमा घुमि घुमि हिँड्ने गर्छ । विशेष गरि कमिला, काग, कुकुर आदिलाई बरोबर धपाई राख्नु पर्ने हुन्छ । आफूलाई मन पर्ने मासु उनीहरूले खाई जाला भन्ने डरले धपाइ राख्नु परेको हो ।

नन्दीराग भन्ने प्रशन्न र प्रफुल्लित भई मज्जा मान्ने आशक्त हुने स्वभावलाई प्राणी मात्र र मनुष्यले मन पराउने हुन्छ । राम्रा राम्रा रूप देखी मज्जा मान्नेलाई पनि मन पराउने हुन्छ । सुगन्धित सुगन्धित गन्ध सुँघ्न मज्जा मान्ने पनि हुन्छ । अति स्वादिष्ट चिज वस्तु सेवन गरी मज्जा मान्ने पनि हुन्छ । मुलायम मुलायम वस्तु स्पर्श गरी मज्जा मान्ने पनि हुन्छ । आफूलाई मन लागेको चिन्तन मनन् गरी मज्जा मानी रमाइलो मान्ने पनि हुन्छ । यी सम्पूर्ण नन्दीराग हुन् । यस्तो मज्जा मान्ने नन्दीराग उत्पन्न भइरहेकोमा रस छ भनी सम्झनेहरू छन् । यस्तो नन्दीराग नभएकोमा मन पराउँदैनन् । उपदेश सुन्ने अवस्थामा समेत नन्दीराग भइरहेकोलाई मन पराउनेहरू छन् । धर्म कथिकले मीठो स्वरमा राम्रो कथा राखी, झुल्ने किसिमले, लट्ठ पर्ने किसिमले, मनै छुने गरिकन हँसाउने तरिकाले यताउताको कुरा राखी उपदेश गरेमा त्यो उपदेशमा सुख छ भनी सम्झने गर्दछन् । अनि मात्र नन्दीराग उत्पन्न गरी कानभित्र पुग्ने हुन्छ । जुनै ठाउँमा पनि नन्दीरागले यसरी रमाइलो मान्ने गर्दछ ।

सिनेमा, नाटक हेर्न जाने प्रदर्शनी हेर्न जाने, यी सबै नन्दीरागलाई



https://dhamma.digital

बलियो पारिरहेको हो। थरीथरीका आरम्मणलाई हेरी, सुनी, कल्पना गरी, मज्जा मान्नुमा सम्पूर्ण रस छ भनी मनले लिएकोले नै हो। त्यो रसलाई मन पराएको कारणले नै फेरि फेरि हेर्न गइरहेको हो। जाँड रक्सी पिउने मानिसहरू पनि छन्। रक्सी अलिकति, जाँड अलिकति पिई रस मान्ने गर्दछन्। त्यो पनि नन्दीराग हो। आफूलाई मनपर्ने आरम्मणहरू अनुभव गर्नु सबै नन्दीराग उत्पन्न भइरहेकै हो। आफूलाई मन परे जस्तै स्वतन्त्रले भनी हिँड्ने, कल्पना गर्नेमा समेत रमाइलो मान्नु नन्दीराग हो। यो उल्लेख गरिरहेको नन्दीरागहरू काम गुण सम्बन्धी स्थूल नन्दीराग हुन्। त्यसलाई पहिले नै हटाई आइसकेका छौं। भावना अभ्यास गर्दा गर्दै देखा पर्न आएमा भाविताद्वारा त्यसलाई हटाउनु पर्दछ। अघि बताइ आएको कामच्छन्द नीवरण हटाउनेमा यो कुरा समावेश भइसक्यो। त्यस स्थूल नन्दीरागलाई शुरुदेखि नै त्याग गर्न सकिएन भने उपदेश समेत सुन्न नसक्ने हुन्छन्। भावना अभ्यास गर्ने भनेको त टाढाकै कुरा भयो। धर्म उपदेश सुने पनि भावना अभ्यास गर्नका निम्ति स्वतन्त्र रूपले बस्ने नन्दीराग हराउँछ भन्ने धन्दाले कर्मस्थान आश्रममा गयो कि नरमाइलो हुन्छ भनी मनमा आउन सक्ने हुन्छ। अहिले कर्मस्थान आश्रममा आई बस्न सकेका मानिसहरू अति शक्तिवानहरू हुन्। त्यस नन्दीरागलाई मज्जा मानी बस्ने मानिस भए आउन सक्दैन। विहार, चैत्य स्थानमा एकछिन आउनसमेत अति गाह्रो मान्ने हुन्छन्।

त्यति मात्र होइन भावना अभ्यास गर्ने बेलासमेत यो नन्दीराग भित्रिन सक्छ। कस्तो अवस्थामा भन्दा भर्खरै बताई आएको अनित्य, दुःख र अनात्म प्रकट भई अनित्य हो, दुःख हो, अनात्म हो भनी विचार गर्ने र परामर्श गर्नेमा फुरुङ्ग परी खालि सम्झने मात्र गर्ने हुन्छ। त्यस अवस्थामा उत्पत्ति र विनाश स्पष्ट स्पष्ट रूपले देखापर्ने बेलामा चित्त पनि हलुका हुने हुन्छ। स्मृति पनि स्वतः नै थाहा पाइरहेको भने झैं हुने हुन्छ। यस्तो अवस्थामा प्रकाश पनि देख्न सक्ने हुन्छ। शरीरमा पनि जिरिङ्ग जिरिङ्ग हुने, प्रीति पनि देखापर्ने हुन्छ। त्यस्तो बेला मक्ख परी, फुरुङ्ग परिराख्ने हुन्छ। यी सबै भाविता गरी रहँदा रहँदै धर्म रसलाई



https://dhamma.digital

मन पराई मज्जा मानिरहेको हो। यो पनि नन्दीराग हो। मासुको चोक्टा नै हो। त्यसलाई पनि भाविताद्वारा नै हटाउन पर्ने हुन्छ। त्यसलाई नाघेर जाने बित्तिकै भर्खरै बताइआएको विपश्यना ज्ञानहरू क्रमैसँग वृद्धि हुँदै आउने हुन्छ। अन्तमा **संखारूपेक्खा-ज्ञान**मा पुग्ने हुन्छ।

त्यस संखारूपेक्खा ज्ञानमा पुग्ने बेला मात्र अति राम्रो हुन्छ। आरम्मण उत्पत्ति गर्नका निम्ति प्रयास गर्नुपर्ने पनि हुन्न। थाहा पाउनका निम्ति पनि प्रयास गर्नुपर्ने हुन्न। स्मृति र ज्ञान स्वतः नै उत्पत्ति भई सजिलो हलुका छाँटले उत्पत्ति भइरह्यो, विनाश भइरह्यो भनी थाहा पाइराख्ने भइरहन्छ। निरन्तर क्रमिक रूपमा थाहा पाइ राख्ने १०/१५ मिनेटसम्म पनि एउटै क्रममा गइरहेको हुन्छ। आधा घण्टा, १ घण्टा, २/३ घण्टा सम्म पनि एउटै क्रमले गाँसिएर गइरहेको हुन्छ। थकाई लाग्ने, दुख्ने, पोल्ने, कष्ट हुने भन्ने केही पनि हुँदैन। बसि राख्नुमा नै रस उत्पत्ति भई सूक्ष्म रूपले रमाइलो मान्ने भई राख्छ। त्यसरी बस्नुमा नै रमाइलो मान्ने गर्दछ। यो पनि नन्दीराग हो। उक्त रमाइलो मान्नेलाई भाविताद्वारा अगाडि जान सकेमा मात्र राम्रो ज्ञान र स्मृति विशेष रूपले गतिमान् भई उत्पन्न हुने गर्दछ। दौडी दौडीकन आइरहेको भैँ हुन थाल्दछ। भाविता गर्ने चित्त भाविता गऱ्यो की हरायो। भाविता गऱ्यो की हरायो। यसरी लोप भई गएको देखिन्छ। यसरी लोप भई जाँदा जाँदा अन्तिममा उत्पत्ति विनाश भई राख्ने नाम र रूप सम्पूर्ण शून्य भइरहेको निर्वाण धर्मसम्म पनि स्वाट्ट पुग्ने हुन जान्छ। त्यसरी पुग्ने बेला आर्य मार्ग ज्ञान, फल ज्ञान निर्वाणलाई देख्न सक्ने हुन्छ। यसरी देख्नु नै स्रोतापत्ति मार्ग ज्ञान र फल ज्ञान हो। त्यो नन्दीरागलाई हटाइकन मार्गफलमा पुग्ने नमूना हो।

त्यसरी पुगिसकेका स्रोतापन्नले फेरि अभ्यास गरिएमा संखारूपेक्खा ज्ञानमा पुगी नन्दीराग उत्पन्न हुने हुन्छ। त्यस नन्दीरागले भावना रस उत्पत्ति भई रमाइलो मान्नेलाई भाविताद्वारा हटाएमा सकृदागामी मार्ग फलमा पुग्न सक्ने हुन्छ। सकृदागामी व्यक्तिले फेरि भाविता गरि त्यसरी नै अगाडि गई संखारूपेक्खा ज्ञानमा पुग्ने बेला भावना रस उत्पत्ति भई



https://dhamma.digital

रमाइलो मान्ने हुन्छ । त्यसमा मज्जा मानि राख्यो भनि अगाडि पुग्न सकिँदैन । त्यस मज्जा मान्ने नन्दीराग मासुको चोक्टालाई भाविताद्वारा हटाएमा अनागामी फलमा पुगी अनागामी भइन्छ । अनागामी व्यक्तिले फेरि भावना अभ्यास गरि लगेमा विपश्यना ज्ञान क्रमिक रूपमा वृद्धि भई संखारूपेक्खा ज्ञानमा पुग्ने बेला भावना रस अति नै राम्रो लाग्ने हुन जान्छ । त्यस राम्रो संखारूपेक्खालाई मज्जा मानि रहेमा धर्मराग, धर्मनन्दी भन्ने उत्पन्न हुन्छ । त्यो धर्मराग, धर्मनन्दी भनेको मासुको चोक्टालाई भाविताद्वारा हटाउन नसकेमा अगाडि बढ्न सकिन्न ।

त्यसैले अरहन्त मार्गफल नपुग्दै त्यो व्यक्तिको मरण भएमा सुद्धावास भूमिमा पुगिन्छ । त्यसलाई निर्देश गर्दै *"तेनेव धम्मरागेन ताय धम्मनन्दिया ओपपातिको होति तत्थ परिनिब्बायी"* अर्थात् – त्यस संखारूपेक्खा विपश्यनामा आशक्त हुने रागको कारणले नै त्यस संखारूपेक्खामा प्रसन्न र प्रफुल्लित हुने तृष्णाको कारणले नै सुद्धावासभूमिमा ओपपातिक प्रतिसन्धि हुन जान्छ। त्यस सुद्धावास भूमिमा अरहन्त भई परिनिर्वाण हुने हुन्छ भनी बताइराखेको हो । यो नन्दीराग भन्ने मासुको चोक्टाले यसै जन्ममा अरहन्त नभई ढिलासुस्ती भएको नमूना देखाइएको देशना हो। त्यसैले मासुको चोक्टा भन्ने नन्दीरागलाई हटाउनु अति आवश्यक छ। यसै कारणले गर्दा *"उक्खिप मंसपेसिं, पजह नन्दिरागं"* अर्थात् – मासुको चोक्टालाई निकाल, नन्दीरागलाई हटाऊ भन्ने कुरा भगवान् बुद्धले उत्तर दिनुभएको हो । अर्थकथाले नन्दीरागलाई हटाऊ भनिएको शब्द नन्दीरागलाई अरहन्त मार्गमा केही बाँकी नरहने गरिकन हटाऊ भनी व्याख्या गरियो ।

### पन्ध्रौं प्रश्न : नाग भन्ने को हो ?

*"को नागो"* अर्थात् – नागराज भन्ने को हो ? भन्ने प्रश्नलाई भगवान बुद्धले *"नागो ति खो भिक्खु खीणासवस्सेतं अधिवचनं"* अर्थात् – काश्यप भिक्षु ! नाग भन्ने यो नाम क्षीणास्रव (अरहन्त) भिक्षुको नाम हो भनी उत्तर दिनुभयो ।



https://dhamma.digital

नाग देखियो भनेको स्वयम् अरहन्त भइएको हो । आश्रव क्षय भएको अरहन्त भई जाने अवस्थामा आफ्ना श्रावक अरहन्त भएको कारणले श्रावक नागलाई पनि देख्न सक्ने हुन्छ । भगवान् बुद्धलाई पनि आश्रव रहित साँच्चैको अरहन्त हो भनी थाहा पाएकोले बुद्ध नागराजलाई पनि देखेको भनिन्छ । स्वयम् आफैले धर्मलाई देखेकोले भगवान् बुद्धलाई पनि देखेको हुन्छ । आफूमा क्लेश क्षय भएको हुनाले भगवान् बुद्ध पनि क्लेश क्षय भएकोले यस धर्म उपदेश दिनु भएको हो भनी मनभित्र सम्म गढ्ने हुन्छ । उसले भगवान् बुद्ध भन्ने बुद्ध नागराजलाई देखेको हो ।

### नागलाई प्रणाम गर :-

त्यसरी नाग देख्ने बेला के गर्नुपर्ला भने "*तिट्ठतु नागो, मा नागं घट्टेसि, नमो करोहि नागस्स* " अर्थात् – नाग त्यस्तै राख्नु, बस्न देऊ, नागलाई धक्का नदेऊ । नागलाई अभिवादन गर्ने र पूजा गर्ने गर । भनी ब्राह्मण आचार्यले भन्यो । त्यो अरूलाई भनेको होइन । अरहन्त भइसकेकोले केही गर्नुपर्ने बनाउनु पर्ने बाँकी रहेन भनिएको हो । अगाडि त पूर्ण नभएकोले देखे देखेकोलाई हटाउन भनेको हो । नाग भेटिने बेला भने नाग भनेको अरहन्त भएकोले हटाउनु पर्ने अवस्था होइन, पूजा गर्ने स्थिति हो । यो उपमा अनुसार भनी राखेको हो । नाग भेट्यो कि इट्टाले हिर्काउने, लट्ठीले घोच्ने गर्ला भनी चिन्ता भएकोले भनिरहेको स्वभाव हो । अरहन्त हुने बित्तिकै केही गरिराख्नु पर्ने भएन । सम्पूर्ण काम समाप्त भयो भन्न खोजिएको हो । त्यसो भए के गर्ने त भन्दा नागलाइ अभिवादन गर्ने र पूजा गर्ने गर भनी प्रेरणा दिइराखेको हो । अरहन्त भयो भने वहाँ तथागतलाई स्वतः नै पूजा गरिने हो । भर्खर भावना अभ्यास गरिरहेको व्यक्तिले समेत भावना रस बुझ्यो कि क्लेश धर्म उपदेश दिनु हुने तथागतप्रति श्रद्धा राख्न अपुग जस्तो हुन सक्छ । त्यसरी स्वतः नै हुनेलाई भनिएको हो । कसरी पूजा गर्नुपर्छ भन्ने कुरा **मूलपण्णास पालि, चूल सच्चक सूत्र**मा आज्ञा गरी राख्नु भएको छ –

**बुद्धो सो भगवा बोधाय धम्मं देसेति ।**



https://dhamma.digital

भावार्थ – हामी सबैको साँच्चैको आधार भरोसा हुनुभएका वहाँ तथागतले चार सत्य यथार्थ धर्मलाई छुट्याई छुट्याईकन स्पष्ट रूपमा थाहा पाई सक्नु भएपछि हामी सम्पूर्ण सत्वहरूलाई आफूले झैँ देख्न बुझ्न दिनका निम्ति चतुआर्य सत्य धर्मलाई करुणायुक्त प्रज्ञाद्वारा आज्ञा गर्नुभयो । अरहन्तहरूले भगवान् बुद्धको उपकार देखी पूजा गर्ने नमूना हो । अति राम्रो छ ।

यो भगवान् बुद्धको उपकार देखी पूजा गरेको हो । भगवान् बुद्ध स्वयम् आफैले चार सत्य यथार्थ धर्मलाई थाहा पाउनुभयो । आफैले थाहा पाउनु भइसकेपछि हामी सम्पूर्ण वेनेय्य सत्वहरूलाई समानरूपले बुझ्न सकुन् भन्ने उद्देश्य राखी दया करुणापूर्वक सर्वज्ञता ज्ञानद्वारा वहाँले चार आर्य सत्य धर्मलाई अनेक उपमा, उपमेय्य, कारण, युक्तिद्वारा नाना प्रकारले अलंकृत किसिमले उपदेश आज्ञा गर्नुभयो । छोटकरीमा भन्नुपर्दा भगवान् बुद्धले आज्ञा गर्नुभएको धर्म अति रुचिलाग्दो छ । धेरै पनि छैन । ६ द्वार, ६ आरम्मण, ६ विज्ञान, ६ वेदना, यी धर्मलाई उत्पत्ति भएपिच्छे नै भाविता गर भनिएको मात्र हो । त्रिपिटकलाई संक्षिप्तमा भन्नुपर्दा यति मात्रै हो । ६ द्वारमा पाँच पाँच प्रकारले रहेको छ । ५X६ हुँदा ३० वटा हुन गयो । ती ३० वटा धर्मलाई वास्तविक रूपमा थाहा पाउन सक्ने किसिमले भाविता गरी लगेमा अरहन्त फलमा पुगी निर्वाण पूर्ण हुने हुन्छ । त्यसैले संक्षिप्तमा भन्दा यतिले नै पर्याप्त छ ।

यसरी यसमा पाँच पादहरू छन् :-

१) भगवान बुद्ध स्वयम्ले थाहा पाई, थाहा पाउन दिनका निम्ति उपदेश गर्नुभयो ।

२) भगवान् बुद्ध स्वयम् क्लेश, विष रहित भईकन आफू स्वयम् विनित भई सक्नुभएपछि प्राणीहरूलाई पनि विनित गर्नका निम्ति उपदेश गर्नुभयो ।

३) भगवान् बुद्ध स्वयम् कोमल र शान्त हुनु भइसकेपछि प्राणीहरूलाई त्यस्तै कोमल र शान्त गर्नका निम्ति उपदेश दिई राख्नुभयो ।



https://dhamma.digital

४) भगवान् बुद्ध स्वयम् संसारको धारबाट पार हुनु भइसकेपछि संसारको धारमा बगिरहेका प्राणीहरूलाई पार भई निर्वाण घाटमा पुऱ्याउनका निम्ति उपदेश दिइ राख्नुभयो ।

५) भगवान् बुद्ध स्वयम् क्लेश, अग्निलाई सम्पूर्ण रूपमा निभाई शान्त हुनु भई सकेपछि प्राणीहरूको क्लेश अग्नि शान्त पार्ने उद्देश्य राखी उपदेश दिई राख्नुभएको हो ।

**दन्तो सो भगवा दमथाय धम्मं देसेति ।**

भावार्थ – हामी सबैको साँच्चैको आधार भरोसा हुनुभएको वहाँ भगवान् देख्ने, सुन्ने, छुने, चिन्तना गर्ने, थाहा पाउने आदि क्लेश मलबाट निर्मल भई अलग्ग भई दान्त हुनु भइसकेका सम्पूर्ण प्राणी हामी सबैलाई पनि त्यसरी नै क्लेश मलबाट निर्मल भई टाढा रहन दान्त गर्नका निम्ति, दान्त गर्ने यथार्थ धर्म करुणायुक्त प्रज्ञाद्वारा आज्ञा गर्नुभयो ।

भगवान् बुद्धले आज्ञा गर्नुभएको उपदेशलाई अनुगमन गरी अलि अलि आचरण गरेमा, अलि अलि नै दान्त हुने हुन्छ । धेरैभन्दा धेरै आचरण गर्नेहरू धेरैभन्दा धेरै दान्त हुने हुन्छन् । पूर्ण रूपले आचरण गरेमा पूर्ण रूपले नै दान्त हुने हुन्छन् । भगवान् बुद्धको उपदेश नसुनेका, आचरण नगरेका, व्यक्तिहरू बुद्ध शासनिक सभ्यताबाट अलग्ग भइरहेका हुन्छन् । बुद्ध देशना अनुगमन गरी आचरण गरेकाहरू सभ्य भइरहेका हुन्छन् । उनीहरूका कायिक कर्म पनि दान्त, वाचसिक कर्म पनि दान्त भइरहेको हुन्छ । यो शील क्षेत्रबाट सभ्य भएकै हो । समाधि क्षेत्रमा बसी साँच्चै आचरण गरेमा अरूलाई अनर्थ हुने अयोग्य कल्पनासम्म पनि गर्दैनन् । यो समाधि क्षेत्रबाट सभ्य हुनु हो । प्रज्ञा क्षेत्रमा बसी साँच्चैको आचरण गरिएमा क्लेश उत्पत्तिको कारण भइरहेको बीजसमेत बाँकी रहन्न । त्यसैले लोभ, द्वेष, आदि क्लेश चित्त केही केही उत्पन्न हुँदैन । यो प्रज्ञा क्षेत्रमा दान्त हुनु हो । यसरी शील, समाधि, प्रज्ञा तीनै क्षेत्रमा सभ्य हुनु हो । जति जति भगवान् बुद्धको अववाद उपदेशलाई आचरण गरी लैजान सकिन्छ, त्यति त्यति नै सभ्यतायुक्त हुने हो ।



https://dhamma.digital

**सन्तो सो भगवा समथाय धम्मं देसेति ।**

भावार्थ – हामी सबैको साँच्चैको आधार भरोसा हुनुभएका वहाँ भगवान् राग आदि हलचल नहुने गरी शान्त हुनुभएका सबै मानिसहरू प्रसन्न हुने खालको भेट्यो कि प्रसन्न हुने गर्छन् । राग उत्पन्न गर्छन्, त्यस प्रसन्न हुने रागको कारणले शरीर, वचन र मन नै शान्त नहुने हुन्छ । नराम्रो खालको देखिएमा भेटिएमा पनि द्वेष उत्पन्न भई हलचल हुन्छन् । भगवान् बुद्धसँग जतिसुकै प्रसन्न पार्ने खालका आरम्मण जुधे तापनि राग उत्पन्न हुँदैन । जतिसुकै अप्रिय आरम्मण जुधे तापनि द्वेष उत्पन्न हुँदैन । शरीर, वचन, मन हलचल हुने गर्दैन । शान्त शीतलको भइरहन्छ । त्यसैले राग, द्वेष आदि हलचल नभई शीतल शान्त हुनुभएका वहाँ भगवानले हामी सबैलाई पनि शीतल शान्त गर्नका निम्ति शान्त हुने चार सत्य यथार्थ धर्मलाई करुणायुक्त प्रज्ञाद्वारा उपदेश आज्ञा गर्नुभयो ।

**तिण्णो सो भगवा तरणाय धम्मं देसेति ।**

भावार्थ – हामी सबैको साँच्चैको आधार भरोसा हुनुभएका वहाँ भगवान चार प्रकारका ओघ (नदी) संसारबाट पारी घाटरूपी निर्वाणसम्म तरिसक्नुभएका हामी सत्व सबैलाई पार तर्नका निम्ति, पार तर्न सक्ने चार आर्य सत्य धर्मलाई करुणायुक्त प्रज्ञाद्वारा उपदेश आज्ञा गर्नुभयो ।

सत्त्व प्राणीहरू संसारको धारमा डुबिरहेका छन् । संसारको धार भन्नाले काम-ओघ, भव-ओघ, दिट्ठि-ओघ र अविद्या-ओघ भन्ने चार प्रकारका ओघ हुन् । काम-ओघ भनेको कामको धार हो । संसारको धारले आफूकहाँ आएकाहरूलाई डुबाइकन मारिदिन्छन् । शक्ति पौरख देखाई पौडेर तर्न सकेमा तऱ्यो नत्र भने डुबाई मारिदिन्छ । काम-ओघ भन्ने संसारको धारले पनि आफूकहाँ आइपुगेका सत्त्व प्राणीहरूलाई डुबाई मारिदिन्छन् । त्यो कसरी भन्दा काम-गुणलाई मज्जा मानी लोभी रह्यो भने कामरूपी धारमा पुगिरहेको हुन्छ । त्यो व्यक्ति शक्तिवान् भएमा दान, शील आदि कुशल कर्म गर्न सकेमा सुगति भूमिमा पुगी केही भए पनि सास फेर्ने ठाउँ पाउँछ त्यसो नभइकन काम गुणलाई



https://dhamma.digital

कारण गरी मार्ने, शास्ती दिने, चोर्ने, लुट्ने, अधार्मिकपूर्वक अतिक्रमण गर्ने, फकाई फुलाई ठग्ने, यस्ता दुष्कर्म गर्न पुगेमा चार अपायमा पुग्ने हुन्छ । त्यस चार अपायमा पतन भएको नै कामरूपी धारले गर्दा हो ।

दान आदि कुशल कर्म गरेकाहरू पनि मनुष्य योनी र देव योनी पुगे तापनि बुढा हुन पर्ने, रोगी हुनुपर्ने, मर्नुपर्ने, नाना प्रकारका शारीरिक दुःख कष्ट र मानसिक दुःख कष्ट त भोग्नै पर्ने हुन्छ । यो पनि काम सुगतितर्फ अगाडि बढ्ने कामरूपी धार नै हो ।

भव-ओघ भनेको रूप भव, अरूप भवमा मज्जा मान्ने भव तृष्णा हो । त्यो पनि रूप भव, अरूप भवमा पुऱ्याई त्यहाँ पनि मार्ने गर्दछ । त्यो भव धारले डुबाएर मारेकै हो ।

दिट्ठि-ओघ भनेको गलत धारणा हुने मिथ्यावाद हो । अविज्जा ओघ भनेको अनित्य, दुःख र अनात्म स्वभाव धर्मलाई नित्य, सुख र आत्म भनी गलत रूपले थाहा पाउने स्वभाव हो । यस अविद्या र दृष्टिको कारणले चार अपायमा पुगी नाना प्रकारका दुःख कष्ट भोग्नुपर्ने हुन्छ । मनुष्य योनी, देव योनी पुगे तापनि नाना प्रकारका दुःख कष्ट भोग्नुपर्ने हुन्छ । ब्रह्मै हुन गए तापनि बारम्बार मर्नुपर्ने हुन्छ । त्यो अविद्या र दृष्टि भन्ने धारले डुबाएर मारिरहेकै हो ।

उक्त ओघरूपी संसारको धारले कहिल्यै माथि कहिले तल बगाई लगिरहेका सत्त्व प्राणीहरूलाई त्यस धारबाट पार तारी निर्वाण भन्ने उपल्लो घाटमा पुऱ्याउनका निम्ति भगवान् बुद्धले पार तार्न सक्ने धर्म उपदेश आज्ञा गर्नुभयो । त्यसैले सम्पूर्ण सत्त्व हामी सबैलाई त्यसरी तर्नका निम्ति, पार तर्न सक्ने चार आर्य सत्य धर्म, करुणायुक्त प्रज्ञाद्वारा उपदेश आज्ञा गर्नुभयो ।

**परिनिब्बुतो सो भगवा परिनिब्बानाय धम्मं देसेति ।**

भावार्थ – हामी सबैको साँच्चैको आधार भरोसा हुनुभएका वहाँ भगवान्ले सम्पूर्ण क्लेशलाई शान्त गरिसक्नु भई सम्पूर्ण सत्त्व हामी सबैलाई पनि त्यसरी नै सम्पूर्ण क्लेश शान्त पार्नका निम्ति, क्लेश



https://dhamma.digital

शान्त गर्ने चार आर्य सत्य धर्मलाई करुणायुक्त प्रज्ञाद्वारा उपदेश आज्ञा गर्नुभयो ।

यस सूत्र देशना अनुसारले उद्योग गरि आयुष्मान कुमार काश्यप स्थविर अरहन्त मार्ग र अरहन्त फलमा पुगी अरहन्त हुनुभयो । पछि भगवान् बुद्धले आयुष्मान कुमार काश्यपलाई भिक्षुहरूमध्ये विचित्र धर्मकथिकको रूपमा विशिष्ट एतदग्ग पदवीद्वारा प्रशंसा गर्नुभयो ।

**संक्षिप्तमा प्रश्न र उत्तर :**

१. धमिराको ढिस्कुरो भनेको के हो ?

➢ यो रूप स्कन्ध शरीर हो ।

२. धुँवा भनेको के हो ?

➢ रातको समयमा चिन्तना गरिएको हो ।

३. आगोको ज्वाला भनेको के हो ?

➢ दिउँसो दिउँसो काम गर्नु हो ।

४. ब्राह्मण भन्ने व्यक्ति कस्तो हो ?

➢ सम्यक् सम्बुद्ध हुन् ।

५. सुमेध को हो ?

➢ भाविताद्वारा थाहा पाई राख्ने योगी हो ।

६. शस्त्र भनेको के हो ?

➢ भाविताद्वारा थाहा पाई राख्ने प्रज्ञा हो ।

७. निरन्तर रूपमा खन्नु भनेको के हो ?

➢ उद्योग गर्ने वीर्य हो ।

८. ढोकाको चुकुल भनेको के हो ?

➢ भाविता गर्ने तरिकालाई थाहा नपाउनु हो ।

९. भ्यागुतो भनेको के हो ?

➢ रिस उठ्ने द्वेष हो ।



https://dhamma.digital

१०. दुई बाटो भनेको के हो ?

➢ यसो हो कि त्यसो हो कि भनी कल्पना गर्ने संशय हो ।

११. साबुन चालनी भनेको के हो ?

➢ पाँच नीवरण धर्म हो ।

१२. कछुवा भनेको के हो ?

➢ पाँच स्कन्ध धर्म हो ।

१३. खुकुरी र अचानो भनेको के हो ?

➢ पाँच कामगुण आरम्मण हो ।

१४. मासुको चोक्टा भनेको के हो ?

➢ मन पर्ने, आशक्त हुने राग हो ।

१५. नाग भन्ने को हो ?

➢ आश्रवक्षय भएका अरहन्तलाई भनिन्छ ।

Dhamma.Digital



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## एकाइ २ : अभिधर्म

Dhamma.Digital

मूल पुस्तक : अभिधर्मार्थ संग्रह

अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय'

https://dhamma.digital

# एकाइ २ : अभिधर्म

## अभिधर्मार्थ संग्रह

## समुच्चय – काण्ड ७

### प्रतिज्ञा

**पालि –** **द्वासत्तत्ति विधा वुत्ता, वत्थुधम्मासलक्खणा ।**
**तेसं, दानि यथायोगं, पवक्खामि समुच्चयं ॥**

**भावार्थ -** आरम्मण, विजानन, स्पर्शन, कांक्षल, शान्ति आदि आ आफ्नो कृत्यलक्षणसँग मिलेको ७२ बहत्तर प्रकारका स्वाभावधर्मलाई मैले बताइसकेँ । अब ती बहत्तर स्वभावधर्मको समूहलाई मिल्न योग्यहुने तरिकाले विशेषरूपले बताउँछु ।

### संग्रह– मातृका

**पालि –** **अकुसलसङ्गहो मिस्सकसङ्गहो बोधिपक्खिय-सङ्गहो सब्बसङ्गहो चेति समुच्चयसङ्गहो चतुब्बिधो वेदितब्बो ।**

**भावार्थ –** अकुशल - संग्रह, मिश्रक- संग्रह, बोधिपक्षिय- संग्रह र सर्व - संग्रह भनिकन यसरी चार प्रकारले समुच्चय संग्रहलाई जान्नु पर्दछ ।

## अकुशल – संग्रह

### आश्रव ४ वटा

**पालि -** **अकुसलसङ्गहे ताव चत्तारो आसवा कामासवो भवासवो दिट्ठासवो अविज्जासवो ।**



https://dhamma.digital

**भावार्थ -** कसरि जान्नु पर्दछ ?

अकुशल संग्रहमा पहिले विजानन गर्नेलाई मैले बताउछु । आश्रवहरु कामाश्रव, भवाश्रव, दृष्टाश्रव अविद्याश्रव भनिकन यसरी चारवटा छन् ।

## ओघ ४ वटा

**पालि - चत्तारो ओघा-कामोधो भवोघो दिट्ठोघो अविज्जोघो ।**

भावार्थ - ओघहरु कामओघ, भवओघ, दृष्टिओघ, अविद्याओघ भनिकन यसरी चार वटा छन् ।

## योग (जोर्नि) ४ वटा

**पालि - चत्तारो योगा-काम योगो भवयोगो दिट्ठियोगो अविज्जायोगो ।**

भावार्थ - योगहरु काम योग, भवयोग, दृष्टियोग अविद्यायोग भनिकन यसरी चारवटा छन् ।

## ग्रन्थ (गाँठो) ४ वटा

**पालि – चत्तारोगन्था अभिज्भाकायगन्थो, ब्यापादोकायगन्थो सीलब्बत परामासोकायगन्थो, इदंसच्चाभिनिवेसो कायगन्थो ।**

Dhamma.Digital

भावार्थ - ग्रन्थहरु अभिध्या कायग्रन्थ, ब्यापाद कायग्रन्थ, शीलब्रत परामर्श कायग्रन्थ, इद सत्याभिनिवेस कायग्रन्थ भनिकन यसरी चारवटा छन् ।

## उपादान ४ वटा

**पालि – चत्तारो उपादाना कामुपादानं दिट्ठुपादानं सीलब्बतुपादानं अत्तवादुपादानं ।**

भावार्थ - उपदानहरु कर्म उपादान, दृष्टि उपादान, शीलब्रत, उपादान, अत्मावाद उपादान भनिकन यसरी चारवटा छन् ।



https://dhamma.digital

## नीवरण (बाधा) ६ वटा

**पालि -** **छ नीवरणानिकामच्छन्दनीवरणं ब्यापादनीवरणं थिनमिद्धनीवरणं उद्धच्चकुक्कुच्चनीवरणं विचिकिच्छानीवरणं अविज्जा – नीवरणं ।**

भावार्थ - नीवरणहरु कामच्छन्द नीवरण, ब्यापाद,नीवरण, स्त्यानमिद्ध नीवरण, औधृत्यकौकृत्य नीवरण, विचिकित्सा नीवरण, अविद्या नीवरण भनिकन यसरी ६ वटा छन् ।

## अनुसय ७ वटा

**पालि -** **सत्त अनुसया कामरागानुसयो भवरागानुसयो पटिघानुसयो मानानुसयो दिट्ठानुसयो विचिकिच्छानुसयो अविज्जानुसयो ।**

भावार्थ - अनुशयहरु काम राग अनुशय, भवराग अनुशय, प्रतिघ अनुशय, मान अनुशय, दृष्टि अनुशय, विचिकित्सा अनुशय, अविद्या अनुशाय भनिकन यसरी सातवटा छन् ।

## सुत्रनय अनुसार संयोजन १० वटा

**पालि -** **दस संयोजनानि-कामरागसंयोजनं, रुपरागसंयोजनं, अरुपरागसंयोजनं, पटिघसंयोजनं, मानसंयोजनं, दिट्ठिसंयोजनं, सीलब्बतपरामाससंयोजनं, विचिकिच्छासंयोजन, उद्धच्चसंयोजनं, अविज्जासंयोजनं (सुत्तन्ते)**

भावार्थ - सूत्रमा बताउनु भएका संयोजनहरु कामराग संयोजन, रूपराग, - संयोजन, अरूपराग-संयोजन, प्रतिध-संयोजन, मन-संयोजन, दृष्टि-संयोजन, सीलब्रत परामर्श- संयोजन, विचिकित्सा-संयोजन, औधृत्य-संयोजन, अविद्या-संयोजन, भनिकन यसरी दशवटा छन् ।

## अभिधर्म नय संयोजन १० वटा

**पालि -** **अपरानिपि दस संयोजननि-कामरागसंयोजनं भवरागसंयोजनं**



https://dhamma.digital

**पटिघसंयोजनं मानसंयोजनं दिट्ठिसंयोजनं सीलब्बत परामास– संयोजनं विचिकिच्छा – संयोजनं इस्सा - संयोजनं मच्छरिय - संयोजनं अविज्जा - संयोजनं । (अभिधम्मे)**

भावार्थ - अभिधर्ममा बताउनुभएमा अरूपनि दस संयोजनहरु, कामराग– संयोजन, भवराग - संयोजन, प्रतिघ-संयोजन, मान-संयोजन, दृष्टि-संयोजन, शीलब्रत परामर्श- संयोजन, विचिकित्सा-संयोजन, इर्ष्या-संयोजन, मात्सर्य-संयोजन, अविद्या-संयोजन भनिकन यसरी १० वटा छन् ।

## क्लेश १० वटा

**पालि – दस किलेसा लोभो दोसो मोहो मानो दिट्ठि विचिकिच्छा थिनं उद्धच्चं आहिरिकं अनोत्तप्पं ।**

भावार्थ - क्लेशहरु लोभ, द्वेष, मोह, मान, दृष्टि, विचिकित्सा, स्त्यान, औधृत्य, आहक्य, अनपात्रप, भनिकन दशवटा छन् ।

## स्वरूप छुट्याउने नय

**पालि - आसवादीसु पनेत्थ कामभवनामेन सब्बत्थुका तण्हा अधिप्पेता, सीलब्बतपरामासो इदंसच्चभिनिवेसो, अत्तवादुप्पादो च तथापवत्तं दिट्ठिमतमेब पबुच्चति ।**

भावार्थ - विशेष कुरा बताउँछु । यस अकुशल संग्रहमा आश्रव आदि मध्येमा काम र भव भनेको नामले त्यस काम र भव नामको आधार भैरहेको अथवा रूप र अरूप भव नै आधार भैरहेको तृष्णा अथवा लोभ चैतसिक अभिप्रेत हुन्छ । त्यस त्यस आकारले भैरहेको दृष्टि चैतसिक एउटालाई नै शीलब्रत परामर्श भनि इदंसत्याभिनिवेश र आत्मवाद उपादान भनिकन विशेष रूपले बताईराखेको छ ।



https://dhamma.digital

## संग्रह – गाथा

**पालि –** **आसबोघा च योगा च, तयो ग्रन्था च वत्थुतो ।**
**उपादाना दुवे वुत्ता, अट्ठ नीवरणा सियुं ॥**
**छळेवानुसया होन्ति, नव संयोजना मता ।**
**किलेसा दस वुत्तोयं, नवधा पाप - सङ्गहो ॥**

भावार्थ - स्वाभाव अनुसार वा स्वरूप अनुसार आश्रव, ओघ, योग र ग्रन्थलाई तीन प्रकारको छ भनि बताइयो । उपादनलाई दुई प्रकारको छ भनि बताइयो । नीवरण आठ प्रकारका छन् ।

अनुशय ६ प्रकारका मात्र छन् । संयोजन लाई नौप्रकारको क्लेशलाई दश प्रकारका छन् भनि जान्नुपर्दछ । यसरी नौ प्रकारले यस अकुशल संग्रहलाई मैले बताएँ ।

## मिश्रक – संग्रह

### हेतु ६ वटा

**पालि -** **मिस्सकसङ्गहे छ हेतू लोभो दोसो मोहो अलोभो अदोसो अमोहो ।**

भावार्थ - मिश्रक संग्रहमा यसरी विभाजन गर्नेलाई म बताउँछु । हेतुहरु लोभहेतु, द्वेषहेतु, मोहहेतु, अलोभहेतु, अद्वेषहेतु, अमोहेतु, भनिकन यसरी छ वटा छन् ।

### ध्यानअङ्ग ७ वटा

**पालि -** **सत्त झानङ्गानि वितक्को विचारो पीति एकग्गता सोमनस्सं दोमनस्सं उपेक्खा ।**

भावार्थ – ध्यान अङ्गहरु वितर्क, विचार, प्रीति, एकाग्रता, सौमनस्य, दौर्मनस्य र उपेक्षा ध्यानअङ्ग भनिकन यसरी सातवटा छन् ।



https://dhamma.digital

## मार्ग अङ्ग १२ वटा

**पालि – द्वादस मग्गङ्गानि सम्मादिट्ठि सम्मासङ्कप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि मिच्छादिट्ठि मिच्छासङ्कप्पो मिच्छोवायामो मिच्छासमाधि ।**

भावार्थ – मार्ग अङ्गहरु- सम्यकदृष्टि, सम्यकसंङ्कल्प, सम्यकवाक्य, सम्यकआजीव, सम्यकव्यायाम, सम्यककस्मृति, सम्यकसमाधि, मिध्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्याव्यायाम, मिथ्यासमाधि भनिकन यसरी मार्गअङ्ग १२ वटा छन् ।

## इन्द्रिय २२ वटा

**पालि – बावीसतिन्द्रियानि चक्खुन्द्रियं सोतिन्द्रियं घानिन्द्रियं जिह्विन्द्रियं कायिन्द्रियं इत्थिन्द्रियं पुरिसिन्द्रियं जीवितिन्द्रियं मनिन्द्रियं सुखिन्द्रियं दुक्खिन्द्रियं सोमनस्सिन्द्रियं दोमनस्सिन्द्रियं उपेक्खिन्द्रियं सद्धिन्द्रियं वीरियन्द्रियं सतिन्द्रियं समाधिन्द्रियं पञ्ञिन्द्रियं अनञ्ञातञ्ञ स्सामितन्द्रियं अञ्ञिन्द्रियं अञ्ञाताविन्द्रियं।**

भावार्थ – इन्द्रियहरु- चक्षु - इन्द्रिय, श्रोत - इन्द्रिय, घ्राण - इन्द्रिय, जिह्वा - इन्द्रिय, काय - इन्द्रिय, स्त्री -इन्द्रिय, पुरुष - इन्द्रिय, जीवित - इन्द्रिय, मन - इन्द्रिय, सुख -इन्द्रिय, दुःख - इन्द्रिय, सौमनस्य - इन्द्रिय, दौर्मनस्य - इन्द्रिय, उपेक्षा -इन्द्रिय, श्रद्धा - इन्द्रिय, वीर्य - इन्द्रिय, स्मृति -इन्द्रिय, समाधि - इन्द्रिय, प्रज्ञा -इन्द्रिय, अनज्ञातज्ञाष्यामि - इति -इन्द्रिय, अज्ञात - इन्द्रिय, अज्ञावती - इन्द्रिय भनिकन यसरी इन्द्रिय २२ वटा ।

## बल ९ वटा

**पालि - नव बलानि सद्धाबलं वीरियबलं सतिबलं समाधिबलं पञ्ञाबलं हिरिबलं ओत्तप्पबलं अहिरिकबलं अनोतप्पबलं ।**

भावार्थ – बलहरु - श्रद्धा - बल, वीर्य - बल, स्मृति - बल, समाधि -



https://dhamma.digital

बल, प्रज्ञा - बल, ऱ्ही - बल, अपत्रपा - बल, आऱ्हीक्य - बल, अनत्राप्य - बल, भनिकन यसरी नौवटा छन् ।

### अधिपति ४ वटा

**पालि –** **चत्तारो अधिपति छन्दाधिपति वीरियाधिपति चित्ताधिपति वीमंसाधिपति ।**

भावार्थ– अधिपतिहरु - छन्द - अधिपति, वीर्य - अधिपति, वित्त - अधिपति, विमंश - अधिपति, भनिकन चारवटा छन् ।

### आहार ४ वटा

**पालि –** **चत्तारो आहारा-कबलीकारो आहारो, फस्सो दुतियो, मनोसञ्चेतना ततिया, विञ्ञाणं चतुत्थं ।**

भावार्थ – आहारहरु - गाँस गाँस गर्नु नपरे पनि गाँस हालेजस्तै गर्नुपर्ने आहार, दोश्रो स्पर्श आहार, तेश्रो मनोसंचेतना आहार, चौठो विज्ञान आहार भनिकन यसरी चारवटा छन् ।

### स्वरूप छुट्याउने नय

**पालि –** **इन्द्रियेसु पनेत्थ सोतापत्तिमग्गञाणं अनञ्ञातञ्ञस्सामीतिन्द्रियं अरहत्तफलञाणं अञ्ञाताविन्द्रियं मज्झे छ ञाणानि अञ्ञिन्द्रियानीति पवुच्चन्ति । जीवितिन्द्रियञ्च रूपारूपवसेन दुविधं होति ।**

भावार्थ – विशेष कुरा बताउंछु । यस मिश्रक - संग्रहमा इन्द्रियहरु मध्येमा श्रोतापत्ति मार्गज्ञानलाई अनज्ञातंज्ञाष्यामि इति इन्द्रिय भनि विशेषरूपले बताएको छ । अरहत्त फल ज्ञानलाई अज्ञाताविन्द्रिय भनि विशेषरूपले बताएको छ ।बीचको ६ वटा ज्ञानलाई अज्ञा - इन्द्रिय भनि विशेषरूपले बताएको छ । जीवित इन्द्रिय पनि रूपजीवित इन्द्रिय, नामजीवित इन्द्रिय हिसाबले दुई प्रकारले भयो ।



https://dhamma.digital

**पालि -** **पञ्चविञ्ञाणेसु झानङ्गानि अवीरियेसु बलानि अहेतुकेसु मग्गङ्गानि न लब्भन्ति, तथा विचिकिच्छाचित्ते एकग्गता मग्गिन्द्रियबल भावं न गच्छति ।**

भावार्थ– द्विपञ्चविज्ञान दशवटा ध्यानअङ्ग उपलब्ध हुँदैन । वीर्य नभएको चित्त सोह्र वटामा बल उपलब्ध हुँदैन । अहेतुक चित्त अठारवटामा मार्गअङ्ग उपलब्ध हुँदैन । त्यस्तै नै विचिकित्सा सहगत चित्तमा एकाग्रता चैतसिक, मार्ग इन्द्रिय र बलको रूपमा जाँदैन ।

**पालि –** **द्विहेतुकतिहेतुकजवनेस्वेव यथासम्भवं अधिपति एकोव लब्भतीति ।**

भावार्थ – द्विहेतुक जवन अठ्ठारवटा, त्रिहेतुक जवन चौतीसवटामा मात्र योग्यताअनुसार अधिपति एउटा एउटा मात्र उपलब्ध हुन्छ ।

**संग्रह – गाथा**

**पालि –** **छ हेतु पञ्च झानङ्गा, मग्गङ्गा नव वत्थुतो ।**
**सोलसिन्द्रिय धम्मा च, बलधम्मा नवेरिता ॥**
**चत्तारोधिपति वुत्ता, तथाहाराति सत्तधा ।**
**कुसलादि समाकिण्णो, वुत्तो मिस्सकसङ्गहो ॥**

भावार्थ – स्वभाव अनुसार वा स्वरूप अनुसार हेतुलाई ६ वटा छ भनि बताएको छ । ध्यानअङ्गलाई ५ वटा छ भनि बताएको छ । मार्ग अङ्गलाई नौवटा छ भनि, इन्द्रिय धर्मलाई सोऱ्हवटा छ भनि, बल धर्मलाई नौवटा छ भनिकन देखाएको छ ।

अधिपतिलाई ४ वटा छ भनि, त्यस्तै नै आहारलाई ६ वटा छ भनि बताएको छ । यसरी सात प्रकारले कुशल इत्यादि छयासमिस भईरहेको मिश्रक - संग्रहलाई बताएँ ।



https://dhamma.digital

# बोधिपक्षिय – संग्रह

## स्मृति प्रस्थान ४ वटा

**पालि –** **बोधिपक्खियसङ्गहे चत्तारो सतिपट्ठानाकायानुपस्सना सतिपट्ठानंवेदनानुपस्सना सतिपट्ठानंचित्तानुपस्सना सतिपट्ठानंधम्मानुपस्सना सतिपट्ठानं ।**

भावार्थ – बोधिपक्षिय - संग्रहमा यसरी विभाजन गर्नेलाई मैले बताउँछु । स्मृतिप्रस्थापनहरु कायानुपश्यना स्मृतिप्रस्थान, वेदनानुपश्यना स्मृतिप्रस्थान, चित्तानुपश्यना स्मृतिप्रस्थान, धर्मानुपश्यना स्मृतिप्रस्थान भनिकन यसरी चारवटा छन् ।

## सम्यक प्रधान ४ वटा

**पालि –** **चत्तारो, सम्मप्पधाना उप्पन्नानं पापकानं पहानाय वायामो, अनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो, अनुप्पन्नानं कुसलानं उप्पादाय वायामो, उप्पन्नानं कुसलानं भिय्योभावाय वायामो ।**

भावार्थ – सम्यक प्रधानहरु- उत्पन्न भैसकेको अकुशल धर्मलाई हटाउनुको निम्ति कोशिस गर्नु, उत्पन्न नभएको अकुशल धर्मलाई उत्पन्न हुन नदिन कोशिस गर्नु, उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउन कोशिस गर्नु, उत्पन्न भैसकेको कुशल धर्मलाई झन बढि बृद्धि गर्नुको निम्ति कोशिस गर्नु भनिकन यसरी चारवटा छन् ।

## ऋद्धिपाद ४ वटा

**पालि –** **चत्तारो इद्धिपादा छन्दिद्धिपादो वीरियिद्धिपादो चित्तिद्धिपादो विमंसिद्धिपादो ।**

भावार्थ – ऋद्धिपादहरु छन्द - ऋद्धिपाद, वीर्य - ऋद्धिपाद, चित्त-ऋद्धिपाद, विमंश - ऋद्धिपाद भनि यसरी चारवटा छन् ।



https://dhamma.digital

## इन्द्रिय ५ वटा

**पालि –** **पञ्चिन्द्रियानि सद्धिन्द्रियं वीरियिन्द्रियं सतिन्द्रियं समाधिन्द्रियं पञ्ञिन्द्रियं ।**

भावार्थ **–** इन्द्रियहरु श्रद्धा - इन्द्रिय, वीर्य - इन्द्रिय, स्मृति - इन्द्रिय, समाधि - इन्द्रिय, प्रज्ञा - इन्द्रिय, भनि यसरी पाँचवटा छन् ।

## बल ५ वटा

**पालि -** **पञ्चबलानि सद्धाबलं वीरियबलं सतिबलं समाधिबलं पञ्ञाबलं ।**

भावार्थ - बलहरु - श्रद्धा - बल, वीर्य - बल, स्मृति - बल, समाधि - बल, प्रज्ञा - बल, भनि यसरी पाँचवटा छन् ।

## बोध्यङ्ग ७ वटा

**पालि –** **सत्तबोज्झङ्गा सतिसम्बोज्झङ्गो धम्मविचयसम्बोज्झङ्गो वीरियसम्बोज्झङ्गो पीतिसम्बोज्झङ्गो पस्सद्धिसम्बोज्झङ्गो समाधिसम्बोज्झङ्गो उपेक्खासम्बोज्झङ्गो ।**

भावार्थ – बोध्यङ्गहरु – स्मृति-सम्बोध्यङ्ग, धर्मविचय -सम्बोध्यङ्ग, धर्मविचय -सम्बोध्यङ्ग, वीर्य -सम्बोध्यङ्ग, प्रीति -सम्बोध्यङ्ग, प्रश्रब्धि -सम्बोध्यङ्ग, समाधि -सम्बोध्यङ्ग, उपेक्षा -सम्बोध्यङ्ग, भनि यसरी सातवटा छन् ।

## मार्गअङ्ग ८ वटा

**पालि –** **अट्ठमग्गङ्गानि सम्मादिट्ठि सम्मासंकप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि ।**

भावार्थ – मार्गअंगहरु सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवचन, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्ययाम, सम्यकस्मृति, संम्यकसमाधि भनि यसरी आठवटा छन् ।



https://dhamma.digital

### स्वरूप देखाउने नय

**पालि – एत्थ पन चत्तारो सतिपट्ठानाति सम्मासत्ति एकोव पवुच्चति।**
**तथा चत्तारो सम्मप्पधानाति च सम्मावायामो।**

भावार्थ – विशेष कुरा बताउँछु। यस, बोधिपक्षिय संग्रहमा सम्यकस्मृति एउटालाई नै चार स्मृति प्रस्थान भनि विशेषरूपले बताएको छ। त्यस्तै नै सम्यकब्याम एउटालाई नै चार सम्यकप्रधान भनि विशेषरूपले बताएको छ।

### स्वरूप देखाउने संग्रह गाथा

**पालि – छन्दो चित्तमुपेक्खा च, सद्धापस्सद्धिपीतियो।**
**सम्मादिट्ठि च सङ्कप्पो, वायामो विरतित्तयं॥**
**सम्मासति समाधीति, चुद्दसेते सभावतो।**
**सत्ततिंसप्पभेदेन, सत्तधा तत्थ सङ्गहो॥**

भावार्थ – यी बोधिपक्षिय धर्म स्वभाव अनुसार तथा स्वरूप अनुसार छन्द चैतसिक, लोकुत्तर चित्त, तत्रमध्यस्थता चैतसिक, श्रद्धा, प्रश्रब्धि, प्रीति चैतसिक, अमोह चैतसिक, वितर्क चैतसिक, वीर्य चैतसिक, विरति चैतसिकको तीन समूह, स्मृति चैतसिक र एकाग्रता चैतसिक भनिकन यसरी १४ वटा छन्। प्रभेद अनुसार ३७ वटा छन्। यसरी त्यस बोधिपक्षिय संग्रहमा ७ प्रकारले गिन्ति गर्नु पर्ने हुन्छ।

### स्थान अनुसार विभाजन गर्ने

**पालि – सङ्कप्पपस्सद्धि च पीतुपेक्खा।**
**छन्दो च चित्तं विरतित्तयं च॥**
**नवेकठाना वीरियं नवट्ठ।**
**सति समाधी चतु पञ्च पञ्ञा॥**
**सद्धा दुठानुत्तमसत्तत्तिसं।**
**धम्मानमेसो पवरो विभागो॥**



https://dhamma.digital

भावार्थ – वितर्क, प्रश्रब्धि चैतसिक, प्रीति, तत्रमध्यस्थता चैतसिक, छन्द चैतसिक, लोकुत्तर चित्त, विरति चैतरिकको ती समूह, यसरी नौवटा धर्म एकस्थान भएको भयो। वीर्य चैतसिकको ९ वटा स्थान छन्। स्मृति चैतसिकको आठवटा स्थान छन्, एकाग्रता चैतसिकको चारवटा स्थान, श्रद्धा स्थान छन्, एकाग्रता चैतसिकको चारवटा स्थान, श्रद्धा चैतसिकको दुइवटा स्थान छन्। यसरी उत्तम सैँतीस बोधिपक्षिय धर्मको यसरी प्रवर स्वभाव भएको विभाजनलाई मैले बताईसकें।

## संग्रह – गाथा

**पालि – सब्बे लोकुत्तरे होन्ति, नवा सङ्कप्पपीतियो।**
**लोकियेपि यथायोगं, छब्बिसुद्धिपवत्तियं॥**

भावार्थ – लोकुत्तर चित्तमा सबै बोधिपक्षिय धर्महरु छन्। वितर्क र प्रीति चैतसिक कुनै कुनै लोकुत्तर चित्तमा हुँदैन। लौकिक शोभन चित्तमा पनि ६ वटा विशुद्धिको उत्पत्ति भयोभने मिल्न योग्य अनुसार हुने हुन्छ।

## स्थान अनुसार विभाजन गर्ने

**पालि – सङ्कप्पपस्सद्धि च पीतुपेक्खा।**
**छन्दो च चित्तं विरतित्तयं च॥**
**नवेकठाना विरियं नवट्ठ।**
**सती समाधी चतु पञ्च पञ्ञा॥**
**सद्धा दुठानुत्तमसत्तत्तिंस।**
**धम्मानमेसो  पवरो विभागो॥**

भावार्थ – वितर्क, प्रश्रब्धि चैतसिक, प्रीति, तत्रमध्यस्थता चैतसिक, छन्द चैतसिक, लोकुत्तर चित्त, विरति चैतसिकको ती समूह, यसरी नौवटा स्थान छन्। स्मृति चैतसिकको आठवटा स्थान छन्, एकाग्रता चैतसिकको चारवटा स्थान, श्रद्धा चैतसिकको



https://dhamma.digital

दुइवटा स्थान छन् । यसरी उत्तम सैंतीस बोधिपक्षिय धर्मको यसरी प्रवर स्वभाव भएको विभाजनलाई मैले बताईसकेँ ।

### संग्रह – गाथा

**पालि – सब्बे लोकुत्तरे होन्ति, नवा सङ्कप्प पीतियो ।**
**लोकियेपि यथायोगं, छब्बिसुद्धिपवत्तियं ॥**

भावार्थ – लोकुत्तर चित्तमा सबै बोधिपक्षिय धर्महर छन् । वितर्क र प्रीति चैतसिक कुनै कुनै लोकत्तर चित्तमा हुँदैन । लौकिक शोभन चित्तमा पनि ६ वटा विशुद्धिको उत्पत्ति भयोभने मिल्न योग्य अनुसार हुने हुन्छ ।

### सब्ब – सङ्गह

**पालि – सब्बसङ्गहे पञ्चक्खन्धा रुपक्खन्धो वेदनाक्खन्धो सञ्ञाक्खन्धो संखारक्खन्धो विञ्ञाणक्खन्धो ।**

भावार्थ – सर्व- संग्रहमा यसरी विभाजन गर्ने म बताउँछु । स्कन्धहरु रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध भनि यसरी पाँचवटा छन् ।

### उपादानस्कन्ध ५ वटा

**पालि – पञ्चुपादानक्खन्धा रूपुपादानक्खन्धो वेदनुपादानक्खन्धो सञ्ञुपादानक्खन्धो संखारुपादानक्खन्धनो विञ्ञानुपादानक्खन्धो ।**

भावार्थ – पादानको आरम्मण भैरहेको स्कन्धहरु – रूप - उपादानस्कन्ध, वेदना - उपादानस्कन्ध, संज्ञा - उपादानस्कन्ध, संस्कार - उपादानस्कन्ध, विज्ञान - उपादानस्कन्ध ।

### आयतन १२ वटा

**पाालि – द्वादसायतनानि चक्खायतनं सोतायतनं घानायतनं जिह्वायतनं कायायतनं मनायतनं रूपायतनं सद्दायतनं गन्धायतनं**



https://dhamma.digital

**रसायतनं फोट्ठब्बायतनं धम्मायतनं ।**

भावार्थ – आयतहरु – चक्षु - आयतन, श्रोत - आयतन, घाण - आयतन, जिह्वा - आयतन, काय - आयतन, मन - आयतन, रूप - आयतन, शब्द - आयतन, गन्ध - आयतन, रस - आयतन, प्रष्टब्य - आयतन, धर्म - आयतन, भनि यसरी १२ वटा छन् ।

## धातु १८ वटा

**पालि – अट्ठारस धातुयो चक्खुधातु सोतधातु घानधातु जिह्वाधातु कायधातु रूपधातु सद्दधातु गन्धधातु रसधातु फोट्ठब्बधातु चक्खुविञ्ञाणधातु सोतविञ्ञाणधातु घानविञ्ञाणधातु जिह्वाविञ्ञाणधातु कायविञ्ञाणधातु मनोधातु धम्मधातु मनोविञ्ञाणधातु ।**

भावार्थ – धातुहरु – चक्षुधातु, श्रोतधातु, घाणधातु, जिह्वाधातु, कायधातु, रूपधातु, शब्दधातु, गन्धधातु, प्रष्टधातु, चक्षुविज्ञानधातु, श्रोतविज्ञानधातु घाणविज्ञानधातु, जिह्वविज्ञान धातु, कायविज्ञानधातु, मनोधातु मनोविज्ञानधातु, धर्मधातु भनि यसरी १८ वटा छन् ।

Dhamma.Digital

## सत्य ४ वटा

**पालि– चत्तारि अरियसच्चानि दुक्खं अरियसच्चं दुक्खसमुदयो अरियसच्चं दुक्खनिरोधो अरियसच्चं दुक्खनिरोधगामिनीपटिपदा अरियसच्चं ।**

भावार्थ – आर्यसत्य दु:ख भनेको आर्यसत्य, दु:खको कारण भईरहेको आर्यसत्य, दु:ख निरोध भइरहेको आर्यसत्य, दु:खको निरोध भईरहेको निर्वाणमा पुग्ने आचरण भनेको आर्यसत्य भनि यसरी चारवटा छन् ।



https://dhamma.digital

### स्वरूप देखाउने नय

**पालि – एत्थ पन चेतसिक-सुखमरूप-निब्बानवसेन एकूनसत्तति धम्मा धम्मायतन - धम्मधातूति सङ्खं गच्छन्ति। मनायतनमेव सत्तविञ्ञाणधातुवसेन भिज्जति।**

भावार्थ – विशेष कुरा बताउछु। यो सर्व संग्रहमा चैतसिक ५२ वटा, शूक्ष्मरूप १६ वटा निर्वाणको हिसाबले ६९ वटा धर्म धर्मायतन धर्मधातु भन्ने गिन्ति अथवा व्यवहारमा जाने हुन्छ। मनायतन एउटा मात्र सातवटा विज्ञानधातुको हिसाबले भेद हुने हुन्छ।

### संग्रह – गाथा

**पालि – रुपञ्च वेदना सञ्ञा, सेसचेतसिका तथा। विञ्ञाणमीति पञ्चेते, पञ्चक्खन्धाति भासिता॥**

भावार्थ – रूप २८ वटा वेदना र संज्ञाबाट बाकि रहेका ५० वटा चैतसिक, त्यस्तै ८९ वटा चित्त, यसरी यी ५ धर्मलाई पञ्चकन्ध भन्छ भनि तथागतले आज्ञा गर्नुभयो।

### संग्रह – गाथा

**पालि – पञ्चुपादानक्खन्धाति, तथा तेभूमका मता। भेदाभावेन निब्बानं, खन्धसङ्गह–निस्सट॥**

भावार्थ – त्यस्तै नै तीनवटा भूमिमा उत्पन्न हुने यी स्वाभावधर्म ५ वटालाई पञ्चउपादानस्कन्ध भनिन्छ भनि बुझ्नु पर्‍यो। निर्वाण मात्र वर्तमान, अतीत, अनागत अध्यात्म, बाह्य,ताढा, नजिक, प्रणीत, शूक्ष्म, औडारिक, यी एघारवटा भेद नभएको कारणले स्कन्ध भनेको गिन्तिदेखि मुक्त भएको हुन्छ।

### संग्रह – गाथा

**पालि – द्वारालम्बनभेदेन, भवन्तायतनानि च। द्वारालम्बनदुप्पन्न, परियायेन धातुयो॥**



https://dhamma.digital

भावार्थ – आयतन ६ वटा द्वार ६ वटा आरम्मण भेदले १२ वटा छन् । धातुहरु पनि ६ द्वारा ६ आरम्मण र ती द्वार र ती आरम्मणको आधारले उत्पन्न हुने विज्ञानले क्रमानुसार १८ वटा छन् ।

### संग्रह – गाथा

**पालि – दुक्खं तेभूमकं वट्टं, तण्हा समुदयो भवे ।**

**निरोधो नाम निब्बानं, मग्गो लोकुत्तरो मतो ॥**

भावार्थ – तीनवटा भूमिका उत्पन्न हुने संसारधर्म दुःखसत्य भनेको हुने हून्छ । लोभ चैतसिक समुदायसत्य भनेको हुने हुन्छ । निर्वाण निरोधसत्य भनेको हुने हुन्छ । लोकुत्तर मार्गअङ्ग आठवटालाई मार्गसत्य भनि भन्छन् भनिकन बुझ्नु पर्‍यो ।

### संग्रह – गाथा

**पालि – मग्गयुत्ता फला चेव, चतुसच्चविनिस्सटा ।**

**इति पञ्चप्पभेदन, पवुत्तो सब्बसङ्गहो ॥**

भावार्थ – मार्ग आठवटासंग मिलेको मार्गचित्तोत्पादन र फलचित्तोत्पाद, चारवटा सत्यबाट अलग्ग छन् । यसरी पाँच प्रभेदले सर्व संग्रहलाई विशेष रूपले बताइसकें ।

### समुच्चय काण्डको निगमन

**पालि – इति अभिधम्मत्थसङ्गहे समुच्चयसङ्गह विभागो नाम सत्तमो परिच्छेदो ।**

भावार्थ – अभिधर्मार्थसंग्रह नाम भएको ग्रन्थमा समुच्चय - संग्रह विभाग नाम भएको

सातौं काण्ड सम्पूर्ण भयो ।



https://dhamma.digital

# प्रत्यय – काण्ड ८

## प्रतिज्ञा

**पालि -** **येसं सङ्खतधम्मानं, ये धम्मा पच्चया यथा ।**
**तं विभागमिहेदानि, पवक्खामि यथारहं ॥**

भावार्थ – जुन स्वभाव भएको सहेतुक चित्त ७१ वटा, मोहमूल दुईवटामा भएको मोहबाट अलग भएको चैतसिक ५२ वटा, सहेतुक चित्तरूप, सहेतुक प्रतिसन्धि कर्मजरूप आदि प्रत्ययुत्पन्न धर्मलाई जुन ६ हेतु इत्यादि प्रत्यय धर्महरुले जुन ६ हेतु शक्ति आदि प्रकारले उपकार गर्ने हो त्यस प्रत्युत्पन्न धर्मलाई त्यस प्रत्ययधर्महरुले उपकार गर्ने शक्ति विभाजनलाई यस समुच्चय संग्रह पछि आइरहेको प्रत्यय संग्रहका ठाउँमा अब मैले योग्यतानुसार विशेषरूपले बताउँछु ।

## नय दुइवटाको विशेषता

**पालि – पटिच्चसमुप्पादनयो पट्ठाननयो चेति पच्चसङ्गहो दुविधो वेदितब्बो ।**

भावार्थ – प्रतीत्यसमुत्पादनय र प्रस्थाननय भनि प्रत्यय संग्रहलाई यसरी दुई किसिमले जान्नु पर्दछ ।

**पालि – तत्थ तब्भावीभावाकारमत्तोपलक्खितो पटिच्चसमुप्पादनयो । पट्ठाननयो पन आहच्च पच्चयट्ठितिमारब्भ पवुच्चति । उभयं पन वोमिस्सेत्वा पपञ्चेन्ति आचरिया ।**

भावार्थ – यी दुई नय मध्येमा त्यस अविद्यादि कारणधर्मको उत्पत्ति पछि उत्पन्न हुने स्वभाव भएको संस्कारादि फलधर्मको उत्पत्ति आकार मात्रले नियमित भएको नयलाई प्रतीत्यसमुत्पादनय भन्छ । प्रस्थाननयलाई मात्र विशेषगरी उत्पन्न हुने प्रत्यय भनेको आधारलाई कारण तुल्याई बताउनु पर्दछ। दुबै नयलाई छयसमिस गरी अर्थकथाचार्यहरुले विस्तृत गरिराखेको छ । हामी (अनुरुद्धा- चार्यहरुले) अलग अलग गरेर बताउँछु ।



https://dhamma.digital

## प्रतीत्यसमुत्पाद नय

**पालि –** **तत्थ अविज्जापच्चया सङ्खारा, सङ्खारपच्चया विञ्ञाणं। विञ्ञाणपच्चया नामरुपं। नामरुपपच्चया सलायतनं। सलायतनपच्चया फस्सो। फस्सपच्चया वेदना। वेदनापच्चया तण्हा। तण्हापच्चया उपादानं। उपादानपच्चया भबो। भवपच्चया जाति। जातिपच्चया जरामरणसोकपरिदेवदुक्खदोमनस्सुपायामा सम्भवन्ति। एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होतीति अयमेत्थ पटिच्चसमुप्पादनयो।**

भावार्थ – ती दुई नय मध्येमा "अविज्जा..... पे° ..... समुदायो होति" भनिएको यस नयलाई यो प्रत्यक्ष संग्रहको ठाउँमा प्रतीत्यसमुत्पादनय भन्दछ।

चार आर्यसत्य धर्मलाई धाकीदिने मोहको कारणले नै पुण्यभिसंस्कार, अपुण्यभिसंस्कार, आनेञ्जाभिसंस्कार, उत्पन्न हुने हुन्छ। संस्कारले कारणले नै प्रतिसन्धि चित्त एककम बीस (१९) वटा विज्ञान अथवा लौकिक विपाक ३२ वटा भनिएको विज्ञान वा एककम नब्बे (८९) वटा चित्त भनिएको विज्ञान उत्पन्न हुने हुन्छ। विज्ञानको कारणले चार नाम, रूप र नामरूप उत्पन्न हुने हुन्छ। नामरूपको कारणले चार नाम रूप र नामरूप उत्पन्न हुने हुन्छ। नामरूपको कारणले चक्षु आयतन, श्रोत आयतन, घ्राण आयतन, जिह्वा आयतन, काय आयतन र मन आयतन अथवा षडायतन उत्पन्न हुने हुन्छ। षडायतनको कारणले चक्षु संस्पर्श, श्रोत संस्पर्श, घ्राण संस्पर्श, जिह्वा संस्पर्श, काय संस्पर्श र मनो संस्पर्श, उत्पन्न हुने हुन्छ। स्पर्शको कारणले चक्षु संस्पर्श वेदना, श्रोत संस्पर्श वेदना, घ्राण संस्पर्श वेदना, जिह्वा संस्पर्श वेदना, काय संस्पर्श वेदना र मनो संस्पर्श वेदना अथवा सुख दुःख र उपेक्षा वेदना उत्पन्न हुने हुन्छ। वेदनाको कारणले कामतृष्णा, भवतृष्णा र



https://dhamma.digital

विभवतृष्णा अथवा रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा स्प्रष्टब्यतृष्णा र धर्मतृष्णा उत्पन्न हुने हुन्छ। तृष्णाले कारणले काम उपादान, दृष्टि उपादान,शीलब्रत उपादान र आत्मवाद उपादान उत्पन्न हुने हुन्छ। भवको कारणले प्रतिसन्धि (जन्म लिनुपर्ने) भएर आउछ । बुढा हुने, मृत्यु हुने, शोक हुने, विलाप हुने, दुःख हुने, मन बिग्रने, धेरै दाह हुने उत्पन्न हुने हुन्छ । यसरी माथि बताई आएको प्रत्यय परम्परा बिधि अनुसार सुख आदिसँग नमिसिएको यो दुःख समूह प्रकटरूपमा उत्पत्ति हुने हुन्छ। यो यस ठाउँमा प्रतीत्यसमुत्पाद नय हो ।

### अद्धान आदिलाई देखाउने

**पालि –** **तत्थ तयो अद्धा द्वादसङ्गानि वीसताकारा तिसन्धि चतुसङ्खेपा तीणि वट्टानि, द्वेमूलानि च वेदितब्बनि ।**

भावार्थ – त्यस प्रतीत्यसमुत्पादनयमा तीन काललाई, बाह्र अङ्गलाई, बीस आकारलाई जोर्नि तीन वटालाई चिरा चार वटालाई तीन वर्त (घेरा) लाई र दुईवटा मूलाई जान्नु पर्दछ।

### अद्धान (काल) ३ वटा

**कथं ?**

**पालि –** **अविज्जा सङ्खारा अतीतो अद्धा जातिजरामरणं अनागतो अद्धा मज्झे अट्ठ पच्चुप्पन्नो अद्धाति तयो अद्धा ।**

भावार्थ – कसरी जान्नुपर्छ।

अविद्या र संस्कारलाई अतीतकाल भन्छन् । जाति जरा र मरणलाई अनागतकाल भन्छन् । बीचको आठवटा विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा उपादान र भवलाई वर्तमानकाल भन्छन्। यसरी तीन काललाई जान्नु पर्छ।



https://dhamma.digital

## अङ्ग १२ वटा

**पालि – अविज्जा सङ्खारा विञ्ञाणं नामरूपं सलायतनं फस्सो वेदना तण्हा उपादानं भवो जाति जरामरणन्ति द्वादसङ्गनि ।**

भावार्थ – अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण यसरी १२ वटा अङ्गलाई जान्नुपर्छ ।

**पालि – सोकादिवचनं पनेत्थ निस्सन्दफलनिदस्सनं ।**

भावार्थ – विशेष कुरा बताउँछु । यस प्रतीत्यसमुत्पादनयमा शोकादि वचनलाई भनिराखेको जातिको मुख्य नभएको फल परम्परालई देखाउने फल हो । अलग्ग अङ्ग देखाउने होइन ।

## आकार २ वटा जोर्नि ३ वटा चिरा ४ वटा

**पालि – अविज्जासङ्खारगहणेन पनेत्थ तण्हुपादानभवापि गहिता भवन्ति ।**

भावार्थ – विशेष कुरा बताउँछु । यी १२ अङ्गमा अविद्या र संस्कारलाई ग्रहण गर्नाले तृष्णा, उपादान र कर्मभवलाई पनि ग्रहण गरेको हुन जान्छ ।

**पालि – तथा तण्हुपादानभवग्गहणेन च अविज्जासङ्खारा ।**

भावार्थ – त्यसैले तृष्णा, उपादान र भवलाई ग्रहण गर्नाले पनि अविद्या र संस्कारलार्य ग्रहण गरेको हुन जान्छ ।

**पालि – जतिजरामरणग्गहणेन च विञ्ञाणादिफलपञ्चकमेव गहितन्ति कत्वा ।**

भावार्थ – जाति जरा मरणलाई ग्रहण गर्नाले पनि विज्ञान आदि फल पाँचवटालाई मात्र गर्नुपर्ने हुन्छ ।

तसर्थ....................



https://dhamma.digital

## संग्रह – गाथा

**पालि –** **अतीते हेतवो पञ्च, इदानि फलपञ्चकं। इदानि हेतवो पञ्च, आयतिं फलपञ्चकन्ति। वीसताकारा तिसन्धि चतुसङ्खेपा च भवन्ति।**

भावार्थ – पहिलो जन्मा पाँच कारणहरु, अहिले वर्तमान जन्ममा पाँच फल समूह, अहिले वर्तमान जन्ममा पाँच कारणहरु, अनागत जन्ममा पाँच फलसमूह, यसरी बीस आकार, तीन जोर्नि र चार चिरा हुने हुन्छन्।

## वर्त ३ वटा

**पालि –** **अविज्जातण्हुपादाना च किलेसवट्टं।**

**कम्मभवसङ्खातो भवेकदेसो संखारा च कम्मवट्टं।**

**उपपत्तिभव–सङ्खातो भवेकदेसो अवसेसा च विपाकवट्टन्ति तीणि वट्टानि।**

भावाथ – अविद्या, तृष्णा, र उपादानलाइ क्लेश वर्त भन्छ।

कर्मभव भनेको भवको केहि अंश र संस्कारलाई कर्मवर्त भन्छ।

उपपत्तिभव भनेको भवको केहि अंश र माथि बताई आएको बाट केहि बाकिरहेको विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरामरणलाई विपाकवर्त भन्छ। यसरी तीन वर्तलाई जान्नुपर्छ।

## वर्तमूल २ वटा

**पालि –** **अविज्जातण्हावसेन द्वे मूलानि च वेदितब्बानि।**

भावार्थ – अविद्या र तृष्णाको हिसाबले दुई मूललाई पनि जान्नुपर्छ।



https://dhamma.digital

## वर्त (संसारचक्र) भाँचिने र घुम्ने

**पालि–** **तेसमेव च मूलानं, निरोधेन निरुज्झति ।**
**जरामरणमुच्छाय, पीलितानमभिण्हसो ॥**
**आसवानं समुप्पादा, अविज्जा च पवत्तति ॥**

भावार्थ– संसारचक्र घुम्ने पछि संसारचक्र भाँचिने (छिन्ने) लाई बताउँछु । ती दुई मूल नै अरहत्तमार्गद्वारा निशेषरूपले निरोध हुने हुनाले वर्तैधर्म निरोध हुने भयो । बुढा हुने, मृत्यु हुने, मूर्छा हुनेबाट अनवरत कष्ट भोगीरहेका प्राणीहरुलाई आश्रवधर्मको उत्पत्तिले गर्दा अविद्या पनि वृद्धि हुने भयो ।

## संग्रह – गाथा

**पालि–** **वट्टमाबन्ध मिच्चेवं – तेभूमकमनादिकं ।**
**पटिच्चचसमुप्पादोति – पट्ठपसि महामुनि ॥**

भावार्थ– यसरी यो बताएर आइसकेको नय अनुसार निरन्तर घुमिराखेको आदि देखा नपर्ने अथवा जान्न गाह्रो भएको आदि रहेको तीन भूमिका उत्पन्न हुने वर्त धर्मलाई, कारण धर्मको समन्वयलाई मरण बनाएर फलधर्मको उत्पत्ति भनेर भगवान बुद्धले प्रज्ञप्त गर्नु भयो अथवा देशना गर्नु भयो ।

Dhamma.Digital

## प्रस्थान नय

## प्रत्यय २४ वटा

**पालि –** **हेतुपच्चयो आरम्मणपच्चयो अधिपतिपच्चयो अनन्तरपच्चयो समनन्तरपच्चयो सहजातपच्चयो अञ्ञमञ्ञपच्चयो निस्सयपच्चयो उपनिस्सयपच्चयो पुरेजातपच्चयो पच्छाजातपच्चयो आसेवनपच्चयो कम्मपच्चयो विपाकपच्चयो आहारपच्चयो इन्द्रियपच्चयो झानपच्चयो मग्गपच्चयो सम्पयुत्तपच्चयो विप्पयुत्तपच्चयो अत्थिपच्चयो नत्थिपच्चयो विगतपच्चयो अविगतपच्चयोति अयमेत्थ पट्ठाननयो ।**



https://dhamma.digital

भावार्थ – हेतुपच्चयो ......पे°..... अवितगपच्चयो भनेको यो नय यस प्रत्यय - संग्रहमा प्रस्थान -नय भनिन्छ । हेतु प्रत्यय ......पे°..... अविगत प्रत्यय यसरी २४ प्रत्यय महाप्रकरणमा अथवा अनन्तमा भैरहेको समन्त प्रस्थान ग्रन्थमा स्थित भईरहेको छ ।

हेतु पनि हो प्रत्यय पनि भएको धर्म ......पे°..... अविगत पनि हो प्रत्यय पनि भएको धर्म यसरी ४ प्रत्यय महाप्रकरणमा स्थित भइरहेको छ ।

हेतु भएर उपकरक भएको धर्म, आरम्मण भएर उपकारक भएको धर्म, अधिपति भएर उपकारक भएको धर्म, अनन्तर भएर उपकारक भएको धर्म, समनन्तर भएर उपकारक भएको धर्म, सहजात भएर उपकारक भएको धर्म, अञ्ञमञ्ञ (अन्यमन्य) भएर उपकारक भएको धर्म, निस्सय (आधार) भएर उपकारक भएको धर्म, उपनिस्सय (ठूलो भएर) उपकारक भएको धर्म, अगाडि भएर उपकारक भएको धर्म, पछि पछि भएर उकारक भएको धर्म, बार बार आसेवन गर्नुपर्ने भएर उपकारक भएको धर्म अथवा बार बार सेवन गरिने भएर उपकारक भएको धर्म, बिऊ भएर उककारक भएको धर्म, फल भएर उपकारक भएको धर्म, आहार (तेवा दिएर) उपकारक भएको धर्म, इन्द्रिय (अधिकारी) भएर उपकारक भएको धर्म, भ्कान (सँगै बसेर) उपकारक भएको धर्म, मग्ग (कारण भएर) उपकारक भउको धर्म, मिलेर (सम्प्रयुक्त) भएर उपकारक भएको धर्म, विप्रयुक्त भएर उपकारक भएको धर्म, भएको (अत्थि) भएर उपकारक भएको धर्म, नभएको (नत्थि) भएर उपकारक भएको धर्म, अलग भैकन उपकारक भएको धर्म, अलग नभैकन उपकारक भएको धर्म, यसरी २४ वटा प्रत्यय महाप्रकरणमा छन् ।

हेतु शक्तिद्वारा उपकारक भएको धर्म, ..... पे°......



https://dhamma.digital

अविगत शक्तिद्वारा उपकारक भएका धर्म, यसरी २४ प्रत्यय महाप्रकरणमा छन् । यो यस ठाउँमा प्रस्थान नय हो ।

**प्रत्यय ६ वटा संग्रह गाथा**

**पालि–** **छधा नामन्तु नामस्स, पञ्चधा नामरूपिनं । एकधा पुन रूपस्स, रूपं नामस्स चेकधा ॥**

**पञ्ञत्तिनामरूपानि, नामस्स दुविधा द्वयं । द्वयस्स नवधा चेति, छब्बिधा पच्चया कथं ॥**

भावार्थ– उद्देश्य पछि निर्देशलाई बताउँछु, अथवा प्रस्थान- नयलाई बताउँछु । नामले नामलाई परस्पर ६ प्रकारले उपकार गर्छ । नामले नामरूपलाई ५ प्रकारले उपकार गर्छ । फेरी नामले रूपलाई एक प्रकारले उपकार गर्छ । नाम प्रत्यय लाग्नेदेखि पछि रूप प्रत्यय लाग्नेलाई बताउँछु । रूपले नामलाई एक प्रकारले उपकार गर्ने हुन्छ ।

प्रज्ञप्ति नामरूपले नामलाई दुई प्रकारले उपकार गर्ने हुन्छ । शुद्ध पछि मिश्रकलाई बताउँछु । नामरूप दुइ समूहलेनामरूप दुई समूहलाई नौ प्रकारले उपकार गर्ने हुन्छ । यसरी प्रत्ययहरु ६ प्रकारका छन् ।

**नामले नामलाई उपकार गर्ने ६ वटा प्रत्यय**

**पालि –** **अनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पचुप्पन्नानं चित्तचेतसिकानं धम्मानं अनन्तरसमनन्तरनत्थिविगतवसेन, पुरिमानि जवनानि पच्छिमान जवनानं आसेवनवसेन, सहजाता चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सम्पयुत्तवसेनेति च छधा नामं नामस्स पच्चयो होति ।**

भावार्थ – कसरी ?

त्यो कुरालाई प्रष्ट गर्छु अथवा विस्तृत गर्छु । अनन्तर भएर निरोध भैसकेको चित्त चैतसिक भैरहेको अरहन्तहरुको च्युति



https://dhamma.digital

चित्तबाट अलग भएको एककम नब्बे (८९) वटा चित्त, ५२ वटा चैतसिक नामस्कन्धले आफु सँगैसँगै उत्पन्न हुने चित्त र चैतसिक भैरहेको अरहत्तहरुको च्युति चित्त सहित एककम नब्बे (८९) वटा चित्त, ५२ चैतसिक नामस्कन्धलाई अनन्तरशक्ति, समनन्तरशक्ति, नास्तिशक्ति, विगतशक्तिले उपकार गर्ने हुन्छ। अघि अघि उत्पन्न भैरहेको अन्तिमजवन, मार्गजवन, फलजवनबाट अलग भएको ४७ वटा जवन, ५२ वटा चैतसिक नामस्कन्धले पछि पछि उत्पन्न हुने प्रथमजवन, फलजवनबाट अलग भएको ५१ वटा जवन, ५२ वटा चैतसिक नामस्कन्धलाई आसेवनशक्तिले उपकार गर्ने हुन्छ। सहजात चित्त चैतसिक भैरहेको चित्त एककम नब्बे (८९) ५२ वटा चैतसिक नामस्कन्धले परस्पर अथवा एकले अर्कोलाई सम्प्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ। यसरी नामले नामपरस्परलाई ६ प्रकारले उपकारले गर्ने हुन्छ।

**नामले नामरूपलाई उपकार गर्ने प्रत्यय ५ वटा**

**पालि – हेतुझानङ्गमग्गङ्गानि सहजातानं नामरूपानं हेतादिवसेन । सहजाता चेतना सहजातानं नामरूपानं नानाक्खणिका चेतना कम्माभिनिब्बत्तानं नामरूपानं कम्मवसेन विपाकक्खन्धा अञ्ञमञ्ञं सहजातानं रूपानं विपाकवसेनेति च पञ्चधा नामं नामरूपानं पच्चयो होति ।**

भावार्थ – हेतु ध्यानअङ्ग मार्गअङ्गले सँगै उत्पन्न हुने नामरूपले हेतु आदि शक्तिले अथवा हेतुशक्ति ध्यानशक्ति र मार्गशक्तिले उपकार गर्ने हुन्छ। सहजात भएको एककम नब्बे (८९) चित्तमा भएको चेतना एककम नब्बे (८९) चेतनाबाट अलग भएका चैतसिक ५१ वटा चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात कर्मशक्तिले उपकार गर्ने हुन्छ। नानाक्षणमा स्थित भएको अतीत भैरहेको कुशल अकुशल चेतना ३३ वटाले



https://dhamma.digital

कर्म भनिएको आफ्नो कारणले उत्पन्न हुने विपाक ३६ वटा नामस्कन्ध, प्रतिसन्धि कर्मजरूप, अजंज्ञासत्व कर्मजरूप, प्रबृत्ति (पवत्ति) कम्मजरूपलाई नाना क्षणिक कर्मशक्तिले उपकार गर्ने हुन्छ । विपाक ३६ वटा नामस्कन्ध चारवटाले एकले अर्कोलाई र सहजात भैरहेको विज्ञप्ति दुईवटाबाट अलग भएको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई विपाकशक्तिले उपकार गर्ने हुन्छ । यसरी नामले नामरूपलाई पाँच प्रकारले उपकार गर्ने हुन्छ ।

### नामले रूपलाई उपकार गर्ने एउटा प्रत्यय

**पालि – पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातवसेनेति एकधाव नामं रूपस्स पच्चयो होति ।**

भावार्थ – पछि पछि उत्पन्न हुने चित्त र चैतसिक भैरहेको पञ्चवोकर भूमिका उत्पन्न हुने क्षण मात्रमा उत्पन्न भैरहेको अरूपविपाक ४ वटा बाट अलग भएको प्रथम भवाङ्ग आदि पछि पछिको चित्त ८५ वटा चैतसिक ५२ वटा, नामस्कन्ध भन्दा अघि अघि उत्पन्न भैरहेको  यस्तो स्वभाव भएको प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्तसँगै उत्पन्न भएर रूपको स्थितिमा पुगेको एकजकाय, द्विजकाय, त्रिजकाय, चतुर्जकायलाई पच्छाजात (पश्चात्जात) शक्तिले उपकार गर्ने हुन्छ । यसरी रूपलाई नामले एउटै प्रकारले मात्र उपकार गर्ने हुन्छ ।

### रूपले नामलाई उपकार गर्ने एउटा प्रत्यय

**पालि – छवत्थूनि पवत्तियं सत्तन्नं विञ्ञाणधातूनं पञ्चारम्मणानि च पञ्चविञ्ञाणवीथिया पुरेजातवसेनेति एकधाव रुपं नामस्स पच्चयो होति ।**

भावार्थ – ६ वस्तुले अथवा मन्दायुक अमन्दायुक मध्यमायुक हिसाबले तीनवटा मध्येमा मन्दायुक भैरहेको अतीत भवाङ्ग नाघेपछि



https://dhamma.digital

उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुवस्तु ......पे°..... कायवस्तु; प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्तसँग उत्पन्न हुने हृदयवस्तु ; निरोधसमापत्तिबाट उठने अवस्थामा पहिले उत्पन्न हुने हृदयवस्तु ; मरणासन्न अवस्थामा च्युतिदेखि उल्टोबाट गिन्ति गर्दाखेरि १७ वटा चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनिएको ६ वटा वस्तुरूपले प्रबृत्ति अवस्थामा सातवटा विज्ञानधातुलाई वस्तुपुरेजातशक्तिले उपकार गर्ने हुन्छ। पाँच आरम्मणले पञ्चविज्ञान वीथिलाई पनि आरम्मण-पुरेजातशक्तिले उपकार गर्ने हुन्छ । यसरी रूपले नामलाई एउटै प्रकारले मात्र उपकार गर्ने हुन्छ ।

### प्रज्ञप्ति नामरूपले नामलाई उपकार गर्ने

### प्रत्यय २ वटा

**पालि –** **आरम्मणवसेन उपनिस्सयवसेनेति च दुविधा पञ्ञत्ति नामरूपानि नामस्सेव पच्चयाहोन्ति । तत्थ रूपादिवसेन छब्बिधं होति आरम्मणं । उपनिस्सयो पन तिविधो होति आरम्मणूपनिस्सयो अनन्तरूपनिस्सयो पकतूपनिस्सयो चेति ।**

भावार्थ – प्रज्ञप्तिनाम र रूपाले आरम्मणशक्ति र उपनिस्सयशक्तिले यसरी दुईप्रकारले नामलाई नै उपकार गर्ने हुन्छ । ती दुई मध्ये रूपारम्मणादिको हिसाबले वा रूपारम्मण ..... पे°..... धम्मारम्मणको हिसाबले आरम्मण प्रत्यय ६ प्रकारले हुन्छ । आरम्मण प्रत्यय पछि उपनिश्रम प्रत्ययलाई बताउँछु। उपनिश्रय प्रत्यय आरम्मणूपनिश्रय प्रत्यय अनन्रूपनिश्रय प्रत्यय र पकतूपनिश्रय प्रत्यय भनिकन यसरी तीनथरी छ ।

**पालि –** **तत्थ आरम्मणमेव गरुकतं आरम्मणूपनिस्सयो ।**

भावाथ – ती तीन मध्येमा गरुकृत इष्ट भैरहेको निप्पन्नरूप १८ वटा, दोषमूल २ वटा मोहमूल २ वटा, दुःख सहगत काय



https://dhamma.digital

विज्ञानबाट अलग भएको चित्त ८४ वटा दोष, ईर्ष्या, मात्सर्य, कौकृत्य, विचिकित्साबात अलग भएको चैतसिक ४७ वटा, काल विमुक्त भैरहेको निर्वाण भनिएको आरम्मण ६ वटालाई नै आरम्मण उपनिश्रय प्रत्यय भन्छ ।

**पालि–** **अनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा अनन्तरूपनिस्सयो ।**

भावार्थ – अनन्तर भएर निरोध हुने चित्त चैतसिक भैरहेको अरहन्तहरुको च्युतिचित्तबाट अलग भएको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा नामस्कन्धलाई अनन्तर उपनिश्रय प्रत्यय भन्छन् ।

**पालि –** **रागादयो पन धम्मा सद्धादयो च सुखं दुक्खं पुग्गलो भोजनं उतुसेनासनञ्च यथारहं अज्झत्तञ्च बहिद्धा च कुसलादिधम्मानं कम्मं विपाकानन्ति च बहुधा होति पकतूपनिस्सयो ।**

भावार्थ – अनन्तरउपनिश्रय पछि प्रकृति उपनिश्रयलाई बताउँछु । रागादि अथवा राग, दोष, मोह, मान, दृष्टि, प्रार्थना भनिएको धर्म, श्रद्धादि अथवा श्रद्धा, शील, श्रुत, त्याग, र प्रज्ञा भनिएको धर्म, कायिक सुख, कायिक दुःख कल्याणमित्रादि पुद्‌गल योग्य भोजन, योग्य भएको चीसो, तातो भनिएको ऋतु, योग्य विहार, योग्यतानुसार आध्यात्म सन्तानमा र बाहिरिक सन्तानमा कुशलादि धर्मलाई अथवा कुशल २१ वटा, अकुशल १२ वटा विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्धलाई प्रकृत्ति उपनिश्रय शक्तिले उपकार गर्ने हुन्छ। बलवान भैरहेको कुशल अकुशल कर्म विपाक ३६ वटा नामस्कन्धलाई प्रकृतिउपनिश्रय शक्तिले उपकार गर्ने हुन्छ । यसरी प्रकृतिउपनिश्रय अनेक भेदको छ ।



https://dhamma.digital

## नामरूप दुइवटाले नामरूपलाई उपकार गर्ने

### प्रत्यय ९ वटा

**पालि –** **अधिपति सहजात अञ्ञमञ्ञ निस्सयाहारिन्द्रिय विप्पमुत्त अत्थि अविगतवसेनेति यथारहं नवधा नामरूपानि नामरूपानं पच्चया भवन्ति ।**

भावार्थ – अधिपति शक्ति, सहजात शक्ति, अन्यमन्य शक्ति, निश्रय शक्ति, आहार शक्ति, इन्द्रिय शक्ति, विप्रयुक्त शक्ति, अस्ति शक्ति, अविगत शक्ति, नामरूपले अथवा अधिपति प्रत्यय .....पे°...... अविगत प्रत्यय हिसाबले यसरी ९ प्रकारको नामरूपले नामरूपलाई योग्यतानुसार उपकार गर्ने हुन्छ ।

**पालि –** **तत्थ गरुकतमारम्मणं आरम्मणाधिपतिवसेन नामानं सहजाताधिपति चतुब्बिधोपि सहजातवसेन सहजातानं नामरूपानन्ति च दुविधो होति अधिपतिपच्चयो ।**

भावार्थ – ती ९ प्रत्यय मध्येमा गरुकृत इष्ट भैरहेको निष्पन्नरूप १८ वटा, दोष मूल २ वटा मोहमूल २ वटा, दुःखसहगत कायविज्ञानबाट अलग भएको चित्त ८४ वटा, दोष, ईर्ष्या, मात्सर्य, कौकृत्यर विचिकित्साबाट अलग भएको चैतसिक ४७ वटा, काल विमुक्त भैरहेको निर्वाण भनिएको आरम्मण ६ वटाले गरुकारक लोभमूल ८ वटा महाकुशल चित्त ८ वटा, महाक्रिया ज्ञानसम्प्रयुक्त चित्त ४ वटा लोकुत्तर चित्त ८ वटा दोष, ईर्ष्या, मात्सर्य, कौकृत्य, विचिकित्सा र अपप्माणबाट अलग भएको चैतसिक ४५ वटा नामस्कन्धलाई आरम्मण अधिपतिशक्तिले उपकार गर्ने हुन्छ । चारै प्रकारले भैरहेको मोह मूल २ वटा हसितुपादबाट अलग भएको अधिपति हुने अवस्थामा मात्र उत्पन्न हुने साधिपति जवन ५२ वटामा भएको छन्द, वीर्य, विमंश, साधिपति, जवन ५२ वटा, विचिकित्साबाट अलग भएको चैतसिक ५१ वटा, साधिपति



https://dhamma.digital

चित्तजरूपलाई सहजाताधिपतिशक्तिले उपकार गर्ने हुन्छ । यसरी पनि अधिपति प्रत्यय दुईप्रकारको छ ।

**पालि –** **चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सहजातरूपानञ्च, महाभूता अञ्ञमञ्ञं उपादारूपानञ्च, पटिसन्धिक्खणे वत्थुविपाका अञ्ञमञ्ञन्ति च तिविधो होति सहजातपच्चयो ।**

भावार्थ – चित्त चैतसिक भैरहेको नामस्कन्ध एउटाले अर्कोलाई र सहजात भैरहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजातशक्तिःले उपकार गर्ने हुन्छ । महाभूतले एकले अर्कालाई र उपादारूपलाई सहजातशक्तिले उपकार गर्ने हुन्छ । प्रतिसन्धि अवस्थामा हृदयवस्तु पञ्चवोकार प्रतिसन्धि नामस्कन्धले एकले अर्कालाई सहजातशक्तिले उपकार गर्ने हुन्छ । यसरी पनि सहजात प्रत्यय तीन प्रकारको छ ।

पालि - **चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं, महाभूता अञ्ञमञ्ञं पटिसन्धिक्खणे वत्थुविपाका अञ्ञमञ्ञन्ति च तिविधो होति अञ्ञमञ्ञपच्चयो ।**

भावार्थ – चित्त-चेतसिक धर्मले अन्योन्य (परस्पर), महाभूतरूपले अन्योन्य प्रतिसन्धिक्षणमा हृदयवस्तु र विपाक अन्योन्य गरी त्रिविध छन् अन्योन्य प्रत्यय ।

**पालि –** **चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सहजातरूपानञ्च महाभूता अञ्ञमञ्ञं उपादारूपानञ्च छवत्थूनि सत्तन्नं विञ्ञाणधातुनन्ति च तिविधो होति निस्सयपच्चयो ।**

भावार्थ – चित्त चैतसिक भैरहेको नामस्कन्धले एकले अर्कोलाई सहजात भैरहेको चित्तरूप प्रतिसन्धि कर्मजरूपलाई सहजात निश्रयशक्तिले उपकार गर्ने हुन्छ । महाभूतले एकले अर्कोलाई र उपादारूपलाई सहजान निश्रयशक्तिले उपकार गर्ने हुन्छ । छ वस्तुले अथवा गन्दायुक, अमन्दायुम, मध्यमायुक हिसाबले



https://dhamma.digital

तीन मध्येमा मध्यमायुक भैरहेको अतीत भवाङ्ग एउटा नाघेपछि उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुवस्तु .... पे°.... कायवस्तु, प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्त सँगै उत्पन्न हुने हृदयवस्तु, निरोध समापत्तिबाट उठ्ने अवस्थामा पहिले उत्पन्न हे हृदयवस्तु मरणासन्न अवस्थामा च्युति देनि उल्टोबाट गिन्ति गर्दाखेरि १७ औँ चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनेको ६ वटा वस्तुरूपले पञ्चवोकार भूमिका उत्पन्न हुने अवस्थामा अरूपविपाक चारबाट अलग भएको सातवटा विज्ञानधातुलाई पुरेजात निश्रयशक्तिलाई उपकार गर्ने हुन्छ । यसरी पनि निश्रय तीन प्रकारको छ ।

**पालि – कबलीकारो आहारो इमस्स कायस्स अरूपिनो आहारा सहजातानं नामरूपानन्ति च दुविधो होति आहारपच्चयो ।**

भावार्थ – गाँस हाल्न नपरे पनि गाँस हाले जस्तै गर्नुपर्ने खाद्यवस्तु, भोज्य इत्यादिमा भएको बाहिरिक ओजाले यस्तो स्वभाव भएको आहारजकायलाई अथवा गाँग हाल्न नपरे पनि हाल्नुपर्ने जस्तो आध्यात्म सन्तानमा भएको चतुरामुट्ठानिक ओजा र बाहिरिक सन्तानमा भएको ऋतुज ओजाले यस्तो स्वभाव भएको समान कलाप ओजाबाट अलग भएको समान कलाप र कलाप भेद भैरहेको चतुसमुट्ठानिक कायलाई रूप आरशक्तिले उपकार गर्ने हुन्छ । नाम भैरहेको स्पर्श चेतना र विज्ञान भनिएको नाम आहार तीनवटाले सहजात भैरहेको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा, चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई नाम आहारशक्तिले अथवा सहजातशक्तिले उपकार गर्ने हुन्छ। उसरी पनि आहारप्रत्यय दुई प्रकारको छ।

**पालि – पञ्चपसादा पञ्चन्नं विञ्ञाणानं रूपजीवितिन्द्रियं उपादिन्नरूपानं अरूपिनो इन्द्रिया सहजातानं नामरूपानन्ति च तिविधो होति इन्द्रियपच्चयो ।**



https://dhamma.digital

भावार्थ – पाँच प्रसादरूपले अथवा मन्दायुक, अमन्दायुक, मध्यमायुक हिसाबले तीन मध्येमा मध्यमायुक भैरहेको अतीत भवाङ्ग एउटा नाघेपछि उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुप्रसाद .....पे°..... कायप्रसादले पाँच विज्ञानलाई अथवा चक्षुविज्ञान .....पे°..... कायविज्ञानलाई पुरेजात इन्द्रियशक्तिले उपकार गर्ने हुन्छ । प्रबृत्ति प्रतिसन्धि तरिकाले रूपजीवितिन्द्रियले रूपजीवितिन्द्रियबाट अलग भएको समान कलाप भैरहेको प्रतिसन्धि कर्मजरूप, असंज्ञासत्व कर्मरूप, प्रबृत्ति कर्मजरूपलाई रूपजीवितिन्द्रियशक्तिले उपकार गर्ने हुन्छ । नाम भैरहेको जीवित, चित्त, वेदना, श्रद्धा, वीर्य, स्मृति, एकाग्रता, प्रज्ञाको रूपमा नाम इन्द्रिय स्वरप आठवटाले सहजात भैरहेको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा, चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात इन्द्रियशक्तिले उपकार गर्ने हुन्छ । यसरी पनि इन्द्रियप्रत्यय तीन प्रकारको छ ।

**पालि – ओक्कन्तिक्खणे वत्थु विपाकानं चित्तचेतसिका धम्मा सहजातरूपानं सहजातवसेन पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातवसेन छवत्थूनि पवत्तियं सत्तन्नं विञ्ञाणधातूनं पुरेजातवसेनेति च तिविधो होति विप्पयुत्तपच्चयो ।**

भावार्थ – प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्धसँगै उत्पन्न हुने हृदयवस्तुले पञ्चवोकार प्रतिसन्धि नामस्कन्धलाई सहजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ । चित्त चैतसिक भैरहेको पञ्चवोकार भूमिका उत्पन्न हुने अवस्थामा उत्पन्न भैरहेको अरूप विपाक ४ वटाले द्विपञ्चविज्ञान १० वटा, अरहन्तहरुको च्युतिचित्तबाट अलगं भएको चित्त ७५ वटा नामस्कन्धले सहजात भैरेहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ । पछि पछि उत्पन्न हुने चित्त चैतसिक भैरहेको पञ्चवोकार



https://dhamma.digital

भूमिका उत्पन्न हुने अवस्थामा उत्पन्न भैरहेको अरूप विपाकं ४ वटाले अलग भैरहेको प्रथम भवाङ्ग आदि पछि पछिको चित्त ८५ वटा नामस्कन्धले पहिले पहिले उत्पन्न भैरहेको यस्तो स्वभाव भएको प्रतिसन्धि आदि पहिले पहिलेको चित्तसँगै उत्पन्न भएर रूपको स्थितिमा रहेको एकजकाय, द्विजकाय, त्रिजकाय, चतुर्जकायलाई पश्चात्जात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ। छ वस्तुले अथवा मन्दायुक, अमन्दायुक, मध्यमायुक हिसाबले तीनवटा मध्येमा मध्यमायुक भएर अतीतभवाङ्ग एउटा नाघेपछि उत्पत्ति सँगसगै उत्पत्ति हुने चक्षुवस्तु .....पे°..... कायवस्तु प्रतिसन्धि आदि पहिले पहिलेका चित्तसँग उत्पन्न हुने हृदयवस्तु, निरोध समापत्तिबाट उठने अवस्थामा पहिले उत्पन्न हुने हृदयवस्तु, मरणासन्न अवस्थामा च्युतिदेखि उल्टो गिन्ति गर्दा १७ औं चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनिएको ६ वटा वस्तुरूपले प्रबृत्ति अवस्थामा अरूप विपाक ४ वटाबाट अलग भएको सातवटा विज्ञानधातुलाई वस्तुपुरेजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ। यसरी पनि विप्रयुक्त प्रत्यय तीन प्रकारको छ।

### संग्रह – गाथा

**पालि – सहजातं पुरेजातं, पच्छाजातं च सब्बथा।**
**कबललीकारो आहारो, रूपजीवित – मिच्चयन्ति।**
**पञ्चविधो होति अत्थि पच्चयो अविगतपच्चयो च।**

भावार्थ – मैले सबै प्रकारले बताई आएको तीन प्रकारले राहजात प्रत्यय, दुई प्रकारले पुरेजात प्रत्यय, पश्चात्जात प्रत्यय, गाँस हाल्न नपरेपनि हाल्नु पर्ने जस्तो आहार प्रत्यय र रूपजीवितिन्द्रिय यसरी पाँच प्रकारको यो प्रत्यय धर्मलाई अस्ति प्रत्ययसँगै अविगत प्रत्यय पनि भनिन्छ।



https://dhamma.digital

## संक्षिप्तले प्रत्यय

**पालि– आरम्मणूपनिस्सयककम्मत्थिपच्चयेसु च सब्बेपि पच्चया समोधानं गच्छन्ति ।**

भावार्थ– नीतार्थ पछि नैयार्थलाई बताउँछु । सबै प्रत्ययलाई आरम्मण, उपनिश्रय, कर्म र अस्ति प्रत्यय अन्तर्गत गर्ने हुन जान्छ ।

**विशेष – रुपमा**

**पालि– सहजातहरूपन्ति पनेत्थ सब्बत्थापि पवत्त चित्तसमुट्ठानानं पटिसन्धियं कटत्तारूपानञ्च वसेन दुविधं होतीति वेदितब्बं ।**

भावार्थ– विशेष कुरा बताउँछु । यो प्रस्थाननयमा हेतु आदि प्रत्ययलाई विस्तृतरूपले देखाउने सम्पूर्ण क्षेत्रमा म अनुरुद्धाचार्यले बताई आएको सहजातरूप भनिएको प्रबृत्ति अवस्थामा चित्त नै उत्पत्ति कारण भैरहेको अथवा चित्तबाट उत्पन्न हुने रूपको र प्रतिसन्धि अवस्थामा कर्मजरूपको हिसाबले दुई प्रकारले छ भनि जान्नुपर्छ ।

## संग्रह – गाथा

**पालि– इति तेकालिका धम्मा, कालमुत्ता च सम्भवा । अज्झत्तं च बहिद्धा च, सङ्खतासङ्खता तथा ॥**

**पञ्ञत्तिनामरूपानं, वसेन तिविधा ठिता । पच्चया नाम पट्ठाने, चतुवीसति सब्बथा ॥**

भावार्थ– यसरी माथि बताइ आएको नय अनुसार योग्यतानुरूप तीन काल पनि भएको, तीनै कालले अलग भएको, आध्यात्म सन्तान पनि भएको, बाहिरिक सन्तान पनि भैरहेको, त्यस्तै प्रकारले प्रत्युत्पन्न पनि भैरहेको, प्रत्यय पनि भैरहेको स्वभाव धर्महरु प्रज्ञाप्त नामरूपको हिसाबले तीन प्रकारको छ । सबै नै २४ वटा प्रस्थान ग्रन्थमा प्रत्यय भनिएको २४ वटा भएको छ ।



https://dhamma.digital

## नामरूप छुट्याउने

**पालि –** **तत्थ रूपधम्मा रूपक्खन्धो व । चित्तचेतसिकसङ्खाता चत्तारो अरूपिनो खन्धा निब्बानञ्चेति पञ्चविधम्पि अरूपन्ति च नामन्ति च पवुच्चति ।**

भावार्थ – विशेष कुरा वताउँछु । यो प्रस्थाननयमा हेतु आदि प्रत्ययलाई विस्तृतरूपले देखाउने सम्पूणृ क्षेत्रमा म अनुरुद्धाचार्यले बताई आएको सहजातरूप भनिएको प्रबृत्ति अवस्थामा चित्त नै उत्पत्ति कारण भैरहेको अथवा चित्तबाट उत्पन्न हुने रूपको र प्रतिसन्धि अवस्थामा कर्मजरूपको हिसाबले दुई प्रकारको छ भनि जान्नुपर्छ ।

## प्रज्ञप्ति भेद

**पालि –** **ततो अवसेसा पञ्ञत्ति पन पञ्ञापियत्ता पञ्चत्ति पञ्ञापनातो पञ्ञत्तीति दुविधा होन्ति ।**

भावार्थ – नामरूप पछि प्रज्ञप्तिलाई बताउँछु । ती नामरूपबाट बाकि रहेका प्रज्ञप्ति, प्रकार प्रकारले बुझाउँदा अर्थप्रज्ञप्ति अथवा वाच्यप्रज्ञप्ति प्रकार प्रकारले बुझीराख्नाले शब्द प्रज्ञप्ति अथवा वाच्यप्रज्ञप्ति यसरी दुई प्रकारको छ ।

## अर्थप्रज्ञप्ति भेद

**पालि –** **कथं ?**

**तं तं भूतविपरिनामाकारमुपादाय तथा तथा पञ्ञत्ता भूमिपब्बतादिका, सम्भारसन्निवेसाकारमुपादाय गेहरथसकटादिका, खन्धपञ्चकमुपादाय पुरिसगुग्गलादिका। चन्दावट्टनादिकमुपादाय दिसाकालादिका, असम्फुट्ठाकारमुपादाय कूपगुहादिका, तं तं भूतनिमित्तं भावनाविसेसञ्च उपादाय कसिणनिमित्तादिका चेति एवमादिप्पभेदा पन परमत्थतो अविज्जमानापि अत्थच्छायाकारेन चित्तुप्पादानामारम्मणभूता तं तं उपादाय**



https://dhamma.digital

**उपनिधाय कारणं कत्वा तथा तथा परिकप्पियमाना सङ्खायति समञ्ञायति बोहरियति पञ्ञपीयतीति पञ्ञत्तीति पवुच्चति । अयं पञ्ञत्ति पञ्ञापियत्ता पञ्ञत्ति नाम ।**

भावार्थ - कसरी छन् ?

विस्तुत गर्दछु अथवा त्यस कुरालाई प्रकट गर्दछु । त्यो पृथ्वी आदि महाभूतको विपरिणाम आकारलाई आधार गरेर त्यस त्यस आकारले प्रज्ञप्त गरिराखेका पृथ्वी पर्वतादि संस्थान प्रज्ञप्ति, काठ, माटोको डल्लो, धागो आदि सामाग्री समूह भैरहेको आकारलाई आधार लिएर त्यस त्यस आकारले प्रज्ञप्त गरीराखेका घर, रथ, गाडा, माटाका भाँडा, कपडा आदि समूह प्रज्ञति, स्कन्धसमूह पाँचवटालाई आधार गरेर त्यस त्यस पकारले प्रज्ञप्त गरिराखेका पुरुष पुद्‌गलादि जाति प्रज्ञप्ति, चन्द्र, सूर्य, नक्षत्रको सुमेरु पर्वतलाई दाहि तर्फबाट परिक्रमा गरेर जाने आकारलाई आधार गरेर त्यस त्यस आकारले प्रज्ञप्त गरी राखेका पूर्व दिशादि दिशा प्रज्ञप्ति, बिहान आदि काल प्रज्ञप्ति, त्यो त्यो रूप कलाप तर्फबाट छुन नसकिने प्वाल आदि आकारलाई आधार लिएर त्यो त्यो आकारले प्रज्ञप्त गरी राखेका इनार, गुफा, प्वाल आदि आकाश प्रज्ञप्ति, त्यस त्यस आकारले प्रज्ञप्त हुने पृथ्वी कसिण आदि निमित्तलाई र परिकर्मादि भेद भैरहेको भावनाको क्रम भनिएको विशेषतालाई आधार लिएर त्यस त्यस आकारले प्रज्ञप्त गरी राखेको कसिण निमित्त, अशुभ निमित्त, उग्रह निमित्त, प्रतिभाग निमित्तादि निमित्त प्रज्ञप्ति, यसरी यस्तो प्रभेद भएको, परमार्थ हिसाबले विद्यमान नभएपनि परमार्थका छायां नक्कल भनिएको आकारले चित्त चैतसिकको आरम्मण भैरहेको अर्थप्रज्ञप्तिलाई त्यस त्यस आकारलाई आधार गरेर, आड लिएर, कारण तुल्याई त्यस त्यस आकारले परिकल्पना गरेर हिसाव गर्नु पर्छ । सम्मति (नाउँ) दिनुपर्छ । व्यवहार



https://dhamma.digital

गर्नुपर्छ । विशेषरूपले बुझाउनुपर्छ । तसर्थ प्रज्ञप्ति भनेर अथवा वाच्यप्रज्ञप्ति भनी विशेषरूपले बताई राखेको छ । यो प्रज्ञप्तिलाई विशेषरूपले बुझाउनु पर्ने हुनाले अर्थप्रज्ञप्ति वा वाच्यप्रज्ञप्ति भन्छ ।

## शव्द प्रज्ञप्ति ६ वटा

**पालि - पञ्ञापनतो पञ्ञत्ति पन नाम नामकम्मादि नामेन परिदीपिता, सा विज्जमानपञ्ञत्ति, अविज्जमानपञ्ञत्ति, विज्जमानेन अविज्जमानपञ्ञत्ति अविज्जमानेन विज्जमानपञ्ञत्ति, विज्जमानेन विज्जमानपञ्ञत्ति, अविज्जमानेन अविज्जमानपञ्ञत्ति चेति छब्बिधा होति ।**

भावार्थ – अर्थप्रज्ञप्ति पछि शव्दज्ञप्तिलाई बताउँछु । (बुझाउनु) विदित गराउनाले शव्दप्रज्ञप्तिलाई नाम, नामकर्म इत्यादि नामले वा नाम, नामकर्म, नामधेय्य, निरुक्ति, ब्यञ्जन, अभिलाप भन्ने ६ वटा नामले अथवा अर्थमा झुक्ने झुकाई राख्ने भनेको नामधेय्य, निकालेर देखाउने बिग्रह भनेको निरुक्ति अर्थलाई देखाउने वाकय भनेको ब्यञ्जन, सीधा अर्थलाई देखाउने शव्द भनेको अभिलाप, यसरी ६ वटा नामले देखाउनु पर्छ ।

ती ६ वटा नामले देखाउन हुने शव्दप्रज्ञप्ति र परमार्थ हिसाबले भैरहेको विद्यमान प्रज्ञप्ति; परमार्थ हिसाबले नभईरहेको अविद्यमान प्रज्ञप्ति; परमार्थ हिसाबले भएको साथै नभईपनि रहेको विद्यमानेन अविद्यमानप्रज्ञप्ति; परमार्थ हिसाबले नभई रहेको साथै भएको अविद्यमानेन विद्यमानप्रज्ञप्ति; परमार्थ हिसाबले भएर भईनैरहेको विद्यमानेन विद्यमानप्रज्ञप्ति र परमार्थ हिसाबले नभएर नभईनै रहेको अविद्यमानेन अविद्यमानप्रज्ञप्ति यसरी ६ प्रकारको छ ।

**पालि - तत्थ यदा पन परमत्थतो विज्जमानं रूपवेदनादिं एताय पञ्ञापेन्ति, तदायं विज्जमानपञ्ञत्ति ।**



https://dhamma.digital

भावार्थ - विस्तृतले बताउँछ अथवा त्यस कुरालाई प्रकट गर्दछु । ती छ प्रज्ञप्तिहरु मध्येमा जुनबेला त्यो रूप वेदना आदि शव्द प्रज्ञप्तिले परमार्थ हिसाबले भईरहेको रूपवेदनादिलाई विशेषरूपले जान्न लगाउने हो त्यति बेला रूपवेदनादि प्रज्ञप्तिलाई परमार्थ हिसाबले भईरहेको विद्यमान शव्दप्रज्ञप्ति भनि भनिन्छ ।

**पालि - यदा पन परमत्थतो अविज्जमानं भूमिपब्बतादिं एताय पञ्ञापेन्ति । तदायं अविज्जमानपञ्ञत्तीति पवुच्चति ।**

भावार्थ - विद्यमान प्रज्ञप्ति पछि अविद्यमान प्रज्ञप्तिलाई बताउँछु । जुनबेला त्यो भूमि पर्वतादि शव्दप्रज्ञप्तिले परमार्थ हिसाबले नभैरहेको भूमि पर्वतादिलाई विशेष रूपले बुझाई दिने हो; त्यतिबेला यो भूमि पर्वतादि प्रज्ञप्तिलाई परमार्थ हिसाबले नभईरहेको अविद्यमान शव्दप्रज्ञप्ति भनि भनिन्छ ।

**पालि - उभिन्नं पन वोमिस्सकवसेन सेसा यथाक्कमं छलभिञ्ञो इत्थिसद्दो चक्खुविञ्ञाणं राजपुत्तोति च वेदित्तब्बा ।**

भावार्थ - शुद्ध पछि मिश्रकलाई बताउँछु । विद्यमानप्रज्ञप्ति अविद्यमानप्रज्ञप्ति दुइवटाको मिश्रक हिसाबले विद्यमानप्रज्ञप्ति अविद्यमानप्रज्ञप्ति दुइवटाबाट बाँकि रहेको विद्यमानेन अविद्यमानप्रज्ञप्ति, अविद्यमानेन विमानप्रज्ञप्ति, विद्यमानेन विद्यमानप्रज्ञप्ति, अविद्यमानेन अविद्यमानप्रज्ञप्ति चारवटालाई क्रमशः ६ अभिज्ञा भएका, स्त्री शव्द, चतुवस्तुलाई आधार लिएर उत्पन्न हुने विज्ञान, राजाको छोरा भनि जान्नु पर्छ ।

### प्रज्ञप्ति २ वटालाई जान्ने र प्रज्ञप्ति उत्पन्न हुने

**पालि - वचीघोसानुसारेन, सोतविञ्ञाणवीथिया । पवत्तानन्तरुप्पन्न, मनोद्वारस्स गोचरा ॥ अत्था यस्सानुसारेन, विञ्ञायन्ति ततो परं । सायं पञ्ञत्ति विञ्ञेय्या, लोकसङ्केतनिम्मिता ॥**



https://dhamma.digital

भावार्थ - भूमि, पर्वत, रूप, वेदनादि ववचीमय शव्दलाई क्रमशः आरम्मंण गरेर उत्पन्न हुने श्रोतविञ्ञाण वीथि, तदनुवर्तक मनोद्वार वीथिको; अथवा मूल टीकाचार्यको मतानुसार श्रोतद्वार वीथि तदनुवर्तक मनोद्वार वीथि शुद्ध मनोद्वार वीथि उत्पन्न भैसकेपछि नजिकै नामप्राज्ञप्तिलाई चिन्तन गरिने आकारले उत्पन्न हुने मनोद्वारिक विज्ञान क्रमको अथवा उत्पन्न भैसकेपछि नजिकै उत्पन्न हुने भूमि, पर्वत, रूप, वेदनादि अर्थको नाउँ हो भनिकन पहिले जानि राखेका आदिकल्पिक विद्वानहरुको संकेत प्रज्ञप्तिलाई आधार लिएको मनोद्वारिक विज्ञान क्रमको आरम्मण भैरहेको त्यो भूमि, पर्वत, रूप, वेदनादि नामप्रज्ञप्तिलाई ग्रहण गर्ने मनोद्वारिक विज्ञान क्रम पछ कुनै सम्मुत्ति परमार्थ हिसाबले भेद भैरहेको भूमि, पर्वत, रूप, वेदनादि नामप्रज्ञप्तिलाई क्रमगत अनुसार समुति परमार्थ हिसाबले भेद भैरहेको पृथ्वी, पहाड, रूप, वेदानादि अर्थप्रज्ञप्तिलाई जान्नुपर्छ; त्यस पृथ्वी पहाड, रूप, वेदनादि अर्थप्रज्ञप्तिलाई विशेषरूपले बुझाउने भूमि, पर्वत, रूप, वेदनादि अक्षर वर्णको क्रम भनेको नाम प्रज्ञप्तिलाई आदिकल्पिक विद्वानहरुको संकेत प्रज्ञप्तिले सिद्ध भईराखेको भनि जान्नुपर्छ ।

## प्रत्यय काण्डको निगमन

**पालि - इति अभिधम्मत्थसङ्गहे पच्चयसङ्गहविभागो नाम अट्ठमो परिच्छेदो ।**

भावार्थ - असिभधर्मार्थसंग्रह नामको ग्रन्थमा प्रत्ययसंग्रह विभाग नामको आठौ काण्ड सम्पन्न भयो ।

- ० -



https://dhamma.digital

# कर्मस्थान – काण्ड ९

## प्रतिज्ञा

**पालि -** **समथविपस्सनानं, भावनानमितो परं । कम्मट्ठानं पवक्खामि, दुविधम्पि यथाक्कमं ॥**

भावार्थ - यस प्रस्थान-संग्रह पछि शमथ र विपश्यना भनिएको अथवा नीवरणलाई शान्त गर्ने हुनाले शमथ; अनित्य, दुःख, अनात्म, भनिएको आकारले देखिने हुनाले विपश्यना भएिको दुई भावनाको दुई प्रकार पनि भएको कर्मस्थान, दुई प्रकारले भएको भावना, कर्मको उत्पत्ति कारणले हुने हुनाले कर्मस्थान भइरहेको पृथ्वी कसिणादि प्रज्ञप्ति त्रैभूमिक संस्कार भनिएको आरम्मण, पछि पछिको भावना कर्मको नजिकको कारण भइरहेको पहिले पहिलेको भावनाकर्म भनिएको कर्मस्थान, ध्यान सुख, फल सुख, निर्वाण सुख आदिको कारण भइरहेको भावना कर्म भनिएको कर्मस्थानलाई क्रमशः नीवरणलाई शान्त गर्ने शमथ; अनित्य, दुःख, अनात्म भनिएको आकारले देखिने विपश्यनाको क्रमलाई म विशेष रूपले बताउँछु ।

## शमथ कर्मस्थान नय

Dhamma.Digital

### कर्मस्थानमा संक्षिप्त मातृका ४० वटा

**पालि -** **तत्थ समथसङ्गहे ताव दस कसिणानि, दस असुभा, दस अनुस्सतियो, चतस्सो अप्पमञ्ञायो, एका सञ्ञा, एकं ववत्थानं चत्तारो आरुणा चेति सत्तविधेन समथकम्मट्ठानसङ्गहो ।**

भावार्थ - ती शमथ र विपश्यना भावना दुई मध्येमा शमथ संग्रहमा विभाजन गर्नेलाई पहिले बताउंछु । कसिण १० वटा, अशुभ १० वटा, अशुभ १० वटा, अनुस्मृति १० वटा, अप्रमाण्ढ ४ वटा, संज्ञा १ वटा, व्यवत्थान १ वटा, र आरूपय ४ वटा, यसरी शमथ कर्मस्थान संग्रह ७ किसिमको छ भनि जान्नु पर्दछ ।



https://dhamma.digital

## चरित्र ६ वटा

**पालि - रागचरिता दोसचरिता मोहचरिता सद्धाचरिता बुद्धिचरिता वितक्कचरिता चेति छब्बिधेन चरित सङ्गहो ।**

भावार्थ - राग चरित्र वा बढी भएको राग नटुटीकन उत्पन्न हुने राग अथवा राग स्वभाव; दोष चरित्र वा बढी भएको दोष नटुटीकन उत्पन्न हुने दोष अथवा दोष स्वभाव; मोह चरित्र वा बढी भएको मोह नटुटीकन उत्पन्न हुने मोह अथवा मोह स्वभाव; श्रद्धा चरित्र वा बढी भएको श्रद्धा नटुटीकन उत्पन्न हुने श्रद्धा अथवा श्रद्धा स्वभाव; बुद्धि चरित्र वा बढी भएको बुद्धि नटुटीकन उत्पन्न हुने बुद्धि अथवा बुद्धि स्वभाव र वितर्क चरित्र वा बढी भएको, वितर्क नटुटीकन उत्पन्न हुने वितर्क अथवा वितर्क स्वभाव; यसरी चरित्र-संग्रह ६ प्रकारको छ भनि जान्नु पर्दछ ।

## भावना ३ वटा

**पालि - परिकम्मभावना उपचारभावना अप्पनाभावना चेति तिस्सो भावना ।**

भावार्थ - परिकर्म भावना, अर्पणा भावनालाई संस्कृत गर्ने अथवा अर्पणा भावनाको अगाडी उत्पन्न हुने भावना; उपचार भावना, तदङ्ग प्रहाणले नीवरणलाई छुटाएदेखि गोत्रभू अन्त भएको कामावचर भावना अथवा अर्पणाको नजिकै भएको भावना र अर्पणा भावना वा महर्गत रूपमा पुगेको अर्पणा भावना; यसरी भावना तीनथरी छन् भनि जान्नु पर्दछ ।

## निमित्त ३ वटा

**पालि - परिकम्मनिमित्तं उग्गहनिमित्तं पटिभागनिमित्तञ्चेति तीणि निमित्तानि च वेदितब्बानि ।**

भावार्थ-परिकर्म निमित्त, पृथ्वी पृथ्वी इत्यादि रूपले भाविता गर्ने परिकर्म भावनाको आरम्मण भइरहेको कसिणमण्डलादि



https://dhamma.digital

परिकर्म निमित्त; उग्गह निमित्त, चक्षुविज्ञानले देखिने जस्तै मनोद्वारिक कुशलजवनले गृहित भएको आरम्मण भइरहेको कसिण मण्डलादि उग्रह निमित्त अथवा चक्षु विज्ञानले देखिने जस्तै मनोद्वारिक कुशल जवनले गृहित गर्ने योगी पुद्गलको आरम्मण भइरहेको कसिण मण्डलादि उग्रह निमित्त समान भएको नीलो रङ्ग आदि कसिण दोषले अलग भएको उपचार अर्पणाको आरम्मण भइरहेको कसिण मण्डलादि प्रतिभाग निमित्त; यसरी निमित्त पनि तीनवटा छन भनी जान्नु पर्दछ ।

## कसिण ३ वटा

**पालि - कथं ?**

**पथवीकसिणं आपोकसिणं तेजोकसिणं वायोकसिणं नीलकसिणं पीतकसिणं लोहितकसिणं ओदातकसिणं आकासकसिणं आलोककसिणञ्चेति इमानि दस कणिनि नाम ।**

भावार्थ - कसरी जान्ने ? ....

पृथ्वी पवनै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको आप कसिण; आगो नै अंश मात्रमा नरही अन्त नभएको व्याप्त रूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको तेजो कसिण; वायु नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको वायो कसिण; नीलो रङ्गग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको वायो कसिण; नीलो रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको पीत कसिण; रातो रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको लोहित कसिण; सेतो



https://dhamma.digital

रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्त रूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको ओदात कसिण; परिच्छेद भैरहेको आकाश नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पुर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको परिच्छेदाकाश कसिण र पर्खालको प्वाल आदिमा देखिने चन्द्र सूर्यादिको ज्योति नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाउँ भइरहेको आलोक कसिण, यसरी यिनलाई दश कसिण भन्छन् ।

## अशुभ १० वटा

**पालि -** **उद्धमातकं विनीलकं विपुब्बकं विच्छिद्दकं विक्खायितकं विक्खित्तकं हतविक्खित्तकं लोहितकं पुलवकं अट्ठिकञ्चेति इमे दस असुभा नाम ।**

भावार्थ - मृत्यु पछि वायुले भरिएको छालाको थैलीझैं फुलेर घिनलाग्दो उद्धुमातकं मृतक शरीर; सेतो रातो मिलेर विशेषगरि नीलो रङ्ग भई घिनलाग्दो विनीलकं मृतक शरीर; पीप बगेर घिनलाग्दो विपुब्बकं मृतक शरीर; बीचमा भाँचिएर वा दुईटुक्रा भएर घिनलाग्दो विछिद्दकं मृतक शरीर; कुक्कुर स्याल आदिले टुक्रा टुक्रा पारी खाई राखेको भएर घिनलाग्दो विक्खायितकं मृतक शरीर; कुकुर स्याल आदिहरुले नाना प्रकारले लुछेर यताउती छरी राखेकोले घिन लाग्दो विक्खित्तकं मृतक शरीर; कागको खुट्टाको आकार आदि भएर शस्त्र अस्त्रादिले काटी नाना प्रकारले फाली राखेकोले घिनलाग्दो भएको हतविक्खितकं मृतक शरीर; बगीरहेको रगत भएर घिनलाग्दो लोहितकं भएको मृतक शरीर; स्याउं स्याउं कीरा परेर घिनलाग्दा भएको पुलुवकं मृतक शरीर; र हाड समूह मात्र भएर घिन लाग्दो भएको अट्ठिकं मृतक शरीर; यसरी यिनलाई दश अशुभ भन्छन् ।



https://dhamma.digital

## अनुस्मृति १० वटा

**पालि - बुद्धानुस्सति धम्मानुस्सति संघानुस्सति सीलानुस्सति चागानुस्सति देवतानुस्सति उपसमानुस्सति मरणानुस्सति कायगतासति आनापानस्सति चेति इमा दस अनुस्सतियो नाम ।**

भावार्थ - अरहतादि बुद्धको गुण ९ वटालाई बार बार स्मरण गर्ने बुद्धानुरमृति; स्वाक्खाततादि धर्मको ६ वटा गुणलाई वार वार स्मरण गर्ने धर्मानुस्मृति; सुप्रतिपन्नतादि संघको ९ वटा गुणलाई बार बार स्मरण गर्ने संघानुस्मृति; आफ्नो शीव गुणधर्मलाई बार बार स्मरण गर्ने शीलानुस्मृति; आफ्नो त्याग गुणधर्मलाई बार बार स्मरण गर्ने त्यागानुस्मृति; जुन श्रद्धादि गुणले पूर्ण भएका देवताहरु देवत्वमा पुगे, ती देवताहरुसंग भएको त्यो श्रद्धादि गुणधर्महरु मसंग पनि छ भनि देवताहरुलाई साक्षीको रूपमा राखेर देवताहरुको श्रद्धादि गुण समानको आफ्नो श्रद्धादि गुणलाई बार बार स्मरण गर्ने देवतानुस्मृति; निर्वाणको विरागादि उपशम गुणलाई वार वार स्मरण गर्ने उपसमानुस्मृति; मरण धमलाई बार बार स्मरण गर्ने मरणानुस्मृति; केश आदि काय समूहमा उत्पन्न हुने कायमतास्मृति र श्वास प्रश्वासलाई आरम्मण गरेर स्मरण गर्ने आनापानस्मृति; यसरी यसलाई दश अनुस्मृति भन्छन् ।

## अप्रमाण्य ४ वटा

**पालि - मेत्ता करुणा मुदिता उपेक्खा चेति इमा चतस्सो अप्पमञ्ञायो नाम, ब्रह्मविहारोति च पवुच्चति ।**

भावार्थ - प्रमाण रहित भएको सुखित र दुःखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरेर समान रूपले प्यार गर्नु मैत्री; प्रमाण रहित भएको दुःखित सत्य प्रज्ञप्तिलाई आरम्मण गरेर, दया गर्नु करुणा; प्रमाण रहित भएको सुखित सत्य प्रज्ञप्तिलाई आरम्मण



https://dhamma.digital

गरेर खुशि हुनु मुदिता; र प्रमाण रहित भएको सुखित दुःखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरेर समभावले देख्नु उपेक्षा; यसरी यसलाई चारवटा अप्रमाण्य भन्छन् । ब्रह्मविहार भनेर पनि विशेष रूपले भन्ने गर्छ ।

### संज्ञा १ वटा

**पालि - आहारेपटिकुलसञ्ञा एका सञ्ञा नाम ।**

भावार्थ - घुटुक्क निल्ने खाद्य पदार्थमा प्रतिकूल संज्ञा गर्नेलाई एक संज्ञा भन्छ ।

### व्यवस्थान १ वटा

**पालि - चतुधातुववत्थानं एकं ववत्थानं नाम ।**

भावार्थ - पृथ्वी, धातु आपो धातु, तेजो धातु र वायो धातु भनिएको चार धातु छुटयाउनेलाई एक ववत्थान भन्छ ।

### आरुप्य ४ वटा

**पालि - आकासानञ्चायतनादयो चत्तारो आरुप्पा नामाति सब्बथापि समथनिद्देसे चत्तालीस कम्मट्ठानानि भवन्ति ।**

भावार्थ - आकाशानन्त्यायतन आदिलाई अथवा आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन र नैवसंज्ञा नासंज्ञायतनलाई चार आरूपय भन्छन् । यसरी सम्पूर्ण प्रकारले पनि शमथ निर्देशनमा चालीस कर्मस्थान छन् ।

### सप्पाय भेद

### चरित्रद्वारा कर्मसनको विभाजन

**पालि - चरितासु पन दस असुभा कायगतासतिसङ्खाता कोट्ठासभावना च रागचरितस्स सप्पाया ।**



https://dhamma.digital

भावार्थ - चार अप्रमाण्ढ र नीलादि अथवा नील, पीत, लोहित, ओदात, भन्ने चार कसिणहरु दोष बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - चतस्सो अप्पमञ्ञायो नीलादीनि च चत्तारि कसिणानि दोसचरितस्स ।**

भावार्थ - चार अप्रमाण्य र नील आदि चार कसिण द्वेष चरित्रको व्यक्तिलाई उचित हुन्छ ।

**पालि - आनापानं मोह चरितस्स वितक्कचरितस्स च ।**

भावार्थ - श्वास प्रश्वासमा आरम्मण गर्ने स्मृत्ति मोह बढी भएको व्यक्तिलाई र वितर्क बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - बुद्धानुस्सति आदयो छ सद्धाचरितस्स ।**

भावार्थ - बुद्धानुस्मृति आदि अथवा बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति भनेको छ वटा अनुस्मृति श्रद्धा बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - मरण-उपसम-सञ्ञावववत्थानानि बुद्धिचरितस्स ।**

भावार्थ - मरणानुस्मृति, उपसमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, चार धातुलाई व्यवस्थान गर्नु, बुद्धि बढी भएको व्यक्तिलाई, नटुटाईकन उत्पन्न हुने बुद्धि हुने व्यक्तिलाई अथवा बुद्धि स्वभावको व्यक्तिलाई योग्य छ, सुहाउंछ ।

**पालि - सेसानि पन सब्बानिपि कम्मट्ठानानि सब्बेसम्पि सप्पायानि ।**

भावार्थ - असाधारण पछि साधारणलाई बताउँछु । बताईसकेकोबाट बाकि रहेको अथवा अशुभ १० वटा, कायगतासति, अप्रमाण चारवटा, नील, पीत, लोहित, अवदात, आनापानस्मृति, बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलामुस्मृति,



https://dhamma.digital

त्यागानुस्मृति, देवतानुस्मृति, भनेको अनुस्मृति छ वटा, मरणानुस्मृति, उपसमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, चतुर्धातु ववत्थानबाट बाँकि रहेको दशवटा कर्मस्थान सबै नै अथवा पृथ्वी, आप, तेज, वायु, आकाश, आलोक अनुसार कसिण ६ वटा, आरूपय चारवटा भनेको यी दशवटा कर्मस्थान राग, दोष, मोह, वितर्क, श्रद्धा र प्रज्ञा बढी भएको सबै नै पुद्गलहरुलाई योग्य छ, सुहाउंछ ।

**पालि - तत्थापि कसिणेसु पुथुलं मोहचरितस्स खुद्दकं वितक्क चरितस्सेवाति ।**

भावार्थ - ती दशवटा कर्मस्थानहरु मध्येमा पनि कसिण ६ वटामा अथवा पृथ्वी कसिण, आप कसिण, तेज कसिण, वायो कसिण, आकाश कसिण र आलोक कसिण भनिएको ६ वटा कसिणमा सबभन्दा ठूलो रूपले धानचुट्ने खलोको घेरा प्रमाण भएको कसिण मण्डल मोह बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउंछ। सबभन्दा सानोमा नांग्लो प्रमाण भएको कसिण मण्डल वितर्क बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउंछ ।

यो बताई आएको समथ निर्देशको सप्पाय भेद हो ।

Dhamma.Digital

## भावना भेद

### भावनाद्वारा कर्मस्थानको विभाजन

**पालि - भावनासु पन सब्बत्थापि परिकम्मभावना लब्भतेव ।**

भावार्थ - सप्पाय भेद पछि भावना भेदलाई बताउंछु । भावनामा वा भावनाहरु मध्येमा सबै नै कर्मस्थान चालीसै वटामा पनि परिकर्म भावना उपलव्ध छ ।

**पालि - बुद्धानुस्सति आदीसु अट्ठसु सञ्ञाववत्थानेसु चाति दससु कम्मट्ठानेसु उपचारभावनाव सम्पज्जति, नत्थि अप्पना ।**



https://dhamma.digital

भावार्थ - बुद्धानुस्मृति आदि अथवा बुद्धानुस्मृति, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरणानुस्मृति भन्ने आठवटा कर्मस्थानमा र आहारमा प्रतिकूल संज्ञा, चतुर्धातु व्यवस्थानमा; यसरी यी दशवटा कर्मस्थानमा उपचार भावना मात्र पूर्ण हुने हुन्छ । अर्पणा भावना छैन ।

**पालि - सेसेसु पन समत्तिंस कम्मट्ठानेसु अप्पनाभावनापि सम्पज्जति ।**

भावार्थ - तीनैवटामा उपलव्ध नभएको देखि पछि उपलव्ध भएको बताउंछु । बताई आएको कर्मस्थान दशवटाबाट बाँकी रहेको तीसवटा कर्मस्थानमा अर्पणा भावना पूर्ण हुन्छ ।

## ध्यानद्वारा कर्मस्थानको विभाजन

**पालि – तत्थापि दस कसिणानि आनापानञ्च पञ्चकज्झानिकानि ।**

भावार्थ – ती समान भएका तीस कर्मस्थानहरु मध्येमा पनि दशवटा कसिण प्रज्ञप्ति र श्वास प्रश्वास प्रज्ञप्ति, पांचवटा ध्यानसमूह भएका छन् वा पांचवटा ध्यानसमूहमा मिल्दछ अथवा ध्यानसमूह पांचवटाको आरम्भण हुन्छ ।

**पालि – दस असुभा कायगतासति च पठमज्झानिका ।**

भावार्थ – दशवटा अशुभ र कायगतास्मृति प्रथमध्यान भएको भयो वा प्रथमध्यानमा मिल्छ अथवा प्रथमध्यानको आरम्मण हुन्छ ।

**पालि – मेत्तादयो तयो चतुक्कज्झानिका ।**

भावार्थ – मैत्री आदि अथवा मैत्री, करणा, मुदिता भनिएको तीन ब्रह्मविहार चारवटा ध्यानसमूह भएको भयो वा चारवटा ध्यानसमूहमा मिल्छ अथवा ध्यानसमूह चारवटाको आरम्मण हुन्छ ।

**पालि – उपेक्खा पञ्चमज्झानिकाति छब्बिसति रूपावचरज्झानिकानि कम्मट्ठानानि ।**



https://dhamma.digital

भावार्थ – उपेक्षा भनिएको ब्रह्मविहार धर्म एउटा पञ्चम ध्यान भएको हुन्छ वा पञ्चम ध्यानमा मिल्दछ अथवा पञ्चम ध्यानको आरम्मण हुन्छ। यसरी २६ वटा कर्मस्थानहरु रूपावचर ध्यान भएको हुन्छ वा रूपावचर ध्यानमा मिल्छ अथवा रूपावचर ध्यानको आरम्मण हुन्छ।

**पालि – चत्तारो पन अरुप्पा आरुप्पज्झनिकाति अयमेत्थ भावना भेदो।**

भावार्थ– रूपावचर ध्यानको आरम्मण पछि आरूपय ध्यानको आरम्मणलाई बताउँछु । चार आरूपय अथवा आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन र नैवसंज्ञा नासंज्ञायतन हिसाबले चार आरूपपहरु अरूपध्यान भएको भयो वा अरूपध्यानमा मिल्छ अथवा अरूपध्यानको आरम्मण हुन्छ।

## गौचर भेद

## निमित्तद्वारा कर्मस्थान विभाजन

**पालि – निमित्तेसु पन परिकम्मनिमित्तं उग्गहनिमित्तञ्च सब्बत्थापि यथारहं परियेन लब्भेन्ते"व।**

भावार्थ – भावना भेद पछि गौचर भेदलाई बताउँछु। निमित्तहरु मध्येमा परिकर्म निमित्तलाई अथवा पृथ्वी पृथ्वी आदि भावना गर्ने परिकर्म भावनाको आरम्मण भइरहेको कसिण मण्डल भनेको परिकर्म निमित्तलाई र उग्रह निमित्तलाई अथवा चक्षु विज्ञानले देखिने जस्तै मनोद्वरिक कुशल जवनले ग्रहण गर्ने योगी पुरुषको आरम्मण भैरहेको कसिणमण्डल भनिएको उग्रह निमित्तलाई वा परिकर्म निमित्त भनेको पहिलो निमित्तको एकतह माथि पुगेर ग्रहण गर्ने योगी पुद्गलको आरम्मण भैरहेको कसिण मण्डलादि भनेको उग्रह निमित्त, सबै कर्मस्थान ४० वटामा पनि योग्यतानुसार पर्याय रूपमा अथवा उपचार रूपमा उपलब्ध नै हुन्छन्।



https://dhamma.digital

**पालि –** **पटिभागनिमित्तं पन कसिणासुभकोट्ठासआना- पानेस्वेव लब्भति, तत्थ हि पटिभागनिमित्तमारब्भ उपचारसमाधि अप्पना- समाधि च पवनन्ति ।**

भावार्थ – सबै उपलब्ध हुने देखि पछि उपलब्ध नहुनेलाई बताउँछु । प्रतिभाग निमित्त वा उग्रह निमित्त समान भएको नीलो रंग आदि कसिण दोषले अलग भएको उपचार र अर्पणाको आरम्मण भैरहेको कसिणमण्डलादि भनको प्रतिभाग निमित्त, कसिण प्रज्ञप्ति १० वटा अशुभ प्रज्ञप्ति १० वटा कपाल आदि कायसमूह प्रज्ञप्ति, श्वास प्रश्वास प्रज्ञाप्ति, मात्र उपलब्ध हुन्छ । अवश्य हो, ती कसिण प्रज्ञप्ति १० वटा अशुभ प्रज्ञप्ति १० वटा कपाल आदि कायसमूह प्रज्ञप्ति, श्वास प्रश्वास प्रज्ञप्ति, प्रतिभाग निमित्तलाई वा उग्रह निमित्त समान भएको नीलो रंग आदि कसिण दोषले अलग भएको उपचार र अर्पणाको आरम्मण भैरहेको कसिण मण्डलादि भनेको प्रतिभाग निमित्तलाई आरम्मण गरी उपचार समाधि र अर्पणा समाधि उत्पन्न हुने हुन्छ ।

## भावना र निमित्तको सम्बन्ध

**पालि –** **कथं ?**

**आदिकम्मिकस्स हि पथवीमण्डलादीसु निमित्तं उग्गण्हन्तस्स तमारम्मणं परिकम्मनिमित्तन्ति पवुच्चति । सा च भावना परिकम्मभावना नाम ।**

भावार्थ – कसरी उत्पन्न हुन्छ ?

त्यस कुरालाई प्रकट गर्दछु । पहिले कर्मस्थान भावना गर्न पाउने आदिकर्मिक भएर पृथ्वी कसिणमण्डलादि आरम्मणलाई ग्रहण गर्ने योगावचार पुगललाई त्यस कसिणमण्डलादि आरम्मणलाई परिकर्म निमित्त भनी विशेषरूपले भन्नु पर्ने हुन्छ । त्यो भावनालाई पनि परिकर्म भावना भनिन्छ ।



https://dhamma.digital

**पालि – यदा पन तं निमित्तं चित्तेन समुग्गहितं होति । चक्खुना पस्सन्तस्सेव मनोद्वारस्स आपाथमागतं तदा तमेवारम्मणं उग्गहनिमित्तं नाम, सा च भावना समाधियति ।**

भावार्थ – परिकम्म पछि उग्रह निमित्तलाई बताउंछु । जुनबेला त्यो परिकर्म निमित्त भनेको पृथ्वी कसिणमण्डलादि आरम्मणलाई मनोद्वारिक चित्तले राम्रो सँग ग्रहण गर्नुपर्ने हुन्छ; चक्षुप्रसादलाई अथवा चक्षुविज्ञानले देखे जस्तै वा देख्नेलाई प्रकटरूपमा आए जस्तै मनोद्वारलाई अथवा मनोद्वारिक विज्ञानलाई प्रकटरूपमा आउने हुन्छ ; त्यतिबेला त्यो पृथ्वी कसिणमण्डलादि आरम्मणलाई नै उग्रह निमित्त भनिन्छ । त्यो भावना पनि समाधिस्थ हुने हुन्छ ।

**पालि – तथा समाहितस्स पनेतस्स ततो परं तस्मिं उग्गहनिमित्ते परिकम्मसमाधिना भावनमनुयुञ्जन्तस्स यदा तप्पटिभागं वत्थुधम्मविमुच्चितं पञ्ञत्तिसङ्खातं भावनामयमारम्मणं चित्ते सन्निसन्नं समप्पितं होति । तदा तं पटिभागनिमित्तं समुप्पन्नन्ति पवुच्चति ।**

भावार्थ– उग्रह निमित्त पछि प्रतिभाग निमित्तलाई बताउँछु । त्यसपरि समाधिस्थ भएर त्यो उग्रह निमित्त प्रकट भईसकेपछि त्यस उग्रह निमित्तमा परिकर्म समाधिद्वारा भावना बुद्धि गर्नेलाई बार बार कोशिस गरिरहेको त्यस योगी पुद्‍गललाई जुनबेला त्यो उग्रह निमित्त समान भएको परमार्थ धर्मबाट अलग भएको वा कसिणमण्डलमा उत्पन्न हुने कसिण दोषबाट अलग भएको प्रज्ञप्ति भनिएको भावनाद्वारा सिद्ध भैरहेको पृथ्वी कसिणमण्डलादि आरम्मण मनोद्वारिक चित्तमा समूह भैरहेको राम्रोसँग उत्पन्न भयो भनी वा राम्रोसँग सम्पन्न भयो भनी विशेष रूपले भन्नुपर्ने हुन्छ ।



https://dhamma.digital

**पालि – ततो पट्ठाय परिबन्थविप्पहीना कामावचरमाधिसङ्खाता उपचारभावना निप्फन्ना नाम होति ।**

भावार्थ – त्यो प्रतिभाग निमित्त प्रकट भैसकेपछि हटाईसकेको नीवरण भनेको बिघन बाधा भएको वा नीवरण भनिएको बिध्न बाधा हटाईसकेको कामावचर समाधि भनेको उपचार भावना निष्पन्न भयो वा सम्मपन्न भयो भन्ने हुन्छ ।

**रूप ध्यानको उत्पीत्त**

**पालि – ततो परं तमेव पटिभागनिमित्तं उपचारसमाधिना समासेवन्तस्स रुपावचरपठम-ज्भानमप्पेति ।**

भावार्थ – त्यो उपचार भावना भइसकेपछि वा त्यो उपचार भावना सम्पन्न भैसकेपछि त्यो प्रतिभाग निमित्तलाई नै उपचार समाधिद्वारा राम्रो सँग सेवन गर्ने योगावचर पुद्गललाई रूपावचर प्रथमध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – ततो परं तमेव पठमज्भानं आवज्जनं समापज्जनं अधिट्ठानं वुट्ठानं पच्चवेक्खणा चेति इमाहि पञ्चहि वसिताहि वसिभूतं कत्वा वितक्कादिकमोलारिकङ्ग पहानाय विचारादिसुखुमङ्गुप्पत्तिया पदहतो यथाक्कमं दुतियज्भानादयो यथारहमप्पेन्ति ।**

भावार्थ – त्यो प्रथमध्यान उत्पन्न भैसकेपछि त्यस प्रथमध्यानलाई नै आवर्जन बशीभाव वा यमध्यानको पाँच अङ्गहरु मध्येमा एकेक आरम्मणमा उत्पन्न हुने आवर्जन अनन्तरमा चार पाँच पटकको जवन, दुई तीन पटकको भवङ्गदेखि माथि नगईकन क्रमश : ध्यानअङ्गलाई विचार गर्ने समर्थ भएको भनेको ध्यानअङ्गलाई विचार गर्ने समर्थ भएको योगी पुद्गलको सामर्थ्य; समापद्यन वशीभाव अथवा समाधिमा बस्ने इच्छा हुनुको भाव भनेको चित्तको अनन्तरमा दुई तीन पटकको भवाङ्गभन्दा माथी नगैकन उत्पन्न हुने आवर्जनको अनन्तरमा समाधिमा बस्न सकिन्छ



https://dhamma.digital

भन्ने ध्यानलाई भाविता गर्नसक्ने योगी पुद्‌गलको सामर्थ्य; अधिष्ठान वशीभाव अर्थात पुलले पानीको धार भएको नदीको पानीको धारलाई काटेझैँ भवाङ्गको धारलाई काटेर निश्चय गरिराखेको समय सम्ममा ध्यानलाई राख्नसकिने भाव भनेको भवाङ्ग अवतरणले ध्यानलाई रक्षागर्न योग्य भएको अधिष्ठान गर्न सक्ने योगी पुद्‌गलको सामर्थ्य अथवा निर्णय गरिसकेको समयभन्दा माथि नपठाईकन (जान नदिईकन) ध्यानालाई राख्नमा समर्थ भएको अधिष्ठान गर्न सक्ने योगी पुद्‌गलको सामर्थ्य; ब्युत्थान वशीभाव, निर्णय गरिराखेको समयलाई नाघ्न नदिईकन ध्यानबाट उठन समर्थ भएका (योगीहरुको) भाव भनेको ध्यानबाट उठन सक्ने योगी पुद्‌गलको समामर्थ्य अथवा निर्णय गरिराखेको समयभन्दा भित्र नउठीकन निर्णय गरिराखेको समय अनुसार नै ध्यानबाट उठ्नेमा समर्थ भएको भाव भनेको ध्यानबाट उठनसक्ने योगी पुद्‌गलको सामर्थ्य र प्रत्यवेक्षण वशीभाव अथवा प्रथमध्यानको पाँच अङ्गहरु अरुहरु मध्येमा एकेक आरम्मणमा उत्पन्न हुने अनन्तरमा चार पाँच पटकको जवन, दुई तीन पटकको भवङ्गभन्दा माथी नगईकन क्रमशः ध्यानअङ्गलाई विचार गर्ने मनोद्वारावर्जनको अनन्तरमा जवन चित्तले ध्यानअङ्गलाई विचार गर्नसक्ने योगी पुद्‌गलको सामर्थ्य; यसरी यी पाँच वशीभाले वशीभूत गरी वितिर्कादि स्थल ध्यानअङ्गलाई हटाएर पठाउनुको निम्ति विचारदि शूक्ष्म ध्यानअङ्ग उत्पन्न गर्नुको निम्ति बार बार पथवी पथवी आदि रूपले भाविता गर्ने परिकर्म गर्ने योगी पुद्‌गललाई क्रमशः द्वितीयम्यानादि अथवा द्वितीय, तृतीय, चतुर्थ, पञ्चम ध्यानहरु योग्यतानुसार अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – इच्चेवं पठवीकसिणादीसु द्वावीसति कम्मट्ठानेसु पटिभागनिमित्तमुपलब्भति ।**

भावार्थ – यसरी बताई आएको नय अनुसार पृथ्वी कसिणादि प्रज्ञप्ति



https://dhamma.digital

१० वटा, अशुभ प्रज्ञप्ति १० वटा, कपाल आदि काय समूह प्रज्ञप्ति श्वास प्रश्वास प्रज्ञप्ति भनेको २२ कर्मस्थानमा प्रतिभाग निमित्त उपलब्ध हुन्छ।

**पालि – अवसेसेसु पन अप्पमञ्ञा सत्तपञ्ञत्तियं पवत्तन्ति।**

भावर्थ – विशेष कुरा बताउँछु। बताई आएको २२ वटा कर्मस्थानबाट बाकी रहेको १८ वटा कर्मस्थान मध्येमा अप्रमाण्य सुखित र दु : खित सत्व प्रज्ञप्तिमा उत्पन्न हुने हुन्छ।

### अरूप ध्यानको उत्पत्ति

**पालि – आकासवज्जितकसिणेसु पन यं किञ्चि कसिणं उग्घाटेत्वा लद्धमाकासं अनन्तवसेन परिकम्मं करोन्तस्स पठमारुप्पमप्पेति।**

भावार्थ – रूप आरम्मण पछि अरूप आरम्मणलाई बताउँछु, अथवा रूपध्यान प्राप्त भैसकेपछि अरुध्यान प्राप्त हुनेलाई बताउँछु। आकाश कसिणबाट अलग भएको ९ वटा कसिण मध्येमा कुनै एक कसिणलाई हटाई (उघारेर) प्राप्त भएको अनन्त आकाश प्रज्ञप्तिलाई अन्त नभएको अनुसार "अनन्तं आकासं" "अनन्तं आकासं" भनि बार बार भविता गर्ने परिकर्म गर्ने योगी पुद्गललाई प्रथम अरूपध्यान अर्पणाको हिसाबमा उत्पन्न हुने हुन्छ।

**पालि - तमेव पठमारुप्पविञ्ञाणं अनन्तवसेन परिकम्मं करोन्तस्स दुतियारुप्पमप्पेति।**

भावार्थ – त्यस प्रथम अरूप विज्ञानलाई नै अन्त नभएको रूपमा "अनन्तं विञ्ञाणं" "अनन्तं विञ्ञाणं" भनिकन बार बार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्गललाई द्वितीय अरूपध्यान अर्पणाको हिसाबमा उत्पन्न हुने हुन्छ।

**पालि – तमेव पठमारुप्पविञ्ञाणाभावं पन "नत्थि किञ्ची"ति परिकम्मं करोन्तस्स ततियारुप्पमप्पेति।**



https://dhamma.digital

भावार्थ – द्वितीय अरूपध्यान पछि तृतीय अरूपध्यानलाई बताउँछु । त्यस प्रथम अरूप विज्ञानको अभाव भनेको नास्तिकञ्चि भनि भाविता गर्ने परिकर्म गर्ने गर्ने योगी पुद्‌गललाई तृतीय अरूपध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – ततियारुप्पं सन्तमेतं पणीतमेन्ति परिकम्मं करोन्तस्स चतुत्थारुप्पमप्पेति ।**

भावार्थ – तृतीय अरूप विज्ञानलाई यो तृतीय अरूप विज्ञान शान्त छ, यो तृतीय विज्ञान प्रणीत छ भनिकन यसरी भाविता गर्ने योगी पुद्‌ललाई चतुर्थ अरूपध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – अवसेसेसु च दससु कम्मट्ठानेस बुद्धगुणादिकमारम्मणमारब्भ परिकम्मं कत्वा तस्मिं निमित्ते साधुकमुग्गहिते तत्थेव परिकम्मञ्च समाधियति उपचारो च सम्पज्जति ।**

भावार्थ – बताई आएको तीस कर्मस्थानबाट बाकी रहेको बुद्ध, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरणानुस्मृति, संज्ञा, व्यवस्थापन भनेका दशवटा कर्मस्थानमा पनि बुद्धगुणादि आरम्मणलाई आरम्मण गरेर “सो भगवा इतिपि अरहं” “सो भगवा सम्मासम्बुद्धो”, आदि भाविता गर्ने परिकर्म गरेर त्यस बुद्धगुणादि आरम्मणलाई राम्रो सँग सिकेर लिई सकेपछि त्यस बुद्धगुणादिमा नै “सो भगवा इतिपि अरहं, सो भगवा इतिपि सम्मासम्बुद्धो” आदि बराबर भाविता गर्ने परिकर्म पनि समाधिष्ठ हुने उपचार पनि सम्पन्न हुने हुन्छ ।

## अभिज्ञाको उत्पत्ति

**पालि – अभिञ्ञावसेन पवत्तमानं पन रुपावचरपञ्चमज्झानं अभिञ्ञापादक पञ्चमज्झाना वुट्ठहित्वा अधिट्ठेय्यादिक- मावज्जेत्वा परिकम्मं करोन्तस्स रूपादीसु आरम्मणेसु यथारहमप्पेति ।**



https://dhamma.digital

भावार्थ – विशेष कुरा बताउंछु । अभिज्ञानको हिसाबले उत्पन्न हुने रूपावचर पञ्चमध्यान अभिज्ञाको मूल भैरहेको रूपावचर पञ्चमध्यानबाट उठेर अधिष्ठान गर्ने आदिलाई वा अधिष्ठान गर्ने, श्रृष्टि गर्ने, सयौं, हजारौं, कल्यरूप आदिलाई विचार गरी "सत होमि सहस्सं होमि" आदि भनेर बारं बार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्‌गललाई रूपाम्मणादि अथवा रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्मारम्मण भनेको आरम्मणमा योग्यतानुसार अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

## अभिज्ञा ५ वटा

**पालि – अभिञ्ञा च नाम .....**
**इद्धिविधं दिब्बसोतं, परचित्तविजानना ।**
**पुब्बे निवासानुस्सति, दिब्बचक्खूति पञ्चधा ।**
**अयमेत्थ गोचर भेदो निट्ठितो च समथकम्मट्ठाननयो ।**

भावार्थ – जोर्निलाई बताउँछु । अभिज्ञा भनेको वा विशेषरूपले जान्नुपर्ने ज्ञान भनेको ऋद्धि चमत्कार देखाउन सकिने ऋद्धिविध अभिज्ञा, दिब्यश्रोत अभिज्ञा अथवा देवताहरुको कानले झैँ ताढाबाट आउने शब्द सुन्न सकिने दिब्यश्रोत अभिज्ञा, परचित्तविजानन अभिज्ञा अर्थात अर्काको चित्तलाई जान्न सकिने अभिज्ञा, पूर्वेनिवासनुस्मृति अभिज्ञा अथवा पहिले बसीसकेको स्कन्धक्रमलाई बार बार सम्झने स्मृतिसंग मिल्दो अभिज्ञा, दिब्यचक्षु अभिज्ञा अथवा देवताहरुको आँखाको झैँ ताढाको रूपलाई देख्न सक्ने दिब्यचक्षु अभिज्ञा भनिकन यसरी पाँच प्रकारको छ ।

यस शमथकर्मस्थानरप यो बताई आएको गौचार भेद हो ।

शमथ कर्मस्थान नय सम्पूर्ण भयो ।



https://dhamma.digital

## विपश्यना कर्मस्थान नय

### विशुद्धि ७ वटा

**पालि - विपस्सनाकम्मट्ठाने पन सीलविसुद्धि चित्तविसुद्धि दिट्ठिविसुद्धि कंखावितरणविसुद्धि मग्गामग्गञाणदस्सनविसुद्धि पटिपदाञाणदस्सन- विसुद्धि ञाणदस्सनविसुद्धि चेति सत्तविधेन विसुद्धि सङ्गहो ।**

भावार्थ – शमथ कर्मस्थान पछि विश्यना कर्मस्थानलाई बताउंछु । विपश्यना कर्मस्थानमा अथवा चतुपारिशुद्धिशीलको परिशुद्धि ; चित्तविशुद्धि अथवा उपचार समाधि र अर्पणा समाधि चित्तको परिशुद्धि; दृष्टिविशुद्धि अथवा लक्षण, रस प्रत्युपस्थान र पदस्थानको हिसाबले नामरूपले जम्मा गर्ने ज्ञानको परि शुद्धि; कांक्षावितरण- विशुद्धि अथवा नामरूपले कारणलाई जम्मा पारेर १६ वटा संशयलाई नाघेर जानसक्ने ज्ञानको विशुद्धि; मार्गामार्गज्ञानदर्शन - विशुद्धि अथवा विपश्यनालाई धमिल्याउने कारण भैरहेको बिघ्न बाधालाई जम्मा गर्ने रूपको मार्ग हो होइन जान्न सकिने ज्ञानको परिशुद्धि; प्रतिपदा - ज्ञानदर्शन - विशुद्धि अथवा उदय ब्यय ज्ञानदेखि सत्यानुलोभ ज्ञानसम्म ९ वटा विपश्यना ज्ञान नाम भएका नाम भएका मार्गज्ञान- दर्शन - विशुद्धिको आचरण भैरहेको ज्ञानदृष्टिको परिशुद्धि र ज्ञानदर्शन विशुद्धि अथवा निर्वाणलाई देख्न सकिने मार्गज्ञानको परिशुद्धि भनिकन यसरी सात प्रकारले विशुद्धि संग्रहलाई जान्नुपर्‍यो ।

**पालि – अनिच्चलक्खणं दुक्खलक्खणं अनत्तलक्खणञ्चेति तीणि लक्खणानि ।**

भावार्थ – अनित्य लक्षण  अथवा सधै नहुने रूपमा सम्झनुपर्ने वा सधैं नभएका लक्षण भैरहेको, दुःख लक्षण अथवा सम्झनुपर्ने दुःख अथवा दु :ख लक्षण भइरहेको र अनात्म लक्षण अथवा आत्मा



https://dhamma.digital

नभएका रूपमा सम्झनु पर्ने वा आत्मा नभएको लक्षण भैरहेको भनि यसरी तीनवटा लक्षणहरुलाई जान्नु पर्दछ ।

### अनुपश्यना ३ वटा

**पालि – अनिच्चनुपस्सना दुक्खानुपस्सना अनत्तानुपस्सना चेति तिस्सो अनुपस्सना ।**

भावार्थ – अनिन्यानुपश्यना अथवा नित्य नभएकोलाई बार बार देख्नु । दु:खानुपश्यनालाई बार बार देख्नु । अनात्मानुपश्यनालाई बार बार देख्नु अथवा आत्मा होइन भनेकोलाई बार बार देख्नु भनिकन यसरी तीन अनुपश्यनालाई जान्नु पर्दछ ।

### विपश्यना ज्ञान १० वटा

**पालि – सम्मसनञाणं उदयब्बयञाणं भङ्गञाणं भयञाणं आदिनवञाणं निब्बिदाञाणं मुच्चितुकम्यताञाणं पटिसङ्खाञाणं सङ्खारुप्पेक्खाञाणं अनुलोमञाणञ्चेति दस विपस्सनाञाणानि ।**

भावार्थ – सम्मसन ज्ञान अथवा स्कन्ध आदिलाई समूहलाई परामर्श गर्ने हिसाबले उत्पन्न हुने ज्ञान; उदयब्यय ज्ञान अथवा उत्पन्न हुने विनाश हुनेलाई बार बार ध्यान राख्ने हिसाबले उत्पन्न हुने ज्ञान; भङ्ग ज्ञान अथवा उत्पन्न हुनेलाई छाडेर विनाश हुनेमा उत्पन्न हुने ज्ञान; भय ज्ञान अथवा संस्कारलाई भयको रूपमा बार बार देखने हिसाबले उत्पन्न हुने ज्ञान; आदीवन ज्ञान अथवा दखिने, भय भएको संस्कारलाई दोष रूपमा देख्ने हिसाबले उत्पन्न हुने ज्ञान; निब्बिदा ज्ञान अथवा देखिएको दोष भएको संस्कारमा उदय हुने हिसाबले उत्पन्न हुने ज्ञान; मुञ्चितुकम्यता ज्ञान अथवा उदास भएर संस्कारबाट मुक्त हुने इच्छा भएको हिसाबले उत्पन्न हुने ज्ञान; प्रतिसंख्या ज्ञान अथवा मुक्त हुने कारण सम्पन्न गर्नुको निम्ति फेरी एकपटक संस्कारलाई समूहका रूपमा संकलन गर्ने हिसाबले उत्पन्न



https://dhamma.digital

हुने ज्ञान; संस्काररूपेक्षा ज्ञान अथवा संस्कारधर्ममा डराउनु खुशीहुनुलाई अलग गर्ने हिसाबले उपेक्षित भावले उत्पन्न हुने ज्ञान; अनलोम ज्ञान अथवा माथी माथिका ९ वटा ज्ञानको काम सिद्ध हुने सैंतीस बोधिपक्षिय धर्मलाई अनुकुल भएको ज्ञान भनिकन यसरी दशवटा विपश्यना ज्ञानलाई जान्नु पर्दछ ।

## विमोक्ष ३ वटा

**पालि – सुञ्ञतो विमोक्खो, अनिमित्तो विमोक्खो, अप्पणिहितो विमोक्खो चेति तयो विमोक्खा ।**

भावार्थ – शून्यत विमोक्ष अथवा आत्मभाव शून्य भएर संयोजन इत्यादिबाट अलग भएको मार्ग; अनिमित्त विमोक्ष अथवा नित्य निमित्त इत्यादि नभएर संयोजन आदिबाट अलग भएको मार्ग र अप्रणिहित विमोक्ष अथवा तृष्णा भनिएका आकांक्षाबाट अलग भएर संयोजन आदिबाट अलग भएको मार्ग भनिकन यसरी तीनवटा विमोक्षलाई अथवा मार्गलाई जान्नुपर्‍यो ।

## विमोक्षमुख ३ वटा

**पालि – सुञ्ञतानुपस्सना अनिमित्तानुपस्सना अप्पणिहितानुपस्सनाच"ति तीणि विमोक्खमुखानि च वेदितब्बानि ।**

भावार्थ – शून्यतानुपश्यना अथवा आत्मभावले शून्य भएको लाई बार बार देख्नु; अनिमित्तानुपश्यना अथवा नित्य निमित्तादिको अभावलाई बार बार देख्नु; अप्रणिहतानुपश्यना अथवा तृष्णा भनिएको आकांक्षाबाट अलग हुनेलाई बार बार देख्ने भनिकन यसरी तीनवटा विमोक्षमुखलाई पनि अथवा संयोजनादिबाट अलग भएको मार्गको कारणलाई पनि जान्नुपर्ने हुन्छ जान्नु पर्छ ।



https://dhamma.digital

## विशुद्धि भेद

### शील विशुद्धि

**पालि - पातिमोक्खसंवरसीलं इन्द्रियसंवरसीलं आजीवपारिसुद्धिसीलं पच्चयसन्निस्सितसीलञ्चेति चतुपारिसुद्धिसीलं सीलविसुद्धि नाम ।**

भावार्थ – कसरी जान्नु ?

प्रातिमोक्ष संवर शील अथवा आफुलाई रक्षा गर्नेलाई अपाय दुःख आदिबाट मुक्त गर्ने हुंदा कायदुश्चरित्रदिबाट रक्षित भएर कायकर्म रुचीकर्मलाई राम्रोसंग राख्ने चेतना; इन्द्रिय संवर शील अथवा चक्षुइन्द्रिय, श्रोत, घ्राण, जिह्वा, काय र मनयन्द्रियलाई रूपारम्मण, शब्द, गन्ध, रस, प्रष्टब्य र धर्मारम्मणबाट रक्षा गर्ने हिसाबले कायकर्म वचीकर्मलाई राम्रोसँग राख्ने नेतना; आजीव पारिशुद्धि शील अथवा मिथ्या जीवनाट बचेर विरत भएर जविनवृति चलाउने आदि हिसाबले कुशलधर्मलाई विशेष रूपले धारण गर्ने चेतना; प्रत्यय सन्निश्रित शील अथवा चतुप्रत्ययलाई आधार लिएर त्यो चतुप्रत्ययलाई यो संसार दुःखबाट मुक्त हुने फल भएको हुनाले बार बार ज्ञानले विचार गरी "पटिसंखा योनिसो" आदिरूपले विचार गर्ने हुँदा कुशल धर्मलाई विशेषरूपले धारण गर्ने चेतना भनिकन यसरी चारवटा पारिशुद्धि शील देशना गर्नु, इन्द्रियलाई रक्षा गर्न खोज्नु बार बार ज्ञानले होस राखी बिचार गर्ने हिसाबले चार प्रकारले भएर शुद्ध कुशलधर्मको आधार भैरहेको चेतनालई शील विशुद्धि भन्छ ।

### चित्त विशुद्धि

**पालि – उपचारसमाधि अप्पनासमाधि चेति दुविधोपि समाधि चित्तविसुद्धि नाम ।**



https://dhamma.digital

भावार्थ – उपचार समाधि अथवा अर्पणाध्यानको नजिकै समाधिष्ठ हुने र अर्पणा समाधि अथवा अर्पणाध्यानमा उत्पन्न हुने समाधि भनिकन यसरी दुई प्रकारले पनि भएको समाधिलाई चित्तविशुद्धि भन्छ वा चित्तलाई नीवरण रहित भएको भावमा पुऱ्याउने रूपले शुद्ध गर्ने हुनाले परिशुद्ध भएको समाधि भन्छ ।

## दृष्टि विशुद्धि

**पालि – लक्खणरसपच्चुपट्ठान पदट्ठान वसेन नामरूपपरिग्गहो दिट्ठिविसुद्धि नाम ।**

भावार्थ – लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थानको हिसाबले त्रैभूमिक धर्मको साधारण स्वभाव भनेको लक्षण, कृत्य भनिएको रस प्रकट हुने आकार भनेको प्रत्युप्रस्थान, नजिकको कारण भनेको पदस्थान हिसाबले वा त्रैभूमिक धर्मको स्वभाव भनेको लक्षण, सम्पन्न हुनु भनेको रस, फल भनेको प्रत्युस्थान, नजिकको कारण भनेको पदस्थानको हिसाबले नामरूपलाई परिग्रहण गर्नेलाई दृष्टिविशुद्धि भन्छ ।

## कांक्षविचरण विशुद्धि

**पालि – तेसमेव च नामरूपानं पच्चयपरिग्गहो कङ्खावितरणविसुद्धि नाम ।**

भावार्थ – जोर्निलाई बताउँछु । ती नाम रूपको नै कारणलाई जम्मा गर्नलाई कांक्षावितरण विशुद्धि भन्छ अथवा १६ वटा संशयलाई नाघेर जान सक्ने ज्ञानको परिशुद्धि भन्छ ।

## मार्गमार्ग ज्ञानदर्शन विशुद्धि

**पालि – ततो परं पन तथा परिग्गहितेसु सप्पच्चयेसु तेभूमकसङ्खारेसु अतीतादि भेदभिन्नेसु खन्धादिनयमारब्भ कलापवसेन सङ्खिपित्वा "अनिच्चं खयट्ठेन दुक्खं भयट्ठेन अनत्ता असारकट्ठेनाति" अद्धानवसेन सन्ततिवसेन खणवसेन वा सम्मस्सणञाणेन**



https://dhamma.digital

**लक्खणत्तयं सम्मसन्तस्स तेस्वेव पच्चयवसेन खणवसेन च उदयब्बयञाणेन उदयब्बयं समनुपस्सन्तस्स च ।**

भावार्थ – कांक्षा वितरण विशुद्धि पछि मार्गामार्ग ज्ञान दर्शन विशुद्धिलाई बताउँछु । त्यस नाम रूपको कारणलाई जम्मा गर्नुदेखि पछि त्यस त्यस आकारले परिगृहित भएको अथवा अलग अलग लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थानलाई सम्झने, कारणलाई सम्झने हिसाबले परिगृहित भएको कारण सहित भैरहेको अतीत आदि भेदले भिन्न भएको तीन भूमीमा उत्पन्न हुने संस्कारमा स्कन्धादि नयलाई आरम्भ गरेर समूहको हिसाबले संक्षेप गरी विलयहुने स्वभावमा पुग्ने हुनाले अनित्य भन्छ, भय भनिएको कारणले दुःख भन्छ : आत्मभन्ने सार नभएको हुनाले अनात्म भन्छ भनिकन यसरी अतीततादि कान, सन्तति, र लक्षणको हिसाबले परामर्श गर्ने ज्ञानले तीनवटा लक्षणसमूहलाई परामर्श गर्ने योगी पुद्‌गलको त्यस त्रैभूमिक संस्कारमा नै कारणको हिसाबले र क्षणको हिसाबले उत्पत्ति र विनाशलाई जान्ने ज्ञानले उत्पति विनाशलाई बार बार देख्ने योगी पुद्‌गलको

## विपश्यनालाई धमिलो पार्ने धर्म १० वटा

**पालि – "ओभासो पीति पस्सद्धि- अधिमोक्खो च पग्गहो । सुखं ञाणमुपट्ठान- मुपेक्खा च निकन्ति चेति । ओभासादि विपस्सनुपक्किलेसपरिबन्थपरिग्गहवसेन मग्गामग्गलक्खणववत्थानं मग्गामग्गञाणदस्सनविसुद्धि नाम ।**

भावार्थ – ज्योति अथवा विपश्यना चित्तले गर्दा उत्पन्न हुने शरीरबाट निस्कने ओभास भनिने ज्योति, प्रीति अथवा विपश्यनासँगै उत्पन्न हुने क्षुद्रिकाप्रीति, क्षणिकाप्रीति, अवक्रान्तिकाप्रीति, उद्‌बेगाप्रीति र स्फरणाप्रीति भनिएका पाँच प्रकाका प्रीति वा अलिकति खुसि हुने, एकछिन खुशी हुने, शरीरलाई आकाशमा



https://dhamma.digital

उडाएर लाने रूपले खुशी हुने शरीर भरिनै फिंजीरहने किसिमले खुशी हुने भनेका पाँच प्रकारका खुशी प्रश्रब्धि अथवा काय चित्तको डाह हुनुबाट शान्त हुने लक्षण भएको कायप्रश्रब्धि र चित्तप्रश्रब्धिको हिसाबले दुई प्रकारले भएको प्रश्रब्धि; अधिमोक्ष अथवा दरिलो श्रद्धिइन्द्रिय भनेको श्रद्धा र विश्वास दरिलो गर्ने सहयोग अथवा सम्यक्प्रधान कृत्यलाई सिद्ध गर्ने वीर्यसम्बोध्यङ्ग भनिएका दरिलो गर्ने सहयोग; सुख अथवा ठूलो सुख वा विपश्यना चित्तसँग सम्प्रयुक्त भैरहेको चैतसिक सुख : ज्ञान अथवा देवराज इन्द्रले छोडील्याउने बज्रसमान भएको लक्षण तीनवटालाई देख्ने ज्ञान; उपस्थान प्रकट हुने स्मृतिप्रस्थान भैरहेको धेरैकाल देखि गरी सकेको काम आदिलाई बार बार सम्झनसक्ने स्मृति र उपेक्षा र अथवा सम्प्रयुक्त धर्मसंगै मिलेको विपश्यना सहित भएको उपेक्षासम्बोध्यङ्ग भैरहेको तत्रमध्यस्थुपेक्षा, मनोद्वारावर्जन चित्तसँग सम्प्रयुक्त भैरहेको चेतना भनेको आवर्जनुपेक्षा यसरी दुई प्रकारको उपेक्षा; निक्कन्ति- ताँस्सिने तृष्णा अथवा ओभासादि नौवटा उत्पन्न भयोभने यसभन्दा पहिले मलाई यस्तो स्वभाव भएको ज्योति अद्भुत रूपले उत्पन्न भयो भनिकन ती ओभास आदि नौवटामा ताँस्सिने शूक्ष्मतृष्णा; यसरी ओभासादि दशवटा विपश्यनालाई धमिलो तुल्याउने बिघ्न बाधालाई परिग्रह गनृ हिसाबले मार्ग हो होइन भन्ने लक्षणलाई छुट्याउने अथवा लक्षित मार्ग हो होइनलाई सम्चझने छुट्याउने भन्ने ज्ञानलाई मार्गामार्ग ज्ञान दर्शन विशुद्धि भन्छ अथवा विपश्यनालाई धमिल्याउने उपद्रबलाई परिग्रहण गर्ने हिसाबले मार्ग हो होइन भनि जान्ने ज्ञानको परिशुद्धि भन्छ ।



https://dhamma.digital

## प्रतिपदा ज्ञान दर्शन विशुद्धि

**पालि – तथा परिबन्थविमुत्तस्स पन तस्स उदयब्बयञाणतो पट्ठाय यावानुलोमा तिलक्खणं विपस्सनापरम्पराय पटिज्जन्तस्स नव विपस्सनाञाणानि पटिपदाञाणदस्सनविसुद्धि नाम ।**

भावार्थ – मार्गामार्ग ज्ञान दर्शन विशुद्धि पछि प्रतिपदा ज्ञान दर्शन विशुद्धिलाई बताउँछु । त्यसप्रकारले ओभास ज्योति आदि दशवटा विपश्यनालाई धमिल्याउने उपद्रबहरुले अलग भएको त्यस योगीलाई उत्पत्ति र विनाशलाई जान्ने उदय ब्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म त्रिलक्षण तीनवटालाई एक पछि अर्को तल्लताको विपश्यनाको रूपमा आचरण गर्ने योगी पुद्गलको नौवटा विपश्यना ज्ञानहरुलाई प्रतिपदा ज्ञान दर्शन विशुद्धि भन्छ; अथवा उदयब्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म नौवटा विपश्यना ज्ञान नाम भैरहेको मार्ग भनेको ज्ञान दर्शन विशुद्धिको आचरण भैरहेको ज्ञानदृष्टिको परिशुद्धि भन्छ ।

## ज्ञान दर्शन विशुद्धि

**पालि – तस्सेवं पटिपज्जन्तस्स पन विपस्सनापरिपाकमागम्म "इदानि अप्पना उप्पज्जिस्सती"ति भवङ्गं वोच्छिन्दित्वा उप्पन्नमनोद्वारावज्जनानन्तरं द्वे तीणि विपस्सनाचित्तानि यं किञ्चि अनिच्चादिलक्खणमारब्भ परिकम्मोपचारानुलोमनामेन पवत्तन्ति ।**

भावार्थ - प्रतिपदा ज्ञान दर्शन विशुद्धि पछि ज्ञान दर्शन विशुद्धिलाई बताउँछु । यसरी बताई आएको नय अनुसार आचरण गर्ने त्यस योगी पुद्गललाई विपश्यना ज्ञान छिप्पिनेलाई कारण गरी अर्पणा भनेको लोकुत्तर मार्ग उत्पन्न हुनेछ । यस्तो भन्नुपर्ने क्षणमा भवाङ्गको श्रोतलाई काटेर उत्पन्न हुने मनोद्वारावर्जनको अनन्तरमा दुई तीन पटकको विपश्यना



https://dhamma.digital

चित्तहरु एकन एकवटा अनित्यादि लक्षणलई अथवा अनित्य दु:ख अनात्म लक्षणलाई आरम्मण गरेर परिकर्म उपचार अनुलोम भनेको नाउले उत्पन्न हुने हुन्छ ।

**पालि–** **या सिखाप्पत्ता, सा सानुलोमा सङ्खारुपेक्खा वुट्ठानगामिनिविपस्सनाति च पवुच्चति ।**

भावार्थ – जो संस्कारमा उपेक्षा भावले देखिने ज्ञान छ; विपश्यनाको सिखरमा सत्यानुलोम ज्ञानसँगै उत्पन्न हुने त्यो संस्कारूपेक्षा ज्ञानलाई ब्युत्थानगामिनी विपश्यना भनिकन पनि अथवा अपायादि वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने विपश्यना भनिकन पनि विशेषरूपले भन्ने गर्दछ ।

**पालि –** **ततो परं गोत्रभूचित्तं निब्बानमालम्बित्वा पुथुज्जनगोत्तमभिभवन्तं अरिययोत्तमभिसम्भोन्तञ्च पवत्तति ।**

भावार्थ – त्यो ब्युत्थान गामिनी विपश्यना जवनचित्त दुई तीन पटक उत्पन भैसकेपछि गोत्रभू चित्त निर्वाणलाई आरम्मण गरेर पृथग्जनहरुको गोत्रलाई अभिभूत गरी त्यसपछि आर्य गोत्रभूमा पुऱ्याएर उत्पन्न हुने हुन्छ ।

## मार्गकृत्य १६ वटा

**पालि –** **तस्सानन्तरमेव मग्गो दुक्खसच्चं परिजानन्तो समुदयसच्चं पजहन्तो, निरोधसच्चं सच्छिकरोन्तो मग्गसच्चं भावनावसेन अप्पनावीथिमोतरति ।**

भावार्थ – त्यस गोत्रभू चित्तको अनन्तरमा श्रोतापत्ति मार्गले दु:खसत्यलाई एक एक गरि छुट्याएर जानी, समुदयसत्यलाई हटाई निरोधसत्यलाई साक्षात्कार गरी मार्गसत्यलाई बृद्धि गर्ने हिसाबले अर्पणा वीथिमा अवतरण गर्ने हुन्छ ।

**पालि –** **ततो परं द्वे तीणि फलचित्तानि पवत्तित्वा भवङ्गपातोव होति ।**



https://dhamma.digital

भावार्थ – त्यो श्रोतापत्ति मार्ग अर्पणा विथिमा पुगेपछि दुई तीन पटकको फलचित्तहरु उत्पन्न भएर भवाङ्गको अवतरण नै हुनै हुन्छ ।

**प्रत्यवेक्षण ज्ञान उत्पन्न हुने**

**पालि – पुन भवङ्ग वोच्छिन्दित्वा पच्चवेक्खणञाणानि पवत्तन्ति ।**

भावार्थ – फेरी भवाङ्गलाई अक्छेदन गरी प्रत्यवेक्षण ज्ञानहरु अथवा मार्ग, फल, निर्वाणलाई विचार गर्ने ज्ञानहरु उत्पन्न हुने हुन्छ ।

**संग्रह – गाथा**

**पालि– मग्गं फलञ्च निब्बानं पच्चवेक्खति पण्डितो ।**

**हीने किलेसे सेसे च पच्चवेक्खति वान वा ॥**

भावार्थ – प्रज्ञावान आर्य पुद्गलले मार्ग, फल र निर्वाणलाई प्रत्यवेक्षण गर्ने हुन्छ । हटाई सकेका क्लेशहरुलाई र हटाएर बाकि रहेका क्लेशहरुलाई प्रत्यवेक्षण गर्ने पनि हुन्छ, नगर्ने पनि हुन्छ ।

**संग्रह – गाथा**

**पालि – छब्बिसुद्धिकमेनेवं भावेतब्बो चतुब्बिधो ।**

**ञाणदस्सनविसुद्धि, नाम मग्गो पवुच्चति ॥**

**अयमेत्थ विसुद्धिभेदो ।**

भावार्थ – यसरी बताई आएको नय अनुसार ६ वटा विशुद्धिको क्रमले वृद्धि गर्नुपर्ने चार प्रकारले भएको मार्गलाई ज्ञान दर्शन विशुद्धि भन्छ भनी अथवा निर्वाणलाई जान्न देख्न सक्ने मार्ग ज्ञानको परिशुद्धि भनिन्छ भनी विशेषरूपले बताइएको छ ।

**विमोक्ष – भेद**

**पालि – तत्थ अनत्तानुपस्सना अत्ताभिनिवेसं मुञ्चन्ती सुञ्ञतानुपस्सना नाम विमोक्खमुखं होति ।**



https://dhamma.digital

भावार्थ – त्यस अनित्यानुपश्यनादि उद्देशमा ती विपश्यना तीनवटा, विमोक्षमुख तीनवटा मध्येमा मेरो आत्म भनी दरिलो गरी विचार गर्नेलाई अथवा मेरो आत्म होइन भनि दरिलो गरी ग्रहण गर्नेलाई छाड्ने; आत्म होइन भनि उत्पन्न हुनेलाई बार बार देख्ने शून्यतानुपश्यना भनेको अथवा आत्मशून्य आकारले बार बार देख्ने भनेको विमोक्षमु अथवा विरोधी आत्म अभिनिवेशबाट मुक्त हुन लागेको, भैसकेको मार्ग र फलको कारण अथवा विरोध क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भैसकेको फलको कारण हुने हुन्छ ।

**पालि – अनिच्चनुपस्सना विपल्लासनिमित्तं मुञ्चन्ती अनिमित्तानुपस्सना नाम ।**

भावार्थ – विपर्यास निमित्तलई अथवा संज्ञा विपर्यास, चित्त विपर्या,दृष्टि भनिएको कारणलाई अथवा विपरीत तरिकाले ग्रहण गर्ने भनेको संज्ञा, चित्त, दृष्टि भनिएको कारणलाई अथवा विपरीत हुने कारण भैरहेको संज्ञा, चित्त दृष्टि भनिएको अपायगामनीय कारणलाई अथवा विपरीत तरिकाले ग्रहण गर्ने भनिएको संज्ञा, चित्त, दृष्टि अपाय गमनीय कारणलाई छाड्ने, नित्य होइन भनी उत्पन्न हुनेलाई बार बार देख्ने अनिमित्तानुपश्यना भनेको अथवा विपर्यास निमित्तले अलग भएको आकारले बार बार देखिने भनेको विमोक्षमुख अथवा विरोधी विपर्यास, निमित्तबाट मुक्त मा भएको भैसकेको मार्ग र फलको कारण अथवा विरोधी क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भैसकेको फलको कारण हुने हुन्छ ।

**पालि – दुक्खानुपस्सना तण्हापणिधिं मुञ्चन्ती अप्पणिहितानुपस्सना नाम ।**

भावार्थ – काम, रूप, अरूप भवमा टाँसिने तृष्णा भनेको आकांक्षालाई छोड्ने, दुःख भनिकन उत्पन्न हुनेलाई बार बार देख्ने



https://dhamma.digital

अप्रणिहितानुपश्यना अथवा प्रणिधिबाट अलग भएको आकारले देखिने भनेको विमोक्षमुख अथवा विरोधी प्रणिधिबाट मुक्त मात्र भएको भैसकेको मार्ग र फलको कारण अथवा विरोधी क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भैसेकेको फलको कारण हुने हुन्छ ।

**पालि – तस्मा यदि वुट्ठानगामिनीविपस्सना अनत्ततो विपस्सति, सुञ्ञतो विमोक्खो नाम होति मग्गो ।**

भावार्थ – तसर्थ ब्युत्थान गामिनी विपश्यना अथवा अपायादिबाट वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने कारण भैरहेको विपश्यना, अनात्मभावले अथवा अनात्म भनिकन देख्यो भने यसरी अनात्मभावले देख्ने अवस्थामा लोकुत्तरुमार्ग शून्यत विमोक्ष भनि अथवा आत्मभावले शून्य भएर संयोजनबाट मुक्त हुने हुन्छ ।

**पालि – यदि अनिच्चतो विपस्सति, अनिमित्तो विमोक्खो नाम ।**

भावार्थ – वुट्ठान गामिनी विपश्यना अथवा अपायादि बाट वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने कारण भैरहेको विपश्यना, अनित्यको रूपमा अथवा अनित्य भनी देख्योभने यरी अनित्य रूपले अनित्य रूपले देखिने अवस्थामा लोकुत्तर मार्ग अनिमित्त विमोक्ष भनिने अथवा नित्य निमित्तादि नभएर संयोजन आदिबाट मुक्त भैरहेको हुने हुन्छ ।

**पालि – यदि दुक्खतो विपस्सति अप्पणिहितो विमोक्खो नामाति च मग्गो विपस्सनागमनवसेन तीणि नामानि लभति, तथा फलञ्च मग्गागमनवसेन मग्गवीथियं ।**

भावार्थ – ब्युत्थान गामिनी विपश्यना अथवा अपायदि बाट वा संस्का, निमित्तबाट उठ्न् भनेको मार्गमा पुगिने कारण भैरहेको विपश्यना, दुःखको रूपमा अथवा दुःख भनी देख्योभने यसरी



https://dhamma.digital

दुःख रूपले देखिने अवस्थामा लोकुत्तर मार्ग अप्रणिहित्त विमोक्ष भनिने वा तृष्णा भनेको आकांषा रहित भएर संयोजन आदिबाट मुक्त भैरहेको भनिने हुन्छ । यसरी पनि लोकुत्तर मार्ग विपश्यना भनिएको गमनको हिसाबले तीनवटा नाम वा शून्यत अनिमित र अप्रणिहित भन्ने तीनवटा नाउ भएको हुनेभयो । मार्ग वीथि दुई तीन पटक अवतरण हुने फल पनि मार्ग भनिएको गमनको हिसाबले त्यस्तै नै तीनवटा नाउँ अथवा शून्यता अनिमित्त र अप्रणिहित विमोक्ष भनिएको तीन नाउँ भएको हुने भयो ।

**पालि –** **फलसमापत्तिवीथियं पन यथावुत्तनयेन विपस्सन्तानं यथासकंफलमुप्पज्जमानम्पि विपस्सनागमनवसेनेव सुञ्ञतादिविमोक्खोति च पवुच्चति ।**

भावार्था –विशेष कुरा बताउँछु । फलसमापत्ति विथिमा बताइ आएको नय अनुसार विपश्यक फलष्ठ पुद्‌गल चारजनामा उत्पन्न हुने जुन उपलब्ध मार्ग भनेको आफ्नो फल विपाक भैरहेको फल पनि विपश्यना भनेको गमनको हिसाबले शून्यत, अनिमित र अप्रणिहित विमोक्ष भनिकन नै वा आत्म भावले शून्य भएर संयाजन आदिबाट मुक्त भैसकेको फल नित्य निमित्तादिबाट अलग भएर संयोजनादिबाट मुत्तः भैसकेको फल, तृष्णा भनेको प्रणिधिबाट रहित भएर संयोजन आदिबाट मुक्त भैसकेको फल भनिकन नै विशेषरूपले बताई राखेको भयो ।

**पालि –** **आरम्मणवसेन पन सरसवसेन च नामत्तयं सब्बत्थ सब्बेसम्पि सममेव चाति । अयमेत्थ विमोक्खभेदो ।**

भावार्थ – असाधारण पछि साधारयालाई बताउँछु । सबै मार्गवीथि र फल समापत्ति विथिमा सबै मार्ग फल तीनवटा नाउँको समूह अथवा शून्यता, अनिमित्त र अप्रणिहित विमोक्ष भनेको



https://dhamma.digital

तीनवटा नाउको समुह पनि सम्पूर्ण संस्कार शून्य भएको हुँदा शून्यता नाउं भएको निर्वाण, संस्कार निमित्तबाट अलग भएकोले अनिमित्त नाउं भएको निर्वाण, तृष्णा भनेको प्रणिधिले रहित भएको हुनाले अप्रणिहित नाउं भएको निर्वाण भनेको आरम्मणको हिसाबले र रागादिबाट शून्य हुनाले शून्यत रूप निमित्त आदि आरम्मणबाट अलग हुनाले अनिमित्त क्लेश भनिएको आकांक्षा रहित भएको हुनाले अप्रणिहित भनेको आफ्नो गुणको हिसाबले समान नै भयो ।

## पुद्‌गल भेद

### मार्गबाट हटाउने कर्म

**पालि –** **एत्थ पन सोतापत्तिमग्गं भावेत्वा दिट्ठिविचिकिच्छापहानेन पहीनापायगमनो सत्तक्खत्तुपरमो सोतापन्नो नाम होति ।**

भावार्थ – विमोक्ष भेद पछि पुद्‌गलभेदलाई बताउँछु। विपश्यना कर्मस्थान वा यी चार मार्ग मध्येमा अथा यी चारजना फलस्थ पुद्‌गलहरु मध्येमा श्रोतापत्ति मार्गलाई बुद्धि गरी दृष्टि विचिकित्सा हटाउनु द्वारा वा हटाएको कारणले हटाईसकेको भएर देव र मनुष्यलोकमा छ्यासमिस रूपले सातपटक प्रतिसन्धि ग्रहण गर्ने परिमाण भएको श्रोतापन्न नाउं भएको हुने हुन्छ ।

**पालि –** **सकदागमिमग्गं भावेत्वा रागदोसमोहानं तनुकरत्ता सकदागामी नाम होति सकिदेव इमं लोकं अगन्त्वा ।**

भावार्थ – सकुदागामी मार्गलाई बृद्धि गरेर राग, द्वेष, मोहलाई पातलो पारी लाने हुँदा एकपटक मात्र मनुष्य लोकमा आएर वा आउने कारणले सकृदागामी भनेके हुने हुन्छ ।

**पालि –** **अनागामिमग्गं भावेत्वा कामरागब्यापादानमनवसेसप्पहानेन अनागामी नाम होति अनागन्त्वा इत्थत्तं ।**



https://dhamma.digital

भावार्थ – अनागामी मार्गलाई बृद्धि गरेर कामराग र ब्यापादलाई निशेष गरी हटाउने भएको वा हटाएको कारणले यो काम भूमिमा नआईकन वा नआउने कारणले अनागामी भन्ने हुने हुन्छ ।

**पालि – अरहत्तमग्गं भावेत्वा अनवसेसकिलेसप्पहानेन अरहा नाम होति खीणासवो लोके अग्गदक्खिणेय्योति । अयमेत्थ पुग्गलभेदो ।**

भावार्थ – अरहत्त मार्गलाई बुद्धि गरेर क्लेशलाई बाकि नराखिकन हटाउने भएकोले वा हटाउने कारणले क्षीण भएको आश्रत हुने मनुष्य लोकमा अग्र भएको दक्षिणालाई ग्रहण गर्ने योग्य भएको अरहन्त भन्ने हुने हुन्छ ।

यस विपश्यना कर्मस्थानमा यो बताईआएको पुद्‌गल भेद हो ।

## समापति भेद

**पालि – फलमापत्तिवीथियो पनेत्थ सब्बेसम्पि यथासकफलवसेन साधारणाव ।**

भावार्थ – पुद्‌गल भेद पछि समापत्ति भेदलाई बताउँछु । यस विपश्यना कर्मस्थामा वा यी फलसमापत्ति र निरोध समापत्ति मध्येमा फलसमापत्तिहरु सम्पूर्ण फलष्ठ पुद्‌गल चारजनासँग उपलब्ध मार्ग भनेको आफ्नो भैरहेको फलको हिसाबले साधारण नै हुन्छ ।

**पालि – निरोधसमापत्तिसमापज्जनं पन अनागामीनञ्चेव अरहन्तानञ्च लब्भन्ति ।**

भावार्थ – साधारण पछि असाधारणलाई बताउँछु । निरोधसमापत्तिमा बस्नलाई वा चित्त चैतसिक वित्तजरूपहरु निरोधमा पुगिनेमा बस्नेलाई काम र रूपभूमिमा रहेका समापत्ति आठैवटाले सम्पन्न भएका अनागामी पुद्‌लहरुलाई र (काम र रूप भूमिमा रहेका समापत्ति आठैवटाले सम्पन्न भएकाहरु) अरहन्त पुद्‌गलहरुलाई प्राप्त हुन्छ ।



https://dhamma.digital

**पालि – तत्थ यथाक्कमं पठमज्झानदिमहग्गतसमापत्तिं समापज्जित्वा वुट्ठाय तत्थ गते सङ्खारधम्मे तत्थ तत्थेव विपस्सन्तो याव आकिञ्चञ्ञायतनं गन्त्वा ततो परं अधिट्ठेय्यादिकं पुब्बिकिच्चं कत्वा नेवसञ्ञानासञ्ञायनतं समापज्जति ।**

भावार्थ – त्यस निरोधसमापत्तिमा क्रमशः प्रथमध्यानादि महर्गत समापत्तिलाई ध्यान गरेर त्यस समापत्तिबाट उठेर त्यस प्रथमध्यादि महर्गत समापत्तिमा उत्पन्न हुने संस्कार धर्मलाई ती ती प्रथमध्यानादि महर्गत समापत्तिमा नै विपश्यना द्वारा देख्ने अनागामी अरहन्त पुद्गलले आकिञ्चन्यायतन कुशल क्रिया ध्यान सम्म गएर त्यस ध्यानमा बसेदेखि पछि अधिष्ठान गर्ने आदि अथवा आफ्नो नजिक नभएको अलग अलग राखिएको चीवरादि परिष्कार, विहार आदि आगो इत्यादिले नाम गर्न नसकिने गरी अधिष्ठान गर्ने संघले आकांक्षा गर्ने लाई विचार गर्ने; बुद्धले बोलाउँदा विचार गर्ने, सातदिन भित्र कर्मज रूपलाई उत्पादन गरिने जीवनको स्थितिलाई हेर्ने भनेको चारवटा पूर्वकृत्य गरेर नैवसंज्ञा ना संज्ञायतन कुशल क्रिया ध्यानमा प्रवेश गर्ने हुन्छ ।

**पालि – तस्स द्विन्नं अप्पनाजवनानं परतो वोच्छिज्जति चित्तसन्तति, ततो निरोधसमापन्नो नाम होति ।**

भावार्थ – दोश्रो पटकको नैवसंज्ञा नासंज्ञायतन कुशल क्रिया अर्पणा जवन पछि त्यो अनागामी, अरहन्त पुद्गलको चित्तसन्तति अवछिन्न हुने हुन्छ । त्यो चित्तसन्तति अवछिन्न भैसकेपछि त्यो चित्तसन्तति अवछिन्न भएको कारणले निरोधसमापत्तिमा प्रवेश भयो भन्ने अथवा चित्त चैतसिक चित्तजरूपको निरोधमा पुगिने भन्ने हुन्छ ।

**पालि – वुट्ठानकाले पन अनागामिनो अनागामिफलचित्तं अरहतो अरहत्तफलचित्तं एकवारमेव पवत्तित्वा भवङ्गपातो होति, ततो**



https://dhamma.digital

**परं पच्चवेक्खणञाणं पवत्ततीति । अयमेत्थ समापत्तिमेदो । निट्ठितो च विपस्सनाकम्ह्वान नयो ।**

भावार्थ – विशेष कुरा बताउँछु वा ध्यानमा बस्नुभन्दा पछि ध्यानबाट उठ्नेलाई बताउँछु । निरोधसमापत्तिबाट उठ्ने समयमा अनागामी पुद्गललाई अनागामी फलचित्त अरहन्त पुद्गललाई अरहत्त फलचित्त एकपटक मात्र उत्पन्न भएर अथवा अनागामी पुद्गललाई अनागामी फलचित्तको अरहन्त पुद्गललाक्षए अरहत्तफलचित्तको एकपटक मात्र उत्पत्ति हुने कारणले वा उत्पन्न भैसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ । त्यस भवाङ्ग अवतरण पछि प्रत्यवेक्षण जवन जवनज्ञान चित्त उत्पन्न हुने हुन्छ । यस विपश्यना कर्मस्थामा यो बताई आएको समापत्ति भेद हो । विपश्यना कर्मस्थान नय सम्पूर्ण भयो ।

### उय्योजन (प्रोत्साहन) दिने

**पालि – भावेतब्बं पनिच्चेवं, भावना द्वयमुत्तमं ।**
**पटिपत्तिरसस्सादं, पत्थयन्तेन सासने ॥ पप**

भावार्थ – विशेष कुरा बताउँछु । शमथ कर्मस्थान नय र विपश्यना कर्मस्थान नय भन्दा पछि त्यस शमथ विपश्यना कर्मस्थानमा कोशिस गर्ने रूपमा प्रेरणा दिने उय्योजनलाई बताउँछु । बुद्धशासनलाई ध्यानसुख फलसुखादि भेद भएको शमथ विपश्यना भनेको आचरणबाट प्राप्त हुने सुखानुभूति भएको रस भनेको आनन्दलाई अथवा शमथ विपश्यना भनेको आचरणको आनिशंस भईरहेको सुखानुभूति भएको रस भनेको ध्यानुसख फलसुखादि भेद भएको आनन्दलाई प्रार्थना गर्ने कुलपुत्रले यसरी बताई आएको नय अनुसार उत्तम भएको अथवा नीवरण क्लेशलाई उखेल्ने शमथ भवाना विपश्यना भावना भनेको भावना समुह दुईवटालाई बुद्धि गर्नुपर्ने हुन्छ ।



https://dhamma.digital

## कर्मस्थान काण्डको निगमन

**पालि – अभिधम्मत्थसङ्गहे कम्मट्ठानसङ्गह विभागो नाम नवमो परिच्छेदो ।**

भावार्थ – अभिधमर्मार्थ संग्रह ग्रन्थमा कर्मस्थान संग्रहलाई विभाजन गर्ने भन्ने अथवा शमथ कर्मस्थान र विपश्यना कर्मस्थानको संक्षिप्त विभाजन गर्ने भनको नौवटाको आपूर्ति भईरहेको परिच्छेद यसरी सम्पूर्ण भयो ।

संग्रह समाप्त भयो ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## एकाइ ३ : अभिधर्म दैनिक जीवनमा

Dhamma.Digital

मूल पुस्तक : जीवनको प्रत्येक घडीमा अभिधर्म

लेखक : एन.भि. गोरकम

अनुवादक : आर. बि. वन्द्य

https://dhamma.digital

# एकाइ ३ : जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

### परिच्छेद – १७

## द्वारहरू तथा चित्तका भौतिक आधारहरू (वत्थुहरू)

भगवान बुद्धले ६ द्वारहरू मार्फत अनुभव गरिएका आलम्बनहरूद्वारा मोहित रहनाका दुष्परिणामहरू बारेमा उपदेश दिनुभयो । उहाँले लोकजनहरूलाई ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरूलाई अनित्य र अनात्म धर्महरूको रूपमा, नाम र रूपको रूपमा जान्ने प्रज्ञाको विकास गर्न उपदेश दिनुभयो । जे अनित्य छ त्यो दुःख हो, त्यो सुख हुन सक्तैन । जब हामी वस्तुहरूलाई यथार्थ रूपमा जान्ने हुन्छौँ, हामी आलम्बनहरूद्वारा कम मोहित रहने छौँ ।

**भिक्खु सुत्त**

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद१, षलायतन संयुक्त द्वितीय पण्णासक, भाग ३, ग्लान वर्ग, भिक्खु सुत्त) मा बुद्धोपदेशका उद्देश्य बारेमा उल्लेख गरिएको छ। सुत्रमा भनिएको छ -

"अनि केही भिक्षुहरू भगवान्‌का समीप आए र भगवान्‌लाई अभिवादन गरिकन एक छेउमा बसे । एक छेउमा बसेर ती भिक्षुहरूले भगवान्‌लाई बिन्ति गरे :–

भन्ते ! अर्कै मत भएका साधुहरू हामीसँग प्रश्न गर्छन्- आवुस ! श्रमण गौतमको शासनमा तपाईहरू ब्रह्मचार्य पालन किन गर्नुहुन्छ ।

भन्ते ! यसरी प्रश्न गरिँदा हामीहरू यसरी जवाफ दिन्छौँ - आवुस ! दुःख लाई ठीक ठीक रूपमा सम्झन बुझ्नको लागि हामीहरू भगवान्‌को शासनमा ब्रम्हचर्यको पालन गर्दछौं ।



https://dhamma.digital

भन्ते ! यस्तो प्रश्नको यस्तो उत्तर दिएर हामीहरूको सुगतको सिद्धान्तलाई ठीकसँग त प्रतिपादन गरेका छौं, होइन र ? भगवानको सिद्धान्तको विपरीत हुने गरी असत्य भाषण त हामी गर्दैनौ ? के हामी भगवानको उपदेश अनुकुल जवाफ दिन्छौं । के यसरी जवाफ दिँदा भगवानको धर्मोपर्देश सँग सहमत हुने र भगवानको सिद्धान्तलाई परिपालन गर्ने व्यक्तिहरूले निन्दा उपहास त गर्न सक्तैन, होइन र ?

भिक्षुहरू ! यस प्रश्नको उत्तर यसरी दिएर तिमीहरूले मेरो सिद्धान्तको अनुकुल नै भनेका हुन्छौ ..... कि दुःखलाई ठीकसँग सम्झन बुझ्नको लागि नै मेरो शासनमा ब्रह्मचार्य पालन गरिन्छ ।

भिक्षुहरू ! यदि भिन्न मत भएका साधु तिमीहरूसँग प्रश्न गर्छन् कि आवुस ! त्यो दुःख के हो जुनलाई ठीकसँग सम्झन बुझ्नको लागि श्रमण गौतमको शासनमा ब्रम्हचार्य पालन गरिन्छ ? तब तिमीहरूले उनीहरूलाई यसरी उत्तर दिनु -

आवुस चक्षु दुःख हो । यसलाई ठीक ठीक रूपमा सम्झन बुझ्नको लागि श्रमण गौतमको शासनमा ब्रम्हाचार्य पालन गरिन्छ। रूप दुःख हो, ...... चक्षु विज्ञान दुःख हो ...... चक्षु संस्पर्शले गर्दा उत्पन्न हुने सुख वेदना वा दुःख वेदना वा अ-सुख - अ-दुःख वेदना दुःख हो जसलाई ठीक ठीक रूपमा बुझ्नको लागि श्रमण गौतमको शासनमा ब्रम्हचर्य पालन गरिन्छ। श्रोत .... । घ्राण .... । जिह्वा ..... । काया, .......मा,.... दुःख हो। आवुस ! यही दुःख हो जुनलाई ठीक ठीक रूपबाट जान्नको लागि श्रमण गौतमको शासनमा ब्रम्हचर्य पालन गरिन्छ।

यसरी भिक्षुहरू ! भिन्न वादवाला साधुहरूले प्रश्न गर्दा यसरी तिमीहरूले जवाफ दिनु पर्दछ ।

दर्शन, रंग, वेदना वा चिन्तन इत्यादिको रूपमा देखापर्ने नाम र रूपको बारेमा स्मृतियुक्त रहेर हामीले आफैलाई भगवान बुद्धको उपदेशहरूको सत्यतालाई प्रमाणित (सिद्ध) गर्न सक्छौं । ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरू अनित्य हुन्, आत्मा होइन भन्ने



https://dhamma.digital

कुरा हामी सिद्ध गर्न सक्छौं । अर्काको अन्धानुसरण गर्ने व्यक्तिहरूले वा सत्यको बारेमा केवल कल्पनामा उड्ने व्यक्तिहरूले सत्यको ज्ञान गर्ने छैनन् । संयुक्त निकाय (षलायत वर्ग, परिच्छेद १, षलायतन संयुक्त तृतीय, पण्णसक, भाग ५, अत्थि नु खो परियात सुत्त) मा भगवानको निम्न उपदेशको चर्चा गरिएको छ -

"भिक्षुहरू ! के कुनै यस्तो कारण छ जस्ले गर्दा भिक्षु बिना श्रद्धा, रुची, अनुश्रव, आकार परिवितिर्क र दृष्टि निध्यान क्षान्तिको परम ज्ञानको साथै यस्तो भन्न सकेस् कि जाति क्षीण भयो, ब्रम्हचर्य पूरा भयो, गर्नुपर्ने कार्य गरिसकियो, अब पुनर्जन्म हुने छैन ?

भन्ते ! हाम्रो लागि धर्मको मूल भगवान नै .... ।

हो भिक्षुहरू ! यस्तो कारण छ जसले गर्दा भिक्षु बिना श्रद्धा .... जाति क्षीण भयो .... थाहा पाउँछ ?

भिक्षुहरू ! त्यो कारण के हो ?

भिक्षुहरू ! चक्षुबाट रूपलाई देखेर यदि आफ्नो भित्र राग, द्वेष, मोह भएमा त्यो भिक्षु जान्दछ कि मेरो भित्र राग, द्वेष, मोह छ । यदि आफूमा भित्र राग, द्वेष, मोह छैन भने उ जान्दछ कि मेरो भित्र राग, द्वेष, मोह छैन ।

भिक्षुहरू ! यस्तो अवस्थामा के त्यो भिक्षु श्रद्धाबाट, रुचीबाट अनुश्रव, सुने भरको कुरा) आकार परिवितर्क र दृष्टिनिध्यान क्षान्तिबाट धर्महरूलाई जान्दछ त ?

होइन भन्ते !

भिक्षुहरू ! के यो धर्म प्रज्ञाबाट देखेर जानिन्छ त ?

हो भन्ते !

भिक्षुहरू ! यही कारण हो जसबाट भिक्षुले बिना, श्रद्धा, रुची, अनुश्रव, आकार परिविर्तक र दृष्टिनिध्यान क्षान्तिको परम ज्ञानबाट यस्तो भन्न सक्छ– जाति क्षीण भयो, ब्रम्हचर्य पूरा भयो, गर्नुपर्ने कार्य गरिसकियो अब पुनर्जन्म हुनु छैन ।



https://dhamma.digital

श्रोत-द्वार घ्राण-द्वार, जिह्वा-द्वार, काय-द्वार र मनोद्वारको सम्बन्धमा पनि यही नै भनिएको छ।

हामीले अभिधर्मको अध्ययन गर्दा ६ द्वारहरूमार्फत देखापर्ने धर्महरूलाई यथार्थ रूपमा बुझ्ने प्रज्ञा मार्फत क्लेशहरूको उन्मूलन गर्ने बुद्धोपदेशित, धर्मको उद्देश्य हो भन्ने कुरालाई मनमा राख्नु पर्छ। यसै तरीकाबाट नै जन्म र मरणको चक्रको अन्त्य हुनेछ। अभिधर्म भनेको एउटा सैद्धान्तिक पाठ्यपुस्तक होइन, बल्कि दैनिक जीवनमा प्रकट भइरहने वास्तविकताहरूको ब्याख्यान हो भन्ने कुरा हामीले सम्झनु पर्दछ। हामी नाम र रूप बारेमा सिक्छौं। इन्दीयद्वार वीथि र मनोद्वार वीथिमा प्रत्येक चित्तको आफ्नै कृत्य हुने चित्तहरूको बारेमा सिक्छौं। बारंबार इन्द्रीयद्वार वीथिहरू र मनोद्वार वीथिहरू उत्पन्न हुन्छन् र चित्तको यी वीथिक्रममा आलम्बनहरूलाई अनुभव गरिन्छन्। नाम र रूप उत्पत्ति हुँदाका बखत हामीमा स्मृति रहेको खण्डमा क्लेशहरूलाई जरैदेखि उखेलेर फ्याँक्न सक्ने प्रज्ञाको विकास हुन्छ। यस प्रकारको प्रज्ञा कुनै पनि किसिमको सैद्धान्तिक ज्ञान भन्दा गहिरो हुन्छ।

उत्पत्ति र विनाश हुने नाम र रूप ससंस्कृत धर्म हुन्। तिनीहरू विभिन्न हेतुका कारण उत्पत्ति हुन्छन्। अभिधर्मको अध्ययनबाट हामी नाम र रूपका विभिन्न हेतुहरू बारेमा ज्ञान प्राप्त गर्छौं। जस्तो उदाहरणको लागि, दर्शन विपाक हो र यो कर्मको फल हो भन्ने कुरा सिक्छौं। किन्तु दर्शनको लागि कर्म नै मात्र हेतु होइन। दर्शनको आलम्बन-रंग जो छ त्यो पनि हेतु हो। चक्षु- इन्द्रीय, जुन रंगलाई ग्रहण गर्ने शक्ति भएको चक्षुमा रहेको एक प्रकारको रूप हो, (प्रसाद-रूप) पनि एउटा हेतु हो।

चक्षु-इन्द्रियमा रहेको रूप नै दर्शनको लागि द्वार हो। द्वार भनेको चित्तले आलम्बनलाई अनुभव गर्ने माध्यम हो। चक्षुद्वारावर्जन चित्त र चक्षु - विज्ञानले मात्र चक्षु-द्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्ने होइनन्। त्यस वीथिका अन्य चित्तहरू जस्तो सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, वोट्ठब्बन चित्त, जवन चित्तहरू र तदालम्बन चित्तहरू पनि आलम्बनलाई भोग गर्नको निम्ति त्यही द्वार माथि आश्रित हुन्छन्।



https://dhamma.digital

ती चित्तहरूले अनुभव गरेको त्यो रूपको निरोध भइसकेपछि, त्यस आलम्बनलाई मनोद्वार मार्फत पनि अनुभव गर्न सकिन्छ।

६ द्वारहरू मध्ये कुनै एक द्वार मार्फत आलम्बनलाई अनुभव गरिने प्रक्रियामा उत्पन्न हुने चित्तहरूलाई वीथि-चित्तहरू भनिन्छ । जुन द्वार मार्फत वीथि-चित्तहरूले आलम्बनहरूलाई ग्रहण गर्दछन्, त्यसै द्वारको नाउँबाट वीथि-चित्तहरूलाई नामकरण गरिन्छ । जस्तो चक्षु–द्वारमार्फत आलम्बनलाई ग्रहण गर्ने चित्तहरूलाई चक्षुद्वार वीथि-चित्तहरू भनिन्छ। कर्णद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूलाई श्रोत-द्वार वीथि-चित्तहरू भनिन्छ। मनोद्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्ने चित्तहरूलाई मनोद्वार वीथि-चित्त भनिन्छ।

चित्तका भिन्न भिन्न वीथिहरू (प्रक्रियाहरू) का बीचबीचमा भवंग चित्तहरू प्रवर्तित हुनु जरुरी हुन्छ। भवंत चित्तहरू वीथि-चित्तहरू होइनन्। ६ द्वारहरू मध्ये कुनै एकद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथिको भाग नै भवंग चित्तहरू होइनन्। भवंग चित्तहरूले कुनै पनि द्वार माथि निर्भर नरहिकनै आलम्बनलाई ग्रहण गर्दछन् । जीवनको प्रथम चित्त, प्रतिसन्धि चित्तले जुन आलम्बनलाई अनुभव गर्दछ त्यसै आलम्बनलाई भवंग चित्तहरूले पनि अनुभव गर्दछन्।

जीवनको अन्तिम चित्त, च्यूति चित्तले पनि प्रतिसन्धि चित्त र त्यस जीवनको सम्पूर्ण भवंग चित्तहरूले जुन आलम्बनलाई अनुभव गरेका छन् त्यसै आलम्बनलाई अनुभव गर्दछ। प्रतिसन्धि-चित्त, भवंग चित्त र च्यूति-चित्त वीथि-विमुक्ति -चित्तहरू (पालिमा वीथि-विमुत्ति-चित्त) हुन्।

वीथि-विमुक्ति-चित्तहरूले अनुभव गर्ने (ग्रहण गर्ने आलम्वन के हो त ? हामीले माथि उल्लेख गरिसकेका छौं। हाल अन्त हुन लागेको जीवनको च्यूति चित्तको अघि उत्पन्न हुने अन्तिम जवन चित्तहरू नै उसले कुन किसिमको पुनर्जन्म प्राप्त गर्ने हो भन्ने कुराको लागि निर्णायक हुन्छन्। यी जवन चित्तहरू (मरणासन्न जवन चित्तहरू) कुशल चित्त भए प्रतिसन्धि चित्त कुशल विपाक चित्त हुने हुन्छ । यो जवन



https://dhamma.digital

चित्तहरू अकुशल चित्त भए प्रतिसन्धि चित्त अकुशल विपाक चित्त हुने हुन्छ। जीवनका अन्तिम जवन चित्तहरूले अनुभव गर्ने त्यो आलम्बन ६ द्वारहरू मध्ये कुनै एउटा द्वार मार्फत प्रकट हुन सक्छ। अर्को जन्मको प्रतिसन्धि चित्तले यी मरणासन्न जवन चित्तहरूले जुन आलम्बनलाई अनुभव गर्दछ उही आलम्बनलाई अनुभव गर्दछ। प्रतिसन्धि चित्तले मात्र होइन, त्यस जीवनका सम्पूर्ण भवंग चित्तहरू र च्यूति चित्तले पनि त्यही आलम्बनलाई अनुभव गर्दछन्।

एक जीवनको अन्तिम जवन चित्तहरू नै अर्को जीवनको प्रतिसन्धि चित्तको हेतु हुन्छ। यी जवन चित्तहरू पछि उत्पत्ति हुने च्यूति चित्तले चाहिं यी मरणासन्न जवन चित्तहरूबाट स्वतन्त्र रहेर आलम्बनलाई अनुभव गर्दछ। यस च्यूति चित्तले अन्त हुन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूले जुन आलम्बनलाई अनुभव गरेको हुन्छन्, उही आलम्बनलाई अनुभव गर्दछ। तर अर्को जीवनका प्रतिसन्धि चित्तले भने अघिल्लो जीवनको च्यूति चित्तबाट भिन्न रहेको आलम्बनलाई अनुभव ग्रहण गर्न सक्छ। किनभने, यो प्रतिसन्धि चित्त चाहिं अघिल्लो जीवनका मरणासन्न जवन चित्तहरूको कारणले उत्पन्न हुन्छ। यसरी हामी के देख्छौं भने वीथि-विमुक्ति-चित्तहरूले सम्पूर्ण जीवन भरिनै ६ द्वारहरूमा ठक्कर खाने (स्पर्श गर्ने) आलम्बनहरूलाई अनुभव गर्ने होइनन्। ती चित्तहरूले त चित्तका वीथि क्रममा अनुभव गरिने आलम्बनहरू भन्दा सर्वथा भिन्न आलम्बनहरूलाई नै अनुभव गर्दछन्।

चित्तलाई द्वारको किसिमको आधारमा वर्गीकरण गर्नु पनि उपयोगी हुन्छ। चित्तलाई द्वारको आधारमा पनि वर्गीकरण नगरिकन केवल कृत्यकै आधारमा मात्र वर्गीकरण गरिएको खण्डमा उसलाई कुन चाहिं चित्तलाई भनिएको हो भन्ने कुरा पनि थाहा नहुन सक्छ। जस्तो उदाहरणको लागि, पंचद्वारावर्जन चित्तको आवर्जनको कृत्य हुन्छ। यदि उसलाई यो चित्तले पाँच इन्द्रियद्वारहरू मार्फत आवर्जनको कृत्य गर्छ भन्ने कुरा थाहा पाएन भने आवर्जनको कृत्य गर्ने मनोद्वारावर्जन चित्तसंग



https://dhamma.digital

पंचद्वारावर्जन चित्त मिसाई ऊ अलमलिन सक्छ। मनोद्वारावर्जन चित्तले भने मनोद्वार मार्फत मात्र आवर्जनको कृत्य गर्दछ।

केही चित्तहरूले एकै द्वार मार्फत आफ्ना कृत्य गर्दछन् । उदाहरणको लागि भनौं, श्रोत-विज्ञानवाला दुई प्रकारका चित्तहरू (जुन कुशल विपाक वा अकुशल विपाक हुन सक्छ) ले एउटै द्वार श्रोतद्वार मार्फत मात्र आफ्ना कृत्यहरू गर्दछन्। सम्प्रतिच्छन्न चित्तले, आलम्बनद्वारा जुन द्वारमा स्पर्श गरेको हो त्यसमाथि निर्भर रही पाँच द्वारहरू मार्फत आफ्नो कृत्य गर्दछ। सन्तीर्ण चित्तको भने विभिन्न द्वारहरू मार्फत गरिने भिन्न भिन्नै कृत्यहरू हुन्छन्। यसले पनि कुनै एउटा द्वारमाथि निर्भर नगरिकनै कृत्यहरू गर्छन्। यसले प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू गर्दा यस्तै हुन्छ।

चित्तलाई वेदना अनुसार पनि वर्गीकरण गरिनु पर्छ । जस्तो सन्तीर्ण चित्त उपेक्षा र सौमनस्य सहगत हुन सक्छ। सौमनस्य सहगत सन्तीर्ण चित्तले पाँच द्वारहरू मार्फत सन्तीरणको कृत्य र ६ द्वारहरू मार्फत तदारम्मणको कृत्य गर्न सक्छ।

सन्तीर्ण चित्त उपेक्षा सहगत हुँदा (र त्यस अवस्थामा यो कुशल विपाक वा अनुशल विपाक हुन सक्छ) यसले पाँच कृत्यहरू गर्न सक्छ:

१) पाँच द्वारहरू मार्फत सन्तीरणको कृत्य।

२) ६ द्वारहरू मार्फत तदारम्मणको कृत्य।

३) कुनै द्वारमाथि निर्भर गरे बिना प्रतिसन्धिको कृत्य ।

४) कुनै द्वारमाथि निर्भर गरे बिना भवंगको कृत्य।

५) कुनै द्वार माथि निर्भर गरे बिना च्यूतिको कृत्य।

चित्तका प्रक्रियाहरूमा चित्त उत्पत्ति हुना निमित्त आधार हो द्वार । भौतिक आधार वा वस्तु (पलिमा वत्थु) चित्तको निम्ति अर्को आधार हो। नाम र रूप दुबै हुने भूमिहरूमा शरीरबाट अलग भएर वा स्वतन्त्र रूपमा चित्तहरू उत्पत्ति हुन्नन् । उत्पत्ति हुने चित्तको उद्गम स्थानको रूपमा रूप हुन्छ। के दर्शन हुँदा देहभन्दा बाहिर दर्शन उत्पत्ति



https://dhamma.digital

हुन सक्छ ? श्रोत वा चिन्तन हुँदा पनि के यी चित्तहरू शरीर बिना उत्पत्ति हुन सक्छन् ? यस्तो हुनु सम्भव हुन्न । दर्शन कहाँ उत्पत्ति हुन्छ ? यो हाम्रो पाखुरा वा कानमा त उत्पत्ति हुन सक्तैन । यसको भौतिक आधार (वत्थु) को रूपमा यसलाई चक्षु चाहिन्छ । रंगलाई ग्रहण गर्न सक्ने चक्षुमा रहेको रूप-जो चक्षुप्रसाद रूप हो त्यो देख्ने चित्तको निमित्त भौतिक आधार (वत्थु) हो । वस्तु (वत्थु) र द्वार भनेको उही होइन ।

चक्षु-प्रसाद रूप चक्षु-विज्ञानको लागि द्वार र वस्तु (भौतिक आधार) दुबै भए तापनि द्वार र वस्तुको भिन्न भिन्न कृत्यहरू छन् । चक्षुद्वार चक्षु-द्वार वीथिका चित्तहरूले आलम्बनलाई अनुभव गर्ने एउटा माध्यम हो । चक्षु-वस्तु (पालिमा चक्खु-बत्थु) चक्षु-विज्ञानको निम्ति उद्गम (उत्पत्ति) को भौतिक स्थान हो । चक्षु-वस्तु त चक्षु-विज्ञानको निम्ति मात्र आधार हो । यस वीथि क्रमका अन्य चित्तहरूको निम्ति होइन । त्यस वीथि क्रमका अन्य चित्तहरूको अर्को वस्तु (वत्थु) हुन्छ । श्रोत-विज्ञानको वस्तु श्रोत-प्रसाद-रूप हो, घाण-विज्ञानको निम्ति घाण-प्रसाद-रूप, जिह्वा-विज्ञानको निम्ति जिह्वा-प्रसाद-रूप, काय-विज्ञानको निम्ति काय-प्रसाद रूप हो ।

छैठौं वस्तु (वत्थु) पनि छ जुन प्रसाद-रूपहरू मध्ये कुनै एउटा प्रसाद-रूप भने होइन । यो हो हृदय-वस्तु (पालिमा हदय वत्थु) । हृदय-वस्तु एक प्रकारको रूप हो जुन रूप पंच-विज्ञानहरू (चक्षु, श्रोत, आदि) मध्येका देखि बाहेकका चित्तहरूको निम्ति उद्गम स्थान हो । किनभने (पंच-विज्ञान वाला) यी चित्तहरूको उद्गम स्थानको रूपमा प्रसाद-रूपहरू छँदैछन् । हृदय-वस्तु मनोद्वार देखि भिन्नै कुरा हो । मनोद्वार एउटा चित्त हो । त्यस भवंगुपच्छेद चित्त जुन मनोद्वारावर्जन चित्तको अघि उत्पत्ति हुने अन्तिम भवंग चित्त हो । हृदय-वस्तु रूप हो, नाम होइन ।

शब्दले श्रोतेन्द्रीयमा स्पर्श गर्दा जुन पंचद्वारावर्जन-चित्त उत्पत्ति हुन्छ त्यस चित्तको आफ्नो उद्गम स्थानको रूपमा हृदयवस्तु हुन्छ । तर श्रोत-विज्ञानको भने आफ्नो वस्तुको रूपमा श्रोत प्रसाद-रूप हुन्छ । त्यस



https://dhamma.digital

वीथि क्रममा पछि उत्पत्ति हुने सबै चित्तहरूको भने आफ्ना आरम्भ-स्थानको रूपमा हृदय-वस्तु नै रहेको हुन्छ । मनोद्वार वीथिका सबै चित्तहरूको पनि आफ्ना आरम्भ स्थानको रूपमा हृदय-वस्तु नै रहन्छ ।

कुनै पनि द्वारमाथि आश्रम नगरिकन आलम्बनलाई अनुभव गर्ने वीथि-विमुक्ति-चित्तहरूको पनि उत्पत्ति वा आरम्भको भौतिक स्थान हुन्छ । ती चित्तहरू कुनै पनि द्वार माथि निर्भर नरहे पनि नाम-रूप भएका भूमिहरू (लोकहरू) मा वस्तु (वत्थु) विना तिनीहरू उत्पत्ति हुन सक्तैनन् । प्रतिसन्धि चित्त उत्पत्ति हुँदा नयाँ जीवनको प्रारम्भ हुन्छ । तर पनि त्यहाँ नाम मात्र होइन रूप पनि हुनुपर्छ । प्रतिसन्धि चित्त वस्तुवाला रूप नै हृदय-वस्तु हो । सबै भवंग चित्तहरू र च्यूति चित्तको हुदयवस्तु नै आफ्नो भौतिक आधार (वत्थु) हुन्छ ।

पाँच प्रकारका प्रसाद-रूप पाँच विज्ञानहरूका वस्तु हुन् । दुई प्रकारका काय-विज्ञान (कुशल विपाक वा अकुशल विपाकवाला काय-विज्ञान) को वस्तु चाहिं सम्पूर्ण देह भरी नै उत्पत्ति हुन सक्छ । चेतना शक्ति (वा चेतनशीलता) भएको देहको कुनै पनि भाग काय-विज्ञानको निम्ति वस्तु (वत्थु) हुन सक्छ ।

वत्थु (वस्तु) चित्तको मात्र उद्‌गमको स्थान होइन, चित्तको साथ साथै उत्पत्ति हुने चैतसिकहरूको पनि उद्‌गम-स्थान (उत्पत्ति-स्थान) हो । यसरी नाम मात्र भएका भूमिहरूमा बाहेक अन्य भूमिहरूमा चारवटा नामस्कन्धहरू उत्पत्ति हुँदा रूपस्कन्ध पनि हुनु जरुरी छ ।

चित्तलाई कृत्य (किच्च), आलम्बन (आरम्मण), द्वार, वस्तु (वत्थु) र अनेकन अरु तरीकाहरूबाट वर्गीकरण गर्नु उपयोगी हुन्छ । यस तरीकाबाट हामीलाई चित्तको बारेमा अझ स्पष्ट समझदारी रहने हुन्छ । तर पनि हामीले के कुरालाई विर्सनु हुन्न भने यस प्रकारको समझदारी अझै पनि लोभ, द्वेष र मोहलाई निर्मूल गर्ने प्रज्ञा होइन ।

**परिञ्ञेय सुत्त**

संयुक्त निकाय (खन्ध वर्ग, राध संयुक्त, भाग १ प्रथम वर्ग,



https://dhamma.digital

परिञ्ञेय सुत्त) मा यसरी चर्चा गरिएको छः-

"श्रावस्ती .... ।

एक छेउ बसेका आयुष्मान राधलाई भगवानले आज्ञा भयो- "राध ! म तिमीलाई परिज्ञेय धर्म, परिज्ञा र परिज्ञाता पुद्गलको विषयमा उपदेश दिन्छु । ध्यान दिएर सुन ।"

"भगवानले भन्नुभयो-"राध ! परिज्ञेय धर्म कुन कुन हुन त ? राध ! रूप परिज्ञेय धर्म हो । वेदना ... । संज्ञा .. । संस्कार ...। विज्ञान परिज्ञेय धर्म हो । राध ! यिनीहरूलाई भनिन्छ परिज्ञेय धर्म ।

राध ! परिज्ञा के हो ? राध ! जुन राग-क्षय, द्वेष-क्षय र मोह-क्षय छन् तिनैलाई परिज्ञा भनिन्छ ।

राध ! परिज्ञाता पुद्गल को हो ?

अर्हत्, जुन आयुष्मान यो नाम र गोत्रका हुन्, उनैलाई परिज्ञाता पुद्गल भनिन्छ ।-" *(सुत्त यहाँसम्म)*

कहिलेकाहीं भगवान् बुद्ध उपदेशहरूको उद्देश्य जनतालाई लामा धर्मोपदेशमा र कहिलेकाहीं छोटो छोटो धर्मोपदेशमा सम्झाउनु हुन्थ्यो । लक्ष बारेमा मान्छेलाई बराबर नै सम्झाई रहनु जरुरी हुन्छ । किनभने क्लेशलाई निर्मूल गर्ने मार्गतिर लाग्न सकेन भने समझदारी (ज्ञान) को उद्देश्य नै के हुन्छ र ?

**मनन गर्न योग्य केही प्रश्नहरू:**

१) कुनै द्वार माथि निर्भर नभएर पनि चित्तले आलम्वनलाई जान्न सक्छ ?

२) कतिवटा द्वारहरू मार्फत चित्तले आलम्वनलाई जान्न सक्छ ?

३) कतिवटा द्वारहरू मार्फत पंचद्वारावर्जन चित्तले रूपादि गोचरलाई अनुभव गर्दछ ?

४) कतिवटा द्वारहरू मार्फत मनोद्वारावर्जन चित्तले आरम्मणलाई अनुभव गर्दछ ?



https://dhamma.digital

५)	कतिवटा द्वारहरू मार्फत श्रोत-विज्ञानले रूपादि गोचर (आलम्बन) लाई अनुभव गर्दछ ।

६)	कतिवटा द्वारहरू मार्फत सन्तीर्ण चित्तले सन्तीरणको कृत्य गर्दछ ?

७)	के सन्तीर्ण चित्तले द्वार माथि निर्भर रहेर प्रतिसन्धिको कृत्य गर्दछ ?

८)	चक्षु-वस्तु (चक्खु वत्थु) कतिवटा चित्तहरूको वस्तु (वत्थु) हो ?

९)	हृदयवस्तु (हृदय वत्थु) कतिवटा अहेतुक चित्तहरूको वस्तु (वत्थु) हो ?

१०)	श्रोत-प्रसाद-रूप द्वार हो कि वस्तु (वत्थु) हो कि दुबै हो ?

११)	द्वार र वत्थुका आ-आफ्ना कृत्यहरू के के हुन् ?

Dhamma.Digital



https://dhamma.digital

## परिच्छेद-१८

# धातुहरू

हामीहरू धातुहरूका बारेमा कुराकानी गर्दा साधारणतः हामी रसायन शास्त्र र भौतिक शास्त्रका धातुहरू जस्तै सुन, फलाम, अक्सिजन, हाइड्रोजन आदिको विचार गर्छौं। हामी "धातु" नाम भन्ने आदत हामीमा छैन। किनभने हामी तिनीहरूलाई "आत्मा" को रूपमा ग्रहण गर्दछौं।

यस्ता धर्महरू सबै अनित्य हुन्, आत्मा होइनन् भन्ने कुराको बोध गराउनको लागि नै भगवान शास्ताले यी धर्महरूलाई धातुहरू भनी संज्ञा दिनुभयो। हामी जुन कुरालाई आत्मा भनी ग्रहण गर्दछौ ती त हेतुहरूको कारण उत्पत्ति भई पुनः विनाश भएर जाने नाम-धातुहरू र रूप-धातुहरू मात्र हुन्। अक्सिजन आत्मा नभएको एक धातु मात्र हो। यो हेतुको कारण उत्पत्ति हुने र निरोध हुने एउटा रूप हो। चक्षु पनि आत्मा रहित धातु मात्र हो। हेतुको कारणले उत्पन्न हुने विनाश हुने यो रूप हो। दर्शन आत्मारहित एक धातु हो। हेतुको कारणले उत्पत्ति भई निरुद्ध हुने यो नाम हो। रसायन शास्त्र र भौतिक शास्त्रमा सिकेका कुराहरूलाई मात्र धातुको रूपमा हामी किन विचार गर्छौं ? चक्षु वा दर्शनलाई पनि धातुको रूपमा हामी किन हेर्दैनौं ?

भगवान बुद्धका उपदेशहरूमा धर्महरूलाई धातुको रूपमा वर्गीकृत गरिन्छन्। ती मध्ये कुनै रूप हुन् र कुनै नाम हुन्। तिनीहरूलाई १८ धातुहरूको रूपमा वर्गीकरण गरिदा निम्न बमोजिम हुन्छन्ः-

**पाँच इन्द्रियहरूः**

१) चक्षु-धातु (पालिमा चक्खु धातु)

२) श्रोत-धातु (पालिमा सोत धातु)

३) घ्राण-धातु (पालिमा घान-धातु)



https://dhamma.digital

४)  जिह्वा-धातु (पालिमा जिह्वा धातु)

५)  काय-धातु (पालिमा काय-धातु) जुन काय-इन्द्रियहो ।

**(पाँच इन्द्रीयहरु मार्फत अनुभव गरिने) पाँच आरम्मणहरू (आलम्बनहरू)**

६)  रूप-धातु (पालिमा रूप-धातु)

७)  शब्द-धातु (पालिमा सङ्ग-धातु)

८)  गन्ध-धातु (पालिमा गन्ध-धातु)

९)  रस-धातु (पालिमा रस-धातु)

१०)  स्प्रष्टव्य-धातु (पालिमा फोट्ठब्ब-धातु) यसमा निम्न तीन किसिमका रूप समावेश हुन्छः-

अ)  पृथ्वी-धातु (पालिमा पथवी-धातु) साह्रोपन वा नरमपनको रूपमा प्रकट हुन्छ ।

आ)  तेज-धातु (पालिमा तेजो-धातु) गर्मी वा ठण्डीको प्रकट हुन्छ ।

इ)  वायु-धातु (पालिमा वायो-धातु गति वा दवावको रूपमा प्रकट हुन्छ ।

**(पाँच रूपादि गोचरहरूलाई अनुभव गर्ने) द्वि-पंच-विज्ञानहरू (द्वि-पंच-विञ्ञाणहरू)**

११)  चक्षु-विज्ञान-धातु (पालिमा चक्खु-विञ्ञाण-धातु)

१२)  श्रोत-विज्ञान-धातु (पालिमा सोत-विञ्ञाण-धातु)

१३)  घ्राण-विज्ञान-धातु (पालिमा घाण-विञ्ञाण-धातु)

१४)  जिह्वा-विज्ञान-धातु (पालिमा जिह्वा-विञ्ञाण-धातु)

१५)  काय-विज्ञान-धातु (पालिमा काय-विञ्ञाण-धातु)

**तीन अन्य धातुहरू**

१६)  मन-धातु (पालिमा मनो-धातु)

१७)  धर्म धातु (पालिमा धर्म-धातु)



https://dhamma.digital

१८) मनः विज्ञान-धातु (पालिमा मनोविञ्ञाण-धातु)

यस वर्गीकरणमा यसरी जम्मा १८ धातुहरू हुन्छन् । पाँच इन्द्रीयद्वारहरू वाला पाँच धातुहरू रूप हुन् । पाँच इन्द्रियद्वारहरू मार्फत अनुभव गरिने आरम्मणहरू जुन छन् ती पाँच धातुहरू पनि रूप नै हुन् । यी आरम्मणहरूहरू जुन छन् ती पाँच धातुहरू पनि रूप नै हुन् । यी आरम्मणहरूलाई अनुभव गर्ने द्वि-पंच-विज्ञानहरू-वाला पाँच धातुहरू भने नाम हुन् । चक्षु-विज्ञान-धातुवाला दुईटा चित्तहरू हुन्छन् । किनभने चक्षु-विज्ञान कुशल विपाक वा अकुशल विपाक हुन सक्छ ।

अन्य पंच-विज्ञानहरूका सम्बन्धमा पनि यही कुरा लागू हुन्छ । यसरी पंच-विज्ञान-धातुवाला चित्तका “दुई जोडी” हरू हुन्छन् ।

मनोधातुवाला धातु नाम हो । मनोधातुमा पंचद्वारावर्जन चित्त र कुशल विपाक र अकुशल विपाक गरी दुई प्रकारका सम्प्रतिच्छन्न चित्त समावेश हुन्छन् । यसरी तीन किसिमका चित्त चाहिं मनो-धातु हुन् ।

धर्म-धातु भन्नाले नाम र रूप दुबै समावेश हुन्छन् । धर्म-धातु भन्नाले चैतसिकहरू, सूक्ष्म रूपहरू तथा निर्वाण हुन् ।

मनः विज्ञान-धातु नाम हो । यसले द्वि-पंच-विज्ञानहरू र मनोधातु देखि बाहेकका सम्पूर्ण चित्तहरूलाई समावेश गर्दछ । जस्तो उदाहरणको लागि, सन्तीर्ण चित्त, वोट्ठब्बन चित्त, मनोद्वारावर्जन चित्त, लोभ-भूल चित्त मनः विज्ञान-धातु हुन् ।

पंच-विज्ञान-धातुवाला (जस्तो जस्तो चक्षु-विज्ञान-धातु इत्यादि) पाँच धातुहरू, मनोधातु र मनः विञान-धातु सबैलाई जम्मा गर्दा विज्ञान-धातु (पालिमा विञ्ञाण-धातु) भनिन्छ ।

धर्मधातु र धम्मारम्मण (धर्मालम्बन) भन्नु उही होइन । चित्तहरू धम्मारम्मणमा समावेश हुन्छन् धर्मधातुमा होइन । किनभने धर्मधातु त चैतसिकहरू, सूक्ष्म रूपहरू र निर्वाण हुन् । चित्तहरूलाई धातुको रूपबाट वर्गीकरण गर्दा तिनीहरू सात प्रकारका विज्ञान-धातु हुन्छन्, यथाः



https://dhamma.digital

पंच-विज्ञान-धातुहरू (जुन पाँच किसिमका हुन्छन्)

मनो-धातु

मनः विज्ञान-धातु ।

धम्मारम्मण (धर्मालम्बन) मा समावेश हुने लौकिक व्यवहारहरू अर्थात् प्रज्ञप्ति (पालिमा पञ्ञत्ति) चाहि धर्मधातु होइनन किनभने तिनीहरू परमार्थ धर्महरू (पालिमा परमत्थ धम्म) होइनन् । केवल परमार्थ धर्महरूलाई मात्र धातुको रूपमा वर्गीकरण गरिन्छ ।

कहिलेकाहिं भगवान बुद्धले ६ धातुहरूको कुरा गर्नु हुन्थ्यो कि त उहाँले यावत् धर्महरूलाई दुई किसिमका धातुको रूपमा विभक्त गर्नुहुन्थ्यो । धर्महरूलाई वर्गीकरण गर्ने अनेक भिन्न भिन्न तरीकाहरू छन् । तर स्कन्धको रूपबाट, आलम्बनको रूपबाट वा जुनसुकै अन्य तरीकाबाट धर्महरूलाई जेसुकै रूपमा वर्गीकरण किन नगरियोस्, हामीले धर्महरूलाई यसरी वर्गीकरण गर्नाको उद्देश्यलाई सम्झनु पर्दछ । हामीले के बुझ्नुपर्छ भने जुन कुरालाई आत्मा भनी हामी ग्रहण गर्छौं, त्यो त वास्तवमा नाम-धातुहरू र रूप-धातुहरू मात्र हुन् ।

स्मृति प्रस्थान सूत्रमा काय-गतानु स्मृतिको खण्डमा भगवान बुद्धले देहलाई धातुहरूको रूपबाट कुरा गर्नुभएको कुरा उल्लेखित छ । सूत्रमा भनिएको छः-

"र फेरि भिक्षुहरू ! भिक्षु यस शरीर (काया) लाई (यसको) स्थितिको अनुसार (यसको) रचनाको अनुसार हेर्दछ- यस कायामा पृथ्वी-धातु, आप-धातु, तेज-धातु, वायु-धातु, छन् । जसरी कि भिक्षुहरू ! दक्ष (चलाक) गोधातक (कसाही) वा गोघातकको शिष्य (अन्तेवासी) गाईलाई मारेर टुक्रा टुक्रा गरी अलग अलग काटेर चौबाटोमा बसेको हुन्छ । त्यसरी नै भिक्षुहरू ! भिक्षु यसै शरीरलाई यथा-स्थित, यथा-प्रणिहित धातुको सार प्रत्यवेक्षण गर्दछ-

यस शरीरमा -पृथ्वी-धातु, आप-धातु, तेज-धातु, वायु-धातु छन् । यसप्रकार शरीर (काया) को भित्री भागमा कायानुपश्यी भएर



https://dhamma.digital

विहार गर्दछ । (कायाको बाहिरी भागमा कायानुपश्यी भएर विहार गर्दछ । कायाको भित्री र बाहिरी भागमा कायानुपश्यी भएर विहार गर्दछ । कायामा समुदय (उत्पत्ति) धर्मलाई हेर्दै विहार गर्दछ । कायामा व्यय (विनाश) धर्मलाई हेर्दै विहार गर्दछ । कायामा समुदय-व्यय (उत्पत्ति-विनाश) धर्मलाई हेरेर विहार गर्दछ । "काया छ" - यो स्मृति ज्ञान र स्मृतिको प्रमाणको लागि उपस्थित रहन्छ । (तृष्णा आदिमा) अ-लग्न भएर विहार गर्दछ । लोकमा केही पनि (म र मेरो भनी) ग्रहण गर्दैन । यस प्रकारले भिक्षुहरू ! भिक्षु कायामा काय-बुद्धि राख्दे विहार गर्दछ । ...."

विशुद्ध मार्ग (परिच्छेद ११,३०) मा भनिएको छः-

"अर्थ के हो त ? जस्तो गोघात (कसाही) ले गाईलाई पालेर राख्दा पनि, मार्ने स्थानमा लिएर जाँदा पनि, ल्याएर गाईलाई त्यहाँ बाँधेर राख्दा पनि, यसलाई मार्दा पनि, मरिसकेको देख्दा सम्म पनि "गाई हो" भन्ने नाम (संज्ञा) लुप्त हुँदैन जब सम्म कि उसले यसलाई काटेर टुक्रा टुक्रा पारेको हुँदैन । तर टुक्रा टुक्रा गरी विभाजन गरेर बसे पछि नै "गाई" भन्ने नाउँ लुप्त हुन्छ र "मासु" भन्ने नाउँ बोलिन्छ । उसलाई "म गाई बेचिरहेको छु", वा "तिनीहरूले गाईलाई लगिरहेका छन्" भन्ने हुँदैन, प्रत्युत उसले सोच्दछ, "म मासु बेचिरहको छु" वा "तिनीहरू मासु लगिरहेका छन्" । त्यसरी नै यो भिक्षुको पनि पहिले बाल अनाडी रहुञ्जेलको समयमा-पहिले गृहस्थ हुँदा र प्रव्रजित हुँदा पनि तबसम्म दुबै अवस्थामा "सत्व", "पुरुष" वा "पुद्‌गल (व्यक्ति)" भन्ने संज्ञा लुप्त हुँदैन, जबसम्म यो शरीरलाई यथा-स्थित, यथा प्रणिहित घनभाव (स्थुल हुनु) लाई विभाजन गरेर धातुको अनुसार प्रत्यवेक्षण गर्दैन । धातुको अनुसार प्रत्यवेक्षण गर्ने वालाको सत्व संज्ञा लुप्त भएर जान्छ । धातुका अनुसार नै चित्त बस्दछ ... ।"

काया (देह) लाई धातुहरूको रूपमा हेर्नु त्यति चित्ताकर्षक हुँदैन होला । हामी मानिसहरूलाई "यो मान्छे" वा "त्यो आइमाई" भनी सोच्दछौं । भौतिक शास्त्रमा जस्तो हामी पदार्थलाई विश्लेषण गर्दछौं,



https://dhamma.digital

त्यही तरीकाले हामीले "पुद्‌गल" भनी ग्रहण गरिएको कुरालाई विश्लेषण गर्ने कुराको अभ्यस्त हामी छैनौं । गाईलाई गोघातकले टुक्रा टुक्रा गरे जस्तै शरीरलाई (मान्छेको) टुक्रा टुक्रा काटेको रूपमा सोच्नु चाहिं ज्यादै रुखो जस्तो लाग्न सक्छ । तथापि हामीले देहलाई यथार्थ रूपमा विचार गर्ने हो भने त्यहाँ केवल धातुहरू मात्र रहन्छन् । देहमा पृथ्वी-धातु, तेज-धातु, आप-धातु, वायु-धातु मात्र रहेको कुरा साँचो होइन त ? यी वास्तविक कुराहरू आत्मा हुन कि आत्मा रहित धातुहरू मात्र हुन् ?

के पृथ्वी-धातु, आप-धातु, तेज-धातु र वायु-धातु जस्ता चार धातुहरूको हाम्रो दैनिक जीवनसंग केही सरोकार रहन्छ ? हामी दिनभरि नै यी धातुहरूलाई अनुभव गर्दछौं ।

तेज-धातु (तापक्रम) गर्मी वा ठण्डीको रूपमा देखापर्न सक्छ । के हामी बराबर गर्मी वा ठण्डीलाई महशूस गर्दैनौ ? हामीलाई किराले टोक्दा गर्मीको लक्षण अनुभव गर्न सक्छौं । हामीहरू सुतिरहँदा, बसिरहँदा, हिडिरहँदा वा उभिरहँदाको बखत पनि आफ्नो शरीर माथि साह्रोपन वा नरमपनको स्पर्शलाई हामी अनुभव गर्न सक्छौं । के त्यो दैनिक जीवन होइन ? धातुका लक्षणहरू बारेमा हामीमा बराबर स्मृति रहेको खण्डमा, हामीले यथार्थ रूपमा सबै कुरा देख्नेछौं ।

भगवान बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूबाट लोकजनलाई सत्यको अवबोध गराउनु हुन्थ्यो । कहिलेकाहीं उहाँले शरीरलाई विकारको भिन्न भिन्न अवस्थाहरूमा रहेको लाशको रूपबाट व्याख्यान गरी उपदेश दिनु हुन्थ्यो । अथवा उहाँले शरीरका अंगहरूका बारेमा कुरा गर्नुहुन्थ्यो । शरीर अनित्य, दुःख र अनात्म हो भन्ने कुरा बोध गराउन शरीर कसरी मलमूत्रहरूबाट (अशुद्धिहरूबाट) भरिएको छ भन्ने कुरालाई उहाँ व्याख्यान गर्नुहुन्थ्यो ।

हामी सतिपत्थान-सुत्तमा कायगतानु स्मृतिको परिच्छेदमा पढ्छौंः

"जसरी भिक्षुहरू ! भिन्न भिन्न अन्नहरू जस्तै पहाडी धान,



https://dhamma.digital

धान (ब्रीही), मुंग, केराउ, चामल आदिले भरिएको दुबै छेउ पट्टि मुख भएको बोरा होस् र आँखा भएको मान्छेले त्यो बोरा खोलेर खन्याएर देखोस्- "त्यो पहाडी धान हो, त्यो धान हो, त्यो मुंग हो, त्यो केराउ हो, त्यो तोरी हो, त्यो चामल हो ।" त्यसरी नै भिक्षुहरू ! भिक्षुले गोडाको पैतालादेखि माथि केश-मस्तकदेखि तलसम्म विभिन्न मलमूत्रहरूबाट पूर्ण भई छालाद्वारा ढाकिएको यस कायामाथि प्रत्यवेक्षण गर्दछ .... ।"

शरीरमात्र होइन, मनलाई पनि धातुहरूकै रूपमा विचार गरिनु पर्छ । हाम्रो जीवनमा धातुदेखि भिन्न रहेको कुरा केही पनि छैन । हाम्रा पूर्व जीवनहरू केवल धातुहरू मात्रै थिए र हाम्रा भविष्यका जीवनहरू पनि धातुहरू मात्र हुने छन् । हामी आफ्ना भविष्य जीवनका बारेमा सोच्न उद्यत हुन्छौ र सुखी पुनर्जन्मको कामना गर्दछौं । हामीले तर के कुरा महशूस गर्नुपर्छ भने भविष्यमा अर्को जन्म लिने आत्मा भन्ने केही कुरा छैन । छन् केही भने धातुहरू मात्र नै हुन् र भविष्यमा पनि धातुहरू नै मात्र हुने छन् । हामीले चित्तलाई भिन्न भिन्न तरीकाहरूबाट वर्गीकरण गर्न सिकेका छौं । यसले हामीलाई के सम्झाउँछ भने चित्तहरू भनेको केवल धातु मात्र हुन् केवल चित्तहरू मात्र धातु होइनन्, चैतसिकहरू पनि धातुहरू नै हुन्, तिनीहरू धर्मधातु हुन्, ।

हामी सुखकर वेदनामा अनुरक्त हुन्छौं र दुःखमय वेदनालाई मनपराउँदैनौं । तर वेदनाहरू भनेको हेतुहरूका कारण उत्पत्ति हुने केवल धातुहरू मात्र हुन् । हामी थकित हुँदा वा विरामी हुँदा थकाइ वा बिरामीलाई नै हामी आत्माको रूपमा ग्रहण गर्छौं । अनि हामीमा द्वेष हुन्छ । अनिष्ट कुराहरू केवल धातुहरू नै मात्र भएपनि ती अनिष्ट कुराहरू आइपुग्दा हामी तिनलाई किन स्वीकार गर्दैनौं ? धर्महरूलाई केवल धातुहरूको रूपमा मात्र हेर्न कोही कोही नचाहलान् । तर सत्य यही हो । सम्पूर्ण संस्कार अनित्य हुन् । जन्मको पछि पछि जरा, व्याधि र मृत्यु लाग्छन् भन्ने कुरा सम्झन नचाहने पनि होलान् । तर सत्य यही हो । हामी सत्यलाई देख्न किन चाहँदैनौं ?



https://dhamma.digital

**बहु धातुक सुत्त**

बहु धातुक सुत्त, मज्भिम निकाय, अनुपद वग्गमा हामी पढ्छौं कि एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको आराममा जेतवनमा विहार गर्नु हुन्थ्यो । अनि भगवानले भिक्षुहरूलाई सम्बोधन गरेर भन्नुभयो कि जति पनि भय, उपद्रब, उपसर्ग (दिक्कत) हरू उत्पन्न हुन्छन् ती सबै बाल (मूर्ख) बाट नै उत्पन्न हुन्छन्, पण्डितबाट उत्पन्न हुँदैनन् । भिक्षुहरूलाई भगवानले भन्नुभयोः-

"भिक्षुहरू ! बाल स-भय छन्, पण्डित अ-भय, बाल स-उपद्रब छन्, पण्डित अन्-उपद्रव; बाल स-उपसर्ग छन्, पण्डित अन्-उपसर्ग । भिक्षुहरू ! पण्डितबाट भय, उपद्रव-उपसर्ग हुन्न । यसैले भिक्षुहरू ! "हामी पण्डित = विमर्शक (मीमांसक) हुन्छौ" यसरी तिमीहरूले सिक्नु पर्छ ।"

यसरी भनेपछि आयुष्मान आनन्दंले भगवानसंग प्रार्थना गऱ्यो- "भन्ते ! कति भएपछि भिक्षुलाई पण्डित = विमर्शक भन्न सकिन्छ ?"

"आनन्द ! जब भिक्षु धातु-कुशल (धातुका राम्रो जानकार) हुन्छ, आयतन-कुशल ..., प्रतीत्य-समुत्पाद-कुशल ..., स्थान-अस्थान-कुशल हुन्छ, यतिवाट, आनन्द ! भिक्षुलाई पण्डित भन्न सकिन्छ ।

"आनन्द ! यी अठार धातुहरू छन् - (१) चक्षु धातु (२) रूप धातु (३) चक्षुविज्ञान धातु (४) श्रोत धातु (५) शब्द धातु (६) श्रोत-विज्ञान धातु (७) घ्राण धातु (८) गंध धातु (९) घ्राण-विज्ञान धातु (१०) जिह्वा धातु (११) रस धातु (१२) जिह्वा-विज्ञान धातु (१३) काय धातु (१४) स्प्रष्टव्य धातु (१५) काय-विज्ञान-धातु (१६) मनोधातु (१७) धर्मधातु र (१८) मनो विज्ञान धातु । आनन्द ! जब यी अठार धातुहरूलाई देख्छ जान्दछ, तब त्यस भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।"

"छ, आनन्द ! यी ६ धातुहरू छन् - (१) पृथ्वी धातु (२) आप-(जल) धातु, (३) तेज-धातु (४) वायु-धातु (५) आकाश-धातु र (६) विज्ञान-धातु ।



https://dhamma.digital

आनन्द ! जब भिक्षुले यी ६ धातुहरूलाई जान्दछ देख्दछ, यतिबाट पनि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।".

"के भन्ते, अरु पनि पर्याय छ कि, जसबाट कि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ?"

"छ, आनन्द ! यी ६ धातुहरू छन्- (१) सुख-धातु (२) दुःख धातु (३) सोमनस्य-धातु (४) दौर्मनस्य-धातु (५) उपेक्षा-धातु र (६) अविद्या-धातु । आनन्द ! जब भिक्षुले यी ६ धातुहरूलाई देख्दछ, जान्दछ, तब यतिबाट पनि भिक्षुलाई घातु-कुशल भन्न सकिन्छ ।"

"के भन्ते ! अरु पनि पर्याय .... ?"

"छ, आनन्द ! यी ६ धातुहरू छन्- (१) काम धातु (२) निष्काम धातु (३) व्यापाद धातु (४) अ-ब्यापाद धातु (५) विहिंसा धातु (६) अ-विहिंसा धातु । आनन्द ! जब भिक्षु .... धातु कुशल भन्न सकिन्छ ।"

"के, भन्ते ! अरु पनि पर्याय ... ?"

"छ, आनन्द ! यी तीन धातुहरू छन्- (१) काम-धातु (२) रूप-धातु र (३) अ-रूप धातु । आनन्द ! जब भिक्षु... धातु-कुशल भन्न सकिन्छ ।

"के भन्ते ! अरु पनि पर्याय छ कि, जसबाट कि भिक्षुलाई घातु-कुशल भन्न सकिन्छ ?

"छ, आनन्द ! यी दुई धातुहरू छन्- (१) संस्कृत (कृत) घातु, र (२) अ-संस्कृत धातु । आनन्द ! जब भिक्षुले यी दुई धातुलाई जान्दछ देख्दछ, तब यतिबाट पनि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।" *(सुत्त यहाँसम्म)*

सम्पूर्ण संस्कृत धर्महरू (पंच स्कन्धहरू) निर्मित घातु हुन् र अनिर्मित धातु निर्माण हो । हामीले यस सूत्रमा धातुहरूलाई जान्ने र देख्ने भिक्षुको बारेमा पढ्छौं । धातुहरूलाई जान्नु र देख्नु भन्नुको तात्पर्य धातुहरूका बारेमा सैद्धान्तिक रूपमा जान्नु हो । तिनका बारेमा चिन्तन गर्नु होइन । नाम र रूपलाई यथार्थ रूपमा धातुहरू मात्र हुन् । आत्मा



https://dhamma.digital

होइन भन्ने कुरा प्रज्ञाद्वारा बुझेपछि मात्र त्यस व्यक्तिले धातुहरूलाई जान्ने र देख्ने हुन्छ। यस्तो ज्ञानले "भय, उपद्रव र उपसर्ग (दिक्कतहरू)" को अन्त्य हुने मार्गतर्फ लैजाने हुन्छ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) धर्महरूलाई १८ धातुहरूको रूपमा वर्गीकरण गरिन्छ भने चैतसिक कुनै धातु हुन्छ ?

२) कुन कुन परमार्थ धर्महरू विज्ञान-धातु हुन् ?

३) के मनोविज्ञान धातु विज्ञान-धातुभित्र समावेश हुन्छ ?

४) मनोधातुले कतिवटा द्वारहरू मार्फत आलम्बनलाई अनुभव गर्दछ ?

Dhamma.Digital



https://dhamma.digital

## परिच्छेद–१९

# हामा जीवनका शोभन चित्तहरू

विभिन्न प्रकारका अनेकन चित्त उत्पत्ति हुन्छन्:

१) कुशल चित्तहरू ।

२) अकुशल चित्तहरू ।

३) विपाक चित्तहरू ।

४) क्रिया चित्तहरू ।

चित्तलाई वर्गीकरण गर्ने यो एउटा तरीका हो । किन्तु, चित्तलाई वर्गीकरण गर्ने अरु तरीकाहरू पनि छन् । चित्तलाई निम्न बमोजिम पनि वर्गीकृत गर्न सकिन्छ:

(क) शोभन चित्तहरू (शोभन चैतसिकहरू साथ लागेका चित्तहरू) ।

(ख) अशोभन चित्तहरू (शोभन चैतसिकहरू साथ नलागेका चित्तहरू) ।

अकुशल चित्तहरू र अहेतुक चित्तहरू दुबै अशोभन चित्तहरू हुन् । तिनीहरूका साथै शोभन चैतसितहरू उत्पत्ति भएका हुँदैनन् । हामीले देखिसकेका छौं कि अकुशल चित्त १२ प्रकारका हुन्छन् । यथाः

८ प्रकारका लोभ-भूल-चित्त ।

२ प्रकारका द्वष-मूल-चित्त ।

२ प्रकारका मोह-मूल-चित्त ।

अहेतुक चित्तहरू भन्नाले कुनै पनि हेतुहरू (मूलहरू) द्वारा सहगत नभएका चित्तहरू हुन् । चित्त अहेतुक हुँदा त्यस चित्त साथै शोभन चैतसिकहरू उत्पत्ति हुँदैनन् । यसरी अहेतुक चित्तहरू अशोभन हुन् । हामीले माथि देखिसकेका छौं, अहेतुक चित्त १८ प्रकारका हुन्छन् ।



https://dhamma.digital

सारांशमा तिनीहरू हुन्:

१० द्वि-पंच-विज्ञानहरू, जुन अहेतुंक विपाक चित्तहरू हुन् ।

२ सम्प्रतिच्छन्न-चित्तहरू, जुन अहेतुक विपाक चित्तहरू हुन् (एउटा) कुशल विपाक हो र एउटा अकुशल विपाक हो) ।

३ सन्तीर्ण-चित्तहरू, जुन अहेतुक विपाक चित्तहरू हुन् (उपेक्षा सहगत एक अकुशल विपाक र एक कुशल विपाक र सौमनस्य सहगत एक कुशल विपाक) ।

१ पंच-द्वारावर्जन-चित्त, जुन अहेतुक क्रिया चित्त हो ।

१ मनोद्वारावर्जन-चित्त, जुन अहेतुक क्रिया चित्त हो ।

१ हसितोत्पादक चित्त (अरहन्तमा मुस्कान पैदा गर्ने एउटा अहेतुक क्रिया चित्त) ।

यसरी तीस अभोशन चित्तहरू हुन्छन्: १२ अकुशल चित्तहरू र १८ अहेतुक चित्तहरू ।

हाम्रा जीवनमा शोभन चैतसिकहरूले साथ दिने शोभन चित्तहरू पनि उत्पन्न भइरहन्छन् । हामीले दान गर्दा, शील पालन गर्दा वा भावना (यसमा समथ, विपश्यना र धर्मको अध्ययन आउँछ) को अभ्यास गर्दा त्यतिखेरा शोभन चैतसिकहरूले साथ दिएका कुशल चित्तहरू प्रवर्तित हुन्छन् । यसरी शोभन चित्तहरू अन्तर्गत कुशल चित्तहरू पनि आउँछन् ।

दान गर्ने, शील पालन गर्ने वा भावनाको अभ्यास गर्ने कुशल चित्तहरू सबभन्दा तल्लो भूमि-कामावचर भूमिका चित्तहरू हुन् । तिनीहरू कामावचर चित्तहरू हुन् । हामीले हेरिरहँदा, चिन्तन गरिरहँदा वा केही वस्तुको कामना गरिरहँदाका अवस्था जस्ता दैनिक जीवनका क्रममा उत्पन्न हुने चित्तहरू नै कामावचर चित्तहरू हुन् । कहिलेकाहीं कामावचर चित्तहरू शोभन हेतुहरू साथै उत्पत्ति हन्छन् । कहिलेकाहीं अकुशल हेतुहरू साथै उत्पन्न हुन्छन् । कहिले काहीं बिना कुनै हेतुहरू पनि उत्पन्न हुन्छन् (अहेतुक) । दान, शील वा भावना कामावचर कुशल चित्तहरूद्वारा गरिन्छन् । कसैले हेर्दा, सुन्दा वा इन्द्रीयद्वारहरू मार्फत



https://dhamma.digital

अन्य स्पर्शहरू ग्रहण गर्दा नै किन नहोस् यस प्रकारका कुशल कर्म गर्न सकिन्छ। कामावचर कुशल चित्तहरूलाई महा-कुशल चित्तहरू भनिन्छ।

ध्यान लाभीहरूको लागि कुनै दर्शन, श्रोत वा अन्य कुनै इन्द्रियसंस्पर्श रहन्न । अनि त्यो चित्त कामावचर चित्त हुन्न, किन्तु माथिल्लो वा उच्च भूमिको चित्त हुन्छ । ध्यान-चित्तहरू रूपावचर चित्तहरू (रूप-ध्यान-चित्तहरू) वा अरूपावचर चित्तहरू (अरूप-ध्यान-चित्तहरू) हुन सक्छन् । तर समथको अभ्यास गरिरहेको बेलामा ध्यान प्राप्त गर्नु अगावैका चित्तहरू भने महा-कुशल-चित्तहरू हुन्छन् ।

निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्दाको चित्त लोकोत्तर भूमिको चित्त हो । किन्तु बोधिज्ञान लाभ गर्ने क्रमको चित्तहरूको वीथि क्रममा लोकोत्तर कुशल चित्तहरू (मार्ग चित्तहरू) भन्दा अघि महाकुशल चित्तहरू लागेका हुन्छन् ।

हामी बारम्बार धेरै पटक कुशल चित्तहरू नै उत्पन्न होस् भन्ने कामना गर्छौं। हामी के सोच्न सक्छौं भने हाम्रा जीवनका परिस्थितिहरूले वा अरु मान्छेहरूले हामीलाई कुशलबाट वञ्चित गर्दछन् । परन्तु, हामीलाई कुशलको अभ्यास गर्नको निमित्त चाहिने आधारहरू (हेतुहरू) का विषयमा ज्ञान रहेमा हाम्रो आफ्नो जीवनमा बढी कुशल चित्तहरू नै रहने छन्। कुशलको अभ्यास गर्ने तरीका हामी धर्मको अध्ययनबाट सिक्नेछौं । हामीमा धर्मको अध्ययन नभएमा आफूमा अकुशल चित्तहरू उत्पत्ति हुँदाका बखत पनि हामीमा कुशल नै गरिहेका छौं भन्ने धारणा रहन सक्ने हुन्छ । जस्तो उदाहरणको लागि भनौं, दान प्रदान गर्दा हामीमा कुशल चित्तहरू नै मात्र हुन्छन् भन्ने धारणा हामीमा रहन सक्छ। तर दान गर्दा पनि हामीमा लोभ-मूल-चित्तहरू पनि उत्पत्ति हुने सम्भावना हुन्छ । जस्तो हामीले आफ्ना मित्रहरूलाई केही चीज दिंदा बदलामा उनीहरू आफूप्रति दयालु रहुन् भन्ने अपेक्षा गर्न सक्छौं। यस किसिमको दान कुशल होइन, लोभ हो। धर्मको अध्ययनबाट हामी के जान्दछौं शुद्ध रूपमा दान गर्नु भन्नु नै बदलामा केही प्राप्त गर्ने आशा नराखिकन दिनु हो । हामीले किन दिइरहेका छौं भन्ने कुरा आफूले



https://dhamma.digital

जान्नु पर्छ । के हामी भित्री हृदयमा, बदलामा केही कुराको अपेक्षा गर्छौं ? कि क्लेशहरू कम गर्ने इच्छा मात्र हामी गर्छौं ?

मानिसहरूको अलग अलग संचयहरू हुन्छन् । तिनै संचयहरूको कारण कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पत्ति हुन्छन् । जस्तो लोकजनहरू मन्दिरमा गएका बखत अरु व्यक्तिहरूले भिक्षुहरूलाई दान प्रदान गरिरहेका देख्दा पनि उनीहरूमा रहेका भिन्न भिन्न संचयहरूको कारणले गर्दा  ती व्यक्तिहरूले भिन्ना भिन्नै किसिमले त्यस विषयमा प्रतिक्रिया व्यक्त गर्ने गर्दछन् । कोही अरुको कुशल कार्यको प्रशंसागर्ने हुन्छ भने अरुले बिल्कुलै वास्ता नगर्ने पनि हुन सक्छ । कुशलको मूल्य यस्तो हो र अरुले गरेको पुण्य कार्यको अनुमोदन मात्र गर्नु पनि एक प्रकारको दान हो भन्ने कुरा कुनै व्यक्तिलाई थाहा भएमा त्यस व्यक्तिले बढी से बढी अवसरहरूलाई कुशलताको अभ्यास गर्ने कार्यमा सदुपयोग गर्नेछ ।

भगवान बुद्धले बोधि ज्ञान पाप्त गरी धर्मोपदेश नगर्नु भएको भए हामीले आफूलाई चिन्ने कुनै साधन पाउने थिएनौं । हामीलाई कहिले कुशल चित्त हुन्छ र कहिले चित्त अकुशल हुन्छ भन्ने कुरा नै थाहा हुन्नथ्यो । कुशलको अभ्यास गर्ने र क्लेशहरूलाई निर्मूल गर्ने विधि लोकलाई सिकाउनु भएका भगवान बुद्धप्रति आदर प्रकट गर्ने तरीका हो । उहाँका शिक्षापदहरू अनुरूप जीवन व्यतीत गर्नु र अन्य प्रकारका कुशल कार्यहरू गर्नु । हामी महा-परिनिर्वाण सूत्रमा पढ्छौः बुद्ध महापरिनिर्वाण प्राप्त गर्नु भन्दा अगाडि उपयुक्त मौसम नभए पनि फूलहरूले सुशोभायमान भएका दुईटा शालका वृक्षहरूले बुद्धको सम्पूर्ण देह माथि आफ्ना पुष्पहरू वर्षाउन थाले । दिव्य मन्दारव-पुष्पहरू र श्रीखण्ड चूर्ण उहाँको देहमाथि वर्षा हुन थाल्यो र उहाँको सम्मानमा दिव्य संगीत प्रतिध्वनित हुन थाल्यो । अनि बुद्धले आनन्दलाई सम्बोधन गरी भन्नु भयोः-

"अब यसरी आनन्द ! तथागतलाई सुगन्धयुक्त दिव्य पुष्प धूपादिले पूजा गर्दा गर्दैमा तथागतलाई सम्यक् रूपमा सत्कार, गौरब,



https://dhamma.digital

मान तथा पूजा गरेको ठहरिँदैन । जुन भिक्षु वा भिक्षुनीले उपासक वा उपासिकाले धर्मलाई आदर राखी तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ त्यसले तथागतलाई सम्यक् रूपमा सत्कार गरेको, गौरब राखेको, मान गरेको तथा परमोत्तम पूजा सामग्रीले पूजा गरेको ठहर्छ । तसर्थ आनन्द ! सम्पूर्ण धर्म विनयलाई आदर राखी तदनुसार अभ्यास गरी सदैब धर्माचरण गर र आनन्द ! यसै अनुरूप धर्मोपदेश पनि गरिनु पर्छ ।"

हामी सबैलाई आ-आफ्ना दैनिक जीवनमा दान र शील पालनको लागि अवसरहरू प्राप्त हुन्छन् । भावनाको जहाँसम्म कुरा छ, समथ, विपश्यना, धर्मको अध्ययन र अरुलाई धर्मको व्याख्यान गर्ने काम सबै भावना अन्तर्गत नै समावेश हुन्छ । महापरिनिर्वाण सूत्रमा भगवान बुद्धले आनन्दलाई भन्नुभएको कुराको चर्चा गरिएको छ । पापी मारले यहाँले सम्यक् सम्बुद्धत्व प्राप्त गर्नु भएपछि भगवान बुद्ध समीप आई उहाँको परिनिर्वाण प्राप्त गर्ने समय भएको कुरा निवेदन गरेका थिए । तब भगवान बुद्धले मारलाई यस प्रकार उत्तर दिनुभएको थियो -

"पापी मार ! म तबसम्म परिनिर्वाण प्राप्त गर्दिन जबसम्म भिक्षु भिक्षुनी मात्र होइनन्, उपासक एवम्, उपासिकाहरू पनि पण्डित, विनीत, विशारद, योग-क्षेम (निर्वाण) प्राप्त, बहुश्रुत, धर्मधर, धर्मको अनुसार आचारण गर्नेवाला सम्यक् प्रकारले विचरण गर्नेवाला, धर्मलाई अनुकरण गर्नेवाला सम्यक् प्रकारले विचरण गर्नेवाला, धर्मलाई अनुकरण गर्नेवाला हुँदैनन् र साथै जबसम्म तिनीहरू आफ्ना आचार्यबाट धर्मलाई सिकेर त्यस धर्मलाई कथन गर्नेवाला, देशना गर्नेवाला, प्रस्थापित गर्नेवाला, व्याख्या गर्नेवाला, विभक्त गर्नेवाला, उल्टोलाई सोझ्याइदिन सक्नेवाला, अर्काको मतलाई धर्मानुसार खण्डन गर्नेवाला तथा प्रतिहार्य सहित धर्मलाई देशना गर्नेवाला हुँदैनन् ।

पापी मार ! म तबसम्म परिनिर्वाण प्राप्त गर्दिन, जबसम्म मेरो यो ब्रह्मचर्य (बुद्धशासन) समृद्ध, पुष्पित तथा ऐश्वर्यशाली हुन्न, विस्तृत हुन्न, बहुत लोकजनसम्म फैलिएको हुन्न-देव-मनुष्यहरूमा सुप्रकाशित हुन्न ।"



https://dhamma.digital

हाम्रा आफ्ना जीवनमा हामीले कुशल कर्महरू सम्पादन गर्न सक्नुको कारण हेतुहरूले गर्दा हो, यो कुनै आत्माले गर्दा होइन । हामी दसुत्तर सुत्तमा सहायक अंगहरू बारेमा यसरी उल्लेख भएका पाउँछौंः-

धेरै मदत गर्ने ... चार चक्रहरू छन् यथाः अनुकूल निवासको चक्र, सत्संगको चक्र, आफ्नो चित्तको पूर्ण दमन, पूर्व जीवनको पुण्य चक्र ।

अनुकूल वासस्थानको कुरा गर्ने हो भने बौद्ध देशमा बस्नु कुशल चित्तहरू प्राप्त गर्न सहायक आधार हुन सक्छ । अनि विहारादि मन्दिर हरूमा जाने र धर्म व्याख्यानहरू श्रवण गर्ने अवसर त्यो व्यक्तिलाई प्राप्त हुन्छ । धर्मले हाम्रो आफ्नो जीवनलाई बदल्न सक्छ यही नै दान, शील र भावना जस्ता कुशल कर्महरू गर्नको निमित्त आधार (हेतु) हुन्छ ।

सत्संगको अर्थ हो धर्मको कल्याण मित्र (ठिक मित्र) को सत्संगत । बौद्ध देशमा निवास गरिरेहतापनि सत्यको खोजमा सहयोग गर्न सक्ने धार्मिक कल्याण मित्रलाई कसैले भेट्टाउन सकेन भने त्यस्ता व्यक्तिलाई प्रज्ञाको विकास गर्ने र क्लेशहरूलाई निर्मूल गर्ने कार्यको लागि अति आवश्यक हेतु प्राप्त हुन्न । आफ्नो चित्तको पूर्ण दमन भन्नुको अर्थ हो । कुशललाई आफ्नो लक्ष मानी आफुलाई त्यसैमा आत्मसात गर्नु हो । कुशलका अनेक मात्राहरू हुन्छन् । कुनै व्यक्तिले नाम-रूपको विषयमा स्मृति युक्त भएर आर्य अष्टाङ्गिक मार्गको प्रज्ञालाई विकाश गरेको खण्डमा आत्मा भन्ने धारणामा कम आशक्ति रहने हुन्छ । कुशल कर्महरू गर्दा पनि नाम-रूप विषयमा स्मृतियुक्त भएर रहेको खण्डमा कुनै आत्मा वा सत्वले पनि यो कर्महरू गर्ने होइन भन्ने कुरा उसले बुझ्ने हुन्छ । यसरी कुशल कर्म अझ परिशुद्ध हुने छन् र अन्तत्वोगता क्लेशहरूको अन्त्य हुनेछ ।

पूर्वजन्महरूमा कुशल वा पुण्यको संचय हुनु चौथो सहायक कारण हो । हामीले पूर्व जन्ममा कुशल संचय गरेको छैनौं भने अहिले हामीले कसरी कुशल कर्महरू गर्न सक्छौ र ? पूर्वजन्ममा संचित गरिएका कुशल कर्महरू नै अहिलेको जन्ममा ठीक स्थान र ठीक मान्छे



https://dhamma.digital

छेउ जानको निमित्त हेतु हुन् । कर्मले गर्दा नै कुनै व्यक्ति बौद्ध देशमा जन्मिन्छ वा बौद्ध देशमा निवास गर्छ । अतीत कालमा संचित गरिएका कुशल कर्म नै वर्तमान समयमा हाम्रा निमित्त धर्मको अध्ययन र आचरण गर्नलाई हेतु हुन्छन् । यदि हामीले कुशलको निमित्त हेतुहरू बन्न सहायक हुने अंगहरू सम्बन्धमा राम्ररी विचार गरेर हेर्ने हो भने कुशल कर्महरू गर्ने आत्माले होइन रहेछ भन्ने कुरा हामीले छर्लङ्ग बुझ्ने छौं ।

अभिधर्मको अध्ययनबाट महा-कुशल चित्तहरू ८ प्रकारका हुन्छन् भन्ने कुरा हामी थाहा पाउँछौं । एउटै किसिमको मात्र किन हुन्न त ? यसको कारण के हो त भने प्रत्येक किसिमको महाकुशल चित्तको उत्पत्ति हुने आफ्नै हेतुहरू छन् । विभिन्न प्रकारका यी महाकुशल चित्तहरूका बारेमा हामीलाई जानकारी भएमा र ती उत्पत्ति हुँदा हामी सजय सचेत रहन सकेको खण्डमा ती चित्तहरूलाई नै आत्मा भनी ग्रहण नगर्ने कुरामा हामीलाई सघाउ मिल्ने हुन्छ । चार प्रकारका महाकुशल चित्तहरू सौमनस्य साथै उत्पत्ति हुन्छन् र चार प्रकारका चाहिं उपेक्षा साथै उत्पत्ति हुन्छन् । हामीमा सौमनस्य प्रतिको आशक्ति रहने हुनाले हामीहरू सौमनस्य सहितको कुशल चित्तहरू प्राप्त गर्न मनपराउँछौं । तर कोही पनि व्यक्ति सौमनस्यलाई उत्पत्ति हुन मजबूर पार्न सक्तैन । कहिलेकाही हामी सौमनस्य साथै दान गर्छौं भने कहिले काहीं हामी उपेक्षा सहितको दान गर्छौं ।

महाकुशल चित्तहरू साथै सौमनस्य वेदना उत्पत्ति हुन्छ कि उपेक्षा वेदना उत्पत्ति हुन्छ भन्ने कुरा हेतुहरूमा निर्भर रहन्छ । चार प्रकारका महाकुशल चित्तहरू प्रज्ञा सहगत छन्, चार प्रकार प्रज्ञा सम्प्रयुक्त छैनन् । जस्तो हामीहरू अरुलाई प्रज्ञा साथै वा प्रज्ञा विरत भएर मद्दत गर्न सक्छौ । मद्दत गर्नु कुशल हो भन्ने कुरा हामीले महशूस गरेमा वा त्यस घडीमा उत्पन्न हुने नाम वा रूपप्रति हामी सजग रहेमा त्यतिखेर महाकुशल चित्त साथै प्रज्ञाको उत्पत्ति भइरहेको हुन्छ । चार प्रकारका असांस्कारिक छन् र चार प्रकारका ससांस्कारिक छन् । ८ प्रकारका महाकुशल चित्त निम्न बमोजिम हुन्:-



https://dhamma.digital

१)   सौमनस्य-सहगत, ज्ञान-सम्प्रयुक्त, असांस्कारिक एक ।

२)   सौमनस्य सहगत, ज्ञान-सम्प्रयुक्त, ससांस्कारिक एक ।

३)   सौमनस्य-सहगत, ज्ञान, विप्रयुक्त असांस्कारिक एक ।

४)   सौमनस्य-सहगत, ज्ञान-विप्रयुक्त, ससांस्कारिक एक ।

५)   उपेक्षा-सहगत, ज्ञान-सम्प्रयुक्त, असांस्कारिक एक ।

६)   उपेक्षा-सहगत, ज्ञान-सम्प्रयुक्त, ससांस्कारिक एक ।

७)   उपेक्षा-सहगत, ज्ञान-विप्रयुक्त, असांस्कारिक एक ।

८)   उपेक्षा-सहगत, ज्ञान-विप्रयुक्त, ससांस्कारिक एक ।

महाकुशल चित्तहरू मात्र कामावचर शोभन चित्तहरू होइनन् । महाकुशल चित्तहरू हेतु-चित्तहरू (अर्थात हेतुवाला चित्तहरू) हुन् । यी चित्तहरूले काय, वाक वा चित्तद्वारा कुशल कर्मलाई प्रवृत्त गर्दछन् । महाकुशल चित्तको विपाकवाला महाविपाक चित्तहरू पनि हुन्छन् । महाविपाक चित्तहरू शोभन चैतसिकहरू साथै उत्पत्ति हुने शोभन चित्तहरू पनि हुन् । लोकजनका कर्महरू समान नहुनाले विपाकहरू पनि समान हुन सक्तैनन् । प्राणीहरू भिन्न भिन्न प्रतिसन्धि-चित्तहरू लिएर उत्पत्ति हुन्छन् । प्रतिसन्धि चित्तहरू विपाक चित्तहरू हुन्, ती कर्मका विपाक हुन् । कोही कोही लोकजन अहेतुक विपाक (विना शोभन हेतुहरू) वाला प्रतिसन्धि चित्त साथै जन्मिन्छन् । कोही कोही महाविपाक चित्त (शोभन हेतुहरू साथै) वाला प्रतिसन्धि चित्त साथै जन्मिन्छन् । महाविपाक चित्तहरू ८ प्रकारका छन् ।

मानिसहरू सौमनस्य साथै वा उपेक्षा साथै जन्मिन्छन् । प्रज्ञा साथै वा प्रज्ञा बिना जन्मिन्छन् । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कर्म कस्तो हो सो को आधारबाट प्रतिसन्धि चित्त असांस्कारिक वा ससांस्कारिक हुन्छ । यदि प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल कर्म सौमनस्य साथै सम्पादन गरिएको भए प्रतिसन्धि-चित्त पनि सौमनस्य सहगत हुन्छ । यदि उपेक्षा साथै सो कर्म गरिएको भए प्रतिसन्धि-चित्त पनि उपेक्षा सहगत हुन्छ । यदि कुशल कर्म प्रज्ञा साथै सम्पन्न गरिएको हो भने



https://dhamma.digital

प्रतिसन्धि-चित्त पनि प्रज्ञा सहगत हुन्छ। कुशल कर्म असांस्कारिक भए प्रतिसन्धि-चित्त पनि असांस्कारिक हुन्छ। कुशल कर्म ससांस्कारिक भए प्रतिसन्धि-चित्त ससांस्कारिक हुन्छ। यसरी माथि लेखिएका ८ प्रकारका महाकुशल चित्तहरूकै अनुरूप उही किसिमसंग वर्गीकृत ८ प्रकारका महाविपाक चित्तहरू हुन्छन्।

भवंग चित्त र च्यूति चित्त पनि जीवनका प्रथम चित्त-प्रतिसन्धि चित्तकै अनुरूप उही किसिमका चित्त हुन्। प्रतिसन्धि चित्त महाविपाक चित्त भएको खण्डमा त्यस जीवनका भवंग चित्त र च्यूति चित्त त्यही किसिमका महाविपाक चित्त हुन्छन्। यसरी प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू महाविपाक चित्तहरूद्वारा गर्न सकिन्छ। अझ, तदारम्मणको कृत्य पनि महाविपाक चित्तद्वारा गर्न सकिन्छ। यसरी प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू महाविपाक चित्तहरूद्वारा गर्न सकिन्छ। अझ, तदारम्मणको कृत्य पनि महाविपाक चित्तद्वारा गर्न सकिन्छ।

हामीले अभीष्ट दृष्य देख्दा वा अन्य इन्द्रियद्वारहरू मार्फत रंजनीय कुराहरूको अनुभव गर्दाको चित्त कुशल कर्मको फलवाला विपाक चित्त हुन्छ। तथापि यस प्रकारको विपाक चित्त अहेतुक विपाक (हेतु विना उत्पत्ति हुने) हुन्छ, महाविपाक होइन। दर्शन, श्रवण, घ्राण, आस्वाद र स्पर्शका कृत्यहरू, सम्प्रतिच्छन्न र सन्तीरणका कृत्यहरू महाविपाक चित्तहरूद्वारा गर्न सकिन्न। यी कृत्यहरू अहेतुक विपाक चित्तहरूद्वारा गरिन्छन्। जवन चित्तहरू पछि उत्पत्ति हुने विपाक चित्त जो तदारम्मण चित्त छ त्यो भने कि त अहेतुक विपाक चित्त हुन सक्छ कि त महा-विपाक चित्त हुन सक्छ।

अझ अरु प्रकारका कामावचर शोभन चित्तहरू पनि हुन्छन् ती हुन् महाक्रिया चित्तहरू। अरहन्तसंग महाकुशल चित्तहरूको ठाउँमा महा-क्रिया चित्तहरू हुन्छन्। हामीमा अभीष्ट आलम्बनलाई अनुभव गर्दा लोभ उत्पत्ति हुन सक्ने वा अनीष्ट आलम्बनलाई अनुभव गर्दा द्वेष उत्पत्ति हुन सक्ने हुन्छ। अरहन्तको लागि प्रिय वा अप्रिय आलम्बन भन्ने कुराको कुनै अर्थ रहन्न। उसमा क्लेशहरू नै हुँदैनन्। अरहन्तले अब



https://dhamma.digital

कुनै पनि कुशल कर्म वा अकुशल कर्मको संचय गर्न नसक्ने भएकोले अरहन्तसंग महाक्रिया चित्तहरू हुन्छन् । अरहन्तको लागि महा-क्रिया चित्तहरूले वोट्ठब्बन चित्त र मनोद्वारावर्जन चित्त पछि जवनको कृत्य गर्दछन् । अरहन्तमा ज्ञानविप्रयुक्त महा-क्रिया चित्तहरू हुन सक्छ कि सक्तैन भन्ने कुराको सन्देह हामीलाई हुन सक्छ। वास्तविकता के हो भने अरहन्तहरूमा ज्ञान-विप्रयुक्त महा-क्रिया चित्तहरू हुन सक्छ। किनभने उनीहरूले धर्मोपदेश गरिनरहेका अवस्था र धर्म साकच्छा गरी नरहेको अवस्थामा महा-क्रिया चित्तहरू साथै प्रज्ञा लाग्नै पर्छ भन्ने कुरा होइन ।

अरहन्तमा शोभन चित्तवाला क्रियाचित्तहरू र अशोभन चित्तवाला क्रिया चित्तहरू पनि हुन्छन् । पंचद्वारावर्जन चित्त, वोट्ठब्बन चित्त, मनोद्वारावर्जन चित्त र हसितोत्पादक चित्तहरू अशोभन क्रिया चित्तहरू हुन् । यी प्रकारका चित्तहरूमा साथै शोभन चैतसिकहरू उत्पत्ति हुँदैनन्, तिनीहरू अहेतुक हुन् ।

महाक्रिया चित्तहरू जम्मा ८ प्रकारका हुन्छन् । तिनीहरू सौमनस्य वा उपेक्षा सहगत हुन्छन्, प्रज्ञा सहगत वा प्रज्ञा अ-सहगत हुन्छन्, तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन्छन् । महाक्रिया चित्तहरूलाई ८ प्रकारका महाकुशल चित्तहरूकै अनुरूप नै वर्गीकरण गरिन्छ ।

जम्मा जम्मी गर्दा काम भूमि वा कामावचर चित्तहरूका रूपमा ५४ चित्तहरू हुन्छन् यथा:

१२ अकुशल चित्तहरू<br>
१८ अहेतुक चित्तहरू } ३० अशोभन चित्तहरू ।

८ महा-कुशल चित्तहरू<br>
८ महा-विपाक चित्तहरू<br>
८ महा-क्रिया चित्तहरू } २४ शोभन चित्तहरू ।

यसरी जम्मा ३० अशोभन चित्तहरू छन् र २४ काम-शोभन चित्तहरू छन् ।



https://dhamma.digital

काम-शोभन चित्तहरू नभएका शोभन चित्तहरू पनि हुन्छन्, यथाः

रूप-भूमिवाला शोभन चित्तहरू (रूप-धन प्राप्त गर्नेका लागि रूपावचर चित्तहरू)

अरूप-भूमिवाला शोभन चित्तहरू (अरूप-ध्यान प्राप्त गर्नेहरूका लागि अरूपावचर चित्तहरू)

लोकोत्तर भूमिवाला शोभन चित्तहरू, (तिनीहरूका लागि जस्ले मार्गफल प्राप्त गरेका छन्) ।

केवल कामावचर वित्तहरू (काम भूमिका चित्तहरू) मात्र अशोभन चित्त हुन सक्छन् । रूप-भूमि, अरूप-भूमि र लोकोत्तर भूमिका चित्तहरू शोभन चित्तहरू मात्र हुन सक्छन् ।

ध्यान प्राप्त नगरेका र मार्गफल प्राप्त नगरेका पुद्गलहरूले काम भूमिदेखि बाहेकका अन्य भूमिका चित्तहरू जान्न सक्तैनन् । तर काम भूमिलाई लिएर तिनीहरू बुद्धोपदेशको सत्यलाई प्रमाणित वा सिद्ध गर्न सक्तछन् । दान प्रदान गर्नु, शील पालन गर्नु र भावनाको अभ्यास गर्नु सहायक हुन्छ कि हुन्न भन्ने कुरा हामी आफैले पत्ता लगाउन सक्छौं । यस प्रकारका कुशलको अभ्यासले अकुशल चित्तहरूलाई कम गर्न सघाउ पुग्छ कि पुग्दैन भन्ने कुरा हामी पत्ता लगाउन सक्छौं । कहिले काहीं दानको लागि उपयुक्त बेला हुन्छ भन्ने कहिले काहीं शील वा भावनाको लागि हुन्छ । विपश्यनाको हकमा उसले दान गर्दा, शील पालन गर्दा, समथको अभ्यास गर्दा पनि विपश्यनाको अभ्यास गर्न सक्छ । धर्म अध्ययन गर्दा वा धर्मोपदेश गर्दा पनि गर्न सक्छ । दान, शील तथा अन्य कुशलका तरीकाहरूका अवसर नहुँदाको अन्य बेला बखतहरूमा पनि विपश्यनाको अभ्यास गर्न सक्छ । नाम र रूपको स्मृति त्यति मात्रामा संचित भइनसकेकै अवस्थामा पनि यसले कम अकुशल चित्तहरू प्राप्त गराउन र आत्माको धारणाप्रति कम आसक्ति गराउन लगाउँछ कि लगाउन्न भन्ने कुरा त्यस व्यक्तिले पत्ता लगाउन सक्छ । स्मृतियुक्त रहेर हामी बुद्धोपदेशको तथ्य प्रमाणित गर्न सक्छौ ।



https://dhamma.digital

अंगुत्तर निकाय (सत्तक-निपात, परिच्छेद ८ विनय वर्ग, उपालि) मा हामी पढ्छौंः-

"आयुष्मान उपालि भगवान भए छेउ गए । समीप गएर भगवानलाई अभिवादन गरेर एक छेउमा बसे । एक छेउमा बसेका आयुष्मान उपालिले भगवानसंग प्रार्थना गरे ।

"भन्ते ! राम्रो हुन्थ्यो भगवान, यदि भगवानले संक्षिप्त रूपमा मलाई धर्मको यस्तो उपदेश दिनु भए, कि जुन धर्मोपदशेलाई सुनेर म एकांकी, निर्मल, अप्रमादी, उत्साही, प्रयत्नशील भएर विहार गर्न सकौं !"

"उपालि ! जुन धर्महरूका बारेमा तिमीलाई थाहा हुन्छ कि यी धर्महरू न सम्पूर्ण निर्वेदका लागि हुन्, न वैराग्यका लागि हुन्, न निरोधका लागि हुन्, न उपशमनका लागि हुन्, न अभिज्ञाका लागि हुन्, न सम्बोधिका हुन्, एवम् न निर्वाणका लागि हुन्, ती धर्महरूका बारेमा उपालि ! यति निश्चित रूपमा बुझ कि यी न धर्म हुन्, न विनय हुन्, न शास्ताकै अनुशासम हुन् । परन्तु उपालि ! जुन धर्महरूका बारेमा तिमी थाहा पाउँछौं कि यी धर्महरू सम्पूर्ण निर्वेदका लागि हुन्, वैराग्यका लागि हुन्, अभिज्ञाका लागि हुन्, सम्बोधिका लागि हुन्, निर्वाणका लागि हुन्, ती धर्महरूका बारेमा उपालि ! यति निश्चित रूपमा बुझ कि यी धर्म हुन, यी विनय हुन्, यी शास्ताका अनुशासन हुन् ।"

**मनन गर्न योग्य केही प्रश्नहरूः**

१) अहेतुक कामावचर चित्तहरूका उदाहरणहरू देउ । के ती सदा अशोभन हुन्छन् ?

२) के अरहन्तहरूमा अशोभन चित्तहरू हुन्छन् ?

३) ध्यान चित्त किन कामावचर चित्त हुन्न ?

४) के महा-कुशल चित्तहरू सदा सौमनस्य सहगत हुन्छन् ?

५) के सबै शोभन चित्तहरू कुशल चित्तहरू हुन् ?

६) के विपाक चित्त शोभन चित्त हुन सक्छ ?



https://dhamma.digital

७)  के क्रिया चित्त शोभन चित्त हुन सक्छ ?

८)  महाकुशल चित्त कहिले उच्च मात्राको हुन्छ, ससांस्कारिक हुँदा वा असांस्कारिक हुँदा ?

९)  के विपाक चित्त ससांस्कारिक हुन सक्छ ? भए कुन किसिमका विपाक चित्तहरू हुन सक्छन् ? यसको निमित्त प्रत्यय के हो ?

१०)  अरहन्तमा महाकुशल चित्तहरूको सट्टामा महाक्रिया चित्तहरू किन हुन्छन् ?

११)  कामावचर चित्तहरू कति प्रकारका हुन्छन् ?



https://dhamma.digital

परिच्छेद – २०

# लोकहरू

हामी जन्मन्छौं, मर्छौं र पुनः जन्मिन्छौं । कुन लोकमा हामी पुनर्जन्म लिन्छौं भन्ने कुरा नियन्त्रण भन्दा परको कुरा हो । यो कुरा च्यूति चित्तको निरोध भएपछि उत्पन्न हुने प्रतिसन्धि चित्तलाई पैदा गर्ने कर्म माथि निर्भर हुन्छ ।

अहिले हामी मनुष्य लोकमा जिइरहेका छौं । मनुष्य जीवन किन्तु ज्यादै छोटो छ । यो जीवनको अन्त्य भएपछि कुन चाहिँ लोकमा हाम्रो पुनर्जन्म हुने हो हामीलाई नै थाहा छैन । प्रायः लोकजन मनुष्य जीवनको क्षणिकता (छोटोपना) को विषयमा सोच्न चाहँदैनन् । तिनीहरू इन्द्रियद्वारहरू मार्फत अनुभव गरिएका आलम्बनहरूमै अभिरत हुन्छन् । यिनै अनुभवहरूको कारण उनीहरू सुखी वा दुःखी रहन्छन् । किन्तु हामीले के बुझ्नुपर्छ भने सुख र दुःख भनेको हेतुको कारण उत्पत्ति भई पुनः लोप हुने मानसिक धर्म मात्र हुन् । हाम्रो सम्पूर्ण जीवन नै उत्पत्ति भई लोप हुने धर्महरूको एउटा श्रृंखला मात्र हो ।

अनेक धर्महरूमा स्वर्ग र नरकका बारेमा शिक्षा दिइएका हुन्छन् । के चाहिं कुरामा बुद्धोपदेशहरू फरक छन् त ? के हामीले पनि केवल स्वर्ग र नर्कमै मात्र विश्वास गर्नु पर्ने हो कि ? बौद्ध उपदेशहरू मार्फत हामी स्वभाव धर्महरू (वास्तविकताहरू) को अध्ययन गर्न सिक्छौं । जीवनका हेतु र फल (कार्य-कारण) को अध्ययन गर्न सिक्छौं । प्रत्येक हेतुले उपयुक्त फल ल्याउछ । लोकजनहरू कुशल र अकुशल कर्महरू गर्दछन् र यी कर्महरूले भिन्न भिन्न फलहरूलाई उत्पत्ति गराउँछन् । ती कर्महरूले भिन्न भिन्न लोकहरूमा जन्म गराउँन सक्छन् । लोक वा गति भन्नाले जन्म ग्रहण गर्ने स्थान हुन्छ । दुःखी लोक (दुर्गति) मा जन्म हुनु अकुशल कर्मको विपाक हो भने सुखी लोकमा



https://dhamma.digital

(सुगति) मा जन्म लिनु कुशल कर्मको विपाक हो । लोकजनहरूले गर्ने कुशल वा अकुशल कर्महरूमा पनि अनेक भिन्न भिन्न मात्रामा कुशल वा अकुशल रहने भएकोले विपाकहरू पनि अनेक भिन्न भिन्न मात्रमा हुन्छन् । त्यस्तै भिन्न भिन्न किसिमका दुर्गति वा दुःखी लोकहरू र भिन्न भिन्न किसिमका सुगति वा सुखी लोहरू पनि छैदैछन् ।

पशु जगत दुःखी लोक दुर्गति हो । पशुहरू एक अर्कालाई कसरी खान्छन् भन्ने कुरा हामी देख्न सकछौं र हामी प्रकृतिलाई क्रूर पाउछौं । तिर्यक गति मात्र दुर्गति लोक होइन । अनेकौं नरक लोकहरू पनि छन् । मनुष्य लोकमा अनुभव गरिने दुःख भन्दा नरकमा भोग गरिने अकुशल विपाक निकै तिब्रै हुन्छन् । बौद्ध ग्रन्थहरूमा नरकहरूको वर्णनहरू केवल रूपकहरू मात्र होइनन् । चक्षु, घ्राण, श्रोत, जिह्वा र कायाइन्द्रियमार्फत अप्रिय वस्तुहरूको अनुभव पनि अकुशल विपाक हो र अकुल विपाक वास्तविकता हो । नरक लोकको जीवन पनि नित्य होइन । नरकको जीवनको अवधि समाप्त भएपछि पुनः अन्य लोकमा पुनर्जन्म हुन सक्छ ।

तिर्यक गति र नरक गतिदेखि बाहेक अन्य पनि दुर्गति लोकहरू छन् । प्रेत योनीमा जन्म हुनु लोभ जनित अकुशल कर्मको विपाक हो । प्रेत लोकका प्राणीहरूका रूप विरूप हुन्छन् र उनीहरू सदैव भोका र प्यासा रहन्छन् ।

अझ असुरको लोक पनि हुन्छ । असुरलोकममा अनुभव गरिने आलम्बनहरू मनुष्य लोकमा अनुभव गर्न सकिने आलम्बनहरू जतिकै आनन्ददायक वा उपभोग योग्य हुँदैनन् । जम्मा दुर्गति लोकहरू चार किसिमका हुन्छन् ।

मनुष्य योनीमा जन्म हुनु सुखी पुनर्जन्म हो । मनुष्य लोकमा कुशलको अभ्यासको निमित्त अवसर रहन्छ । उसले धर्मको अध्ययन गर्न सक्छ र क्लेशहरूको निरोध र जाति मरणको निरोधतिर लैजाने मार्गको विकास गर्ने कुरा सिक्न सक्छ । मनुष्य लोकको जन्म कुशल विपाक हो । तर यस लोकमा आफ्नो जीवन अवधिमा कुशल विपाक र अकुशल विपाक दुबै हुन्छन् । प्रत्येक व्यक्तिले आफ्नो जीवनमा भिन्न



https://dhamma.digital

भिन्न विपाकहरू भोग गर्दछन्: जीवनमा लाभ र हानी, मान अपमान, यश र अपयश, सुख र दुःख हुन्छ। प्रत्येक व्यक्ति आफ्नो कर्मानुसारको विपाक भोग गर्न सुहाउँदो अवस्था भएको परिवारमा जन्मिएको हुन्छ। आ-आफ्ना कर्मकै कारणले गर्दा नै व्यक्ति चक्षु, श्रोत, घ्राण, जिह्वा र काया-इद्रिय मार्फत प्रिय र अप्रिय वस्तुहरू भोग गर्दछन्।

मनुष्य योनी बाहेकका अरु सुगति लोकहरू चाहिं दिव्यलोकहरू हुन्। दिव्यलोकहरूमा मनुष्य लोकमा भन्दा कुशल विपाकहरू बढी हुन्छन्। तर अकुशल विपाकहरू भने कमै हुन्छन्। लोकहरू पनि धेरै किसिमका हुन्छन्। दिव्य लोकमा जीवन चिरकालसम्म स्थिर रहे पनि स्वर्गीय जीवन पनि नित्य हुन्न। दुर्गति लोकहरू, मनुष्य लोक र ६ प्रकारका दिव्य लोकहरू जुन देव लोकहरू हुन्, काम भूमिहरू हुन्। काम भूमिहरू (वा काम लोकहरू) भन्नाले दर्शन, श्रवण, घ्राण, अस्वादन र स्पर्शहरूको अनुभव हुने र अन्य कामावचर चित्तहरू रहने लोकहरू हुन्। काम भूमिहरू जम्मा ११ थरीका हुन्छन्।

इन्द्रीय-स्पर्शहरू (काम-संस्कारहरू) को अलाभ देख्ने व्यक्तिहरूले ध्यानको अभ्यास गर्न सक्छन् र यस्ता व्यक्तिहरू काम भूमि देखि भिन्न रहेका माथिल्ला दिव्य लोकहरूमा जन्म लिन सक्छन्। रूप-ध्यान लाभीहरूको पुनर्जन्म कम इन्द्रीय-संस्कारहरू भएका रूप-ब्रह्म-लोकहरूमा हुन सक्छ। जम्मा १६ थरीका रूप-ब्रह्मलोकहरू हुन्छन्। तिनीहरू मध्ये एउटा रूप-ब्रह्म लोक हो। असञ्ञ सत्त लोक अर्थात् असंज्ञ-सत्त लोक जहाँ रूप मात्र हुन्छ, नाम हुन्न। रूप ध्यानको सर्वोच्च चरण प्राप्त गरी विज्ञानलाई प्राप्त गर्ने इच्छा बिल्कुलै नराख्ने यस्ता व्यक्तिहरू बिना चित्त नै जन्म लिन्छन्। यिनीहरूको लागि केवल रूप-शरीर मात्र हुन्छ। यस्ता पुद्गलहरूले चित्त (विज्ञान) को अलाभहरू देखिसकेका हुन्छन्। सुख पनि एउटा अलाभ नै हो, किनभने यो नित्य रहन्न।

रूपका अलाभहरू देख्ने पुद्गलहरू अरूप-ध्यानको अभ्यास गर्दछन्। अरूप-ध्यान लाभीहरूको पुनर्जन्म इन्द्रीय-संस्कार नभएका



https://dhamma.digital

अरूप-ब्रह्मलोकहरूमा हुन सक्छ । अरूप-ब्रह्मलोकहरू चार थरीका हुन्छन् । यी लोकहरूमा जन्म लिएका सत्वहरूको नाम धातु मात्र हुन्छन् । यी लोकहरूमा जन्म लिएका सत्वहरूको नाम धातु मात्र हुन्छ, रूप भनेको हुँदैन । रूप मात्र भएका जीवहरू वा नाम मात्र भएका जीवहरू कसरी हुन सक्लान् र भन्ने कुरामा साधारण लोकजन अचम्म मान्न सक्छन् । यदि हामीले एक पटकमा एउटा लक्षणको रूपमा प्रकट हुने नाम धातुहरू र रूप धातुहरूमा भिन्न भिन्न लक्षणहरूलाई अनुभव गर्न सकेका छौं र ती नाम धातुहरू र रूप धातुहरू केवल धातुहरू मात्र हुन्, सत्व वा पुद्गल होइन, आत्मा होइन भन्ने कुरा महशूस गरेका छौं भने नाम बिनाको रूप र रूप बिनाको नाम रहन सक्छ भन्ने कुरामा कुनै सन्देह हामीलाई रहने छैन ।

संसारमा जम्मा ३१ लोकहरू हुन्छन्, यथाः

४ अपाय गतिहरू; १ मनुष्यलोक;<br>६ देवलोकहरू } ११ काम लोकहरू

१६ रूप-ब्रह्मलोकहरू; ४ अरूप-ब्रह्मलोकहरू

अगुत्तर निकाय (सत्तक-निपात, अब्याकृत वर्ग परिच्छेद ६, मैत्री) मा कुशल कर्महरूको महत्व बारेमा चर्चा गरिएको छ । कुशल कर्महरूले चिरकालसम्मको लागि प्रिय विपाकहरू ल्याउन सक्छन् र विभिन्न सुगति लोकहरूमा जन्म गराउन सक्छन् । भगवानले भन्नुभयोः-

"भिक्षुहरू ! पुण्य कर्महरू देखि नडराउनू । भिक्षुहरू ! पुण्य कर्म सुखकै पर्याय हुन् । भिक्षुहरू ! मलाई थाहा छ कि मैले दीर्घकालसम्म जुन पुण्य गरें, त्यसबाट दीर्घकाल सम्मनै इष्ट, सुन्दर, काम्य फल अनुभव गरें । मैले सात वर्षसम्म मैत्री चित्तको भावना गरें । सात वर्षसम्म मैत्री चित्तका भावना गरेको पुण्य कर्मको फल स्वरूप सात संवर्त-विवर्त कल्पहरूसम्म फेरि यस लोकमा जन्म ग्रहण गरिन । भिक्षुहरू ! संवर्त (लोक-विकास) को समयमा म आभाश्वर लोकमा उत्पन्न भएँ, विवर्त (लोक-क्षय) को समयमा शून्य ब्रह्म विमानमा उत्पन्न भएँ ।



https://dhamma.digital

भिक्षुहरू ! अनि म ब्रह्मा भएँ, महा-ब्रह्मा, अभिभू, अनभिभूत, सर्वदर्शी, वशवर्ती ब्रह्मा । भिक्षुहरू ! छत्तीस पटक म शक्र, देवराज इन्द्र भएँ, अनेक सय पटक राजा भएँ, चक्रवर्ती, धार्मिक, धर्मराजा, चतुर्दिशा-विजयी, शान्त-जनपद तथा सात रत्नहरूबाट युक्त राजा भएँ ।

भिक्षुहरू ! मसंग यी सात रत्न थियो-चक्र-रत्न, हस्ति-रत्न, अश्व-रत्न, मणि-रत्न, स्त्री-रत्न, गृहपति-रत्न, तथा सातौं नायक रत्न । ... ।" *(सुत्त यहाँसम्म)*

हामीले के देखिसकेका छौ भने आ-आफ्ना संचित कर्मकै कारणले गर्दा प्राणीहरू विभिन्न लोकहरूमा जन्मिन्छन् । लोक भन्नु नै जन्म ग्रहण गर्ने स्थान हो । चित्तको भूमि भन्नु र लोक भन्नु एउटै कुरो होइन । कुनै पनि चित्त कुन चाहि चित्तको भूमिको हो भन्ने कुरा त्यस चित्तले ग्रहण गर्ने आलम्बनमा निर्भर गर्दछ । हामीले अनेकन चित्तका भूमिहरू बारेमा चर्चा गरिसक्यौ, जस्तो:

कामावचर चित्तहरू (काम भूमिका चित्तहरू) ।

रूपावचर चित्तहरू (रूप-ध्यान चित्तहरूको भूमि) ।

अरूपावचर चित्तहरू (अरूप-ध्यान चित्तहरूका भूमि) ।

लोकोत्तर चित्तहरू (निर्वाणलाई अनुभव गर्ने चित्तका भूमि) ।

कामावचर चित्तहरूलाई अशोभन चित्तहरू (शोभन चैतसिकहरूद्वारा साथ नदिएका चित्तहरू) र काम-शोभन चित्तहरूमा (शोभन चैतसिकहरू साथै उत्पत्ति भएका काम भूमिका चित्तहरू) वर्गीकरण गर्न सकिन्छ । यिनीहरू कुन कुन लोकहरूमा उत्पत्ति हुन्छन् त ?

कामावचर चित्तहरू ३० लोकहरूमा उत्पत्ति हुन्छन् । ती चित्तहरू नाम नभई केवल रूप मात्र हुने असंज्ञ सत्त लोकमा भने उत्पत्ति हुदैनन् । अरूप-ब्रह्मलोकहरूमा पनि कामावचर चित्तहरू हुन्छन् ।

काम-शोभन चित्तहरू दुर्गति लोकहरू (अपाय गतिहरू) मा पनि उत्पत्ति हुन सक्छन् । साथै ती चित्तहरू मनुष्य लोक, दिव्य लोकहरू,



https://dhamma.digital

रूप-ब्रह्मलोकहरू र अरूप-ब्रह्मलोकहरूमा पनि उत्पत्ति हुन्छन्। असंज्ञ सत्त लोक बाहेक अन्य ३० सै लोकहरूमा ती चित्तहरू उत्पत्ति हुन्छन्। तथापि सबै प्रकारका काम-शोभन चित्तहरू सबै लोकहरूमा उत्पत्ति भने हुँदैनन्।

अशोभन चित्तहरू तीसै लोकहरूमा उत्पत्ति हुन सक्छन्। तर सबै प्रकारका अशोभन चित्तहरू सबै लोकहरूमा उत्पत्ति हुँदैनन्। लोभ-मूल चित्तहरू ३० लोकहरूमा उत्पत्ति हुन सक्छन्। रूप-ब्रह्म लोकहरू र अरूप-ब्रह्म लोकहरूमा पनि लोभ-मूल चित्तहरू उत्पत्ति हुन सक्छन्। द्वेष-मूल चित्तहरू ११ काम लोकहरूमा उत्पत्ति हुन्छन् तर यी चित्तहरू रूप ब्रह्मलोकहरूमा वा अरूप-ब्रह्म लोकहरूमा उत्पत्ति हुदैनन्। रूप-ब्रह्मलोकहरूमा र अरूप-ब्रह्मलोकहरूमा सत्वहरू जीवतहुञ्जेलसम्म त्यहाँ द्वेषका निमित्त हेतुहरू नै हुँदैनन्। मोह-मूल चित्तहरू ३० लोकहरूमा उत्पत्ति हुन्छन्। अरहन्त नभएका पुद्गलहरू सबैसंग मोह रहन्छ र यसरी मोह-मूल चित्तहरू असंज्ञ सत्त लोक बाहेक सबै लोकहरूमा उत्पत्ति हुन्छन्।

अकुशल चित्तहरू मात्र होइनन्, अहेतुक चित्तहरू पनि अशोभन चित्तहरू नै हुन्। अहेतुक चित्तवाला अशोभन चित्तहरू इन्द्रियद्वारहरूमध्ये कुनै एक इन्द्रीयद्वार मार्फत आलम्बनलाई अनुभव गरिने चित्तहरू हुन्। वीथि क्रममा उत्पत्ति हुने जुन अहेतुक चित्तहरू छन, ती चित्तहरू इन्द्रियसंस्कारहरू भएका लोकहरूमा मात्र उत्पत्ति हुन सक्छन्। चक्षु-विज्ञान र श्रोत-विज्ञान ११ काम लोकहरूमा उत्पत्ति हुन्छन् र तिनीहरू १५ रूप ब्रह्मलोकहरूमा पनि उत्पत्ति हुन्छन्। यसरी तिनीहरू २६ लोकहरूमा उत्पत्ति हुन्छन्।

घ्राण-विज्ञान, जिह्वा-विज्ञान र काया-विज्ञान केवल ११ काम लोकहरूमा मात्र उत्पत्ति हुन्छन्। यसरी तिनीहरू रूप-ब्रह्मलोकहरूमा वा अरूप-ब्रह्म लोकहरूमा उत्पत्ति हुँदैनन्।

पंचद्वारावर्जन चित्त, सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त इन्द्रियसंस्कार रहने सबै लोकहरूमा उत्पत्ति हुन्छन्। यसरी तिनीहरू ११



https://dhamma.digital

कामलोकहरू र १५ रूप-ब्रह्म लोकहरू गरी २६ लोकहरू (असंज्ञ-सत्त लोकवाला रूप ब्रह्मलोक बाहेक) मा उत्पत्ति हुन्छन् ।

मनोद्वारावर्जन चित्त नाम भएका सबै लोकहरूमा उत्पत्ति हुन्छ । यसरी यो ३० सै लोकहरूमा उत्पत्ति हुन्छ ।

मानिसहरू आफूले पुनर्जन्म लिने स्थानको विषयमा चिन्तन गर्न इच्छुक हुन्छन् । के हामी मनुष्य लोकमा पुनर्जन्म ग्रहण गर्न मनपराउँछौं ? हामी मुनष्य लोकको जीवनमा आसक्त हुन्छौ । तर यस संसारमा हामीले ग्रहण गर्न वाध्य हुने अकुशल विपाकहरूका अनेकन घडीहरू भने हामी सँधै महशूस गर्दैनौं । हामी युद्ध र भोक जस्ता संकटहरूबाट संत्रस्त रहन्छौं, व्याधि, जरा र मृत्यु पनि छन् । कोही मानिसहरू स्वर्गलोकमा पुनर्जन्म ग्रहण गर्न रुचाउँछन् । तिनीहरू इन्द्रीयहरू मार्फत सुखकर कुराहरू भोग गर्न चाहन्छन् । कोही स्वर्ग लोकमा जन्म लिन इच्छुक हुन्छन् । तर स्वर्ग लोकमा जन्म ग्रहण गर्ने वा नगर्ने कुरा उसको कर्ममाथि निर्भर गर्दछ । जन्म विपाक हो, यो बिना हेतु हुँदैन । अनेकन कुशल कर्महरू गर्ने व्यक्तिले अभीष्ट विपाक ल्याउने हेतुको अभ्यास गरेको हुन्छ । तर त्यस्तो अभीष्ट विपाक कहिले प्राप्त हुन्छ भन्ने कुरा थाहा पाउने युक्ति छैन, यो नियन्त्रण भन्दा परको कुरा छ ।

के हामी मृत्युदेखि डराउँछौ ? प्रायः मानिसहरू आफ्नो जीवन लम्ब्याउन चाहन्छन् । तिनीहरू भविष्यलाई अनिश्चित अनुभव गर्ने हुँदा मृत्युदेखि संत्रस्त हुन्छन् । यदि कुनै व्यक्ति आर्य भइसकेको छैन भने उसले नरकमा पनि पुनर्जन्म ग्रहण गर्ने सम्भावना रहन्छ । हामीहरू अपाय गतिमा पुनर्जन्म ग्रहण गर्ने कुरालाई सोच्नसम्म पनि मन पराउन्नौं । तर पुर्वजन्ममा गरिएका यस्ता कर्महरू हुन सक्छन् जस्ले अझै नरकमा पुनर्जन्म लिन पर्ने गराउन सक्छन् । स्वयं भगवान बुद्धलाई पनि एक चोटीको पूर्वजन्ममा नरकमा जन्म ग्रहण गर्नु परेको थियो । नरकका सम्बन्धमा द्वेष र त्रास लिएर चिन्तन गर्नु निरर्थक हुन्छ । तर नरकको चिन्तनले अकुशल गर्नेको बदलामा हालको अवस्थामा कुशललाई अभ्यास गर्न हामीलाई सम्झाएको घडीमा यसको चिन्तन



https://dhamma.digital

पनि सहायक नै हुन्छ।

**गिलान सुत्त**

संयुक्त निकाय (महावर्ग स्रोतापति संयुक्त, छैठौं भाग, सप्रज्ञ वर्ग, गिलान सुत्त) मा भगवान बुद्धले एउटा सप्रज्ञ उपासकले बिरामी रहेको अर्को सप्रज्ञ उपासकलाई आश्वासन दिनु पर्ने तरीका सम्बन्धमा महानाम शाक्यलाई दिनुभएको उपदेशको चर्चा गरिएको छ। त्यहाँ भनिएको छः-

"महानाम ! उनीहरूलाई यी चार धर्महरूबाट आश्वासन दिनु पर्छ -

आयुष्मान् आश्वस्त रहनोस् कि आयुष्मान् बुद्धको प्रति दृढ श्रद्धाबाट युक्त हुनुहुन्छ-यस्तो उहाँ भगवान अरहन्त, सम्यक् सम्बुद्ध, विद्याचरण-सम्पन्न, सुगत, लोकविदु अनुत्तर पुरुषहरूलाई दमन गर्नमा सारथी समान, देव र मनुष्यको शास्ता, बुद्ध भगवान हुनुहुन्छ।

... धर्मको प्रति अविचल श्रद्धाबाट युक्त रहेको कुराबाट आश्वस्त हुनोस् ...

... संघको प्रति अविचल श्रद्धाबाट युक्त रहेको कुराबाट आश्वस्त हुनोस् ... ।

... श्रेष्ठ र सुन्दर शीलहरूबाट ... युक्त रहेको कुराबाट आश्वस्त हुनोस् ... ।

महानाम ! उनीहरूलाई यी चार धर्महरूबाट आश्वासन प्रदान गरेर यस्तो भन्नुपर्छ- "के आयुष्मान्लाई आमा बाबुप्रति मोह-माया छ ? यदि उसले भन्छ कि-हो, मलाई आमा बाबुप्रति माया-मोह छ, तब उसलाई यसो भन्नु पर्छ-तपाई आमा बाबुप्रति माया-मोह गर्नु भए पनि मर्नु हुन्छ र नगरे पनि मर्नु हुन्छ भने किन त्यस माया-मोहको छोड्नु हुन्न ?

यदि उसले यस्तो भनेमा-आमा-बाबुका प्रति मेरो जो मायामोह थियो त्यो प्रहीण भयो, तब उसलाई भन्नु पर्छ- "आयुष्मानलाई स्त्री र



https://dhamma.digital

बाल बच्चाहरूप्रति अझै माया-मोह छ ।" स्त्री तथा बाल बच्चाप्रति माया-मोह गरे पनि नगरे पनि तपाईको मृत्यु नै हुन्छ भने किन स्त्री र बाल बच्चाप्रति माया-मोह छोड्नु हुन्न ?"

यदि उसले "मेरा स्त्री र बाल बच्चाप्रतिको माया-मोह प्रहीण भयो" भनेमा उसलाई यसरी भन्नुपर्छ "आयुष्मानलाई अझै पाँच मानवीय काम-गुणहरू प्रति मोह-माया छ" ।

यदि उसले- "पाँच मानवीय काम-गुणहरूबाट मेरो चित्त हटिसकेको छ" भनी भनेमा, उसलाई यसरी भन्नुपर्छ- "पाँच मानवीय काम-गुणहरू भन्दा, आबुस ! दिव्य भोगहरू अझ श्रेष्ठोत्तम हुन्छन् । यदि आयुष्मानले पाँच मानवीय काम-गुणहरूबाट आफ्नो चित्तलाई हटाई चार महाराज देवहरूमा लगाएमा वेश हुन्छ !"

यदि उसले "पाँच मानवीय काम-गुणहरूबाट चित्त हटिसेको छ र चार महाराज देवहरूमा चित्त लागेको छ" भनी भन्छ भने उसलाई यसो भन्नुपर्छ- "आवुस ! चार महाराज देवहरू भन्दा पनि त्रयस्त्रिंश देवहरू अझ श्रेष्ठोत्तम छन् । यदि आयुष्मानले चार महाराज देवहरूबाट आफ्नो चित्तलाई हटाई त्रयस्त्रिंश देवहरूमा लगाई दिएमा वेश हुन्छ ।"

यदि उसले भनेमा कि "मैले चार महाराज देवहरूबाट आफ्नो चित्तलाई हटाई त्रयस्त्रिंश देवताहरूमा लगाई दिएको छु, "तब उसलाई यस्तो भन्नु पर्छ-आबुस ! त्रयस्त्रिंश देवताहरू भन्दा याम देवताहरू ... "तुषित देवताहरू ..., निर्माण-रति देवताहरू, परनिमित यशवर्ती देवता, ... ब्रह्मलोक अझ श्रेष्ठोत्तम छन् ... । आयुष्मानले ब्रह्मलोकमा आफ्नो चित्त लगाई दिए वेश हुन्छ ।"

यदि उसले "मैले परनिर्मित वशवर्ती देवताबाट आफ्नो चित्तलाई हटाई ब्रह्मलोकमा लगाई दिएको छु" भनी भन्छ भने, उसलाई अनि यस्तो भन्नुपर्छ -"आवुस ! ब्रह्मलोक पनि अनित्य छ, अध्रुव छ, सत्कायको अविद्याबाट युक्त छ । आयुष्मानले ब्रह्मलोकबाट आफ्नो चित्तलाई हटाई सत्कायको निरोधका लागि लगाइ दिएमा बेश हुन्छ ।"



https://dhamma.digital

यदि उसले “मैले ब्रह्मलोकबाट आफ्नो चित्तलाई हटाई सत्कायको निरोधको लागि लगाइ दिएको छु” भन्छ भने तब हे महानाम ! त्यस उपासकको आश्रवबाट विमुक्त चित्तवाला भिक्षुदेखि कुनै भेदभाव रहन्न, यस्तो म भन्दछु विमुक्ति एउटै हो ।”

जन्म हुनु नै खतरा हो । सर्वोच्च स्वर्गलोकको जन्मलाई भन्दा कुनै पनि लोकमा पुनर्जन्म नहुने कुरालाई नै बढी ग्राह्यता दिइनु पर्छ । कोही व्यक्ति अरु पुनर्जन्मको इच्छा गर्दैन भने उसले चार आर्य सत्यलाई जान्नुपर्दछ र यी चतुरार्यसत्यले नै पुनर्जन्म (भय) को निरोध तिर लैजान्छ भन्ने कुरा बुझ्नुपर्छ ।

पहिलो आर्य सत्य हो दुःख सत्य । अहिले प्रटक हुने दर्शन, श्रवण, लोभ वा अन्य जुनसुकै नाम वा रूप किन नहोस्, ती सबै केवल उत्पत्ति भएर निरोध भएर जाने धातु स्वभाव मात्र हुन् भन्ने कुराको अनुभव हामीले गर्न सकेको भए हामी दुःख सत्यलाई बुझ्न सक्षम हुने थियौं । जे कुरा उत्पत्ति भएर निरोध हुन्छ त्यसले तृप्ति दिन सक्तैन । यो दुःख हो । दोश्रो आर्य सत्य हो दुःख समुदय । तृष्णा दुःखको समुदय हो । अष्टाङ्गिक मार्गको विकासले गर्दा कम तृष्णा हुन्छ, नाम र रूपप्रतिको आशक्ति कम हुन्छ । जब अन्तत्वोगत्वाः तृष्णाको निरोध हुन्छ, भव (पुनर्जन्म) को निरोध हुन्छ जुन दुःखकै निरोध हो । तेश्रो आर्य सत्य हो दुःख निरोध, जुन निर्वाण हो र चौथो आर्य सत्य हो दुःख निरोध, गामिनी मार्ग, जुन अष्टाङ्गिक मार्ग हो ।

महापरिनिर्वाण सूत्रमा चर्चा गरिएको छ ।

भगवान महाभिक्षु संघका साथै कोटिग्रामतर्फ प्रस्थान गर्नुभयो र त्यहाँ भगवान कोटिग्राममा नै विहार गर्नुभयो । त्यस स्थानमा भगवानले भिक्षुहरूलाई आमन्त्रित गरेर भन्नुभयो:

भिक्षुहरू ! चार आर्यसत्यहरूको अनुबोध नहुनाले नै यस प्रकार दीर्घकालदेखि यो संसरण (आवागमन) “मेरो र तिनीहरूको” भइरहेको छ ।



https://dhamma.digital

कुन कुन चार ?

भिक्षुहरू ! दुःख आर्यसत्य, दुःख समुदय आर्य सत्य, दुःख निरोध आर्य सत्य र दुःख निरोध गामिनी प्रतिपद् आर्य सत्य ।

भिक्षुहरू ! यी आर्य सत्यहरूको अनुबोध = प्रतिबोध गऱ्यो कि भव-तृष्णा उछिन्न हुन्छ, भव नेत्री (तृष्णा) क्षीण हुन्छ र अनि जातिकै निरोध हुन्छ ।"

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) किन बौद्ध ग्रन्थहरूमा नरक बारेमा बोलिन्छन् ? यसको लक्ष के हो ?

२) लोक भनेको के हो ?

३) चित्तको भूमि र लोकमा के भेद छ ?

४) चित्त कुन चाहि चित्तको भूमिको हो भन्ने कुरा के ले निश्चित गर्दछ ?

५) मनुष्य लोक काम-भूमि हो । के मनुष्य लोकमा कामावचर चित्तहरू मात्र हुन्छन् ?

६) रूप-ब्रह्मालोकहरू काम-भूमिहरू होइनन् । रूप-ब्रह्मलोकहरूमा के कामावचर चित्तहरू हुन सक्छन् ? यदिभए, के सबै प्रकारकै कामावचर चित्तहरू हुन सक्छन् त ?



https://dhamma.digital

## परिच्छेद-२१

# समथ

हामीहरू आ-आफ्ना जीवनमा बढी कुशलता प्राप्त होस् भन्ने कुराको चाहना गर्दछौं । तर अक्सर गरेर हामीलाई कुशल कर्म गर्न कुशल तरीकासंग बोल्न वा कुशल सोचाइ सोच्न मुश्किल पर्दछ । कारण हाम्रा आ-आफ्ना संचित क्लेशहरूले हामीलाई कुशल कर्म गर्नमा बाधा हालिदिन्छन् । बुद्धोपदेशहरूबाट हामी नीवरणहरूका विषयमा थाहा पाउँछौं । ती नीवरणहरू अकुशल चित्तहरू साथै उत्पन्न हुने अकुशल चैतसिकहरू हुन् । हामी सबैमा यी नीवरणहरू हुन्छन् । तिनीहरू हुन्ः-

१. कामाच्छन्द (पालिमा कामच्छन्द)

२. व्यापाद (पालिमा व्यापाद)

३. स्त्यानमृद्ध (पालिमा थीन-मिद्ध)

४. औद्धत्य-कौकृत्य (पालिमा उद्धच्च- कुकुच्च)

५. विचिकित्सा (पालिमा विचिकिच्छा)

कामच्छन्द वा काम इच्छा लोभवाला चैतसिक हो । पाँच इन्द्रियद्वारहरू र मनोद्वार मार्फत अनुभव गर्न सकिने आलम्बनहरूप्रतिको लोभ नै कामच्छन्द हो । हामी सबैमा भिन्न भिन्न आकार र गतिका कामच्छन्द हुन्छन् । आर्थिक समुन्नति र प्राविधिक आविष्कारहरूले गर्दा यहाँ जीवनमा बढी समृद्धि आएको छ । मान्छेले आज जीवनलाई रमणीय र सुखी बनाउन धेरै कुराहरू गर्न सक्दछ । तथापि यसले सन्तुष्टि भने ल्याएको छैन । उल्टो हामीहरू आफूलाई उपलब्ध भएको कुराप्रति सन्तुष्ट छैनौं । सदैव नै हामी बढी सुख र आनन्दको निम्ति हेरिरहन्छौ । हाम्रा आफ्ना कर्म वचन र चिन्तनहरूमा नै कामच्छन्द छन् । हामीले राम्रा काम गरिरहेका छौं र अरुलाई सहयोग गरिरहेका छौं भनी सोचेकै अवस्थामा पनि कामच्छन्द उत्पत्ति हुन साक्छ । कामच्छन्दले हामीलाई



https://dhamma.digital

बेचैन र दुःखी बनाइदिन्छ ।

व्यापाद द्वेषवाला चैतसिक हो । व्यापादले एकै दिनमा धेरै पटक हामीलाई दुःख दिन सक्छ । हामी अरु मान्छेका सम्बन्धमा खिजिएका हुन्छौं वा जीवनमा घट्ने अरु घटनाहरूका बारेमा खिजिएका हुन्छौं । व्यापादले हामीलाई कुशलबाट छेकिदिन्छ । हामीमा व्यापाद रहँदा अरु मानिसहरूप्रति हामीमा मैत्री र करुणा रहन सक्तैन ।

स्त्यान र मृद्ध (थीन र मिद्ध) अर्थात निरुत्साह तथा आकर्मण्यताले गर्दा कुशल कार्यमा वीर्यको अभाव रहने स्थिति खडा गरी दिन्छ ।

विशुद्धि मार्ग (१४, १६७) मा स्त्यान-मृद्ध सम्बन्धमा यसरी भनिएको छः

"यहाँ स्त्यान अनुत्साह लक्षणवाला हो । वीर्यलाई हटाउनु यसको कृत्य हो । पछार्नु प्रत्युपस्थान हो । मृद्ध अकर्मण्यताको लक्षणबाला हो । (विज्ञानका द्वारहरूको) बन्द गर्नु यसको कृत्य हो । संकुचित हुनु यसको प्रत्युपस्थान हो । वाभ्रुकी भुकिकन निदाउनु प्रत्युपस्थान हो । दुबै अरति-आलस्य आदिमा अयोनिशोमनस्कारका पदस्थानवाला हुन् ।"

के हामी सबै दिन भरिका कुशल कार्य गर्नमा आलस्य र वीर्यको अभाव भएमा यस्ता घडीहरूलाई अनुभव गर्दैनौं । जस्तो भनौं धर्मोपदेश श्रवण गरिरहँदा वा धर्म ग्रन्थ पढिरहँदाका बखत कुशल चित्तहरूका लागि त्यहाँ अवसरहरू हुन्छन् । तर यसको सट्टामा यस्ता घडीमा हामीलाई दिक्कतको महशूस हुन सक्छ । तर हामीमा कुशलको निम्ति वीर्यको अभाव भइदिन्छ । अरु कसैलाई हाम्रो मद्दत चाहिने अवस्था देख्दा देख्दै पनि हामी अल्छी भई चलहल नगरीकन बसिदिने पनि हुन सक्छौं । यस्ता बेलामा हामीलाई स्त्यान र मृद्धले रोकेको हुन्छ । स्त्यान-मृद्धले मनलाई बोझिलो बनाई दिन्छ ।

विशुद्धिमार्गको परिच्छेद ४ को १०५ मा, जहाँ नीवरणलाई ध्यानको निमित्त विशेष रूपमा बाधक भनिएको छ, र यसरी उल्लेख गरिएको छः-



https://dhamma.digital

औद्धत्यलाई "चंचल अस्थिरता" वा "अशान्तपना" र कौकृत्यलाई "पीर वा चिन्ता" अथवा "पश्चाताप" भनी अनुवाद गरिन्छ । औद्धत्य प्रत्येक किसिमको अकुशल चित्त साथै उत्पत्ति हुन्छ । यसले चित्तलाई कुशलपनाबाट छेकिदिन्छ ।

कौकृत्यको बारेमा विशुद्धि मार्ग (१४, १७४) मा यसरी भनिएको छः-

"यो पश्चाताप गर्नेको लक्षणवाला हो । गरिएका र नगरिएका कर्महरू विषयमा शोक गर्नु यसको कृत्य हो । पश्चातापबाट थाहा पाउने वाला हो । गरिएका र नगरिएका कामहरूको पदस्थानवाला हो । यसलाई दासताको समान सम्झनु पर्दछ ।"

केही कुरा खराब गर्दा वा हामीले गर्नुपर्ने असल कर्म नगर्दा हामी यसैका बारेमा बारम्वार सोचि रहने हुन्छौं । त्यसो किन गरिएको होला भनी हामी आफैलाई सोधिरहने हुन्छौ । किन्तु विति सकेको कुरालाई हामी परिवर्तन गर्न सक्तैनौं । हामी चिन्तित रहँदा हामीमा अकुशल चित्तहरू हुन्छन् । चिन्ताले हामीलाई बाँधि दिएको हुन्छ । औद्धत्य कौकृत्यले हामीलाई प्रशान्त रहन दिँदैन ।

विचिकित्सा (विचिकिच्छा) भनेको सन्देह हो । आशंका वा सन्देह अनेक प्रकारका हुन्छन् । हामीलाई बुद्ध, धर्म र संघका बारेमा सन्देह रहन सक्छ वा अष्टाङ्गिक मार्गको बारेमा शंका रहन सक्छ । यस तरीकाले गर्नुपर्ने हो वा त्यो तरीकाले गर्नुपर्ने हो भन्ने बारेमा शंका रहन सक्छ । शंका अकुशल हो र कुशल गर्ने कार्यमा नीवरण (बाधा) हो ।

नीवरणहरू सबै नै कुशल कर्मका निम्ति बाधाहरू हुन् । के ती नीवरणलाई हटाउने उपाय छ त ? समथ भावना नीवरणहरूलाई अस्थायी रूपमा हटाउने एउटा उपाय हो । समथको भावना गर्नेले एउटा ध्यान विषयमा चित्त लगाउँछ । यसरी ध्यान प्राप्त भए पछि नीवरणहरूलाई केही कालसम्मको लागि हटाइन्छन् । समथको अभ्यास गर्दा नीवरणलाई निर्मूल गर्न सक्ने पाँच चैतसिकहरू, जसलाई ध्यानाङ्ग भनिन्छ, लाई विकास गरिन्छ ।



https://dhamma.digital

पहिलो ध्यानाङ्ग हो वितर्क (पालिमा वितक्क) धेरै प्रकारका चित्त साथै उत्पत्ति हुने एक प्रकारको चैतसिक हो वितर्क। जब यसलाई समथ भावनाको अभ्यास गर्ने कुशल चित्तमा विकास गरिन्छ, यो ध्यानाङ्गहरू मध्येको एउटा अङ्ग हुन्छ। वितर्क सम्बन्धमा (अभिधर्मार्थ-संग्रहमा) यसरी भनिएको छः-

"गोचराभिमुखारोपन गर्नेवाला चैतसिक वितर्क हो । यसको लक्षण हो गोचरमा प्रारम्भ लाग्नु । यसको कृत्य हो गोचरहरूलाई पुनः पुनः मनन गर्नु । यसको आकार हो गोचरमा चित्तको अभिमुख आकर्षण ।... वितर्कको आश्रयले चित्त गोचरारोपन हुन्छ ... ।"

वितर्कले ध्यानाङ्गको रूप लिंदा यो स्त्यान-मृद्धको विपरीत गुणवाला हुन्छ । ध्यान विषय (कर्मस्थान) मा चिन्तन गर्दा वितर्कले स्त्यान मृद्धलाई अस्थायी रूपमा रोक्न मद्दत गर्दछ ।

अर्को ध्यानाङ्ग हो विचार । यो चैतसिक विभिन्न प्रकारका चित्त साथै उत्पत्ति हुन्छ तर जब यसलाई समथ भावनाको अभ्यासमा विकास गरिन्छ, यो एउटा ध्यानाङ्ग हुन्छ। विचार सम्बन्धमा (अभिधर्मार्थ संग्रहमा) यसरी भनिएको छः-

गोचरमा चित्तलाई यताउति गमन गर्नेवाला चैतसिक विचार हो । यसको लक्षण हो गोचरलाई पुनः अनुमार्जन गर्नु वा स्पर्श गर्नु । यसको कृत्य हो सहजात धर्महरूलाई अभिक्षण युक्त गर्नु । यसको आकार हो गोचरमा लगातार उत्पन्न जस्तो हुनु । ..."

समथमा विचारले चित्तलाई कर्मस्थान (ध्यान-विषय) माथि नै झुण्डयाइ राख्तछ। कुशल कुराहरू माथि निरन्तर चिन्तन गर्दाको बखत हामीमा विचिकित्सा वा शंका रहँदैन । विचारले शंकालाई रोक्न मद्दत गर्दछ ।

अर्को ध्यानाङ्ग हो प्रीति। प्रीति अकुशल चित्तहरूसँगै पनि उत्पत्ति हुन्छ तर समथमा यसलाई विकास गर्दा यो एउटा ध्यानाङ्ग हुन्छ। विशुद्धि मार्गको मुताविक ध्यानाङ्ग प्रीति भनेको व्यापक सुख हो जुन ध्यानको



https://dhamma.digital

मूल हो र ध्यानकै संगतमा वृद्धि भएर आउँछ ।

जब समथमा प्रीतिलाई विकास गरिन्छ, यसले व्यापादको नीवरणलाई रोक्छ । बुद्ध, धर्म र संघको विषयमा वा ध्यानको अर्को कुशल विषयमा प्रमुदित भाव रहँदाको स्थितिमा व्यापाद त्यहाँ रहँदैन ।

अर्को ध्यानाङ्ग हो सुख । यो ध्यानाङ्ग शारीरिक सुख वेदना होइन । किन्तु यो त सौमनस्य वा मानसिक सुख भाव हो । समथमा विकास गरिने सुख चाहिं ध्यानको कुशल विषयको बारेमा उत्पन्न हुने सुख भाव हो । यसले औद्धत्य-कौकृत्यवाला नीवरणहरूलाई रोक्दछ । ध्यानको कुशल विषयको बारेमा सुखको अनुभव भएको बेलामा बेचैनी वा चिन्ता रहँदैन ।

प्रीति र सुख भन्नु एउटै कुरा होइन । सुख, आनन्द, आरामी वा हर्षको रूपमा लिइने सुख चाहिं सुख वेदना हो र यो वेदना स्कन्ध अन्तर्गत आउँछ । किन्तु प्रीति वेदना होइन, यो वेदना स्कन्ध होइन, बल्कि संस्कार स्कन्ध हो ।

विशुद्धि मार्गमा प्रीति र सुखको भिन्नताको विषयमा राम्ररी सम्झाइरहेको छ ।

जहाँ दुइटै शब्दहरू प्रयोग हुन्छन् प्रीति भनेको इच्छित वस्तु प्राप्त गर्दाको तृप्ति वा सन्तुष्टि हो भने सुख भनेको प्राप्त त्यस वस्तुलाई वास्तविक रूपमा अनुभव गरिने आनन्द हो । जहाँ प्रीति हुन्छ, त्यहाँ सुख पनि हुन्छ, किन्तु सुख रहेको ठाउँमा प्रीति रहनै पर्छ भन्ने कुरा चाहिं होइन । प्रीति संस्कार स्कन्ध अन्तर्गत आउँछ भने सुख वेदना स्कन्ध भित्र समावेश हुन्छ । मरुभूमिमा हिंड्दा हिंड्दा एकदम थाकेर क्लान्त भइसकेको तिर्खाएको व्यक्तिले जंगलको छेउमा तलाउ भएको कुरा देखेमा वा सुनेमा उसलाई प्रीति प्राप्त हुन्छ । त्यस जंगलको छायाँमा पुगेर त्यस व्यक्तिले पानीको उपभोग गर्दाको बखत उसलाई सुख प्राप्त हुन्छ ... ।"

समाधि वा ध्यानवाला ध्यानाङ्ग जुन हो त्यो चैतसिक हो एकाग्रता



https://dhamma.digital

चैतसिक । यो चैतसिक प्रत्येक चित्त साथै उत्पत्ति हुन्छ र यसको कृत्य हो एउटै आलम्बन माथि ध्यान केन्द्रित गर्नु । समथमा विकसित गर्दा समाधि भनेको कर्मस्थान माथि एकाग्रता हुन आउँछ ।

विशुद्धि मार्ग (१४, १३९) मा समाधिको बारेमा यसरी उल्लेख गरिएको छः-

“यसले आलम्बनमा चित्तलाई बराबर राख्तछ, राम्ररी राख्तछ अथवा यो चित्तको समाधान मात्र हो, यसैले समाधि भनिन्छ । यसको लक्षण हो फैलिन नदिनु वा अविक्षिप्तता । यसको कृत्य हो सहजात धर्महरूलाई जम्मा गर्नु, स्नान गर्ने चूर्णहरूको लागि जलको समान उपशम यसको प्रत्युपस्थान हो । यसको पदस्थान हो विशेष रूपबाट सुख । वायु रहित स्थान दीपकको शिखाको समान चित्तको स्थितिलाई समाधि (एकाग्रता) भनौं जान्नुपर्दछ ।”

समाधिले कामच्छन्दलाई रोक्दछ । ध्यानको कर्मस्थान माथि मनको एकाग्रता रहँदाको स्थितिमा त्यो व्यक्तिलाई कामच्छन्दबाट बाधा पुऱ्याइएको हुँदैन ।

ध्यानको प्रथम चरण प्राप्त गर्ना निमित्त आवश्यक पाँच ध्यानाङ्गहरूलाई संक्षिप्त रूपमा यसरी भन्न सकिन्छः-

वितर्क (पालिमा वितक्क)

विचार (पालिमा विचार)

प्रीति (पालिमा पीति)

सुख (पालिमा सुख)

समाधि, जुन एकाग्रता (पालिमा एक्कग्गता) हो ।

अर्थसारिणीमा नीवरणहरूलाई ध्यानाङ्गहरूका सम्बन्धमा उल्लेख गरिएको छ ।

“... त्यसरी नै पेतकोपदेशमा भनिएको छ कि समाधि कामच्छन्दको विपरीत गुणवाला हो भने प्रीति व्यापादको, वितर्क स्त्यान-



https://dhamma.digital

मृद्धको, सुख औद्धत्य कौकृत्यको, र विचार विचिकित्साको विपरीत गुणवाला छ ।..."

नीवरणलाई अस्थायी रूपमा हटाउनको लागि ध्यानाङ्गहरूको विकास गरिनु पर्छ । ध्यानाङ्गहरूलाई विकास गर्न र ध्यान प्राप्त गर्न चाहने व्यक्तिको लागि ठूलो तयारीको आवश्यकता हुन्छ । विशुद्धिमार्गमा के भनिएको छ भने समथ भावनाको अभ्यास गर्न चाहने व्यक्ति शीलमा सुप्रतिष्ठित हुनुपर्छ । त्यो शील अल्पेच्छुकता, सन्तोषपना एकान्तवास, वीर्य र अत्यावश्यकता जस्ता गुणहरूद्वारा परिशुद्ध गरिएको हुन्छ । भिक्षुले खास गरेर चीवरको प्रयोग गर्दा, भिक्षा तथा आरामको प्रयोग गर्दा अपनाउनु पर्ने भिक्षु विनयहरूको पालन गर्नाले यसरी शील पालन गर्नेको पुण्य अझ परिष्कृत हुनेछ ।

भगवान बुद्धको समयमा समथ भावनाको विकासको अनुकूल जीवन यापन गर्ने उपासकहरूले पनि ध्यान लाभ गर्न सक्तथ्यो । एउटा उदाहरण हो नन्द माता जसको बारेमा अंगुत्तर निकाय सत्तक-निपात, परिच्छेद ५, महायज्ञ वर्गमा उल्लेख गरिएको छ । कि उनी चतुर्थ ध्यान प्राप्त गरी विहार गर्न सक्तिन । ध्यान लाभका प्रत्याशीले एकान्त जीवन व्यतीत गर्नुपर्छ र अनेकौं शर्तहरूको अभ्यास गर्नुपर्छ । सांसारिक सुखहरूमा अल्भिएर रहने र यदाकदा मात्र कर्मस्थानमा चित्त लगाउने व्यक्तिले समथ अर्थात भावनाको विकासलाई प्राप्त गर्न सक्तैन ।

ध्यान, काम तृष्णाहरूसंग बिल्कुलै मेल नखाने कुरो हो । विशुद्धि मार्ग (४, ८०; ८१) मा ध्यान बारेमा सूत्रका शब्दहरूमा यसरी टिप्पणी गरिएको छः-

कामहरू र अकुशल धर्महरूबाट बिल्कुलै अलग भएर .... ध्यानी प्रथम ध्यानलाई प्राप्त गरेर विहार गर्दछ .... । हामी यो वाक्यांशहरूलाई त्रिपिटकमा अनेक स्थानहरूमा फेला पार्न सक्छौं । जस्तो मध्यम निकायमा महा सकुलुदायी सुत्तमा सकुलुदायी परिब्राजकलाई उपदेश दिंदा उल्लेख गरिएको छः



https://dhamma.digital

"उदायी ! भिक्षु, कामहरूबाट अलग भएर, अकुशल धर्महरूबाट अलग भएर वितर्क-विचार-सहित विवेकबाट उत्पन्न प्रीति-सुख-रूप प्रथम ध्यानलाई प्राप्त गरेर विहार गर्दछ ... ।"

विशुद्धि मार्गमा (१४, ८१) यी शव्दहरूको टिप्पणीमा यसरी उल्लेख गरिएको छः-

"कामहरूबाट अलग भएर यसरी नियम गरिएबाट यो थाहा हुन्छ कि अवश्य यो ध्यानलाई काम विपक्षी हुन्, जुन रहँदा यो (ध्यान) हुँदैन । अन्धकार छँदा चिरागको प्रकाशको समान कामको परित्यागबाट नै ध्यानको प्राप्ति हुन्छ, वल्लो तीरलाई त्यागेर पल्लो तीर (किनारा) मा पुगे जस्तै । यसैले यो नियम गरिएको छ ।"

यसरी हामी के देख्छौं भने समथको विकास सबैको निम्ति होइन । यदि ध्यानको प्रत्याशीले "अल्पेच्छुकता, एकान्तपना र स्वल्पावश्यकताहरू" को जीवनको बदलामा काम तृष्णाहरूले भरिपूर्ण "सांसारिक जीवन" व्यतीत गर्दछ भने उसले ध्यानलाई लाभ गर्न सक्तैन ।

विशुद्धि मार्ग (३, १२९) मा यो भनिएको छ कि ध्यानका प्रत्याशीले समाधिका सबै पलिबोधहरूलाई उच्छिन्न गरेर हटाउनु पर्दछ । वासस्थान, यात्रा (भ्रमण) र विरामी पलिबोधहरू मध्येकै हुन् । यी पलिबोधहरू समथको लागि नीवरणहरू हुन सक्छन् । ध्यानीले विहारको निवासलाई छोड्नु पर्छ । अनेक कारणले गर्दा विहारको निवास ध्यानको प्रतिकूल हुन्छ । यसरी उसले समथ भावनाको विकास गर्न शुरु गर्नुभन्दा अगाडि पनि अनेक पूर्वाधारहरू पूरा गर्नुपर्छ ।

समथ भावनाको विकासको लागि ध्यानीले आफूलाई कर्मस्थान (ध्यानको विषय) मा लगाउनु पर्दछ । कर्मस्थानहरूमा ४० प्रकारका छन्, यथाः

१० कृत्स्न (पालिमा कसिण) अभ्यासहरू, जस्तो पृथ्वी कसिण, आपस-कसिण, परिछिन्नाकाश कसिण आदि ।

१० अशुभ (पालिमा अशुभ) विषयहरू, जस्तो उर्ध्वमातक,



https://dhamma.digital

विनीलक अशुभ इत्यादि ।

१० अनुस्मृतिहरू (पालिमा अनुस्सति), जस्तो बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानु स्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति, मरणानुस्मृति, कायगता स्मृति, आनापान स्मृति र उपशमानुस्मृति ।

१ आहारमा प्रतिकूलताको संज्ञा ।

१ व्यवस्थान जस्तो चारै धातुहरूको व्यवस्थान ।

४ ब्रह्म विहारहरू जस्तो मैत्री, करुणा, मुदिता र उपेक्षा । यहाँ उपेक्षाको अर्थ उपेक्षा वेदना होइन, बल्कि कुशल चैतसिक हो जुन तत्र-मज्झत्तता हो ।

४ आरूपय अर्थात अरूप ध्यानहरू, जस्तो आकाशानन्त्यायतन, विज्ञानानन्त्यातन आकिंचन्यायतन र नैवसंज्ञानासंज्ञायतन ।

विशुद्धि मार्ग (३, ११९) मा व्याख्या गरिए मुताविक कर्मस्थानहरूलाई आलम्बनको स्वभावमाथि निर्भर रहेर, दृश्यद्वारा, स्पर्शद्वारा वा कथन-श्रवणद्वारा जान्न सिक्न सकिन्छ । दृष्यद्वारा सिकिने आलम्बनहरूका सम्बन्धमा, जस्तो १० कसिणहरू मध्ये वायु कसिणलाई छोडी अरु ९ कसिणहरू र १० अशुभ भावनाहरूमा विशुद्धि मार्गमा के भनिएको छ भने ध्यान गर्नेले शुरुमा कसिणलाई राम्ररी हेर्नुपर्छ र पछि उसले निमित्त प्राप्त गर्दछ । त्यसपछि उसले पहिलेको कसिणलाई हेरिरहनै नपर्ने हुन्छ । पहिले त निमित्त (मानसिक चित्त वा प्रतिमा) अझै अस्थिर अस्पष्ट हुन्छ । तर पछि पछि गएर त्यो निमित्त 'सयगुणा, हजार गुणा भन्दा बढी परिष्कृत ...' हुन्छ । पहिलेको कसिणमा जस्तो पृथ्वी कसिणमा दोषहरू हुन सक्छ । तर परिष्कृत निमित्तमा प्रारम्भमा आफुले त्यस कसिणलाई हेरिरहँदाको अवस्थामा विद्यमान रहेका सक्कली कसिणका अशुद्धिहरू केही रहँदैनन् । यस्तो परिष्कृत निमित्त ध्यानमा निकै प्रगति गरे पछि मात्र प्राप्त हुन्छ । यस्तो परिष्कृत निमित्तलाई "प्रतिभाग-निमित्त" भनिन्छ । सबै कर्मस्थानहरूले "प्रतिभाग निमित्त" मा पुऱ्याउँदैन ।



https://dhamma.digital

प्रतिभाग-निमित्त उत्पत्ति हुँदाको घडीमा समाधि निकै प्रगतिको स्थितिमा रहन्छ । यसलाई उपचार समाधि भनिन्छ । त्यो चित्त ध्यान चित्त नभई अझै पनि कामावचर चित्त (काम भूमिकै चित्त) हुन्छ । तर उपचार समाधि प्राप्त हुँदाको घडीमा नीवरणहरू उत्पत्ति हुँदैनन् । तथापि ध्यान लाभ गर्नको निम्ति अझै ध्यानाङ्गरुको विकास चाहिंदो मात्रामा भइसकेको हुन्न र यस घडीमा ध्यानीले ध्यान प्राप्त गर्नको निमित्त उपयुक्त पूर्वाधारहरूको अभ्यास गर्नु पर्दछ । "उपचार समाधि" नै प्राप्त गर्नु निकै कठीन कुरा हुन्छ । "निमित्तको रक्षा गर्नु पनि निकै गाह्रो हुन्छ । ध्यान प्राप्त गर्नको निमित्त निमित्तको रक्षा गर्नु आवश्यक हुन्छ । आफूले प्राप्त गरेको "प्रतिभाग-निमित्त" लोप नहोस् भनेर "निमित्तको रक्षा" गर्नु पर्दछ । निमित्तको रक्षा गर्ने आधारहरू हुन् अन्य कुराको साथै अनुकूल निवास, उपयुक्त भोजन, सम्प्रलापको त्याग ध्यान प्राप्त गर्नेले निम्न ५ इन्द्रीयहरू (चैतसिकहरू) लाई सन्तुलनमा राख्नुपर्दछः

श्रद्धा (कुशल प्रतिको विश्वास वा आस्था)

वीर्य (जाँगर वा शक्ति)

स्मृति (अप्रमत्त भाव)

समाधि (एकाग्रता)

प्रज्ञा (ज्ञान)

श्रद्धा प्रज्ञासित सन्तुलित हुनुपर्छ ताकि तीमध्ये कुनै एक पनि न साह्रै प्रवल होस् न साह्रै दुर्वल । समाधि वीर्य सित सन्तुलित हुनुपर्छ । किनभने वीर्य अधिक भई चाहिंदो मात्रामा समाधि भएन भने चित्त चंचल हुने भय रहन्छ । अनि त्यस व्यक्तिले ध्यान लाभ गर्न सक्तैन । समाधि भएर चाहिँदो मात्रामा वीर्य भएन भने आलस्य हुन्छ र ध्यान प्राप्त हुन सक्तैन । सबै पाँच इन्द्रीयहरू त्यसैले सन्तुलित रहनुपर्छ ।

उपर्युक्त उदाहरणबाट हामी के देख्छौं भने अभिधर्म सम्बन्धी आधारभूत ज्ञान बिना र अभिधर्ममा उपदिष्ट धर्महरूको विषयमा सावधानीपूर्वक विचार नगरिकन समथ भावनालाई अभ्यास गर्न



https://dhamma.digital

सकिन्न । कुन कुन धर्महरू ध्यानाङ्गहरू हुन भन्ने कुरा थाहा हुनुपर्छ र आफूमा ती ध्यानाङ्गहरू विकसित भएका छन् कि छैनन् भन्ने कुरा पनि महशूस गर्नुपर्छ । पाँच इन्द्रीयवाला चैतसिकहरू वृद्धि भएका छन् कि छैनन्, तिनीहरू सन्तुलित छन् कि छैनन् भन्ने कुरा ध्यान गर्नेले जान्नुपर्छ । "उपचार समाधि" र ध्यानको लाभको लागि आवश्यक सबै ती विभिन्न अंगहरू र हेतुहरू विषयमा सम्यक् ज्ञान नभएमा 'उपचार समाधि' नभएको कुरालाई 'उपचार समाधि' भनी र ध्यान नभएकोलाई ध्यान भनी ग्रहण गर्ने खतरामा त्यो व्यक्ति हुन्छ । उपयुक्त हेतुहरूलाई अभ्यास नगरिकन, न 'उपचार समाधि' प्राप्त गर्न सकिन्छ न त ध्यान नै प्राप्त गर्न सकिन्छ ।

सबै कर्मस्थानहरूले ध्यानमा पुऱ्याउने होइन, केहीको त फलको रूपमा केवल 'उपचार समाधि' हुन्छ जस्तो कि बुद्धानुस्मृति, धर्मानुस्मृति र संघानुस्मृति । केही कर्मस्थानहरूले त रूप-ध्यानको प्रथम चरणसम्म मात्र पुऱ्याउँछ भने केहीले रूप-ध्यानका सबै चरणहरूसम्म नै पुऱ्याउँछन्। आनापान-स्मृको धर्मस्थानले रूपध्यानका सबै चरणहरूसम्म नै पुऱ्याउन सक्छ । अधिकांश व्यक्तिहरूले अरुको दाँजोमा सजिलो छ भनी भन्ठान्ने यो कर्मस्थान झन् सबैभन्दा कठिन मध्येको एक हो । यस कर्मस्थानमा ध्यान गर्ने व्यक्तिले आश्वास-प्रश्वासले स्पर्श गर्ने नाकको टुप्पामा वा माथिल्लो ओठमा मन केन्द्रित गर्नुपर्छ । यो कर्मस्थान दृश्यद्वारा जानिने होइन, बल्कि स्पर्शद्वारा सिकिन्छ । यसमा ध्यान गर्नेले निरन्तर आफ्नो ध्यान दिनुपर्ने निमित्त हो आश्वास-प्रश्वास ।

विशुद्धिमार्गमा भनिएको छः

जसरी अन्य कर्मस्थान अगाडि गएर झन् झन् स्पष्ट हुन्छ, त्यसरी आनापानानुस्सतिमा हुँदैन । यो अगाडि गएर भावना गर्ने वालाको आश्वास-प्रश्वास झन् झन् सूक्ष्म हुँदै जान्छ र यस्तो पनि अवस्था आइपुग्छ कि यो थाहासम्म पनि हुँदैन ।

विशुद्धि मार्गमा अझ अगाडि भनिएको छः



https://dhamma.digital

यसै कुरालाई लक्षित गरेर नै भगवान बुद्धले भन्नुभएको हो - "भिक्षुहरू ! म स्मृति नरहने व्यक्ति, प्रज्ञा रहित व्यक्तिको लागि आनापान-स्मृतिको भावना बताउँदिन ।"

यद्यपि जुनसुकै कर्मस्थान पनि स्मृति र प्रज्ञाले युक्त (व्यक्ति) लाई नै मात्र सिद्ध हुन्छ तथापि यो एउटा बाहेक अरु कुनै पनि कर्मस्थानलाई मनमा भावित गर्दै जाँदा झन झन् प्रकट वा प्रत्यक्ष हुँदै जान्छ । किन्तु यो आनापान-स्मृति कर्मस्थान कठिन छ, कठिनाइ रहित भावना गरिनेवाला हो । यो यस्तो भूमि वा क्षेत्र हो जहाँ केवल बुद्ध, प्रत्येक बुद्ध र बुद्ध-पुत्र (भिक्षुहरू) महापुरुषहरूको नै मन सिकार (मनस्कार) हुन्छ । यो कर्मस्थान न त तुच्छ हो न त यो साधारण सत्वहरूद्वारा सेवित नै हो । जति जति यसलाई मनमा गरिन्छ, त्यति त्यति यो झन् झन् शान्त र सूक्ष्म हुन्छ । तसर्थ यसमा प्रवल स्मृति र प्रज्ञा हुन आवश्यक हुन्छ ।

आनापान-स्मृति निकै कठीन छ । यो सानो तिनो कुरा होइन । यसमा ध्यान गर्नेले श्वासमा लगातार ध्यान दिएको बेलामा आश्वास र प्रश्वासहरू झन् झन् सूक्ष्म भएर ध्यान दिन मुश्कील भएर जान्छन् । हामीले भर्खरै अघिको उद्धरणमा पढ्यौं कि प्रवल स्मृति र प्रज्ञा यहाँ आवश्यक हुन्छ । विपश्यना मात्र होइन, समथ भावना पनि स्मृति (सति) र प्रज्ञा (पञ्ञा) आवश्यक हुन्छन् । तर समथमा ध्यान दिइनुपर्ने आलम्बन विपश्यनाको भन्दा भिन्न हुन्छ । समथमा ध्यान दिनुपर्ने विषय नै कर्मस्थान हो । किन्तु विपश्यनामा आत्मा विषयको मिथ्यादृष्टि र अन्ततोगत्वाः सम्पूर्ण क्लेशहरूलाई निर्मूल गर्ने हेतुले षडिन्द्रीय द्वारहरू मार्फत देखापर्ने नाम र रूपको बारेमा ध्यान गर्ने व्यक्ति सजग हुन्छ । समथ भावना मार्फत क्लेशहरूका अनुशयहरू वा अन्तर्निहित प्रवृत्तिहरूका उन्मूलन हुँदैनन्, जब हेतुहरू हुन्छन् अकुशल चित्तहरू पुनः उत्पन्न हुन्छन् ।

अंगुत्तर निकाय (छक्क निपात, परिच्छेद ६, महावर्ग, चित्त हत्थि सारिपुत्त) मा लेखिएको छ कि ध्यानको लाभ गर्न सक्ने भिक्षुले पनि ध्यानको लागि उपयुक्त जीवन व्यतीत नगरेको खण्डमा रागबाट अनुरक्त



https://dhamma.digital

रहनाको कारणले गर्दा "शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गी हुने सम्भावना हुन्छ । हामी पढ्छौं कि एक समयमा भगवान वाराणसीको ऋषिपतन मृगदावनमा विहार गर्नु हुँदा पिण्डपातबाट फर्केर धेरै स्थविर भिक्षु गोलाकार भवनमा जम्मा भएर बसीकन अभिधर्म सम्बन्धी छलफल गर्दै थिए । त्यसबेला आयुष्मान चित्त हत्थि सारिपुत्तले अभिधर्म सम्बन्धी कुराकानी गरिरहेका स्थविर भिक्षुहरूका बीच बीचमै कुरा काटी कुरा गर्दथ्यो । अनि आयुष्मान महाकोट्ठिकले आयुष्मान चित्त हत्थि सारि पुत्तलाई यसरी भन्नुभोः-

"हत्थिसारिपुत्त आयुमान चित्त ! अभिधर्म सम्बन्धी कुराकानी गर्नेवाला स्थविरहरूका छलफलका बीच बीचमा नबोल्नोस । आयुष्मान चित्त ! कुराकानीको अन्त नभएसम्म पर्खेर बस्नोस् ।"

यस्तो भनिएपछि आयुष्मान हत्थिसारिपुत्त चित्तका मित्र भिक्षुहरूले आयुष्मान महोकोट्ठिकलाई भन्न लागे - "आयुष्मान महोकोट्ठिक आयुष्मान चित्त हत्थिसारिपुत्तलाई अप्रसन्न नगरुन् । आयुष्मान चित्त हत्थिसारिपुत्त पण्डित हो । आयुष्मान चित्त हत्थि सारिपुत्त स्थविर भिक्षुहरूसित अभिधर्म सम्बन्धी छलफल गर्न समर्थ छ ।"

"आयुष्मानहरू ! जो अर्काको चित्तका गतिविधिहरूबाट अपरिचित छन्, उसको लागि यो थाहा पाउनु सजिलो छैन । आयुष्मानहरू ! कुनै कुनै व्यक्तिहरू त्यसै बेलासम्म मात्र विनीत संयत, तथा शान्त रहन्छन् जबसम्म उनीहरू शास्ता वा अन्य कोही गौरवार्ह ज्येष्ठ सब्रह्मचारीको संगै रहन्छन् । किन्तु जब शास्ता अथवा अरु गौरवार्ह सब्रह्मचारीबाट ती टाढा रहन्छन्, तब ती व्यक्तिहरू भिक्षु-भिक्षुनीहरू, उपासको उपासिकाहरू, राजा तथा राज महात्म्यहरू, तैथिकहरू तथा तिनका श्रावकहरूका साथै साह्रै घुलमिल गरिकन विचरण गर्दछन् । उनीहरू यसरी ज्यादै हेलमेल गरेर रहनाले, विश्वासपूर्वक रहनाले, असंयत रहनाले, गफादी बनी रहनाले उनीहरूका मनमा रागले घरजम गर्छ । रागबाट अनुरक्त रहनाले उनीहरू शिक्षा (नियमहरू) लाई त्यागेर हीन मार्गी भएर जान्छन् ।..."



https://dhamma.digital

आयुष्मानहरू ! एउटा व्यक्ति काम-भोगहरूबाट पृथक भएर ... प्रथम ध्यानलाई प्राप्त गरी विहार गर्छ । त्यो व्यक्ति “म प्रथम ध्यान लाभी हुँ” भनी सोचीकन भिक्षु-भिक्षुणीहरू ... साथै घुलमिल गरेर विचरण गर्छ ... । यसरी ज्यादै हेलमेल गरेर रहनाले, विश्वासपूर्वक रहनाले, असंयत रहनाले, गफादी बनी रहनाले उसको मनमा रागले घरजम गर्छ । रागबाट अनुरक्त रहनाको कारणले उ शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गी भएर जान्छ ।...”

अरु ध्यानका चरणहरू प्राप्त गर्नेका सम्बन्धमा पनि यसरी नै भनिएको छ । हामी पढ्छौं, पछि गएर आयुष्मान चित्त हत्थिसारिपुत्तले पनि शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गकै गमन गऱ्यो । परन्तु चित्त हत्थिसारिपुत्तले शिघ्र नै केश-दाह्री काटेर, काषाय-वस्त्र लगाई घरबाट बेघर भएर प्रवजित भयो । हामी पढ्छौं:-

“अनि आयुष्मान चित्त हत्थिसारिपुत्तले एक्लै नै एकान्तवासी भएर, अप्रमादी भई, प्रयत्नशील रहेर, साधना गर्दै गरी जुन अनुपम परमार्थलाई प्राप्त गर्नको लागि कुलपुत्र गृहस्थ जीवनलाई त्यागेर जान्छन् । त्यस श्रेष्ठ जीवनलाई यसै शरीर भित्र नै अनुभव गरेर, साक्षात्कार गरेर, प्राप्त गरेर विहार गर्न लागे । यसलाई थाहा भयो कि जन्म-मरणका बन्धन क्षीण भयो; श्रेष्ठ जीवन व्यतीत गरिसकियो । जो गर्नुपर्ने थियो त्यो पूरा भयो । अब यस्तो कुनै केही शेष रहेन जसले गर्दा पुनर्जन्मको कारण बन्ने हो । आयुष्मान चित्त हत्थिसारिपुत्त पनि अर्हन्तहरू मध्येका एक अर्हन्त भए ।”

व्यक्तिले ध्यानको सर्वोच्च स्तर प्राप्त गर्न सक्ने भइसकेपछि पनि माथि सूत्रमा भनिए अनुसार उसको चित्त अझै रागबाट अनुरक्त रहन सक्छ । जब आयुष्मान चित्त हत्थिसारिपुत्तले अर्हन्त मार्गफललाई प्राप्त गरे, उनले ब्रह्मचर्य जीवनको सर्वोच्च लक्षलाई प्राप्त गरे । त्यसपछि नीवरणहरू (संयोजकहरू) फेरि उत्पन्न हुन सक्ने भएन ।

विपश्यना मार्फत नीवरणलाई आर्य मार्ग फलका क्रमिक चरणहरूमा निर्मूल गरिन्छन् । श्रोतापन्नले विचिकित्साको नीवरणलाई



https://dhamma.digital

निर्मूल गरेको हुन्छ । अनागामीले कामच्छन्द, व्यापाद र कौकृत्यलाई उन्मूलन गरेको हुन्छ। अरहन्तले स्त्यान वृद्ध र औकृत्यलाई उखेलिसकेको हुन्छ। यसरी अरहन्तले सबै चित्त मलहरूलाई जरादेखि नै उखेलिसकेको हुन्छ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) ध्यानाङ्गहरू कुन परमार्थ धर्म हुन् ?

२) ध्यानाङ्ग-प्रीति कुन चाहिं स्कन्ध हो ?

३) ध्यानाङ्ग-सुख कुन चाहिं स्कन्ध हो ?

४) अहिले हेर्दा, के एकाग्रता चैतसिक भन्ने छ ? यसको कृत्य के हो ?

५) ध्यान चित्त साथै उत्पत्ति हुने एकाग्रता चैतसिकको कृत्य के हो ? यसको आलम्बन के हो ?

६) नाम वा रूपको लक्षणलाई महशूस गर्ने अष्टाङ्गिक मार्गको प्रज्ञाको साथै उत्पत्ति हुने एकाग्रता चैतसिकको कृत्य के हो ? त्यस घडीमा यसको आलम्बन के हो ?

७) किन आनापान-स्मृति ध्यानको सबभन्दा कठीन कर्मस्थानहरू मध्ये एक हो ?

८) समथको सम्यक् स्मृति र विपश्यनाको सम्यक् स्मृति बीच के भेद छ ? तिनीहरूका आ-आफ्ना ध्यान दिनुपर्ने आलम्बनहरू के के हुन् ?

९) समथ भावनाको मात्र विकास गरी विपश्यना भावना नगर्नेको नीवरणहरू किन निर्मूल हुन सक्तैनन् ?



https://dhamma.digital

# ध्यान चित्तहरू

हाम्रा दैनिक जीवनमा उत्पत्ति हुने अनेकन भिन्न भिन्न प्रकारका चित्तहरूले पाँच इन्द्रीयद्वारहरू र मनोद्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्दछन् । हामी देख्छौं, सुन्छौं र अन्य द्वारहरू मार्फत संस्पर्शहरू ग्रहण गर्दछौ । हामीले जे अनुभव गर्छौ त्यसको कारणले कुशल चित्तहरू र अकुशल चित्तहरू उत्पत्ति हुन्छन् । हाम्रा दैनिक जीवनमा उत्पत्ति हुने सम्पूर्ण यी चित्तहरू काम भूमिको चित्त वा कामावचर चित्तहरू हुन् । भिन्न

कामावचर चित्तहरूदेखि बाहेकका अन्य चित्तहरू पनि छन् । ध्यान-चित्तहरू कामावचर-चित्तहरू होइनन्, तिनीहरू अर्कै भूमिका चित्त हुन् । यी चित्तहरूले मनोद्वार मार्फत कर्मस्थानलाई ध्यानकै क्रममा अनुभव गर्दछन् । ध्यान हुँदाको क्षणमा काम संस्पर्शहरू हुँदैनन् । ध्यान चित्तहरू अन्तर्गत रूपावचर चित्तहरू (रूप-ध्यान चित्तहरू) र अरूपावचर चित्तहरू (अरूप-ध्यान चित्तहरू) समावेश हुन्छन् । रूप-ध्यान र अरूप-ध्यान दुबै नै ध्यान हुन् । अरूप-ध्यान रूप-ध्यान भन्दा बढी परिष्कृत हुन्छ । किनभने अरूप-ध्यानका कर्मस्थानहरू रूप माथि निर्भर छैनन् । ती दुईका भेदहरूका बारेमा पछि चर्चा गरिनेछ ।

कामावचर चित्तहरू, रूपावचर चित्तहरू र अरूपावचर चित्तहरू जस्ता चित्तका भूमिदेखि सर्वथा भिन्न रहेको सारा लोक वा भूमिबाट अलग्ग भइएको चित्त हो लोकोत्तर चित्तहरू । लोकोत्तर चित्तको आलम्बनको रूपमा निर्वाण नै रहन्छ। आर्य मार्ग र फल प्राप्त गर्नेहरूसंग निर्वाणलाई अनुभव गर्ने लोकोत्तर चित्तहरू हुन्छन् ।

अब म ध्यान-चित्तको विषयमा बोल्छु । रूप (रंग), शब्द र यस्तै कुनै अरु इन्द्रियसंर्स्पहरू ध्यान चित्तहरूका आलम्बन हुँदैनन् ।



https://dhamma.digital

मनोद्वार मार्फत कर्मस्थानलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रममा ध्यान चित्तहरू उत्पत्ति हुन्छन्। यस वीथि क्रममा सर्वप्रथम कामावचर चित्त हरू उत्पन्न भएर कर्म स्थानमा एक चित्त लगाएर ध्यान दिन्छन् र अनि त्यसै वीथि क्रममा ध्यान चित्तहरू उत्पत्ति हुन्छन्। त्यो वीथि क्रम निम्नानुसार हुन्छः

इन्द्रिय

| | |
|---|---|
| | मनोद्वारावर्जन चित्त |
| | परिकम्म (परिकर्म) |
| कामावचर चित्तहरू | उपचार |
| | अनुलोभ |
| | गोत्रभू |
| ध्यान चित्त | अप्पना (अर्पणा) |

कुनै कुनै व्यक्तिको लागि परिकम्मको आवश्यकता रहँदैन। यस्तो मामिलामा मनोद्वारावर्जन चित्त पछि ध्यान-चित्त उत्पति हुनु अगावै ४ को सट्टामा केवल ३ वटा कामावचर चित्तहरू मात्र उत्पत्ति हुने हुन्छन्। काम-भूमिलाई नाघेर जाने गोत्रभू नै त्यस वीथि क्रममा अन्तिम कामावचर चित्त हो।

विशुद्धि मार्ग (४, ७४) मा सर्वप्रथम ध्यान प्रवर्तित रहने चित्तहरूको वीथिक्रम उल्लेख भएको हामी पाउँछौं। विशुद्धि मार्ग (४, ७८) मा भनिएको छ कि ध्यान चित्तको केवल एउटा एक चित्त-क्षण मात्र उत्पत्ति हुन्छ, त्यसपछि अनि भवंग चित्त प्रवर्तित हुन्छ अर्थात भवांग-पात हुन्छ। त्यसपछि मनोद्वार मार्फत भर्खरै प्रवर्तित भएको ध्यानलाई प्रत्यवेक्षण गर्ने कामावचर चित्तहरूको वीथिक्रम शुरु हुन्छ। अझ अघि के उल्लेख गरिएको छ भने समाधिलाई बाधा दिने धर्महरूबाट चित्त पूर्णरूपमा परिशुद्ध भएको खण्डमा मात्र ध्यान स्थिर रहन सक्छ। ध्यान प्राप्त गर्न



https://dhamma.digital

चाहनेले सर्वप्रथम कामच्छन्दका आदिनवहरूलाई प्रत्यवेक्षण गरेर काम पिपासालाई पूर्ण रूपमा दमन गर्नुपर्छ । साथै अन्य नीवरणहरूलाई डबाउनु पर्छ ।

विशुद्धिमार्ग (४, १२५) मा यसरी उल्लेख गरिएको छः- " तर समाधिका बिघ्नकारक धर्महरुलाई (सर्वप्रथम) राम्रो तरीकासंग शुद्ध गरेर जब त्यो व्यक्ति ध्यानमा प्राप्त हुन्छ तब राम्ररी सफा गरिएको माहुरीको चाकामा भित्र प्रवश गरेको माहुरी झैं त्यो व्यक्ति दिन भरि पनि (ध्यान) समापत्तिमा नै रहन्छ .... ।"

ध्यान चित्तहरू उच्चस्तरका कुशल कर्महरू हुन् । ध्यान प्राप्त गरिएको बखतमा कामच्छन्द, व्यापाद, स्त्यान-मृद्ध, औद्धत्य-कौकृत्य र विचिकित्साका नीवरणहरू अस्थायी-रूपमा निर्मूल गरिएका हुन्छन् । त्यो चित्त कुशल चित्त हुने भएकोले कमसेकम त्यस घडीमा ध्यान गर्ने व्यक्ति साँच्चिकै शान्त-प्रशान्त हुन्छ ।

अघिल्ला परिच्छेदमा हामीले देखिसके झैं, ध्यान प्राप्त गर्न सक्षम हुनको निम्ति समथ भावनाको अभ्यास गर्ने व्यक्तिले नीवरणहरूलाई अवरुद्ध गर्न सक्ने पाँच ध्यानाङ्गहरूलाई विकास गर्नुपर्छ, यथाः

वितर्क

विचार

प्रीति

सुख

एकाग्रता (समाधि) ।

ध्यानलाई चरण चरण गरी विकास गरिन्छ । प्रत्येक पछिल्लो चरण अघिल्लो चरण भन्दा बढी परिशुद्ध रहने हुन्छ । जम्मा रूप-ध्यानका पाँच चरणहरू हुन्छन् । रूप ध्यानको प्रथम चरणको लागि पनि सबै पाँच ध्यानाङ्गहरू ध्यान चित्त साथै उत्पत्ति हुनु जरुरी हुन्छ । तर प्रत्येक माथिल्लो चरणमा पुगेर ध्यान गर्ने तर्फ एकाग्रता (समाधि) मा बढी अग्रसर हुन थाले पछि एक पछि अर्को गरी क्रमशः ध्यानाङ्गहरूलाई



https://dhamma.digital

त्यागिन्छन् । द्वितीय चरणको रूप-ध्यान प्राप्त गर्दासम्म त्यस व्यक्तिलाई वितर्कवाला ध्यानाङ्गको जरुरत हुँदैन । यस अवस्थामा वितर्क बिना पनि कर्मस्थान माथि समाधि (एकाग्रता) हुन सक्छ । अरु चार ध्यानाङ्गहरू अझै पनि दोश्रो चरणको ध्यान चित्त साथै उत्पत्ति हुन्छन् ।

ध्यानको तेश्रो चरणमा विचारलाई त्यागिन्छ । यस अवस्थामा कर्मस्थानमा समाहित हुन उसलाई वितर्क वा विचारको आवश्यकता पर्दैन । अब तीन वटा ध्यानाङ्गहरू बाँकी हुन्छन्: प्रीति, सुख र एकाग्रता । चौंथो चरणमा प्रीतिलाई त्यागिन्छ । त्यहाँ अझै सुखले ध्यान चित्तको साथ लागेको हुन्छ तर प्रीति उत्पत्ति हुँदैन । पाँचौं चरणमा सुख पनि त्यागिन्छ र यस अवस्थामा सुखको सट्टामा ध्यान चित्त साथै उपेक्षा वेदना लागेको हुन्छ । यस स्थितिमा त्यो व्यक्ति सुखमा संलग्न हुँदैन । समाधि वा एकाग्रता वाला ध्यानाङ्ग भने अझै रहि नै रहन्छ ।

कोही व्यक्तिहरूले दोश्रो चरणकै ध्यानमा वितर्क र विचार दुबैलाई त्याग गर्न सक्तछन् । परिणामस्वरूप तिनीहरू तेश्रो चरणमा प्रतिलाई र चौंथो चरणमा सुखलाई त्याग्न सक्छ । यसरी उनीहरूको निम्ति पाँच चरणको सट्टामा चार चरणहरूमा मात्र हुन्छन् । त्यही कारणले गर्दा रूप-ध्यानहरूलाई चार चरण वा पाँच चरणको रूपमा गणना गर्न सकिन्छ । हामीले सूत्रमा ध्यानका चार चरणका बारेमा पढ्दा चारौं तहवाला प्रणालीलाई संकेत गरिएको हुन्छ ।

रूप-ध्यानमा जम्मा पाँच चरणसम्म हुन सक्ने भएकोले रूपावचर कुशल चित्तहरू (रूप-ध्यान कुशल चित्तहरू) पाँच प्रकारका हुन्छन् । ध्यान-चित्त उच्चस्तरको कुशल कर्म हो र यसरी विपाक पनि उच्चस्तरकै कुशल विपाक हुन्छ । ध्यान-चित्तहरूले त्यही जीवन अवधिमै विपाक पैदा गर्दैन, विपाक हो सुगति लोकमा पुनर्जन्म । रूपावचर कुशल चित्तहरूको विपाक हो । रूप-ब्रह्मलोकहरूमा पुनर्जन्म । यदि च्यूति चित्तको केही क्षण अघि ध्यान चित्तहरू भएमा अर्को जीवनमा यो विपाकलाई पैदा गर्न सकिन्छ । पाँच प्रकारका रूपावचर कुशल चित्तहरूले पाँच प्रकारका रूपावचर विपाक चित्तहरूलाई पैदा गर्छन् ।



https://dhamma.digital

पाँच प्रकारका रूपावचर क्रिया चित्तहरू चाहिँ रूप-ध्यान प्राप्त गर्ने अरहन्तहरूका चित्तहरू हुन्। अरहन्तहरूको कुशल चित्तहरू हुँदैनन्, बल्कि त्यसको सट्टामा क्रिया चित्तहरू हुन्छन्। यसरी जम्मा १५ रूपावचर चित्तहरू छन्। सारांशमा ती चित्तहरू हुन्:

५ रूपावचर कुशल चित्तहरू ।

५ रूपावचर विपाक चित्तहरू।

५ रूपावचर क्रिया चित्तहरू।

रूप-ध्यानको सबैभन्दा माथिल्लो स्तर प्राप्त गरिसकेर पनि अझै रूप धातुमा आश्रित रहने रूप-ध्यानका दोषहरूलाई देख्ने व्यक्तिहरूले अरूप-ध्यानको अभ्यास गर्ने चाहना राख्न सक्छन्। अरूप-ध्यानका चार तहहरू (चरणहरू) छन्। प्रथम चरणको अरूप-ध्यान हो आकाशानन्त्यायतन (अर्थात अनन्त अन्तरीक्षको क्षत्र)। यस चरणको अरूप-ध्यान प्राप्त गर्नको लागि पहिले त्यस व्यक्तिले कसिण-ध्यानहरू अर्थात रूप-ध्यानका कर्मस्थानहरू जस्तै पृथ्वी कसिण आदि मध्ये कुनै एउटामा रूप-ध्यानको सर्वोच्च चरणलाई प्राप्त गरी त्यसमा पूर्ण अधिकार हासिल गर्नुपर्छ। हामी विशुद्धि मार्ग (१०, ६) मा पढ्छौं:

त्यो व्यक्ति त्यहाँ (रूपावचरणको चतुर्थ ध्यानमा) यस्तो दोष-लाई देखेर चाहनालाई त्यागीकन आकाशानन्त्यायतनलाई शान्त भनी मनमा राखौं। चक्रवालको अन्त्यसम्म वा जति चाहन्छ, त्यति कसिणलाई फैलाएर त्यसबाट स्पर्श गरिएको स्थानलाई "आकाश" वा "अनन्त आकाश" भनी मनमा गरेर कसिणलाई उघार्छ वा हटाउँछ (अर्थात रूपावचरको चतुर्थ ध्यानको आलम्बन भएको पृथ्वी-कसिण आदि कसिण रूपलाई हटाउँछ-टिका)।

आकाशानन्त्यायतन बारेमा विशुद्धि मार्ग (१०, ८) मा कसिणलाई हटाउने कार्य बारेमा यसरी व्याख्या गरिएको छ:

"कसिण पनि उघारिंदा वा हटाइँदा न त उठ्छ, न उघ्रिन्छ। केवल यसको मनस्कार नगर्ने र "आकाश, आकाश" मनस्कारको कारण



https://dhamma.digital

उघारिएको (हटाइएको) हुन्छ । कसिणबाट हटाइएको आकाश मात्र जानकारी हुन्छ ... ।"

यसरी उसले पृथ्वी कसिणलाई नाघ्न (जित्न) सक्छ र पहिले अरुण-ध्यान "आकाशानन्त्यायतन" लाई प्राप्त गर्न सक्छ। अरूप ध्यानका अरु तीनचरणहरू छन् । ती मध्ये प्रत्येक अघिल्लो चरण भन्दा पछिल्लो चरण बढी शान्तिपूर्ण हुन्छ । दोश्रो चरणको अरूप ध्यान हो अनन्त विज्ञानको क्षेत्र अर्थात विज्ञानन्त्यायतन (विञ्ञानन्चायतन पालिमा) । यस चरणको अरूप-ध्यानको कर्मस्थान हो विज्ञान, जसको प्रथम, अरूप-ध्यानमा आफ्नो आलम्बनको रूपमा अनन्त आकाश थियो । यस चरणको अरूप-ध्यान लाभ गर्न चाहने व्यक्तिले प्रथमतः आकाशानन्त्यायतनमा पूर्ण अधिकार हासिल गर्नुपर्दछ । उसले यस चरणका दोषहरूलाई देखेर यसप्रतिको आफ्नो आसक्तिलाई समाप्त गर्नुपर्दछ । विशुद्धि मार्ग (१०, १२५) मा यसरी उल्लेख गरिएको पाइन्छ :

"... यस प्रकार आकाशानन्त्यायतनमा दोष देखेर, त्यहाँ चाहनालाई त्यागेर, आकाशानन्त्यायतनलाई शान्तको तवरमा मनस्कार गरिकन त्यो आकाशलाई स्फरण गरेर प्रवर्त विज्ञानलाई "विज्ञान, विज्ञान" वारम्बार आवर्जन गर्नुपर्छ ।..."

अरूप-ध्यानको तेश्रो चरण हो आकिंचन्यायतन (पालिमा आकिञ्चञ्ञायतन अर्थात शून्यताको क्षेत्र) विशुद्धि मार्ग (१०, ३२) मा भनिएको छ कि आकिंचन्यायतनको भावना गर्ने इच्छा गर्ने व्यक्तिले उही विज्ञानन्त्यायतनको आलम्बन भएको आकाशानन्त्यायतनको विज्ञानको अभाव, शून्यता, रिक्तपनालाई मनमा गर्नुपर्छ । अझ भनिएको छः-

"त्यस विज्ञानलाई मनमा नगरिकन "छैन, छैन," "शून्य छ, शून्य छ" वा "विवर्त (खाली) छ, विवर्त छ"-यसरी पुनः पुनः आवर्जन गर्नुपर्छ । मनस्कार गर्नुपर्छ । प्रत्यवेक्षण गर्नुपर्छ । तर्क वितर्क गर्नुपर्छ ।" विशुद्धिमार्ग (१०, ३५) मा अझ अगाडि भनिएको छः-

"... त्यस विज्ञानको अन्तर्हित भए पछि, त्यसको अन्तर्हित



https://dhamma.digital

भएको अभावलाई नै मात्र हेरेर विहार गर्छ। ....”

चौथो अरूप-ध्यान हो नैवसंज्ञाना संज्ञायतन (पालिंमा, नेवसञ्ञाना सञ्ञायतन)। यस ध्यानको आलम्बन हो चार नामक्खन्धहरू (चित्त तथा सहगामी चैतसिकहरू) जसले तेश्रो चरणको अरूप-ध्यानको आलम्बन, आकिंचन्यायतनलाई लाभ गर्‍यो।

विशुद्धि मार्ग (१०, ४९) मा यसरी भनिएको छः-

“यहाँ शाब्दिक अर्थ-स्थूलको संज्ञाको अभावबाट र सूक्ष्म संज्ञाको हुनाले यसबाट युक्त धर्म (स्वभाव) को ध्यानको न त संज्ञा छ र न असंज्ञा, यसैले नैवसंज्ञानासंज्ञा हो। (त्यो नैव संज्ञानासंज्ञा नै मनायतन र धर्मायतनबाट युक्त हुनाले आयतन पनि हो। यसैले नैव संज्ञाना संज्ञायतन हो)।”

अझ अगाडि भनिएको छ :

“.... अथवा जो यहाँ संज्ञा छ त्यो राम्ररी संज्ञाको काम गर्नको लागि असमर्थ हुनाले न त संज्ञा हो र संस्कारको अवशेष सूक्ष्म भावबाट विद्यमान हुनाले न असंज्ञा हो। यसैले नैवसंज्ञानासंज्ञा हो। (त्यो नैवसंज्ञानासंज्ञा पनि शेष धर्महरूको अधिष्ठानको अर्थमा आयतन पनि हो, यसैले नैवसंज्ञाना संज्ञायतन हो)।”

यो पनि व्याख्यान गरिएको छ कि यस ध्यान चित्त साथै उत्पत्ति हुने वेदना “न-वेदना-न-न-वेदना” हुन्छ। त्यही कुरा विज्ञान, स्पर्श (फस्स) र ध्यान चित्त साथै उत्पत्ति हुने अरु चैत्तसिकहरूका हकमा पनि लागू हुन्छ।

अरूप-ध्यानको चार चरणहरू भएकोले अरूपावचर कुशल चित्तहरू चारै प्रकारका हुन्छन्। तिनीहरूले सुगतिलोक, अरूप ब्रह्मलोकहरूमा पुनर्जन्मको रूपमा विपाक पैदा गर्छन्। चार प्रकारका अरूपावचर कुशल चित्तहरूले चार प्रकारका अरूपावचर विपाक चित्तहरूलाई पैदा गर्दछन्।

चार प्रकारका अरूपावचर क्रिया चित्तहरू पनि छन्। जुन अरूप-ध्यान प्राप्त गर्ने अरहन्तहरूका चित्तहरू हुन्। यसरी जम्मा १२



https://dhamma.digital

अरूपावचर चित्तहरू छन् । संक्षिप्तमा ती चित्तहरू हुन् ।

४ अरूपावचर कुशल चित्तहरू ।

४ अरूपावचर विपाक चित्तहरू ।

४ अरूपावचर क्रिया चित्तहरू ।

ध्यानको अभ्यास गरेकाहरूले विभिन्न प्रकारका प्रत्यक्ष ज्ञान (अभिक्षा) लाई विकास गर्न सक्छन् । कसिण ध्यानहरूमा तिनीहरूले रूप-ध्यानको सर्वोच्च चरण प्राप्त गर्नुपर्छ । तिनीहरूले १४ तरीकावाट पूर्ण-मन-नियन्त्रणको अभ्यास गर्नुपर्दछ । उदाहरणार्थ, ध्यानको क्रम र विपरीत क्रममा विभिन्न कसिण ध्यानहरूमा ध्यान चरणहरूका लाभ वा प्राप्ति । अभिज्ञालाई विकास गर्दा उसको समाधि बढी उन्नत हुने हुन्छ । अभिज्ञाहरू (अनुत्तर शक्तिहरू) निम्न बमोजिमका हुन्छन् ।

१. वज्रासन कसेर बस्दा बस्दै भित्ताहरूबाट पार जाने गरी आते जाते गर्ने पानीमा हिड्ने, हावामा यात्रा गर्ने जस्ता ऋद्धि शक्तिहरू ।

२. दिव्य श्रोत-यसद्वारा त्यो व्यक्तिले दुबै टाढा र नजिकका स्वर्ग र मर्त्यमण्डलका शब्दहरू सुन्दछ ।

३. परिचित्त ज्ञान ।

४. दिव्य चक्षु-यसद्वारा सत्व प्राणीहरूको च्यूति र पुनर्जन्मलाई उसले देख्दछ ।

५. पूर्व जन्महरूका स्मृति (पूर्वनिवासानुस्मृति) ।

यी पाँच लौकिक अभिज्ञाहरू हुन् । त्यसदेखि अलावा छैठौं शक्ति भन्ने पनि हुन्छ । त्यो अरहन्त फल प्राप्त भएपछि लोकोत्तर चित्तद्वारा साक्षात्कार गर्दछ, जस्तो सम्पूर्ण क्लेशहरूको उन्मूलन । छैठौं शक्ति सबैभन्दा महान शक्ति हो । यसलाई साक्षात्कार गर्नको लागि प्रज्ञालाई पूर्ण रूपमा विकसित गरिनु पर्दछ ।

कहिलेकाहीं तीन प्रकारका ज्ञानलाई उल्लेख गरिन्छ , यथाः १) पूर्वेनिवासानुस्मृति, २) दिव्य चक्षु, ३) लोकोत्तर चित्तद्वारा साक्षात्कार



https://dhamma.digital

गरिने) आश्रव क्षय । जस्तो थेर-थेरी गाथामा आफ्ना अरहन्तफल प्राप्तिलाई गाथामा वर्णन गर्नेहरूले यसै त्रिविद्याको उल्लेख गरेका छन् ।

सम्यक् अंगहरूको अभ्यास गर्नेहरूले ऋद्धि प्रतिहार्य (अद्भूत धर्महरू) हासिल गर्न सक्छ । अंगुत्तर निकाय (तिक निपात, प्रकरण ६०, ब्राह्मण संगारव) मा हामी सबभन्दा ठूलो ऋद्धिबलका विषयमा पढ्छौं ।

भगवानले संज्ञारव ब्राह्मणलाई सोध्नुभयो- "ब्राह्मण ! आज राजाको अन्तःपुरमा, राज्यपरिषद्मा जम्मा भएका मानिसहरूमा के कुराकानी भरको थियो ?"

"हे गौतम ! आज राजाको अन्तःपुरमा, राज्यपरिषद्मा जम्मा भएका मानिसहरूमा यो कुरा चलेको थियो कि पहिले भिक्षुहरूको संख्या कम थियो तर तिनीहरू मध्ये धेरैले असाधारण मनुष्य धर्म अथवा ऋद्धि बलको प्रदर्शन गर्दथे । अहिले भने ठीक यसको विपरीत छ ।

भगवान बुद्धले ब्राह्मणलाई आज्ञा भयोः-

"ब्राह्मण ! यी तीन प्रातिहारीहरू हुन् । कुन कुन तीन ? ऋद्धि-प्रातिहारी, देशना-प्रातिहारी तथा अनुशासना प्रातिहारी ।

ब्राह्मण ! ऋद्धि-प्रातिहारी कसलाई भनिन्छ ?

ब्राह्मण ! कोही कोही अनेक प्रकारका ऋद्धिहरूका अनुभव गर्दछन्- एक भएर अनेक हुन्छन् । अनेक भएर एक हुन्छ । प्रकट हुन्छ, लुप्त मानो आकाशमा गए जस्तै हुन्छ । भित्ताबाट छिरेर प्राकारबाट छिरेर, पर्वतबाट छिरेर, गइदिन्छ । पानीमा जस्तै पृथ्वीमा पनि डुब्ने र उत्रने गर्दछ । पृथ्वीमा गए जस्तै पानीको माथि हिडिदिन्छ । पंछीले जस्तै आकाशमा पलैंटी कसेर बसि दिन्छ । यस प्रकारका ऋद्धिमान यस प्रकारका व्यक्तिले महाप्रतापी चन्द्र-सूर्यलाई पनि हातले छुन्छ, ब्रह्मलोकसम्म पनि सशरीर पुग्छ । हे ब्राह्मण ! यसलाई ऋद्धि प्रातिहारी भनिन्छ ।

ब्राह्मण ! देशना-प्रातिहारी कसलाई भनिन्छ ?

हे ब्राह्मण ! कोही कोही निमित्तलाई हेरेर भन्छन् कि तिम्रो मन



https://dhamma.digital

यस्तो छ, तिम्रो चित्त उस्तो छ ।..."

भगवानले देशना-प्रातिहारीको विषयमा अरु व्याख्या गर्नुभयो ।

"ब्राह्मण ! कोही कोही यसरी अनुशासन गर्छन्- यस्तो यस्तो संकल्प-विकल्प गर, यस्तो संकल्प-विकल्प नगर; मनमा यस्तो विचार गर, यस्तो विचार नगर; यस्तो संकल्पलाई छोड, यसलाई मनमा राखेर विचरण गर ।

ब्राह्मण ! यसलाई अनुशासना-प्रतिहारी भनिन्छ ।

ब्राह्मण ! यी तीन प्रातिहार्यहरूमा तिमीलाई कुन चाहिँ प्रातिहार्य ज्यादा सुन्दर र श्रेष्ठतर लाग्दछ ?

हे गौतम ! यी तीन प्रातिहारीहरू मध्ये यो जो ऋद्धि-प्रातिहारी छ । ... यो प्रातिहारी त मलाई माया सदृश (माया झैं) लाग्छ यो जो देशना-प्रातिहारी छ ... हे गौतम ! यो प्रतिहारी पनि मलाई माया जस्तै लाग्छ । किन्तु हे गौतम ! यो जो अनुशासना-प्रातिहारी छ ..., यी तीन प्रातिहारीहरूमध्ये मलाई यही एक प्रातिहारी ज्यादा सुन्दर र श्रेष्ठतर लाग्छ ।"

संगारव ब्राह्मणले भगवानसंग यी प्रातिहार्यहरू छन् कि छैन भनी सोध्यो । भगवानले 'छ' भनी जवाफ दिनुभयो । अनि उसले सोध्यो ।

"हे गौतम ! के भगवानको अतिरिक्त कोही दोश्रो भिक्षु पनि यस्तो छ जो यी तीन प्रातिहार्यबाट युक्त छ ?

हे ब्राह्मण ! केवल एकसय, दुईसय, तीनसय, चार सय, पाँच सय मात्र होइन, बल्कि यो पनि ज्यादा संख्यामा यस्ता भिक्षुहरू छन् जो यी तीन प्रतिहार्यहरूबाट युक्त छन् ।"

ब्राह्मण संगारवले अनि बुद्ध, धर्म र संघमा शरण लिई उपासकको रूपमा ग्रहण गर्न शास्ता समक्ष प्रार्थना गऱ्यो ।

बुद्धको समयमा असंख्य भिक्षुहरू "प्रातिहार्य" का लागि आवश्यक हुने अंगहरूको अभ्यास गर्दथे । यो प्रातिहार्यहरू (अद्भूत धर्महरू) मध्ये सबैभन्दा महान् प्रातिहार्य चाहिँ अनुशासना - प्राप्ति-हार्य हो । किनभने



https://dhamma.digital

यसैले नै सम्पूर्ण क्लेशहरूको क्षय, सम्पूर्ण दुःखहरूको निरोधको मार्गमा लैजान सक्छ ।

ध्यान गर्नका निम्ति पूर्व संस्कारहरू भएका पुद्गलहरूका निम्ति धेरै लाभहरू छन् । किनभने ध्यान उच्चस्तरको कुशल कर्म हो । उपचार समाधि मात्र प्राप्त गर्न सक्ने व्यक्तिको निम्ति पनि सुखी पुनर्जन्मको लाभ प्राप्त भइहाल्छ । किन्तु, सुगति लोकको जन्म पछि अपाय गतिमा पुनर्जन्म हुने सम्भावना पनि रहि नै रहेने हुँदा सुगति लोकको पुनर्जन्म पनि दुःख नै हुन्छ । तसर्थ जुनसुकै प्रकारको पुनर्जन्मलाई भन्दा जाति रहित हुनुलाई नै बढी प्रशंसा गर्नुपर्छ । जातिको विरोधलाई क्लेशहरूलाई निर्मूल गर्ने प्रज्ञाको विकास गरेर मात्र साक्षात्कार गर्न सकिन्छ ।

ध्यानलाई धर्मोपदेशहरूमा "दृष्टि धर्म सुख विहार" (यसै जन्ममा सुखपूर्वक विहार गर्ने) भनी भनिन्छ । समाधिमा निकै अगाडि बढिसकेका ध्यानीहरूले एकपछि अर्को गरी क्रमश : अनेक ध्यान चित्तहरू प्राप्त गर्न सक्छन् । किनभने उनीहरूले यसको निमित्त आवश्यक हुने आधार हरूलाई अभ्यास गरेका हुन्छन् । ती व्यक्तिहरू साँच्चिकै दृष्टिधर्म सुख विहारी अर्थात यसै जन्ममा नै सुखपूर्वक विहार गर्ने" हुन् । किन्तु भगवान बुद्ध र "सल्लेख साथ विहार गर्नु" अर्थात तपको साथ विहार गर्नु भन्नु उही कुरा होइन । उल्लेख सुत्त, मज्झिम निकाय मूल परियाय वग्गमा भगवान बुद्धले रूप-ध्यान प्राप्त गर्न सक्ने भिक्षुको बारेमा चुन्दलाई आज्ञा हुनुभयोः-

हुन सक्छ चुन्द यहाँ कोही भिक्षु कामहरू र अकुशल धर्महरूबाट अलग भएर वितर्क विचार सहित विवेकबाट उत्पन्न प्रीति र सुखवाला प्रथम ध्यानलाई प्राप्त गरी विहार मरोस्.... द्वितीय ध्यान.... तृतीय ध्यान..... चतुर्थ ध्यानलाई प्राप्त गरी विहार गरोस् । उसको मनमा यस्तो हुन सक्छ कि – म सल्लेख (तप) को साथ विहार गरिराखेको छु । किन्तु चुन्द ! आर्य विनय् [ आर्यधर्म ] मा यसलाई सल्लेख भनिंदैन । आर्य विनयमा यसलाई दृष्ट धर्म सुख विहार [ अर्थात यसै जन्ममा सुखपूर्वक विहार गर्ने ] भनिन्छ ।" आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन,



https://dhamma.digital

आकिचन्यायतन, नैवसंज्ञाना संज्ञायतनादि अरूप-ध्यान प्राप्त गर्न सक्ने भिक्षुको सम्बन्धमा पनि भगवान बुद्धले भन्नुभयो :-

"..... उसलाई यस्तो लाग्न सक्छ–"म सल्लेखमा साथ बिहार गरिराखेको छु"– किन्तु, चुन्द ! आर्य विनयमा यसलाई सल्लेख भनिंदैन । आर्य विनयमा यसलाई शान्त विहार भनिन्छ ।"

ध्यान र विपश्यना दुबैलाई भावना गरी ध्यानको साथै आर्य मार्ग फल प्राप्त गर्ने पुद्गलहरूको लागि ठूलो लाभ हुन्छ । त्यस्ता पुद्गलहरूले आफ्ना जीवनमा अनेक बार ध्यान सहितको निर्वाणलाई अनुभव गर्न सक्छन् ।

समयको विकास नगरी विपश्यनाको मात्र भावना गर्नेहरूले संबोधि प्राप्त गर्दा निर्वाण नै गोचर हुने मार्ग चित्त ( लोकोत्तर कुशल चित्त) र फल चित्तहरू ( लोकात्तर विपाक चित्तहरू) उत्पत्ति हुन्छन् र निरोध हुन्छन् र चित्तको त्यस विथिक्रम सकिना साथ ती मार्ग र फल चित्तहरू पुन : उत्पत्ति हुँदैनन् । संबोधिका चार तहरूका छन्, यथा :

श्रोतापन्न ।

सकृदागामी ।

अनागामी र

अरहन्तका तहहरू

संबोधिका यी तहहरू मध्ये कुनै चरण प्राप्त गरिएको चित्तको वीथि क्रममा नै मार्ग-चित्त र फल – चित्त उत्पत्ति हुन्छन् ।

जसले विपश्यना र समथ भावना दुबैलाई अभ्यास गरेको हुन्छ र ध्यान सहित संबोधि प्राप्त गरेको हुन्छ, त्यस व्यक्तिको निम्ति ध्यानका साथै निर्वाणलाई अनुभव गर्ने फल-चित्त पुनः पुनः उत्पन्न हुनसक्छ । ध्यानाङ्गहरू साथै उत्पत्ति हुने लोकोत्तर चित्तहरूले समथको कर्मस्थानलाई अनुभव गर्नको बदला ध्यान सहित निर्वाणलाई अनुभव गर्दछन् । ध्यान र विपश्यना दुवैलाई विकास गर्ने पूर्व संस्कारहरू भई ध्यानाङ्गहरू साथै उत्पत्ति हुने लोकोत्तर चित्तहरू साथै संबोधि प्राप्त



https://dhamma.digital

गर्ने पुद्गलहरूका लागि यो निश्चयनै ठूलो लाभको कुरा हो । चौथो तहको अरूप-ध्यान, नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त गरेर अनागामी वा अरहन्तको मार्ग फलको तह पनि साक्षात्कार गरेको पुद्गलहरूले निरोध समापति (जुन कायिक र मानसिक धर्महरूको अस्थायी निरोध हो ) लाई प्राप्त गर्न सक्छन् ।

निरोध समापत्ति (सञ्ज्ञा र वेदनाको विराम) लाई प्राप्त गरेको पुद्गल मृत शवभन्दा भिन्न हुन्छ । महा-वेदल्ल-सुत्त; मज्झिम निकाय, चुलयकम वग्गमा आयुष्मान महाकोष्ठितले आयुष्मान सारिपुत्तसंग अनेक प्रश्नहरू गर्नुभएको कुराको चर्चा गरिएको छ । उहाँले मृत लाशबारे र मृत लाश निरोध समापति प्राप्त गरेका भिक्षु बीचका भेद बारेमा प्रश्नहरू सोध्नु भयो । महाकोष्ठिले सोध्नुभयो :

“आवुस ! कतिवटा धर्म (पदार्थ) ले यस काया [ देह ] लाई छोड्छन्, जब यो परित्यक फ्याँकिएको अचेतन शरीर काठ जस्तै सुत्दछ ?”

“आवुस ! जब यस कायालाई आयु, उष्मा र विज्ञान-यी तीन धर्मले छोड्छन्, तब यो परित्यक्त फ्याँकिएको अचेतन शरीर काठ जस्तै सुत्दछ ।

“त्यो मरिसकेको, काकृत चीज र संज्ञा-वेदयित-निरोधमा समापन्न भएका भिक्षुका बीचमा, आवुस ! के अन्तर छ ?”

“आवुस ! त्यो जो मरिसकेको, काल -कृत हो, त्यसको काय संस्कार (शारीरिक गति) निरुद्ध भइसकेका हुन्छन्, शान्त भइ सकेका हुन्छन्, चित्त संस्कार निरुद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन्, आयु क्षीण भइसकेको हुन्छ, उष्मा शान्त भइसकेको हुन्छ, इन्द्रीयहरू उच्छिन्न भइसकेका हुन्छन् । त्यो संज्ञा-वेदयित-निरोधमा अवस्थित भिक्षु हो उसको पनि काय-संस्कार निरुद्ध भइसकेका हुन्छन । शान्त भइसकेका हुन्छन् । वाक्-संस्कार निरुद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हन्छन् । चित्त-संस्कार निरुद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन् । किन्तु



https://dhamma.digital

उसको आयु क्षीण भएको हुन्न । उष्मा शान्त भएको हुन्न, इन्द्रीयहरू निर्मल हुन्छन् । आवुस ! त्यो मृतक, काल-कृत र संज्ञा-वेदयित-निरोधमा समापन्न भएको त्यो भिक्षुको बीचमा यो नै अन्तर हो ।"

निरोध समापतिबाट उठेका पुद्‌गलहरूका निम्ति प्रथम उत्पत्ति हुने चित्त निर्वाणलाई नै आफ्नो आलम्बनको रूपमा प्राप्त गर्ने फल चित्त (लोकोत्तर विपाक चित्त) हो । अनागामीको हकमा यो अनागामीकै फल-चित्त हो र अरहन्तको हकमा यो अरहन्तको फल-चित्त हो । विशुद्धि मार्गमा भनिएको छ कि तिनीहरूका चित्त निर्वाणतिर नै झुकेका हुन्छन् । त्यहाँ भनिएको छः

"यसरी उठेको आर्यको चित्त के को तर्फ झुकेको हुन्छ त ? (निरोध समापतिबाट) उठेको (आर्य) को चित्त निर्वाणको तर्फ झुकेको हुन्छ । किनभने यस्तो भनिएको छ - "आवुस विशाख ! संज्ञा-वेदयित-निरोध समापतिबाट उठेको भिक्षुको चित्त विवेक (एकान्त चिन्तन) को तिर झुकेको .... निहुरिएको हुन्छ । ...

चूल्ल-गोसिङ्ग-सुत्त, मज्झिम निकाय, महायमक वग्गमा आयुष्मान अनुरुद्ध, नन्दीय र किम्बिललाई गोसिंग-सालवनदायमा विहार गरिरहँदाका बखत भगवानले हेर्न आउनु भएको कुराको चर्चा गरिएको छ । भगवानले वनमा उनीहरूको जीवनको बारेमा अनेक प्रश्न गर्नुभयो । ती आयुष्मानहरूको प्रथम, द्वित्तीय, तृतीय र चतुर्थ ध्यानादि रूप-ध्यानहरू र आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन, नैवसंज्ञाना संज्ञायतनादि अरूप-ध्यापनहरू प्राप्त गर्न सक्तथे र यथेच्छ ती ध्यानहरूमा विहार गर्न सक्तथे । भगवानले भन्नुभयोः-

"साधु, साधु, अनुरुद्धहरू ! किन्तु यस विहारलाई अतिक्रमण गर्नको लागि, यस विहारलाई शान्त गर्नको लागि के, अनिरुद्धहरू ! दोश्रो केही उत्तर-मनुष्य-धर्म प्राप्त भयो त ?

"किन हुन्नथ्यो, भन्ते ! यहाँ हामीहरू भन्ते ! यथेच्छ ... प्रथम ध्यान .... द्वित्तीय ध्यान .... तृतीय ध्यान ..... चतुर्थ ध्यान ....



https://dhamma.digital

आकाशानन्त्यायतन, ... विज्ञानानन्त्यायतन .... आकिंचन्यायतन .... नैवसंज्ञाना संज्ञायतनलाई प्राप्त गरी विहार गर्दछौं । प्रज्ञाबाट देखेर हाम्रो आश्रव नष्ट भइसक्यो । भन्ते ! यस विहारलाई अतिक्रमण गर्नको लागि, यस विहारलाई शान्त गर्नको लागि, यो दोश्रो उत्तर-मनुष्य-धर्म ... प्राप्त भएका छ । भन्ते ! यस सुखपूर्वक बिहारभन्दा उच्चत्तर र उत्तम दोश्रो सुख विहारलाई हामीले जान्दैनौं ।"

"साधु, साधु, अनिरुद्धहरू ! यस सुख-पूर्वक विहार भन्दा उच्चत्तर उत्तम दोश्रो सुखपूर्वक विहार छैन ।" ।

**मनन गर्न योग्य केही प्रश्नहरू**

१) रूप-ध्यानको दाँजोमा अरूप-ध्यानको फाइदा के हो ?

२) चौथो तहको अरूप-ध्यान, नैबसंज्ञाना संज्ञायतन र निरोध समापतिका बीच के भेद छ ?

३) चौथो तहको अरूप-ध्यानको विकास गर्ने जो सुकैले पनि निरोध समापत्ति प्राप्त गर्न सक्छ ?

४) अभिज्ञाहरूको उद्देश्य के हो ?

५) ६ अभिज्ञाहरूको उल्लेख गरिदा ती मध्ये सबभन्दा ठूलो कुन चाहिं हो ? किन ?

६) ध्यान र विपश्यना दुबैलाई विकास गरी संबोधि लाभ गर्नेहरूका निम्ति के लाभ हुन्छ ?

७) ध्यानको घडीमा चित्तको आलम्बन के हुन्छ ?

८) कुन द्वार मार्फत ध्यान-चित्तले आलम्बनलाई अनुभव गर्न सक्छ ?

९) लोकोत्तर चित्तको आलम्बन के हो ?

१०) ध्यानाङ्गहरू साथै उत्पन्न भएका लोकोत्तर चित्तको आलम्बन के हो ?



https://dhamma.digital

परिच्छेद - २३

# लोकोत्तर चित्तहरू

(क) अभिधर्मले भिन्न भिन्न प्रकारका कुशल चित्तहरू बारेमा हामीलाई शिक्षा दिन्छ । कामावचर कुशल चित्तहरू (काम भूमिका कुशल चित्तहरू), रूपावचर कुशल चित्तहरू (रूप-ध्यान चित्तहरू) र अरूपावचर कुशल चित्तहरू- (अरूप-ध्यान चित्तहरू) सबै नै कुशल चित्त हुन् । तर यी चित्तहरूले क्लेशहरूका अनुशयहरूलाई (अर्थात अन्तर्निहित प्रवृतिहरूलाई) निर्मूल गर्दैनन् । केवल लोकोत्तर कुशल चित्तहरू (मार्ग चित्तहरू) ले मात्र क्लेशहरूका अनुशयहरू (अन्तर्निहित प्रवृत्तिहरू) लाई निर्मूल गर्छन् । जब सम्पूर्ण क्लेशहरू पूर्णतः निर्मूल हुन्छन् त्यहाँ जन्म र मृत्युको चक्रको निरोध हुन्छ ।

**(प्रश्न) के लोकोत्तर कुशल चित्तहरू साँच्चिकै क्लेशहरूलाई पुनः कहिल्यै उत्पत्ति नहुने गरी जरैदेखि उखेलेर फ्याँक्न सक्छन् ? क्लेशहरू (आश्रवहरू) अनेक छन्, हामी लोभ, द्वेष र मोहद्वारा भरिएका छौं । हामीमा मात्सर्य, इर्ष्या, चिन्ता (औद्वत्य), विचिकित्सा, मान र अनेकौं अरु किसिमका क्लेशहरू छन् । आत्माको धारणाप्रतिको उपादानले गहिरो जरा हालेको छ । हामी आफ्नो देह र मनलाई आत्मा भनी ग्रहण गर्दछौं । सम्पूर्ण यी क्लेशहरूलाई कसरी उखेलेर फ्याँक्न सकिन्छ म त कल्पना पनि गर्न सकिन ।**

(उत्तर) क्लेशहरूलाई निर्मूल गर्न सकिन्छ । यस दिशातिर लैजाने प्रतिपद् (मार्ग) पनि छ । तथापि हामी सबैले यतिका क्लेशहरूलाई संचित गरेका हुन्छौं कि ती क्लेशहरू सबैलाई एकै पटक निर्मूल गर्न भने सकिन्न । दृष्टि (मिथ्यादृष्टि) लाई प्रथमतः निर्मूल गरिनुपर्छ । जबसम्म हामी धर्महरू जति सबैलाई आत्माको तवरबाट ग्रहण गर्छौं, तबसम्म कुनै पनि क्लेश (आश्रव) निर्मूल हुन सक्तैन । संबोधिका चार चरणहरू



https://dhamma.digital

छन: श्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्तका चरणहरू। अरहन्त फल प्राप्त भई सम्पूर्ण आश्रवहरू निर्मल नभएसम्म ती क्लेशहरूलाई चरण चरण गरी निर्मूल गरिन्छन्। संबोधिको प्रथम तह प्राप्त गर्ने आर्य, श्रोतापन्न जो छ उसले दृष्टिलाई पूर्ण रूपमा निर्मूल गरेको हुन्छ।

**(प्र) श्रोतापन्नले दृष्टिलाई निर्मूल गरेपछि के यो फेरि कहिल्यै उत्पन्न हुन सक्तैन त ?**

(उ) दृष्टि पुन: उत्पत्ति हुन्छ भने त यसको अर्थ यो साँच्चिकै मार्ग फल प्राप्त गरेको पनि हुन्न। यसरी ऊ श्रोतापन्न पनि हुन्न। श्रोतापन्नले त दृष्टि कहिल्यै पनि आयन्डा उत्पत्ति हुन नसक्ने गरी यसका अनुशयहरू अर्थात अन्तर्निहित प्रवृतिहरूलाई समेत निर्मूल गरिसकेको हुन्छ।

**(प्र) मार्ग फल प्राप्त भो कि भएन भन्ने कुरा कसरी हामी थाहा पाउँछौ त ?**

(उ) लोकोत्तर चित्त प्रज्ञा सहगत हुन्छ जुन प्रज्ञालाई विपश्यना भावनामा विकास गरिएको हुन्छ। विपश्यनाको भावना नगरिकन कसैले संबोधिलाई प्राप्त गर्दैन। विपश्यनाको धेरै चरणहरू छन। प्रथमत: नाम र रूपका बीचको भेद बारेको शंकालाई निर्मूल गरिन्छ। नामको लक्षण उत्पत्ति हुँदा र रूपको लक्षण उत्पत्ति हुँदा उसले बुझेको हुन्छ। तिनका विभिन्न स्वभावहरूका विषयमा ऊ अल्मलिएको हुँदैन। यो चरणको प्रज्ञा, जुन केवल प्रारम्भिक चरण मात्र हो, यसलाई प्राप्त गर्न पनि दैनिक जीवनमा देखापर्ने सबै प्रकारका नाम रूपको स्मृतिलाई संचित गरिनु पर्ने हुन्छ। यसरी नाम र रूपका स्वभावहरूलाई बढी स्पष्ट रूपमा थाहा पाउने प्रज्ञालाई विकास गरिन्छ। पछि गएर प्रज्ञाले नाम र रूपको उत्पत्ति र निरोधलाई अनुभव गर्ने छ। तर नाम र रूपका लक्षण बारेमा शंका रहुञ्जेलसम्मको अवस्थामा यस चरणको प्रज्ञालाई प्रत्यक्ष गर्न सकिन्न।

अनित्य, दु:ख र अनात्माको रूपमा देखापर्ने नाम र रूपलाई



https://dhamma.digital

प्रज्ञाद्वारा महशूस गर्न नसिकएसम्म विपश्यनाका अनेकौं अरु चरणहरूलाई विकास गर्नुपर्ने हुन्छ । अनि मात्र संबोधि (आर्य मार्ग र फल) प्राप्त हुनेछ । के यस मात्रासम्म प्रज्ञालाई विकास गरि सकिएपछि त्यस व्यक्तिले संबोधि (मार्ग फल) प्राप्त गरिसकेको छ छैन भन्ने कुराको शंका बाँकी रहन सक्ला त ?

**(प्र) श्रोतापन्नले गलत तरीकाले विपश्यनालाई विकास गर्न सक्छ त ?**

(उ) यो दृष्टि हो र दृष्टिलाई श्रोतापन्नले निर्मूल गरिसकेको हुन्छ । अभिधर्ममा क्लेशहरूलाई अनेक तरीकाबाट वर्गीकरण गरिएको छ । विभिन्न प्रकारका मिथ्यादृष्टिलाई पनि अनेक तरीकाबाट वर्गीकरण गरिएका छन् । उदाहरणार्थ, विभिन्न प्रकारका मिथ्यादृष्टिलाई उपादानवाला क्लेशहरूको समूहमा वर्गीकरण गरिएका छन् । यस समूहमा उल्लेख गरिएका चार प्रकारका उपादान मध्ये तीन प्रकारका उपादान चाहिं विभिन्न किसिमका दृष्टिको उपादान हुन् । यी तीन प्रकारका उपादान चाहिं श्रोतापन्नले निर्मूल गरिसकेको हुन्छ । ती उपादान मध्ये एउटा हो शीलब्रत-उपादन, जुन उपादन अन्तर्गत विपश्यनाको गलत अभ्यास पनि समावेश हुन हुन्छ । यसबाट के सिद्ध हुन्छ भने श्रोतापन्नले गलत तरीकाबाट विपश्यनाको अभ्यास गर्न सक्तैन । केही व्यक्तिहरू यस्तो पनि सोच्छन् कि आर्य अष्टाङ्गिक मार्गदेखि बाहेकको अन्य कुनै मार्गको अनुशरण गरेर पनि तिनीहरू मार्गफल प्राप्त गर्न सक्तछन् । (तर यो सम्भव छैन ।)

**(प्र.) निर्वाण गामिनी प्रतिपद्हरू बढी नहुनाको कारण के हो ?**

(उ.) आर्य अष्टाङ्गिक मार्गलाई वर्तमान क्षणमा प्रकट हुने नाम र रूप जस्तो दर्शन, रूप, श्रोत, शब्द, चिन्तन वा अनेक प्रकारका वेदनाहरूका विषयमा स्मृतियुक्त रहेर विकास गरिन्छ । नाम र रूपको स्मृति रहँदाको बखत प्रज्ञाले तिनका स्वभावहरूलाई बढी स्पष्टरूपमा जान्न सक्छ । यसरी मिथ्यादृष्टिलाई निर्मूल गर्न आर्य अष्टाङ्गिक मार्ग विकास नगरिएको स्थितिमा धर्महरू बारेका मिथ्यादृष्टिलाई निर्मूल गर्न



https://dhamma.digital

सकिन्न । यसरी मार्ग फलका प्रथम चरण श्रोत्तापत्ति मार्ग फल पनि गर्न सकिन्न । तसर्थ संसारका स्वभाव धर्महरूका विषयमा सम्यक् दृष्टि अर्थात अष्टाङ्गिक मार्गको प्रज्ञालाई विकास गर्ने बाहेक निर्वाणलाई प्राप्त गर्ने अर्को मार्ग छैन ।

**(प्र.) सम्यक् दृष्टि के हो ?**

(उ.) नाम र रूपलाई यथार्थ रूपमा अर्थात अनित्य, दुःख र अनात्माको रूपमा देख्नु नै सम्यक् दृष्टि हो । सम्यक् दृष्टिलाई विकास गर्न सकिन्छ । हामीमा मिथ्यादृष्टि रहुञ्जेलसम्म संसारका स्वभाव धर्महरूलाई हामी आत्माको रूपबाट ग्रहण गर्दछौं । हामी दर्शनलाई आत्मा भन्ठान्छौं । संज्ञा रूपलाई आत्मा भन्ठान्छौं, वेदनालाई आत्मा भनी ग्रहण गर्छौं । संज्ञालाई आत्मा भनी ग्रहण गर्दछौं, हामी स्मृति र प्रज्ञालाई पनि आत्माकै रूपमा ग्रहण गर्दछौं । नाम र रूप प्रकट हुँदाका बखत तिनका स्वभावहरूप्रति स्मृति राखेर हेर्दा भने हामी ती नाम र रूपलाई यथार्थ रूपमा देख्नेछौं । अनि सम्यक् दृष्टि पनि रहने छ ।

**(प्र.) के विपश्यनाको गलत अभ्यासको उदाहरण प्रस्तुत गर्न सकिन्छ ?**

(उ.) शुरु शुरुमा जुनसुकै प्रकारको नाम र रूप प्रकट हुँदा पनि सावधान रहनको बदलामा केही प्रकारका नाम र रूप मात्रको स्मृति राखे पनि पुग्छ भनी कसैले सोच्न भने त्यहाँ गलत अभ्यास हुन्छ । लोभ, द्वेष र मोह उत्पत्ति हुँदा तिनका लक्षणहरूका बारेमा स्मृति राखिनु पर्दैन भनी कसैले सोच्छ भने पनि गलत अभ्यास हुन्छ । अनि त्यस व्यक्तिले आफूले स्मृति राख्न चाहेको नाम र रूपको छनोट गर्दछ र आत्मा विषयको मिथ्या दृष्टि उसको निर्मूल हुन सक्तैन । बसेकै बेलामा मात्र विपश्यनालाई भावना गर्न सकिन्छ भनी सोच्नु पनि गलत अभ्यासको अर्को उदाहरण हो । किनभने त्यस तरीकाले त्यस व्यक्तिले अभ्यासको लागि नियमहरू बनाउँछ । उसले के सोच्दछ भने सावधानी पनालाई पनि नियन्त्रण गर्न सकिन्छ । यसरी उसले स्मृति पनि अनात्मा हो भन्ने कुरा देख्न बुझ्न सक्तैन ।



https://dhamma.digital

**(प्र.) अरु के के क्लेशहरूलाई श्रोतापन्नले निर्मूल गरेको हुन्छ ?**

(उ.) श्रोतापन्नले विचिकित्सालाई निर्मूल गरेको हुन्छ । विचिकित्सालाई नीवरणहरू मध्येका एउटा हो भनी वर्गीकरण गरिएको छ र यसले कुशल गर्नबाट हामीलाई रोक्दछ । हामी बुद्ध, धर्म र संघको बारेमा सशंकित हुन्छौं, सम्यक् ब्यायामको बारेमा हामीलाई शंका हुने हुन्छ । श्रोतापत्ति मार्ग फल प्राप्त गर्ने आर्यमा विचिकित्सा रहँदैन ।

श्रोतापन्नले निर्मूल गरिसक्ने अर्को अकुशल चैतसिक हो मात्सर्य । विशुद्धि मार्ग (२२, ५२) मा ५ प्रकारका मात्सर्य उल्लेख गरिएको छः-

"आवास-मात्सर्य, कुल-मात्सर्य, लाभ-मात्सर्य, धर्म-मात्यसर्य, वर्ण-मात्सर्य- यी आवास आदि मध्ये कुनै एकलाई सबैको लागि साधारण भएको नसहने आकारबाट प्रवर्तित हुनेवाला ५ मात्सर्य हुन् ।"

अर्थ सारिणीमा भिक्षुको निवासस्थान, चतुःप्रत्यय (चीवर, पिंडपात, शयनाशन, ग्लान-प्रत्यय-भेषज्य) प्राप्त गर्नको लागि ऊ जाने गरेको परिवार, चतुःप्रत्यय नै धर्मको ज्ञान र प्रशंसा (व्यक्तिगत सौन्दर्य वा गुणहरू सम्बन्धी) सम्बन्धी यी ५ प्रकारका मात्यसर्यको व्याख्या दिइएको छ ।

यो व्याख्या गरिएको छ कि कसैले यी कुराहरू मध्ये कुनै एक पनि कुरा अरुसंग बाँडेर लिन चाहँदैन भने त्यहाँ मात्सर्य हुन्छ । किन्तु, खराब मान्छेसंग वा यी कुरामध्ये कुनै वस्तुलाई दुरूपयोग गर्ने व्यक्तिसंग त्यो व्यक्तिले बाँड्न नचाहेको खण्डमा भने मात्सर्य हुन्न । उदाहरणार्थ, कसैले धर्मको निन्दा गर्ने व्यक्तिलाई धर्मोपदेश गरेन भने धर्म-मात्सर्य हुन्न । कसैले पनि धर्मको निन्दा गर्ने व्यक्तिलाई धर्मोपदेश गर्नु हुँदैन । यसरी हामी के देख्छौं भने मात्सर्यको विनाशको मतलब जेसुकै वस्तु जोसुकै व्यक्तिसंग बाँड्नु होइन । श्रोतापन्नले मात्सर्यलाई निर्मूल गरिसकेको हुन्छ, भर्खरै उल्लेख गरिएका मात्सर्य उत्पन्न हुँदैन ।

त्यसमाथि श्रोतापन्नले ईर्ष्यालाई पनि निर्मूल गरेको हुन्छ ।

विशुद्धि मार्ग (१४, १७२) मा यस सम्बन्धमा यसरी भनिएको छः-



https://dhamma.digital

"डाह गर्नु  ईर्ष्या हो । त्यो अर्काको सम्पत्तिलाई नसहने लक्षण वाला हो । त्यसैमा उदास हुनु यसको कृत्य हो । त्यसबाट विमुख हुनु यसको प्रत्युपस्थान हो । अर्काको सम्पत्तिको पदस्थानवाला हो ।...।"

**(प्र.) ईर्ष्यालि हुनु एकदम मानवीय स्वभाव हो केही मानिसहरू मानसिक रोगका चिकित्सहरू त मानिसहरूलाई ईर्ष्यालु नबन्ने तालीम दिइने एउटा संस्थाको नै स्थापना गर्दैछन् भन्ने कुरा पनि मैले सुनेको छु ।**

(उ.) मानसिक रोगका चिकित्सकहरूले मानिसहरूको ईर्ष्यालाई उपचार गर्ने प्रयास गर्न सक्ला । तर अर्काको चित्तमा रहेको ईर्ष्याको अनुशयहरूलाई उनीहरूले कसरी निर्मूल गर्ला त ? श्रोतापन्नको स्तरमा विकसित गरिएको प्रज्ञाले मात्र यसलाई पुनः उत्पत्ति नहुने गरी ईर्ष्यालाई पूर्ण रूपमा निर्मूल गर्न सक्तछ ।

**(प्र.) मात्सर्य र ईर्ष्या  जस्ता नराम्रा कुराहरूलाई पनि निर्मूल गर्न सकिनु त अचम्मकै कुरो हो । सबै क्लेशहरूलाई निर्मुल गरिनसके तापनि श्रोतापन्नलाई आर्य भन्नु उचितै हुन्छ ।**

(उ.) श्रोतापन्न आर्य हो । किनभने मार्गफल प्राप्त गर्ने घडीमा श्रोतापन्न भिन्नै मान्छे भइसकेको हुन्छ, अब ऊ पृथग्जन होइन । चित्तमा अब मिथ्यादृष्टिको अनुशय वा अन्तर्निहित प्रवृति संचित रहन्न, न त विचिकित्सा मात्सर्य वा ईर्ष्याकै अनुशयहरू (सुषुप्त प्रवृतिहरू) नै बाँकी रहन्छन् ।

**(प्र.) अनुशय भनेको वास्तवमा के कुरो हो ?**

(उ.) कसैले केही चीजको इच्छा गर्दा लोभ उत्पत्ति हुन्छ । लोभ-मूल चित्तहरू निरुद्ध भएपछि लोभ सहगत नरहेका अरु प्रकारका चित्त लाग्छन् । किन्तु यो उत्पत्ति भएको लोभ जो छ, त्यो चाहिं चित्तमै अनुशय (वा लुप्त प्रवृति) को रूपमा संचति भएर रहन्छ । जब हेतुहरु खडा हुन्छन्, त्यो पुन अकुशल चित्त साथै उत्पत्ति हुन सक्छ । अनुशयहरू प्रत्येक चित्तमा, यहाँसम्म कि भवंग चित्तमा पनि संचित भएर रहन्छन्,



https://dhamma.digital

जुन भवंग चित्तहरू त चितका वीथिक्रममा इन्द्रीयद्वार वा मनोद्वार मार्फत अनुभव गरिने आलम्बन नरहेको अवस्थामा उत्पत्ति हुन्छ।

**(प्र.) दृष्टि क्रमिक रूपमा निर्मूल हुन्छ कि आकस्मिक रूपबाट हुन्छ ?**

(उ) कसैले पनि उपयुक्त आधारहरूलाई अभ्यास गरेको नभइकन मार्ग फललाई प्राप्त गर्न सक्तैन। हामीले के देख्छौं भने बुद्धको पालामा कोही कोही मानिस छिटै नै एउटै उपदेशमै पनि मार्ग फल प्राप्त गर्न सक्तथे। कोही कोही भने सत्यलाई अझ विस्तारपूर्वक व्याख्या गरिए पछि मार्ग फल प्राप्त गर्न सक्तथे। जब कि अरुलाई मार्ग फल प्राप्त गर्नको निमित्त लामो समयसम्म, कहिले काहीं त वर्षौं वर्षसम्म आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्नु पर्दथ्यो। यी सबै कुरा पूर्वजन्मका संस्कारहरू समेत हिसाब गरी जम्मा कति मात्रामा प्रज्ञाको संचय भइसकेको छ त्यसैमा निर्भर गर्ने हुन्छ। हालको अवस्थामा कस कसले मार्ग फल प्राप्त गर्न सक्छन् भन्ने कुराको हकमा उपयुक्त हेतुहरूलाई अभ्यास गरिनु पर्छ। मार्ग फल शिघ्र प्राप्त हुन सक्तैन। हाम्रा दैनिक जीवनमा प्रकट हुने सबै प्रकारका नाम-रूप बारेमा स्मृति संचित गरिकन प्रज्ञाद्वारा तिनका लक्षणहरूलाई बारम्बार विचार गरिनु पर्दछ। यस तरीकाले प्रज्ञाको क्रमिक रूपमा विकास गरिन्छ। हामीले प्रारम्भमै निकै स्मृति र प्रज्ञाको अपेक्षा गर्न सक्तैनौं। तर पनि सम्य्क स्मृतिको प्रत्येक क्षण फलदायी नै हुन्छ, किनभने यो क्षणले अरु पनि सावधानीका घडीहरूलाई पैदा गर्न सक्तछ। यसरी यसलाई संचित गर्न सकिन्छ। जब प्रज्ञाद्वारा नाम वा रूपको तवरबाट देखा पर्ने धर्मलाई महशूस गरिन्छ, अनि आत्माको धारणाप्रति कम उपादान रहन्छ। यसै तरीकाबाट श्रोतापन्नको मार्ग चित्त (लोकोत्तर कुशल चित्त) द्वारा दृष्टिमा निहित रहेका प्रवृत्तिहरूलाई विशेष रूपमा निर्मूल नभएसम्म दृष्टिलाई क्रमिक रूपमा नष्ट गरिन्छ। त्यसपछि दृष्टि पुनः कहिल्यै पनि उत्पन्न हुन सक्तैन।

**(प्र.) के श्रोतापन्नले अझै अरुलाई मन नपर्ने किसिमले कुरा गर्न सक्छ ?**



https://dhamma.digital

(उ.) दश अकुशल कर्ममध्ये चार अकुशल कर्मपथ वचनद्वारा हुन्छन्, यथाः मृषावाद, पिशुन वाचा, फरुष वचन र सम्प्रलाप । श्रोतापन्नले मृषावादलाई उन्मूलन गरेको हुन्छ । उसले अझै अरुको विषयमा अप्रिय कुराहरू बोल्न सक्छ पवा कडा वचन प्रयोग गर्न सक्छ। तर अपायगतिमै पुनर्जन्म गराउने मात्रासम्म नै पुग्ने गरी भने बोल्दैन। श्रोतापन्नले अब दुर्गति लोकमा पुनर्जन्म ग्रहण गर्न सक्तैन।

सम्प्रलाप, जुन दान, शील वा भावनासित सम्बन्धित नभएको कुराकानी हो, श्रोतापन्नद्वारा निर्मूल गरिएको हुन्न । यसलाई अरहन्तले मात्र निर्मूल गर्न सक्छ।

**(प्र.) क्लेशहरूलाई यसरी विस्तारपूर्वक वर्गीकरण गरिनु कि आवश्यक हुन्छ ?**

(उ.) क्लेशहरूलाई वर्गीकरण गर्ने विभिन्न तरीकाहरूबारे जान्नाले तिनका भिन्न भिन्न पहलुहरूलाई बुझ्न हामीलाई मद्दत मिल्दछ। जस्तो उदाहरणको लागि भनौं, दृष्टिलाई "अनुशयहरू" भनिने क्लेश-समूह अन्तर्गत वर्गीकरण गरिन्छ भने "आश्रवहरू" को रूपमा (जुन अर्को क्लेश-समूह हो) पनि वर्गीकरण गरिन्छ। साथै क्लेशहरूलाई "ग्रन्थहरू" को रूपमा "नीवरणहरू" को रूपमा र अरु अनेक तरीकारहरूले पनि वर्गीकरण गरिन्छन् । वर्गीकरण गर्ने प्रत्येक तरीकाले हामीलाई क्लेशहरूका भिन्न भिन्न आकार (पहलु) देखाउछ। यसरी क्लेशहरू कति गहिराइका साथ संचित हुन्छन् । तिनलाई उन्मूलन गर्न कति कठीन हुन्छ भन्ने कुराको राम्रो बोध हामीलाई हुन्छ । केवल मार्ग चित्तहरू (लोकोत्तर कुशल चित्तहरू) ले मात्र क्लेशहरूलाई निर्मूल गर्न सकिन्छ। सम्पूर्ण क्लेशहरूलाई प्रथम चरणको संबोधि (श्रोतापन्न) को मार्ग चित्तले निर्मूल गर्न सक्तैन ।

**(प्र.) जम्मा कति प्रकारका लोकोत्तर चित्तहरू हुन्छन् ?**

(उ.) लोकोत्तर चित्त जम्मा ८ प्रकारका हुन्छन् । प्रत्येक चरणको सम्बोधिको लागि एउटा मार्ग चित्तको हिसाबले मार्ग चित्त ४



https://dhamma.digital

प्रकारका पहुन्छन् । ४ मार्ग चित्तहरू (लोकोत्तर कुशल चित्तहरू) को ४ विपाकहरूको रूपमा फल चित्त पनि चारै प्रकारका हुन्छन् । केवल मार्ग चित्तले मात्र क्लेशहरूलाई निर्मूल गर्दछ, फलचित्त मार्ग चित्तको नतिजा, विपाक हो ।

**(प्र.) के विपश्यनालाई विकास गर्न चाहने व्यक्तिले ठूलो अध्ययन गर्नु पर्ने हुन्छ ? हामीले त अनन्त वर्गीकरणहरू र विभेदहरू, समूहहरू र उपसमूहहरूका बारेमा सिक्नुपर्ने जस्तो पो देखिन्छ ।**

(उ.) अभिधर्मको अध्ययनको उद्देश्य मार्ग विषयमा सम्यक् दृष्टि प्राप्त गर्नु हो । अभिधर्मको अध्ययन नहुनेलाई कुन चाहिँ मार्ग सही हो र कुन चाहिँ गलत मार्ग हो भन्ने कुरा छुट्याउन गाह्रो हुन्छ । कसले कति मात्रामा अध्ययन गर्ने हो भन्ने कुरा आ-आफ्नो अभिरुचि (वा स्वभाव) मा निर्भर गर्छ । हामी बुद्धको समयमा बसेका हैनौं । हामीले शास्ताबाट प्रत्यक्ष रूपमा धर्मश्रवण गर्न नसक्ने भएकोले नै हामीले ग्रन्थहरू (त्रिपिटक) मार्फत हामी छेउ आइपुगेका उपदेशहरू माथि हामीले निर्भर गर्नु परेको छ ।

**(प्र.) निर्वाण भनेको खास के कुरा हो ? के यो जीवनको भूमि हो ?**

(उ.) यदि निर्वाण भनेको जीवन यापन गर्ने कार्यलाई यथावत जारी राख्न सकिने अर्को लोक भइदिएको भए यसको अर्थ के हुन्थ्यो भने त्यहाँ पनि हामीमा नाम र रूपको उत्पत्ति र निरोधको प्रक्रिया जारी नै रहन्थ्यो । जीवन भनेको नाम-रूपको उत्पत्ति र निरोधको प्रक्रिया हो । हाम्रो जीवन दुःख हो, किनभने जे जति उत्पत्ति र विनाश हुन्छ त्यो सन्तोषप्रद हुन्न । यो दुःख हो । निर्वाण त असंस्कृत धर्म हो । यो उत्पत्ति र विनाश हुँदैन । त्यसैले निर्वाण दुःखको अन्त्य हो । कसैले संबोधि प्राप्त गरेको छ भने त्यो संबोधि प्रथम चरणकै मात्र पनि किन नहोस्, यो निश्चित छ कि उसको अन्ततोगत्वाः जाति, जरा, व्याधि र मृत्युको अन्त्य हुनेछ र यसरी दुःखको अन्त्य हुने नै छ ।



https://dhamma.digital

अरहन्त नभएका पुद्गलको मृत्युहुँदा उसको जीवनको अन्तिम चित्त, च्यूति चित्त पछि अर्को जीवनको प्रतिसन्धि चित्त उत्पत्ति हुन्छ। यसरी जीवन चक्र घुमिरहन्छ। क्लेशहरू विशेष रूपमा निरोध नभएसम्म जीवन प्रक्रिया जारी नै रहन्छ। हामी यस मर्त्य मण्डलमा जन्मिनु पनि क्लेशहरूकै कारणले गर्दा हो। क्लेशहरूकै कारणले गर्दा हामी दिव्य लोकमा, रूप ब्रह्मलोकमा वा अरूप ब्रह्मलोकमा जन्मिन्छौँ।

अरहन्तमा कुनै पनि क्लेश बाँकी नरहने भएकोले कुनै पनि लोकमा पुनर्न्र्जम ग्रहण गर्नु पर्दैन। उसको निम्ति च्यूति-चित्त पछि नाम रूपको उत्पत्ति हुने कुरा हुँदैन। जन्मको पछि मृत्यु अवश्यमेव लाग्ने भएकोले अरहन्तको पनि जन्म भएको नाताबाट मृत्यु हुनु नै पर्छ। तर अरहन्तको च्यूति-चित्त पछि प्रतिसन्धि-चित्त उत्पत्ति नहुने भएकोले निम्ति मृत्यु नै जन्म र मरणको चक्रको अन्त्य हुन्छ।

**(प्र.) मलाई व निर्वाण भनेको नकारात्मक कुरा जस्तो लाग्छ। यो त जीवनको शुन्यता हो।**

(उ.) निर्वाण भनेको त लोभ, द्वेष र मोहको विनाश (क्षय) हो। के यो सकारात्मक कुरो होइन त ?

**(प्र.) आश्राव क्षय नै संभवत : जीवनको सबभन्दा ठूलो प्राप्त गर्न सकिने लक्ष हो भन्ने कुरामा त म सहमत छु। तर के अब पुनर्जन्म नहुने कुरा शोचनीय (दुःखमय) छैन त ?**

(उ.) यो त जीवनलाई कसरी हेरिन्छ त्यसमा निर्भर रहने कुरा हो। हामीले के देखिसकेका छौँ भने जीवन भनेको त उत्पत्ति र विनाश हुने नाम धातुहरु र रूप धातुहरु हुन्। के उत्पत्ति र विनाश हुने नाम-रूप साँच्चिकैको सुख हुन सक्छ र ?

**(प्र) मेरो विचारमा जीवनमा दुःखमा घडीमा भए पनि यसले हामीलाई ठूलो आनन्द पनि त दिन सक्छ।**

(उ.)कुरा ठीक हो कि हामी जे कुरालाई सुख भन्दछौं, जीवनमा त्यसका घडीहरू पनि (अवश्य) हुन्छन्। तर ती घडीहरू उत्पत्ति



https://dhamma.digital

भएर विनाश हुन्छन्; यस्ता घडीहरू एकदमै अल्पकालीन (अल्पायवाला) हुन्छन् । जीवन राम्रो हो र यो जारी रहनुपर्छ भन्ने कुरामै हामी आफूलाई विश्वस्त पनि पार्न सक्छौ । अथवा धर्महरूलाई यथार्थ रूपमा देख्न बुझ्नको निमित्त हामी सत्यको खोजीमा पनि लाग्न सक्छौं । यो त जीवनमा अज्ञानी बन्नु वा सत्यलाई जान्नु मध्ये हामी के चाहन्छौँ, त्यसमा निर्भर गर्ने कुरा हुन्छ ।

हामीले प्रज्ञाको विकास गर्ने हो भने जीवनको अनित्यता र दुःखको विषयमा हामी झन् झन् बढी देख्ने हुन्छौं । अनि जीवन र सुखका बारेमा हामीमा रहने गरेका विचारहरू (स्वतः) परिवर्तित हुने छन् । अनार्य (शैक्ष्य) ले जे कुरालाई सुख भनी ग्रहण गर्दछ त्यो (वास्तवमा) दुःख हो भन्ने कुरा आर्य (अशैक्ष्य) ले थाहा पाएको हुन्छ । आर्यले जुन कुरालाई सुख भनी जान्दछ त्यसलाई अनार्यले दुःख भनी भन्ठान्दछ । प्रज्ञाको विकासले यस्तो प्रकारको सुख पैदा गर्छ कि जुन सुख सामान्यतः सुख भनी ग्रहण गर्ने गरेको कुरा भन्दा सर्वथा भिन्न हुन्छ ।

**(प्र.) म त जीवनको निरोध (विनाश) लाई मन पराउन्न ।**

(उ.) "आत्मा" प्रतिको आसक्ति अझै कायम रहेको व्यक्ति मृत्यु पछि त्यो "आत्मा" लाई के होला भनी चिन्तित हुन्छ । अरहन्तको लागि उसको मृत्यु पछि के हुन्छ भन्ने प्रश्न नै उठ्दैन । उसमा कुनै क्लेशहरू बाँकी रहन्न । यसरी उसमा जीवनप्रति उपादान पनि रहँदैन । आर्य नभएका व्यक्तिहरूले निर्वाण के हो भन्ने कुरालाई अझै बुझ्न सक्तैन । उत्पत्ति र विनाश हुने धर्महरुको सच्चा स्वभावलाई अझै अनुभव गर्न नसक्ने व्यक्तिहरूले उत्पत्ति र विनाश नै नहुने असंस्कृत धर्म जो छ त्यसलाई त अनुभव गर्न सक्तैन ।

**(प्र.) प्रत्येक चित्तले एउटा आलम्बनलाई अनुभव गर्दछ । लोकोत्तर चित्तद्वारा अनुभव गरिने आलम्बन के हो ?**

(उ.) लोकोत्तर चित्तले उत्पत्ति र विनाश नहुने धर्मलाई अनुभव



https://dhamma.digital

गर्दछ, निर्वाणलाई अनुभव गर्दछ ।

हामी उदान (परिच्छेद ८, ३ खुदुक निकाय) मा पढ्छौं कि भगवान् श्रावस्ती नजीकै अनाथपिण्डिकको बनमा बिहार गरिरहनु हुँदा भिक्षुहरूलाई सम्बोधन गरेर भन्नुभयोः

"भिक्षुहरू ! अ-जन्मा, अ-भूत, अ-निर्मित र असंस्कृत कुरा भन्ने हुन्छ। यदि त्यो अ-जन्मा, अ-भूत, अ-निर्मित र अ-सँस्कृत कुरा नभएको भए यहाँ जो जात, भूत निर्मित र सँस्कृत छ त्यसबाट उम्कने बाटो नरहने कुरा प्रष्ट छ। तर किनकि भिक्षुहरू ! अ-जन्मा..... छ, तसर्थ यहाँ जात, भूत, निर्मित र सँस्कृत बाट उम्कने बाटो रहेको कुरा प्रष्ट छ ।"

माथि उल्लेख गरिसकिएको छ कि चित्त, चैतसिक, रूप र निर्वाण -यी ४ परमार्थ धर्महरू छन् । चित्त, चैतसिक र रूप उत्पत्ति र विनाश हुने धर्महरू हुन्, संस्कृत धर्महरू ( संखार धम्म) हुन् । निर्वाण उत्पत्ति र विनाश हुँदैन । यसको उत्पत्ति हुना निमित्त हेतुहरू नै छैनन् । यो असंस्कृत धर्म (विसंखार धर्म) हो । संस्कृत धर्महरूलाई यथार्थ रूपमा अनित्य, दुःख, र अनात्माको रूपमा अनुभव गर्न सकिने गरी हामीले प्रज्ञाको विकास नगरेसम्म असंस्कृत धर्मलाई अनुभव गर्न हामी सक्तैनौ ।

**(प्र.) के मार्ग-चित्त र फल-चित्त दुबैले प्रत्यक्ष रूपमा निर्वाणलाई अनुभव गर्दछन् त ?**

(उ.) मार्ग चित्त र फल चित्त लोकोत्तर चित्तहरू हुँदा निर्वाण नै तिनीहरूको गोचर हुन्छ । मार्ग चित्त निरुद्ध भएपछि तरुन्तै त्यही आलम्बनलाई अनुभव गर्ने फल चित्तहरू उत्पत्ति हुन्छन् । हामीले कुशल कर्म गर्दा विपाक तुरुन्तै उत्पत्ति हुन्न । कर्मको लगतै पछि विपाक उत्पत्ति हुने खालको भए पनि एकै चित्तको वीथि क्रम (प्रक्रिया) मा विपाक कहिल्यै पनि उत्पन्न हुन सक्तैनथ्यो । लोकोत्तर चित्तको हकमा भने यो कुरै फरक हुन्छ । मार्ग चित्तको लगतै पछि फल चित्तहरू लाग्छन्, जुन फल चित्तहरू व्यक्ति अनुसार दुई वा तीन घडीहरूसम्म स्थिर रहन्छन् ।



https://dhamma.digital

**(प्र.) श्रोतापन्नले सम्बोधि प्राप्त गर्दा श्रोतापन्नका मार्ग चित्तहरू र श्रोतापन्नका फल चित्तहरू हुन्छन् । एक जीवनको अवधिभरमा कति पटक यी चित्तहरू उत्पत्ति हुन सक्छन् त ?**

(उ.)श्रोतापन्नको मार्ग चित्तको कृत्य क्लेशहरूलाई निर्मूल गर्ने भएकोले एक जीवनको चक्रमा यो एक पटक मात्र उत्पन्न हुन सक्छ । श्रोतापन्नको स्तरमा उन्मूलन गरिनु पर्ने क्लेशहरू निर्मूल गरिसकिए पछि ती क्लेशहरू पुन : उत्पन्न हुँदैनन् । त्यसैले मार्ग चित्त, फेरि उत्पत्ति हुँदैन ।

किन्तु मार्गफल प्राप्त गर्ने पुद्गलले समथको पनि अभ्यास गरेर ध्यान प्राप्त गरिराखेको छ भने चित्तको अर्कै वीथि क्रममा मात्र पुनः फल चित्तहरू उत्पन्न हुन सक्छन् । समथलाई अभ्यास गरी ध्यान प्राप्त गरेर विपश्यनालाई विकास गरेका पुद्गलहरूले ध्यानाङ्ग-सहगत लोकोत्तर चित्तहरूद्वारा मार्ग फल प्राप्त गर्न सक्छन् । ध्यानाङ्ग साथै उत्पन्न भएका मार्ग चित्त पनि प्रत्येक चरणको सम्बोधि प्राप्त गर्दा एकै पटक मात्र उत्पत्ति हुन सक्छ । तर ध्यानाङ्ग साथै उत्पन्न हुने फल चित्तहरू भने अनेक बार उत्पन्न हुन सक्छन् । ध्यानाङ्गहरूद्वारा साथ लागेका लोकोत्तरु चित्तहरूका आलम्बन नै निर्वाण हुन्छ । समथको कर्मस्थान आलम्बन रहँदैन । ती चित्तहरूले ध्यानकै साथै निर्वाणलाई अनुभव गर्दछन् ।

चित्तहरूलाई ८९ वा १२१ भनी गणना गर्न सकिन्छ । चित्तहरूलाई १२१ भनी गणना गर्दा लोकोत्तर चित्तहरूको संख्या ८ को बदलामा ४० वटा हुन्छन् । त्यो ध्यानाङ्गहरू साथै उत्पत्ति हुने लोकोत्तर चित्तहरू हुन् । यस किसिमको लोकोत्तर चित्त चाहिँ ध्यानको अभ्यास गर्ने व्यक्तिले जुन स्तरको ध्यानलाई प्राप्त गरेको हुन्छ, तिनै ध्यानाङ्गहरू साथै उत्पन्न हुने हुन्छ । माथि उल्लेख गरिए झैँ, रूप-ध्यानका ५ अङ्गहरू छन् र ध्यानको पाँचौं अङ्गमा आएर सुखको सट्टामा उत्पत्ति हुने एकाग्रता र उपेक्षाका शेष अङ्गहरू मात्र बाँकी नरहेसम्म प्रत्येक अङ्गमा ध्यानाङ्गहरूलाई एक पछि अर्को गरी क्रमश : त्यागिन्छन् । यसरी रूप-ध्यानको पाचौं तहलाई प्राप्त गरेका व्यक्तिका लोकोत्तर चित्तहरूका साथैमा एकाग्रता र उपेक्षा



https://dhamma.digital

पनि उत्पन्न भएका हुन्छन् ।

जहाँसम्म अरूप-ध्यान चित्तहरूको कुरा छ, अरूप-ध्यान चित्तहरूका कर्मस्थान रूप-ध्यानको भन्दा भिन्नै खालका हुन्छन् । तर ती अरूप ध्यान चित्तहरूका साथै उत्पन्न हुने ध्यानाङ्गहरू भने रूप-ध्यानका पाँचौं तहका ध्यानाङ्गहरू झैँ उही हुन्छन्, अर्थात् एकाग्रता र उपेक्षा नै हुन्छन् । परिणाम स्वरूप अरूप-ध्यान प्राप्त गर्ने व्यक्तिहरूका लोकोत्तर चित्तहरूका साथै एकाग्रता र उपेक्षा नै उत्पन्न भएका हुन्छन् ।

ध्यानाङ्गहरू साथै उत्पन्न भएका लोकोत्तर चित्तहरूको संख्या गणना गर्दा ८ लोकोत्तर चित्तहरुलाई छ ले गुणन गर्नुपर्दछ । किनभने पाँच प्रकारका ध्यान चित्तहरूलाई गणना गरिनु पर्दछ । यसरी लोकोत्तर चित्त जम्मा ४० वटा हुन्छन् ।

चित्तहरूलाई ८९ मा गणना गर्दा संक्षेपमा ती चित्तहरूलाई यसरी गणना गर्न सकिन्छ :

१२ अकुशल चित्तहरू

१८ अहेतुक नित्तहरू

८ महा कुशल चित्तहरू ५४ कामावत्तर चित्तहरू

८ महा विपाक चित्तहरू (काम भूमिका चित्तहरू)

८ महा क्रिया चित्तहरू

त्यसमा थप हुन् :

१५ रूपावचर चित्तहरू

१२ अरूपावचर चित्तहरू

८ लोकात्तर चित्तहरू

चित्तहरूलाई १२१ भनी गणना गर्दा ८ लोकोत्तर चित्तहरूका बदलामा ४० लोकोत्तर चित्तहरू हुन्छन् ।



https://dhamma.digital

**(प्र.) निर्वाणको पथ त एकदमै टाढाको बाटो जस्तो लाग्यो मलाई त हामीले कहिल्यै प्राप्त गर्न सकौँला र ?**

(उ.) हामीले अधीर भएर टाढाको फलको कामना गर्नु हुन्न । बरु, हामीले वर्तमान घडीमा हामीले के गर्नुपर्ने हो त्यसैको विचार गर्नुपर्छ, तत्काल प्रकट हुने नाम र रूपको स्मृतिलाई बढाउनु पर्दछ । यसरी हामीले निर्वाण प्राप्तिको लागि चाहिने हेतुलाई अभ्यास गरेका हुन्छौं ।

Dhamma.Digital



https://dhamma.digital

## परिच्छेद - २४

# सम्बोधि

उपयुक्त हेतुहरू (अङ्गहरू) को अभ्यास नगरिकन कसैले मार्ग फल (सम्बोधि) लाभ गर्न सक्तैन ।

**(प्र.) आर्य मार्ग फल (बोधिज्ञान) प्राप्त गर्ने हेतुहरू (अङ्गहरू) के के हुन् त ?**

(उ.) र संयुक्त निकाय (महावर्ग, ११ परिच्छेद श्रोतापत्ति संयुत्त, भाग १ बेलुद्वार वर्ग, द्वितीय सारिपुत्र सूत्र, श्रोतापत्ति अङ्ग) मा श्रोतापन्न हुनको निमित्त आवश्यक चार अङ्गहरू बारेमा यसरी उल्लेख गरिएको छ :-

तब आयुष्मान सारिपुत्र भगवान भए छेउ गएर शास्तालाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेको सारिपुत्रलाई भगवानले सोध्नुभयो :-

"सारिपुत्र ! 'श्रोतापत्ति-अङ्ग, श्रोतापत्ति'-अङ्ग" जो भनिन्छ, त्यो श्रोतापत्ति अङ्ग के हो ?

भन्ते ! सत्पुरुष-सेवा श्रोतापत्तिको अङ्ग हो । सद्धर्म-श्रवण श्रोतापत्तिको अङ्ग हो । योनिसोमनसिकार ( अर्थात् राम्रो सँग मनन गर्नु ) श्रोतापत्तिको अङ्ग हो । धर्मानुधर्म-प्रत्तिपत्ति (अर्थात् धर्मानुकुल आचारण गर्नु) श्रोतापत्तिको अङ्ग हो ।

साधु ! साधु ! सारिपुत्र ! यिनै श्रोतापत्तिका अङ्गहरू हुन् ।

सारिपुत्र ! "श्रोत ! श्रोत" भनिन्छ । त्यो श्रोत के हो ?

भन्ते ! यही आर्य अष्टाङ्गिक मार्ग नै श्रोत हो; जस्तो सम्य्क दृष्टि, सम्य्क संकल्प, सम्य्क वचन, सम्य्क कर्मान्त, सम्य्क आजीव, सम्य्क ब्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।



https://dhamma.digital

साधु, साधु ! सारिपुत्र ! यही आर्य अष्टाङ्गिक मार्ग नै श्रोत हो ।

सारिपुत्र ! "श्रोतापन्न, श्रोतापन्न"भनिन्छ, त्यो श्रोतापन्न के हो ?

भन्ते ! जो यस आर्य-अष्टाङ्गिक मार्गबाट युक्त छ उही श्रोतापन्न भनिन्छ । उनै आयुष्मान् यो नाउँको यो गोत्रको हुन्छ ।

**(प्र.) पहिलो अङ्ग, सत्पुरुष सेवा वा सत्पुरुषसँगको सहबास जो छ, के यो आवश्यक छ ? के आफैँ सम्यक् प्रतिपद् पत्ता लगाउन सकिन्छ ?**

(उ.) केवल बुद्धहरूले मात्र यस्तो प्रज्ञा संचित गरेका हुन्छन् जसले गर्दा उहाँहरू गुरुको सहयोग लिए बेगर नै स्वयं आफैँ मार्ग पहिल्याउन सक्नुहुन्छ । परन्तु, अन्य लोकजनहरूले सम्य्क मार्ग पत्ता लगाउनको निम्ति बुद्धको धर्मोपदेशहरूको जरुरत हुन्छ । किनभने त्यस्ता व्यक्तिहरूमा अनन्त कालदेखि मोह (अविद्या) संचित रहेको हुन्छ । हामीलाई सम्य्क मार्ग देखाइ दिन सक्ने धर्मका कल्याण मित्र, सत्पुरुषको सत्संतको जरुरत हुन्छ । किनभने हाम्रा क्लेशहरूले हामीलाई सम्य्क मार्ग पत्ता लगाउन दिँदैन । हाम्रा धर्म-मित्रले हामीलाई नाम-रूपको स्मृति बढाउन प्रोत्साहित गर्न सक्छ ।

**(प्र.) ठीक तरीकाको अभ्यासलाई देखाइ दिन सक्ने यस्तो धर्मको कल्याण मित्र भएन भने के गर्नु पर्छ त ?**

(उ.) बौद्ध ग्रन्थहरू (त्रिपिटक) को अध्ययन गर्नु पनि निकै सहायक हुन्छ । उपदेशहरूले हाम्रा दैनिक जीवनमा देखापर्ने नाम र रूप बारेमा स्मृतियुक्त रहन हामीलाई प्रोत्साहित गर्न सक्छन् । तर पनि हामीले धर्मोपदेशलाई गलत तरीकाबाट अर्थ्याउने सम्भावना रहन्छ । हामीले धर्मोपदेशहरू बुझ्न र ती धर्मोपदेश अनुकुल आचरण गर्न मद्दत गर्न सक्ने उपयुक्त व्यक्तिको संसर्गमा हामी आउँछौ कि आउँछौँ कि आउँदैनौ भन्ने कुरा हेतुहरूमा नै निर्भर गर्दछ । संचित कुशल नै ठीक व्यक्तिलाई भेट्न दिने हेतु हुन सक्छ ।

**(प्र.) हामीहरु साँच्चिकै उपदेशहरूलाई बुझेर सम्य्क मार्गको**



https://dhamma.digital

**आचरण गर्छौं कि गर्दैनौ भन्ने कुरा कसरी हामी पत्ता लगाउन सक्छौं त ?**

(उ.) हामीले अभ्यासद्वारा यो पत्ता लगाउन सक्छौं । हामीले गलत तरीकाले अभ्यास गर्न थालेमा अन्तमा गएर यसले आत्माको धारणाप्रतिको आशक्तिलाई घटाउनको बदलामा हामीमा बढी राग हुन गएको कुरा हामी पत्ता लगाउँछौं । अनि हाम्रो अभ्यासको तरीका गलत रहेछ भन्ने कुरा थाहा पाउँछौं । गलत तरीकाले अभ्यास गरिसकेपछि यसमा सुधार गर्न निकै लामो समय लाग्न जाने सम्भावना रहन्छ ।

हामीले ठीक व्यक्ति वा सत्पुरुषबाट धर्म श्रवण गरेपछि हामीले त्यसैमा मन लगाउनु पर्छ अर्थात् त्यस धर्मलाई मनन गर्नुपर्दछ । यो तेश्रो अङ्ग हो । हामीले धर्मको उपदेश गर्ने व्यक्तिको अन्ध अनुसरण गर्ने होइन बल्कि हामी आफैंले ग्रन्थहरूको अध्ययन गर्नु पर्दछ, धर्मका बारेमा गहिरो चिन्तन गर्नुपर्दछ र सत्यको परीक्षा गर्नको निम्ति यसलाई होसियारीपूर्वक विचार गर्नुपर्दछ ।

सत्यको वास्तविक परीक्षा त अभ्यास नै हो । तसर्थ चतुर्थ अङ्ग धर्मानुधर्म-प्रतिपत्ति अर्थात् धर्मानुकूल अभ्यास गर्नु हो अथवा आर्य-अष्टाङ्गिक मार्गको अभ्यास गर्नु हो । ६ द्वारहरू मार्फत प्रकट हुने धर्महरू सम्बन्धमा स्मृतियुक्त रहेर हामीले यी धर्महरू हेतुहरूको कारणले उत्पत्ति हुने नाम-रूप मात्र हुन् भन्ने कुरा सत्य हो कि होइन भन्ने कुरा प्रमाणित गर्न सक्छौं । ती धर्महरू अनित्य वा नित्य के हुन्, दुःख वा सुख के हुन्, अनात्मा वा आत्मा के हुन्, हामी सिद्ध गर्न सक्छौं । अभ्यास गर्न थाले पछि नै हामीमा बुद्धका उपदेशहरूप्रति बढी श्रद्धा उत्पत्ति हुनेछ । अभ्यासद्वारा जब हामी यो अनुभव गर्दछौं कि उपदेशहरू सम्य्कदृष्टिको विकास गर्न साँच्चिकै सहायता छन् र दैनिक जीवनमै देखापर्ने नाम र रूपका विषयमा सम्य्कदृष्टि रहनाले क्रमशः क्लेशहरूको क्षयको बाटोमा हामी पुग्छौं, अनि हामीमा अझ श्रद्धाको वृद्धि हुन्छ ।

लोकोत्तर चित्तहरू सम्यक अङ्गहरूको अभ्यास नगरिकन उत्पत्ति हुन सक्तैनन् । कोही कोही मानिसहरू दुःख निरोधको कामना भने



https://dhamma.digital

गर्दछन् । तर तिनीहरू दैनिक जीवनमा स्मृतिको संचय भने गर्दैनन् । तिनीहरू एकदिन त लोकोत्तर चित्तहरू उत्पत्ति भइहाल्लान् भनी आशा गर्दछन् । विपश्यनाको वृद्धि गर्न कार्य कति कठीन छ भन्ने कुरा भगवान बुद्ध बताइरहनु हुन्थ्यो-लोकोजनलाई यस प्रति दुरुत्साहित गर्नलाई होइन, बल्कि अप्रमादी भएर रहनु भनी उनीहरूलाई बोध गराउन ।

संयुक्त निकाय ( महावर्ग, परिच्छेद १२, सत्य संयुक्त, भाग ५ प्रपात वर्ग, प्रथम छिग्गल सूत्र, सबभन्दा गाह्रो लक्ष) मा उल्लेख गरिएको छ कि आयुष्मान आनन्दले केही लिच्छवी कुमारहरूलाई संस्थागारमा धनुर्विद्याको अभ्यास गर्दै गरेका देख्नुभयो । भगवान भए छेउ गएर आनन्दले बिन्ति गर्‍यो ।

"भन्ते ! आज म पूर्वाण्ह समयमा वस्त्र लगाई पात्र-चीवर लिएर वैशालीमा भिक्षाटन गर्नको लागि गएको थिएँ । तब मैले लिच्छबी कुमार हरूलाई संस्थागारमा धनुर्विद्याको अभ्यास गर्दै टाढैबाट एउटा सानो प्वाललाई निशाना गरी नबिराईकनै एक पछि अर्को वाण हानिरहेको देखें । त्यो देखेर भन्ते ! मेरो मनमा लाग्यो - टाढैबाट एउटा सानो छिद्रलाई निशाना लगाई नबिराईकन एक पछि अर्को वाण हान्न सक्ने यो लिच्छवी-कुमारहरू राम्ररी तालिम प्राप्त रहेछन् ।

आनन्द ! तिमी के मान्दछौ, टाढाबाट एउटा सानो छिद्रमा वाण माथि वाण हान्ने काम गाह्रो हुन्छ कि एउटा केशको काँटिएको सयौं भाग बराबरवाला वस्तुलाई वाणले छिराउनु गाह्रो हुन्छ कुन चाहिँ बढी कठीन हुन्छ ?

किन र भन्ते ! निश्चयनै एउटै रौंको पनि सयौं खण्डको एक खण्डवाला वस्तुलाई वाणले छिराउने कार्य नै बढी कठीन हुन्छ ।

त्यसरी नै आनन्द ! जसले "यो दुःख हो" यसलाई यथार्थ रूपमा बुझ्दछ, "यो दुःखको समुदय हो," "दुःखको निरोध हो " "यो दु ःख निरोध गामिनी प्रतिपद् हो भन्ने कुराको अर्थलाई यथार्थतः बुझ्न सक्छ, तिनीहरूले सबैभन्दा कठीन लक्ष भेद गरेका हुन्छन् ।



https://dhamma.digital

त्यसकारण आनन्द ! तिमीले यो बुझ्न प्रयास गर्नुपर्छ-यो दुःख हो। यो दुःखको समुदय हो। यो दुःख निरोध हो। यो दुःख निरोध गामिनी मार्ग हो।"

**(प्र.) यस सूत्रलाई सुने पछि त म साँच्चिकै हतोत्साहित भए बा ! बोधिज्ञान (मार्गफल) प्राप्त गर्नु असम्भव नै जस्तो लाग्छ।**

(उ.) कसैले सम्यक्‌मार्गको अवलम्बन गर्छ, गलत मार्गको होइन भने उसले चतुरार्य सत्यहरूलाई अवबोध गर्ने छ र उसले आर्य मार्ग फल प्राप्त गर्ने छ। दर्शन, रंग, लोभ, द्वेष वा कुनै अन्य धर्म स्वभाव जस्ता तत्काल देखापर्ने धर्महरू बारेमा स्मृति राखेर बस्नु नै चतुरार्य सत्यहरूलाई जान्ने मार्ग हो। हामीले शिघ्र प्रगति गर्न सके जस्तो नदेखिए पनि हामी हतोत्साहित हुनु हुन्न। प्रायःजसो मानिसहरू फलमा आशक्त रहन्छन् र शिघ्र फललाई प्राप्त भएको नदेख्दा तिनीहरू अधीर बन्दछन्। फलप्रतिको उपादान (आशक्ति) जो छ त्यो प्रज्ञाको बुद्धिको निमित्त सहायक हुन्न। यो अकुशल हो।

कुनै कुनै मानिसहरूका मनमा समथको भावना गर्नाले अझ शिघ्र फल प्राप्त गर्न सकिन्छ भन्ने कुरा लागेको हुन्छ। समथको विकास गर्नाले यसको फलको रूपमा शान्ति मिल्दछ। ध्यान प्राप्त भएपछि लोभ, द्वेष र मोह केही कालको लागि निर्मूल नै हुन्छन्। किन्तु ध्यान प्राप्त गर्नु साह्रै कठीन हुन्छ। यसको निमित्त अनेकौं अङ्गहरूको अभ्यास गरिनु पर्दछ। समथको अभ्यास गरेर पनि कसैले "उपचार समाधि" वा ध्यान प्राप्त गर्न सकेन भने कामच्छन्द, व्यापाद, स्त्यान-मृत, औद्धत्य-कौकृत्य र विचिकित्सा जस्ता पाँच नीवरणहरू उत्पत्ति हुन बाध्य नै हुन्छन्।

विपश्यनाको लक्ष चित्तको शान्ति होइन, दृष्टि र अन्ततोगत्वाः सम्पूर्ण क्लेशहरूकै क्षयको लक्ष प्राप्त गर्नु हो। यो लक्ष एकदमै टाढाको देखिने सम्भावना हुन्छ। तर नाम र रूपको विषयमा सम्यक् स्मृतिको प्रत्येक अल्प क्षण पनि निकै लाभदायक हुन्छ र यसले आत्माको धारणा प्रतिको उपादानलाई उन्मूलन गर्न सघाउ पुग्ने हुन्छ। स्मृतियुक्त रहँदा लोभ, द्वेष वा मोह उत्पन्न हुँदैनन्। चित्तको शान्ति नै यसको लक्ष नभए



https://dhamma.digital

पनि सम्यक स्मृतिको घडीमा कुशल चित्त शान्तिपूर्ण नै हुन्छ ।

**(प्र.) के सम्बोधि वा निर्वाणको अनुभव गर्ने भन्नु र निर्वाणको विषयमा चिन्तन गर्नु भन्नु एउटै कुरा हो त ?**

**(प्र.) के नाम-रूपका स्वभावहरूका प्रत्यक्ष अनुभव र तिनका बारेमा चिन्तन गर्ने कुरा उही हुन्छ र ?**

(उ.) होइन, त्यसो त भिन्नै हुन्छ ।

(उ.) त्यसरी नै निर्वाणको प्रत्यक्ष अनुभव भन्नु पनि यस बारेको सोचाइ भन्दा भिन्न कुरो हो ।

**(प्र.) सम्बोधि प्राप्त गर्नेले कुनचाहिँ द्वार मार्फत निर्वाणलाई अनुभव गर्दछ ?**

(उ.) निर्वाणलाई पाँच इन्द्रीयहरू मध्ये कुनैबाट पनि अनुभव गर्न सकिन्न, यसलाई त मनोद्वार मार्फत अनुभव गरिन्छ ।

**(प्र.) पाँच इन्द्रियद्वारहरू वा मनोद्वारमा स्पर्श गर्ने गोचरहरूलाई चित्तका विथिक्रममा उत्पत्ति हुने चित्तहरूद्वारा अनुभव गरिन्छन् । निर्वाणलाई अनुभव गर्ने चित्तको विथिक्रम के हो त ? कति वटा चित्तहरूले निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्दछन् ?**

(उ.) सम्बोधि प्राप्त गर्नै लागेका व्यक्तिले विपश्यनाको अभ्यासको क्रममा संखार धम्म (संस्कृत धर्महरू) बारेको ज्ञानलाई वृद्धि गरेको हुन्छ । उसले नाम र रूपका लक्षणहरूलाई झन् झन् स्पष्ट रूपमा बुझ्दै तिनका उत्पत्ति र निरोध धर्मलाई अनुभव गरेको हुन्छ । ६ द्वारहरू मार्फत उपस्थित हुने नाम र रूपलाई अनित्य, दुःख र अनात्मा भनी महशूस गर्ने गरी त्यस हदसम्म उसले प्रज्ञालाई वृद्धि गरिसकेको हुन्छ । सम्बोधि लाभ हुने प्रक्रियामा मनोद्वारावर्जन चित्तले अनित्य, दुःख र अनात्मा-यी धर्मका तीनवटा स्वभावहरू मध्ये कुनै एकलाई आलम्बनको रूपमा ग्रहण गर्दछ । यसरी त्यस क्षणमा उपस्थित हुने धर्म अनित्य वा दुःख वा अनात्माको रूपमा देखिन्छ ।

**(प्र.) अनित्य, दुःख र अनात्मा संस्कृत धर्महरूका सत्यको तीन**



https://dhamma.digital

**पक्षहरू हुन् भन्ने कुरा त मैले बुझें। यसरी उसले एक पक्षलाई देखेको खण्डमा अरु पक्षहरूलाई देख्छ भन्ने कुरा पनि थाहा पाएँ। तर त्यसले ती तीनैवटा लक्षणहरूलाई किन अनुभव गर्न सक्तैन त ?**

(उ.) एक चित्तले एउटा समयमा एउटै गोचर वा आलम्बनलाई मात्र अनुभव गर्न सक्छ। सम्बोधि प्राप्त गर्ने चित्तहरूको प्रक्रियामा तीनवटा लक्षणहरू मध्ये कुन चाहिंलाई साक्षात्कार गरिन्छ भन्ने कुरा भावना गर्नेको संस्कारमा निर्भर गर्दछ। एक व्यक्तिले त्यस घडीमा प्रकट भएको धर्मलाई अनित्यको रूपमा देख्छ भने अर्कोले दुःखको रूपमा र अझ अर्कोले फेरि अनात्माको रूपमा देख्छ।

त्यस वीथिक्रममा मनोद्वारावर्जन चित्तले अनित्य, दुःख र अनात्मादि तीनवटा लक्षणहरू मध्ये कुनै एकमा ध्यान दिए पछि, तीन वा चारवटा चित्तहरू क्रमशः उत्पत्ति हुन्छन्। तर ती अझै लोकोत्तर चित्तहरू हुँदैनन्; बल्कि प्रज्ञा सहगत महाकुशल चित्तहरू हुन्छन् (काम भूमिका कुशल चित्तहरू)। पहिलो महाकुशल चित्तलाई परिकर्म (परिकम्म) भनिन्छ। यसको अझै मनोद्वारावर्जन चित्तको जस्तै उही आलम्बन हुन्छ। यदि मनोद्वारावर्जन चित्तको 'अनित्य' आलम्बन भएमा परिकर्मले पनि अनित्यको लक्षणलाई नै महशूस गर्दछ।

**(प्र.) परिकम्मको अर्थ के हो ?**

(उ.) परिकम्मको अर्थ तयार गर्ने हो। त्यस वीथिक्रममा लोकोत्तर चित्तहरू उत्पत्ति हुनु अगाडिको महाकुशल चित्तहरू मध्येको पहिलो चित्त त्यो हुने भएकोले त्यस चित्तलाई "तयार गर्ने" भनिन्छ।

परिकम्म पछि उपचार उत्पत्ति हुन्छ, जसको अझै मनोद्वारा वर्जन चित्तकै जस्तो उही आलम्बन हुन्छ।

**(प्र.) उपचारको अर्थ के हो ?**

(उ.) उपचारको अर्थ हो समीपको, नजिकैको। यो चित्त, जुन त्यस वीथिक्रममा दोश्रो महाकुशल चित्त हो, लोकोत्तर चित्त उत्पत्ति हुने क्षणको नजदीक हुन्छ। उपचार पछि अनुलोम लाग्छ। यसको पनि अझै



https://dhamma.digital

मनोद्वारावर्जन चित्तकै अनुरूप उही आलम्बन हुन्छ ।

**(प्र.) अनुलोमको अर्थ के हो ?**

(उ.) अनुलोमको अर्थ अविरोधी, अनुकूल । अनुलोमको पछि गोत्रभू उत्पत्ति हुन्छ, जुन काम-भूमिको अन्तिम चित्त हो, त्यस वीथिक्रममा यो अन्तिम कामावचर चित्त हो । गोत्रभूलाई कहिलेकाहीं वंश परिवर्तन गनेर पनि अनुपाद गरिन्छ ।

**(प्र.) समथको अभ्यासमा पनि गोत्रभू हुन्छ भन्ने कुरा मैले सुनेको छु । के समथ भावनाको गोत्रभू पनि उही किसिमको चित्त हो कि समथ र विपश्यनाका गोत्रभूका वीच भेद हुन्छ ?**

(उ.) गोत्रभू भनेको त्यस वीथिक्रममा अर्को भूमिको चित्त उत्पत्ति हुन अगाडिको त्यस वीथिक्रमको अन्तिम कामावचर चित्त हो । अर्को चित्तको भूमि रूपावचर (रूप-ध्यानको हकमा), अरुवाचर (अरूप-ध्यानका हकमा) वा लोकोत्तर हुन सक्छ ।

समथ भावनामा गोत्रभू भनेको रूप-ध्यान चित्त वा अरूप ध्यान चित्त उत्पत्ति हुनु अगाडिको अन्तिम कामावचर चित्त हो । विपश्यना भावनामा, गोत्रभू भनेको लोकोत्तर चित्त उत्पत्ति भई आर्य (अशैक्ष्य) बन्नु भन्दा अगाडिको अनार्य (शैक्ष्य) को अन्तिम कामावचर चित्त हो । लोकोत्तर चित्तको अघि उत्पत्ति हुने गोत्रभूको आलम्बन चाहि समथमा गोत्रभूको आलम्बन भन्दा भिन्न हुन्छ ।

**(प्र.) लोकोत्तर चित्त उत्पत्ति हुनु अगाडिको गोत्रभूको आलम्बन के हुन्छ ?**

(उ.) लोकोत्तर चित्तको अगाडि उत्पत्ति हुने गोत्रभूको निर्वाण नै आलम्बन हुन्छ ।

**(प्र.) गोत्रभू किन् लोकोत्तर चित्त होइन त ? निर्वाणलाई आलम्बनको रूपमा ग्रहण गर्ने यो पहिलो चित्त हो ।**

(उ.) गोत्रभू उत्पत्ति हुँदाको घडीमा सम्बोधि प्राप्त हुन लागेको पुद्गल अझै अनार्य हुन्छ । गोत्रभूले क्लेशहरूलाई निर्मूल गर्दैन । गोत्रभू



https://dhamma.digital

पछि श्रोतापन्नको तहमा उन्मूलन गरिनु पर्ने क्लेशहरूलाई निर्मूल गर्ने मार्ग चित्त उत्पत्ति हुन्छ। चित्तको त्यस वीथिक्रममा मार्ग चित्त पहिलो लोकोत्तर चित्त हो। यसको निरोध भएपछि दुई वा तीन फल चित्तहरू यसको पछि उत्पन्न हुन्छन्, जुन फल चित्तहरू मार्ग चित्तको विपाक हो र जसको अझै निर्वाण नै आलम्वन हुन्छ। माथि उल्लेख गरिसकिए झैं मार्ग चित्तको पछि तुरुन्तै चित्तको त्यही वीथिक्रममा यसको विपाक उत्पत्ति हुन्छ। मार्ग चित्तले अन्य चित्तका भूमिका कुशल चित्तले जस्तै पुनर्जन्मको रूपमा विपाकलाई पैदा गर्न सक्तैन। फल चित्तहरू पछि भवंग चित्तहरू पछि लाग्छन्।

केही व्यक्तिहरूलाई परिकम्मको घडीको आवश्यकता रहँदैन। त्यस अवस्थामा दुई घडीहरूका बदलामा फल चित्तका तीन घडीहरू उत्पन्न हुन्छन्।

सम्बोधि लाभ गर्दाको चित्तको वीथिक्रमलाई संक्षिप्त रूपमा निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छ।

मनोद्वारावर्जन चित्त।

परिकम्म।

उपचार।

अनुलोम।

गोत्रभू।

मार्ग चित्त।

फल चित्त (व्यक्ति हेरी फल चित्तका दुई वा तीन क्षणहरू)।

**(प्र.) सम्बोधि त महान् सुखको घडी हुनुपर्छ। के लाकोत्तर चित्त सौमनस्य सहगत हो त ?**

(उ.) लोकोत्तर चित्त सौमनस्य वा उपेक्षा सहगत हुन्छ। यो कुरा कुन प्रकारको वेदना उत्पत्ति हुन्छ त्यसैमा निर्भर गर्दछ। फल चित्तहरू मार्ग चित्तकै अनुरूप उही वेदना सहगत हुन्छ।



https://dhamma.digital

**(प्र.) लोकोत्तर चित्तहरूको निरोध भएर पुनः कामावचर चित्तहरू उत्पन्न हुन्छन् भने के निर्वाण पनि कामावचर चित्तहरूको आलम्बन हुन सक्छ त ?**

(उ.) लोकोत्तर चित्तहरूको निरोध भएपछि उत्पत्ति हुने कामावचर चित्तहरूको आलम्बन निर्वाण हुन सक्छ । कोही व्यक्ति आर्य बन्नु भन्दा आगाडी निर्वाण बारेमा केवल कल्पना मात्र गर्न सक्छ । किन्तु आर्य (अशैक्ष्य) ले निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने भएकोले उसले आफ्नो अनुभवको विषयमा पछि पनि चिन्तन गर्न सक्छ ।

विशुद्धि मार्ग (२२, १९) मा उल्लेख गरिएको छ कि लोकोत्तर चित्तहरूको निरोध भएपछि बोधिज्ञानलाई प्राप्त गर्न पुद्गलले चित्तका विभिन्न मनोद्वार वीथिहरूमा मार्ग फलं, प्रहीण भइसकेका क्लेशहरू, अवशेष क्लेशहरू र निर्वाणको प्रत्यवेक्षण गर्दछ ।

**(प्र.) के बोधिज्ञान दैनिक गतिविधिहरूका वीचमा पनि प्रवर्तित हुन सक्छ कि निर्वाणलाई प्राप्त गर्न एकान्तवासमा नै जानु आवश्यक हुन्छ ?**

(उ.) दैनिक जीवनमै हामीले प्रज्ञाको अभ्यास गर्ने भएकोले दैनिक जीवनमै बोधिज्ञानको स्तरसम्म नै पुग्ने गरी प्रज्ञाको विकास किन गर्न सकिदैन र ? त्यो मात्रासम्म प्रज्ञाको वृद्धि हुन्छ भने दैनिक गतिविधिहरूकै बीचमा पनि बोधिज्ञान प्रवर्तित हुन सक्छ । हामीले देखिसकेकै छौं, निर्वाणको प्राप्ति भन्ने कुरा चित्तका केही घडीहरूमात्र हुन् जुन चित्त भनेको एक सेकेण्डको पनि अंशहरू भित्रै उत्पत्ति र विनाश भइसक्ने कुरा हो ।

दीघनख सुत्त (मज्झिम निकाय, परिब्वाजक वग्ग) मा उल्लेख गरिएको छ कि भगवान बुद्धले राजगृहको समीप गृहकुट पर्वतमा परिब्राजक दीर्घनख (दोघनक) लाई धर्मोपदेश गर्नुभयो । तथागतले उसलाई मिथ्यादृष्टिहरूबाट पार गर्ने विषयमा संस्कृत धर्महरूको अनित्ययाको विषयमा उपदेश दिनुभयो । आर्य भएर पनि अझै अरहन्त



https://dhamma.digital

फल प्राप्त गरि नसकेको आयुष्मान् सारिपुत्र पनि त्यस धर्मोपदेशको समयमा उपस्थित थिए। हामी पढ्छौं।

अनि त्यस बेलामा आयुष्मान् सारिपुत्र भगवानको पछाडि उभिएर भगवानलाई पंखा हम्काउँदै थिए। आयुष्मान् सारिपुत्रलाई मनमा लाग्यो:

"भगवान हामीलाई चिनेरै यस्ता यस्ता कुराहरूलाई छोड्नु पर्छ भनी भन्नु हुन्छ; सुगत हामीलाई चिनेरै यस्तो कुराहरू र त्यस्ता कुराहरूलाई परित्याग गर्नुपर्छ भनी भन्नुहुन्छ।"

यसरी त्यस कुरा माथि चिन्तन गर्दागर्दै आयुष्मान सारिपुत्रको चित्त उपादान रहित भै चितमलहरू (आश्वहरू) बाट विमुक्त भयो ....।

आयुष्मान् सारिपुत्र निर्वाण प्राप्त गर्न एकान्तवासमा गएको थिए। उनी भगवान बुद्धलाई पंखा हम्काउँदै थिए।

संयुक्त निकाय (खन्ध वर्ग, मज्भिम पण्णासक, भाग ४ स्थविर वर्ग, खेमक सुत्त) मा आयुष्मान खेमक, जो अनागामी थिए, ले धर्मोपदेश गर्दागर्दै अरहन्त फल प्राप्त गरेको र धर्मोपदेश श्रवण गरिरहेका भिक्षुहरूले अरहन्त फल प्राप्त गरेको कुराको चर्चा गरिएको छ। त्यहाँ भनिएको छ:

"यस धर्मालापको अन्तर ती साट्ठी भिक्षुहरूका र आयुष्मान खेमकको चित्त उपादान रहित भई आश्रवहरूबाट मुक्त भयो।"

सम्यक् मार्गको अभ्यास गर्नेले जुनसुकै परिस्थितिहरूमा पनि प्रज्ञालाई बोधिज्ञानकै तहसम्म पनि विकसित गर्न सक्तछ।

**(प्र.) कसैले निर्वाण प्राप्त गरेको कुरा के अरु कसैले पनि देख्न सक्छ ?**

(उ.) कोही व्यक्ति स्मृति सहित छ कि स्मृति रहित छ भन्ने कुरो के तिमी देख्न सक्छौ र ? अर्काको चित्तलाई कसले जान्दछ र ? अर्काको चित्तलाई जान्ने अभिज्ञा (विशेषज्ञान) को विकास नगरेका कसैले पनि कहिलेको व्यक्ति नाम र रूपप्रति स्मृतियुक्त छ वा उसले कहिले निर्वाणलाई प्राप्त गर्छ भन्ने कुरा जान्न सक्तैन।



https://dhamma.digital

**(प्र.) के एकै जीवनको अवधिमै श्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्तादि बोधिज्ञानका चारै तहहरू कसैले प्राप्त गर्न सक्छ ?**

(उ.) ती चारै तहहरूलाई एकै जीवनको अवधिमै लाभ गर्न सकिन्छ। हामी सूत्रहरूमा भगवानका यस्ता अनेकौं शिष्यहरूका बारेमा पढ्छौं जुन शिष्यहरूले आर्य मार्ग फल प्राप्त गरी आर्य भइसकेपछि पछि नै आएर मात्र अरहन्त फल प्राप्त गर्दथे। उदाहरणको लागि, आयुष्मान् आनन्दले भगवान बुद्धको जीवितावस्थामा अरहन्त फल प्राप्त गर्नुभएको थिएन। भगवान बुद्धको महापरिनिर्वाण पछि प्रथम संगीतिको प्रारम्भ हुनु अगाडिको सायंकालमा उनी अरहन्त भएका थिए।

**(प्र.) अरहन्तको सम्पूर्ण क्लेशहरूलाई निर्मूल गरेको हुन्छ र उनी जाति, जरा, व्याधि र मृत्युको चक्रको अन्त्यमा पुगेको हुन्छ। उनले दुःखको अन्त्यलाई साक्षात्कार गरिसकेको हुन्छ। उनको अब पुनर्जन्म हुँदैन। तर पनि उनलाई अझै मर्नुपर्छ। तसर्थ के अरहन्त फललाई प्रत्यक्ष गरेकै घडीमा उनले दुःखको निरोधलाई साँच्चिकै प्राप्त गरेको हुन्छ त ?**

(उ.) अरहन्तले पनि जन्म भइसेको हुँदा मर्नु नै पर्छ। अरहन्त फल प्राप्त गर्नु भन्दा अगाडि गरिएका अकुशल कर्मका दुःखकर विपाकहरूलाई अरहन्तले भोग गर्नुपर्दछ। तर पनि उनमा अब क्लेशहरू नभएको र विपाकलाई पैदा गर्ने सम्भावना भएका कुनै पनि कर्मको संचय अब उनले नगर्ने भएकोले अरहन्त साँच्चिकै दुःखबाट विमुक्त हुन्छ।

इतिवृत्तकमा दुई किसिमका निर्वाण धातुहरूको सम्बन्धमा व्याख्या गरिएको छ। सउपादिशेष निर्वाण भनेको पंचस्कन्धहरू अझै विद्यमान रहेको निर्वाण हो। अरहन्तले सम्पूर्ण क्लेशहरूलाई निर्मूल गरिसकेको भए पनि पंचस्कन्ध बाँकी रहेका अरहन्तको निम्ति अझै चित्त, चैतसिक र रूपको उत्पत्ति र विनाश भइनै रहने हुन्छ। अनुपादिशेष निर्वाण स्कन्धहरूको शेष नरहेको निर्वाण हो। अन्तिम रूपमा परिनिवृत्त भइसकेको अरहन्तको निम्ति अब कुनै पनि चित्त चैतसिक र रूपको



https://dhamma.digital

उत्पत्ति र विनाश हुन्न ।

**(प्र.) अरहन्त भए पछि त अर्को पुनर्जन्म हुँदैन । यदि कसैले जीवन भरिमा श्रोतापत्तिको मार्ग र फल मात्र प्राप्त गर्न सक्यो भने उसले कति पटक पुनर्जन्म लिनुपर्ने हुन्छ नि ?**

(उ.) श्रोतापन्नले सात पटक भन्दा बढी पुनर्जन्म ग्रहण गर्नुपर्दैन । यसरी अन्ततोगत्वाः उसको लागि जन्मको निरोध हुन्छ नै । विपश्यनालाई अभ्यास नगर्ने व्यक्तिहरूको निम्ति पुनर्जन्मको संख्या अनन्त हुनेछन् । भगवान बुद्धले करुणावश पुनर्जन्मको आदिनवहरू (दोषहरू) बारेमा हामीलाई बताउनुभयो । बुद्ध लोकजनहरूलाई स्मृतिको विकास गर्न प्रोत्साहित गर्न चाहनु हुन्थ्यो ।

संयुक्त निकाय (महावर्ग, परिच्छेद १२, सत्य संयुक्त, भाग ५, प्रतात वर्ग, अन्धकार सूत्र सबभन्दा घनघोर अन्धकार) मा बुद्धले भिक्षुहरूलाई उपदेश दिनुभएको कुरा यसरी चर्चा गरिएको छः-

"भिक्षुहरू ! एउटा लोक छ, जो अन्धो बनाइदिने खालको घोर अन्धकारबाट ढाकिएको हुन्छ, जहाँ यतिका ज्यादा तेज भएको चन्द्रमा-सूर्यको पनि प्रकाश पुग्दैन ।"

यो भनिए पछि कोही एक जवान भिक्षुले भगवानसंग बिन्ति गऱ्यो ।

Dhamma.Digital

- "भन्ते ! यो त महा अन्धकार हुन्छ, सुमहा अन्धकार हुन्छ ! भन्त ! के यो भन्दा ज्यादै भयानक अर्को अन्धकार हुन्छ ?"

"हो भिक्षु ! यो भन्दा पनि ज्यादा भयानक अर्को अन्धकार हुन्छ । "

भन्ते ! यो भन्दा पनि बडो भयानक हुने त्यो कुन चाहिं दोश्रो अन्धकार हो त ?

भिक्षु ! जुन श्रमण वा ब्राह्मण "यो दुःख हो, यो दुःखको समुदय हो, यो दुःखको निरोध हो, यो दुःख निरोधगामिनी मार्ग हो" भन्ने कुरालाई यथार्थ रूपमा बुझ्दैनन्, ती व्यक्तिहरू जन्म दिने खालमा



https://dhamma.digital

संस्कारहरूमा परिरहन्छन्, जरा ल्याउनेवाला संस्कारहरू परिरहन्छन्, मृत्यु दिनेवाला संस्कारहरूमा परिरहन्छन्, शोक-परिदेव-दुःख दौर्मनस्य, उपायास ल्याउनेवाला संस्कारहरूमा परिरहन्छन् । ... यस प्रकार परिरहिकन तिनीहरू अरु पनि संस्कारहरूमा संचय गर्दछन् । अतः ती व्यक्तिहरू-जाति अन्धकारमा खस्दछन्, जरा-अन्धकारमा खस्दछन्, मृत्यु अन्धकारमा खस्दछन, शोकादिका अन्धकारमा पर्दछन् । तिनीहरू जातिबाट पनि मुक्त हुँदैनन्, जराबाट पनि ...., मरणबाट पनि ...., शोकादिवाट पनि मुक्त हुँदैनन् । दुःखबाट मुक्त हुँदैनन्,-यसरी म भन्दछु ।

भिक्षु ! जुन श्रमण वा ब्राह्मण "यो दुःख हो, यो दुःखको समुदय हो, यो दुःखको निरोध हो, यो दुःख निरोधगामिनी मार्ग हो" भन्ने कुरा यथार्थ रूपमा बुझ्दछन्, तिनीहरू जन्म दिनेवाला संस्कारहरूमा पर्दैनन्, जरा ल्याउनेवाला संस्कारहरूमा पर्दैनन्, मृत्यु दिनेवाला संस्कारहरूमा पर्दैनन्, शोक-परिदेव-दुःख दौमनस्य-उपायस ल्याउनेवाला संस्कार हरूमा पर्दैनन्, .... यसरी नपरिकन तिनीहरू अरु पनि संस्कारहरूको संचय गर्दैनन् । अतः ती व्यक्तिहरू जाति-अन्धकारमा खस्दैनन्, जरा अन्धकारमा खस्दैनन्, मृत्यु अन्धकारमा खस्दैनन, शोकादिका अन्धकारमा खस्दैनन् । ती व्यक्तिहरू जातिबाट मुक्त हुन्छन् जराबाट पनि ....., मरणबाट पनि ....., शोकादिबाट पनि मुक्त हुन्छन् । दुःखबाट मुक्त हुन्छन् यसरी म भन्दछु ।

तसर्थ भिक्षुहरू ! यी कुरा बुझ्नलाई कोशिस गर्नु पर्छः यो दुःख हो । यो दुःखको समदुय हो । यो दुःखको निरो हो । यो दुःखको निरोधगामिनी अभ्यास हो ।"

**निब्बानस्स पच्चयो होतु ।**



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## एकाइ ४ : अभिधर्मार्थ संग्रहको व्याख्या

मूल पुस्तक : म्युप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश

लेखक : आयुष्मान् चन्दवंसालङ्कार (म्युप्येंजी)

अनुवादक (नेपालभाषा) : प्रज्ञानन्द महास्थविर 'अग्गमहापण्डित'

सम्पादक : अनागारिका अग्गञाणी 'धम्माचरिय'

अनुवादक (नेपाली) : संगीता धाख्वा

Dhamma.Digital

https://dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

# ६. समुच्चय–काण्ड

**चित्तं चेतसिकं रूपं निब्बानमिति सब्बथा**को स्वरूपअनुसार चार वटा परमार्थ धर्मलाई देखाइसकेपछि, अब उक्त चारवटा परमार्थ धर्मलाई समान स्वभाव मिलाएर देखाउने इच्छा भएकोले **द्वासत्तति विधा** इत्यादि पालि आज्ञा भएको हो । आरम्मण विजानन लक्षण अनुसार चित्त १ वटा, स्पर्शन आदि लक्षण भएको चैतसिक ५२ वटा, कांक्षल आदि लक्षण भएको निष्पन्न रूप १८ वटा, शान्ति लक्षण भएको निर्वाण – यी ७२ वटा स्वभाव धर्मलाई मिल्न योग्य हुने तरिकाले अहिले विशेषरुपले बताउँदैछु भन्ने गाथाको अभिप्राय हो ।

**अकुशल संग्रह**

समुच्चय काण्डमा अकुशलसंग्रह, मिश्रकसंग्रह बोधिपक्षियसंग्रह र सर्वसंग्रह भनेर चार प्रकारका संग्रह छन् । यी चार प्रकारमध्ये अकुशलसंग्रहमा आस्रव, ओघ, योग, ग्रन्थ उपादान, नीवरण, अनुशय, संयोजन, क्लेश भनेर ९ थरिका छन् । यी ९ थरीकामध्ये आस्रवधर्म बारम्वार खाँडेर राखेको रक्सी समान हो । यस धर्म भूमिअनुसार नैवसंज्ञानासंज्ञायतन, लौकिक धर्मअनुसार गोत्रभूसम्म फैलिएर बगिरहेको छ । पानीको स्रोतले सत्त्वहरूलाई डुबाइदिने जस्तै लोभ इत्यादि ओघधर्मले सत्त्वप्राणीहरूलाई वर्तदुःख, अपाय ४ वटामा डुबाइ दिन्छ । योगले सत्त्वप्राणीहरूलाई सांसारिक  दुःखमा जोडिदिन्छ । ग्रन्थले फलामको सिकि नछुटिने गरी जोडिराखे जस्तै सत्त्वहरूको नामकाय रूपकायलाई वर्तदुःखबाट नछुट्टिने गरी च्युति हुनेबित्तिकै प्रतिसन्धि, प्रत्तिसन्धि हुनासाथ च्युति गरी सन्धि गर्दछ ।

भ्यागुतोलाई सर्पले समातिराखे जस्तै उपादानले छोड्न नसक्ने गरी दृढरूपले समाति राख्दछ । तृष्णा प्रबल भयो भने उपादान हुन्छ ।



https://dhamma.digital

नीवरणले ध्यानादि कुशलधर्म, प्रज्ञाचक्षुलाई छेकी दिन्छ । सत्त्वहरूमा निरन्तररूपले लुकीराखेको क्लेशलाई ‘अनुशय’ भनेर भनिन्छ । मार्गले प्रहाण गर्न नसकेसम्म बार बार उत्पन्न हुन सक्दछ। उक्त अनुशयक्लेश उत्पाद, स्थिति, भङ्ग अनुसार प्रकटरूपले उत्पन्न भइरहेको हुँदैन । अनुकूल कारण जुटेमा तुरुन्तै उत्पन्न हुने एक प्रकारको क्लेश हो ।

संयोजनले सत्त्वप्राणीहरूलाई संसार वर्तदुःखमा डोरीले बाँधिराखेजस्तै बाँधिराख्दछ । क्लेशले सत्वप्राणीहरूलाई दाह गरिदिन्छ, सास्ति गर्दछ । आफूसित उत्पन्न हुने सम्प्रयुक्त धर्महरूलाई पनि दाह गरिदिन्छ । आगोले काठलाई जलाइदिने जस्तै क्लेशले सम्प्रयुक्त धर्महरूलाई जलाइ दिन्छ, दाह गरिदिन्छ ।

नीवरणमा थिन र मिद्ध दुइटा मिलाएर एउटा नीवरण भनेर देखाइराखेको छ । औधृत्य र कौकृत्य दुइटा मिलाएर एउटा नीवरण भनेर देखाइराखेको छ । कृत्य, उत्पत्तिकारण र विपक्ष धर्म समान भएकोले थिन मिद्ध, औधृत्य कौकृत्य स्वभाव धर्मअनुसार दुइटा दुइटा भएता पनि एउटा नीवरण भनेर देखाइराखेको हो । थिन मिद्ध दुइटै अल्छी स्वभाव भएकोले निरुत्साह गर्ने कृत्य समान छ । यी दुइटैले अल्छी उत्पन्न गर्दछन् । त्यसैले उत्पत्ति कारण पनि समान छन् । थिन पनि वीर्यको प्रतिपक्ष स्वभाव, मिद्ध पनि वीर्यको प्रपिपक्ष स्वभाव भएको भएर विपक्षधर्म पनि समान छन् । औधृत्यमा चञ्चल स्वभाव रहेको कौकृत्यमा पश्चाताप हुने स्वभाव रहेको भएर अशान्त गर्ने कृत्य समान छन् । ज्ञातिव्यसन इत्यादिमध्ये एउटा एउटा कारणले यिनीहरू उत्पन्न हुन्छन् । त्यसैले उत्पत्ति कारण पनि समान छन् । औधृत्य एकाग्रताको प्रतिपक्ष स्वभाव, कौकृत्य पनि एकाग्रताको प्रतिपक्ष स्वभाव भएको हुँदा विपक्ष धर्म पनि समान छन् ।

काम भनिने नाम, भव भनिने नाम आरम्मण र भूमिको मात्र मुख्य नाम हो । लोभलाई कामभव, रूपभव भनेको उपचार अनुसार मात्र भनेको हो । कामास्रव, भवास्रव दुइटाको स्वरूप लोभ हो । दृष्टि आस्रवको स्वरूप दृष्टि र अविद्यास्रवको स्वरूप मोह चैतसिक हो ।



https://dhamma.digital

आस्रव संख्याको हिसाबले ४ वटा भएता पनि स्वरूप हिसाबले लोभ, दृष्टि र मोह ३ वटा मात्रै छन् ।

कामयोग, भवयोगको स्वरूप लोभ, दृष्टियोगको स्वरूप दृष्टि, अविद्यायोगको स्वरूप मोह– यसरी संख्याको हिसाबले ४ वटा भए पनि स्वरूप हिसाबले लोभ, मोह, दृष्टि भनेर योग ३ वटा मात्रै छन् ।

अभिध्याकायग्रन्थको स्वरूप लोभ, व्यापादकायग्रन्थको स्वरूप द्वेष, शीलब्रतपरामर्शकायग्रन्थ, इदंसत्याभिनिवेश कायग्रन्थको दृष्टि – यसरी संख्याको हिसावले ४ वटा भए पनि स्वरूप हिसाबले लोभ, द्वेष र दृष्टि ३ वटा मात्रै ग्रन्थ छन् ।

कामुपादानको स्वरूप लोभ, दृष्टि-उपादान, शीलब्रतुपादान, आत्मवादुपादनको स्वरूप दृष्टि – यसरी संख्याको हिसाबले ४ वटा भए पनि स्वरूपको हिसाबले लोभ र दृष्टि २ वटा मात्रै उपादान छन् ।

कामच्छन्दनीवरणको स्वरूप लोभ, ब्यापादनीवरणको स्वरूप द्वेष, थिनमिद्धनीवरणको स्वरूप थिन र मिद्ध, औधृत्यकौकृत्य नीवरणको स्वरूप औधृत्य र कौकृत्य, विचिकित्सानीवरणको स्वरूप विचिकित्सा, अविद्यानीवरणको स्वरूप मोह – यसरी संख्याको हिसाबले ६ वटा मात्र भएको र स्वरूप हिसाबले नीवरण ८ वटा रहेको भयो ।

कामारागानुशय, भवरागानुशयको स्वरूप लोभ, प्रतिघानुशयको स्वरूप द्वेष, मानानुशयको स्वरूप मान, दृष्टिअनुशयको स्वरूप दृष्टि, विचिकित्सानुशयको स्वरूप विचिकित्सा, अविद्यानुशयको स्वरूप मोह – यसरी संख्याको हिसाबले ७ वटा भए पनि स्वरूप हिसाबले लोभ, द्वेष, मान, दृष्टि, विचिकित्सा र मोह ६ वटा मात्रै छन् ।

सूत्र नयअनुसार कामरागसंयोजन, रूपरागसंयोजन, अरूपरागसंयोजनको स्वरूप लोभ, प्रतिघसंयोजनको स्वरूप द्वेष; मानसंयोजनको स्वरूप मान; दृष्टि संयोजन र शीलब्रतपरामर्शसंयोजनको स्वरूप दृष्टि; विचिकित्सा संयोजनको स्वरूप विचिकित्सा; औधृत्य संयोजनको स्वरूप औधृत्य; अविद्यासंयोजनको स्वरूप मोह – यसरी



https://dhamma.digital

संख्याको हिसाबले १० वटा भए पनि स्वरूप हिसाबले लोभ, द्वेष, मान, दृष्टि, विचिकित्सा, औधृत्य र मोह भनेर संयोजन ७ वटा मात्रै छन् ।

अभिधर्म देशनानुसार कामरागसंयोजन, भवरागसंयोजनको स्वरूप लोभ, प्रतिघसंयोजनको द्वेष, मानसंयोजनको मान, दृष्टिसंयोजनको स्वरूप दृष्टि, विचिकित्सासंयोजनको स्वरूप विचिकित्सा, ईर्ष्यासंयोजनको ईर्ष्या, मात्सर्य संयोजनको स्वरूप मात्सर्य, अविद्यासंयोजनको स्वरूप मोह – यसरी संख्या हिसाबले १० वटा भए पनि स्वरूप हिसाबले लोभ, द्वेष, मान, दृष्टि, विचिकित्सा, ईर्ष्या, मात्सर्य, मोह ८ वटा मात्र संयोजन छन् ।

क्लेश संख्याको हिसाबले पनि स्वरूप हिसाबले पनि १० वटा छन् । लोभ, द्वेष, मान, मोह, दृष्टि, विचिकित्सा, थिन, औधृत्य, अहिरिक र अनोत्तप्प छन् ।

## मिश्रक संग्रह

मिश्रक संग्रहमा हेतु, ध्यानाङ्ग, मार्गाङ्ग, इन्द्रिय, बल, अधिपति, आहार भनेर सात प्रकारका संग्रह छन् । यी सात वटामध्ये आफूसँग सम्प्रयुक्त भइरहेको नामरूप धर्मलाई तेवा दिने धर्मलाई **हेतु** भनेर भनिन्छ । मूल जराले रूखलाई टेवा दिइराखेजस्तै हो । सहेतुक चित्त, सहेतुकरूप, सहेतुक प्रतिसन्धि कर्मजरूप हाँगा, पात, फूल फल समान हो । नीवरणधर्महरूलाई पन्छाउन सक्नेभएकोले **ध्यानाङ्ग** भनेको हो । आरम्मणलाई नजिक रहेर भाविता गर्नुलाई पनि **ध्यानाङ्ग** भनिन्छ । मिथ्यामार्गले दुर्गतिभवमा पुऱ्याइदिन्छ । सम्यक्मार्गले सुगति, निर्वाणमा पुऱ्याइदिन्छ । त्यसैले **मार्गाङ्ग** भनेको हो । आफूसँग सम्बन्धित धर्ममा अधिकार जमाउने धर्मलाई **इन्द्रिय** भनिन्छ । प्रतिपक्ष धर्महरूलाई सास्ति गर्ने भएकोले **बल** भनिन्छ । शत्रुलाई नाश गर्नसक्ने सेनापतिजस्तै हो । आफूसँग सम्बन्धित धर्मको स्वामि भइरहेको धर्मलाई **अधिपति** भनेर भनिन्छ । अधिपति राजा, इन्द्रिय मन्त्रीजस्तै हो । मन्त्रीको अधिकार आफ्नो सम्बन्धित विभागमा मात्र हुन्छ । तर राजाको अधिकार सबै शासनमा



https://dhamma.digital

नै हुन्छ। आफूसँग सम्बन्धित फललाई उत्पन्न गर्ने स्वभावलाई **आहार** भनिन्छ । यो कबलीकार आहारले ओजा सहितको रूप आठवटालाई उत्पन्न गर्दछ। स्पर्श आहारले तीनवटा वेदनालाई उत्पन्न गर्दछ। चेतना आहारले काम, रूप, अरूप तीनवटा भुवनमा प्रतिसन्धि दिन्छ । विज्ञान आहारले आफूसँग मिलेको चैतसिक भनिने नाम, आफूसँग मिलेको कर्मज भनिने रूप दुइटालाई उत्पन्न गर्दछ ।

श्रोतापत्तिमार्गमा भएको प्रज्ञा चैतसिकलाई **'अनञ्ञातञ्ञस्सामीतिन्द्रिय'** भनिन्छ । अरहत्त फलमा भएको प्रज्ञा चैतसिकलाई **'अञ्ञाताविन्द्रिय'** भनिन्छ। बीचमा रहेको लोकोत्तर ६ वटा ज्ञानलाई **अञ्ञिन्द्रिय** भनिन्छ। जीवितिन्द्रिय पनि रूपजीवित, नामजीवित भनेर दुई प्रकारका छन । द्वेपञ्चविज्ञान १० वटामा भएको वेदना, एकाग्रता आरम्मणमा अभिरोपन गर्ने वितर्क नभएकोले ध्यानाङ्ग नाम हुँदैन । वीर्य नभएको १६ वटा चित्तमा भएको छन्द वीर्य नभएको भएर बल नाम हुँदैन । अहेतुक चित्तमा भएको वितर्क, विचार, एकाग्रता हेतु नभएको भएर मार्गाङ्ग नाम हुँदैन । विचिकित्सा चित्तमा भएको एकाग्रता आरम्मण विषयवस्तुलाई निर्णय गर्न सक्ने अधिमोक्ष पनि हुँदैन, सम्प्रयुत्त हेतु पनि नभएको भएर मार्गाङ्ग, इन्द्रिय, बल नाम हुन सक्दैन। अधिपति द्विहेतुक जवन, त्रिहेतुक जवनमा मात्र हुन्छ ।

एकहेतुक जवनमा सम्प्रयुक्त हेतु नभएकोले अधिपति नभएको हो । अहेतुक चित्तमा हेतु नभएकोले हो । औधृत्यमा भएको एकाग्रता कसरी स्थिर हुन्छ ? औधृत्यमा भएको एकाग्रता स्थिर छ भनेता पनि अर्को चित्तमा भएको एकाग्रता जति स्थिर हुँदैन । अलिकति मात्र स्थिर हुन्छ। उपमा – कपासको पोको र फलामको पोको बिसाएर राख्नेबेला कपासको पोको स्थिर भइरहे पनि फलामको पोको जति स्थिर नहुने जस्तै हो । कपास र औधृत्य चित्तमा रहेको एकाग्रता समान छ । फलामको पोको र बांकी भएका चित्तमा रहेको एकाग्रता समान छ । अर्को उपमा – भिरालो ठाउँमा गोलो ढुङ्गालाई खसाल्ने बेलामा निरन्तर गुलुलु खस्छ । चेप्तो ढुङ्गालाई खसाल्नेबेला ठाउँबाट सरेर जाँदैन ।



https://dhamma.digital

चारकुने ढुङ्गालाई खसाल्नेबेला गोलो ढुङ्गा जति गुलुल जाँदैन। चेप्टो ढुङ्गा जस्तै पनि स्थिर हुँदैन। रोकी रोकी खस्दछ। गोलो ढुङ्गा निरन्तर गुलुलु खसे जस्तै औधृत्य चंचल हुन्छ। चेप्टो ढुङ्गा नखस्नेजस्तै बांकी रहेको चित्तमा रहेको एकाग्रता स्थिर हुन्छ। चारकुने ढुङ्गा रोकी रोकी खसेजस्तै औधृत्य रहेको एकाग्रता अलि अलि स्थिर हुन्छ।

अधिपतिमा जानिराख्नुपर्ने कुरा हो – चारवटा अधिपतिमध्ये एउटा एउटा अधिपति प्रबल हुन्छ। छन्द प्रबल हुनेबेला छन्द अधिपति हुन्छ। बाँकी रहेको वीर्य आदि साधारण अनुगमन हुने धर्म नै मात्र हुन्छ। वीर्य प्रबल हुनेबेला वीर्य अधिपति हुन्छ। बाँकी रहेका छन्द आदि साधारण अनुगमन हुने धर्म मात्र हुन्छ। चित्त प्रबल हुनेबेला चित्त अधिपति हुन्छ। बाँकी रहेका धर्महरू साधारण अनुगमन हुने धर्म नै मात्र हुन्छन्। प्रज्ञा प्रबल हुनेबेला विमंश अधिपति हुन्छ। बाँकी रहेका धर्महरू साधारण अनुगमन हुने धर्म नै मात्र हुन्छन्।

स्वभाव धर्मको स्वरूप यसरी हो –

**६ वटा हेतु**

१. लोभ हेतु – लोभमूल चित्त ८ वटामा रहेको लोभ चैतसिक।
२. द्वेष हेतु – द्वेषमूल चित्त २ वटामा रहेको द्वेष चैतसिक।
३. मोह हेतु – मोहमूल चित्त २ वटामा रहेको मोह चैतसिक।
४. अलोभ हेतु – शोभण चित्त ५९ वटामा रहेको अलोभ चैतसिक।
५. अद्वेष हेतु – शोभण चित्त ५९ वटामा रहेको अद्वेष चैतसिक।
६. अमोह हेतु – त्रिहेतुक चित्त ४७ वटामा रहेको अमोह चैतसिक।

**ध्यानाङ्ग ७ वटा**

१. वितर्क – सवितर्क चित्त ५५ वटामा रहेको वितर्क चैतसिक।
२. विचार – सविचार चित्त ६६ वटामा रहेको विचार चैतसिक।
३. प्रीति – प्रीति सहगत चित्त ५१ वटामा रहेको प्रीति चैतसिक।



https://dhamma.digital

४. एकाग्रता – द्विपञ्चविज्ञान १० वर्जित ७९ वटा चित्तमा रहेको एकाग्रता चैतसिक

५. सौर्मनस्य– सौमनस्य सहगत ६२ वटामा रहेको वेदना चैतसिक।

६. दौर्मनस्य – द्वेष मूल २ वटामा रहेको द्वेष चैतसिक।

७. उपेक्षा – चक्षुविज्ञान द्वे, श्रोतविज्ञान द्वे, घ्राणविज्ञान द्वे, जिव्हाविज्ञान द्वे जम्मा ८ वटा चित्त वर्जित उपेक्षा ४७ वटामा रहेको वेदना चैतसिक।

यसरी संख्याअनुसार ७ वटा भए पनि स्वभाव धर्मको स्वरूप अनुसार वितर्क, विचार, प्रीति, एकाग्रता, वेदना भनी ध्यानाङ्ग ५ वटा मात्र छन्।

**मार्गाङ्ग १२ वटा**

१. सम्यक्दृष्टि – त्रिहेतुक चित्त ४७ वटामा रहेको अमोह चैतसिक।

२. सम्यक्सङ्कल्प – कामशोभन चित्त २४ वटा, प्रथम ध्यान ११ वटामा रहेको वितर्क चैतसिक।

३. सम्यक्वचन – लोकोत्तर चित्त ८ वटा, महाकुशल ८ वटा जम्मा १६ वटा चित्तमा रहेको सम्यक्वचन चैतसिक।

४. सम्यक्कर्मान्त – लोकोत्तर चित्त ८ वटा, महाकुशल ८ वटा जम्मा १६ वटा चित्तमा रहेको सम्यक्कर्मान्त चैतसिक।

५. सम्यक्आजीविका – लोकोत्तर चित्त ८ वटा, महाकुशल ८ वटा जम्मा १६ वटा चित्तमा भएको सम्यक् आजीविका चैतसिक।

६. सम्यक्व्यायाम – शोभन चित्त ५९ वटामा भएको वीर्य चैतसिक।

७. सम्यक्स्मृति– शोभन चित्त ५९ वटामा भएको स्मृति चैतसिक।

८. सम्यक्समाधि – शोभन चित्त ५९ वटामा भएको एकाग्रता चैतसिक।

९. मिथ्यादृष्टि – दृष्टिगत सम्प्रयुक्त ४ वटामा भएको दृष्टि चैतसिक।

१०. मिथ्यासंकल्प – विचिकित्सा वर्जित अकुशल चित्त ११ वटामा



https://dhamma.digital

भएको वितर्क  चैतसिक ।

११. मिथ्याव्यायाम – विचिकित्सा वर्जित अकुशल चित्त ११ वटामा भएको वीर्य चैतसिक

१२. मिथ्यासमाधि – विचिकित्सा वर्जित अकुशल चित्त ११ वटामा भएको एकाग्रता चैतसिक ।

संख्या हिसाबले १२ वटा भए पनि स्वभाव धर्म अनुसार प्रज्ञा, वितर्क, सम्यक्वचन, सम्यक्सर्मान्त, सम्यक्आजीविका, वीर्य, स्मृति, एकाग्रता, दृष्टि भनेर मार्गाङ्ग जम्मा ९ वटा मात्र छन् ।

**इन्द्रिय २२ वटा**

१. चक्षु इन्द्रिय – चक्षुप्रसाद रूप

२. श्रोत इन्द्रिय – श्रोतप्रसाद रूप

३. घाण इन्द्रिय – घाणप्रसाद रूप

४. जिव्हा इन्द्रिय – जिव्हाप्रसाद रूप

५. काय इन्द्रिय – कायप्रसाद रूप

६. स्त्री इन्द्रिय – स्त्रीभाव रूप

७. पुरुष इन्द्रिय – पुरुषभाव रूप

८. जीवित इन्द्रिय – रूप जीवित, नाम जीवित

९. मन इन्द्रिय – चित्त ८९ वटा

१०. सुख इन्द्रिय – सुखसहगत कायविज्ञानमा भएको वेदना चैतसिक

११. दु:ख इन्द्रिय – दु:ख सहगत कायविज्ञानमा भएको वेदना चैतसिक

१२. सौमनस्य इन्द्रिय – सौमनस्य सहगत ६२ वटामा भएको वेदना चैतसिक

१३. दौर्मनस्य इन्द्रिय – द्वेष मूलचित्त २ वटामा भएको वेदना चैतसिक

१४. उपेक्षा इन्द्रिय – उपेक्षा सहगत ५५ वटामा भएको वेदना चैतसिक

१५. श्रद्धा इन्द्रिय – शोभनचित्त ५९ वटामा भएको श्रद्धा चेतसिक



https://dhamma.digital

१६. वीर्य इन्द्रिय – पञ्चद्वारवर्जन, द्वेपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन २ वटा, सन्तीरण ३ वटा जम्मा १६ वटा चित्त वर्जित ७३ वटा चित्तमा भएको वीर्य चैतसिक ।

१७. स्मृति इन्द्रिय – शोभन चित्त ५९ वटामा भएको स्मृति चैतसिक

१८. समाधि इन्द्रिय – विचिकित्सा सहगत १ वटा, पञ्चद्वारावर्जन, द्वेपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन द्वे, सन्तीरण ३ वटा जम्मा १७ वटा चित्त वर्जित ७२ वटा चित्तमा भएको एकाग्रता चैतसिक

१९. प्रज्ञा इन्द्रिय – ज्ञानसम्प्रयुक्त कामाविचर शोभन चित्त १२ वटा, महर्गत चित्त २७ वटा भनेको लौकिक त्रिहेतुक चित्त ३९ वटामा रहेको अमोह चैतसिक

२०. अनज्ञातंज्ञाष्यामीति इन्द्रिय – स्रोतापत्तिमार्गमा रहेको अमोह चैतसिक

२१. अज्ञा इन्द्रिय – माथिको (अगाडिको) मार्ग ३ वटा, तलको फल ३ वटामा रहेको अमोह चैतसिक

२२. अज्ञातावि इन्द्रिय – अरहत्तफलमा रहेको अमोह चैतसिक

संख्या हिसाबले २२ वटा भए पनि स्वभावधर्म मिलेको जोड्नेबेला चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद, जिव्हाप्रसाद, कायप्रसाद, स्त्रीभाव, पुरुषभाव, रूपजीवित, नामजीवित, चित्त, वेदना, श्रद्धा, वीर्य, स्मृति, एकाग्रता र अमोह भनी इन्द्रिय जम्मा १६ वटा छन् । नाम इन्द्रिय ८ वटा र रूप इन्द्रिय ८ वटा छन् ।

**बलधर्म ९ वटा**

१. श्रद्धा – शोभन चित्त ५९ वटामा भएको श्रद्धा चैतसिक ।

२. वीर्यबल – वीर्य भएको चित्त ७३ वटामा भएको वीर्य चैतसिक

३. स्मृतिबल – शोभन चित्त ५९ वटामा भएको स्मृति चैतसिक ।

४. समाधिबल – समाधि भएको चित्त ७२ वटामा भएको समाधि चैतसिक ।



https://dhamma.digital

५. प्रज्ञाबल – त्रिहेतुक चित्त ४७ वटामा भएको अमोह चैतसिक ।

६. हिरीबल – शोभन चित्त ५९ वटामा भएको हिरी चैतसिक ।

७. ओत्तप्पबल – शोभन चित्त ५९ वटामा भएको ओत्तप्प चैतसिक ।

८. अहिरिकबल – अकुशल चित्त १२ वटामा भएको अहिरिक चैतसिक ।

९. अनात्तप्पबल – अकुशल चित्त १२ वटामा भएको अनोत्तप्प चैतसिक ।

संख्या हिसाबले पनि ९ वटा, स्वभावधर्म हिसाबले पनि श्रद्धा, वीर्य, स्मृति, एकाग्रता, अमोह, हिरी, ओत्तप्प, अहिरिक, अनोत्तप्प भनेर बल ९ वटा छन् ।

## अधिपति धर्म ४-वटा

१. छन्द अधिपति – साधिपति जवन ५२ वटामा भएको छन्द चैतसिक ।

२. वीर्य अधिपति – साधिपति जवन ५२ वटामा भएको वीर्य चैतसिक ।

३. चित्त अधिपति – साधिपति जवन ५२ वटा ।

४. वीमंश अधिपति – त्रिहेतुक जवन ३४ वटामा भएको अमोह चैतसिक ।

संख्या हिसाबले पनि ४ वटा स्वभाव धर्म अनुसारले पनि छन्द, वीर्य, चित्त र अमोह भनेर अधिपति ४ वटा नै छन् ।

## आहार ४ वटा

१. कबलीकार आहार – रूपकलाप आदिलाई धारण गरिराख्ने ओजा ।

२. स्पर्श आहार – चित्त ८९ वटामा भएको स्पर्श चैतसिक ।

३. मनोसञ्चेतना आहार – ८९ वटा चित्तमा भएको चेतना चैतसिक (अथवा) लौकिक चित्त ८१ वटामा भएको चेतना ।

४. विज्ञान आहार – प्रतिसन्धि चित्त १९ वटा अथवा चित्त ८९ वटा

संख्या हिसाबले ४ वटा स्वभाव धर्मअनुसारले पनि ओजा, स्पर्श, चेतना, चित्त भनी आहार ४ वटा नै छन् ।



https://dhamma.digital

यस काण्डलाई कुशल अकुशल र अव्याकृत धर्मलाई मिसाएर देखाएको हुनाले "मिश्रकसंग्रह" भनेको हो ।

## बोधिपक्षिय संग्रह

बोधिपक्षिय संग्रहमा स्मृतिप्रस्थान, सम्यक्प्रधान ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यङ्ग, मार्गाङ्ग अनुसार ७ प्रकारका छन् ।

### स्मृतिप्रस्थान ४ वटा

१. कायानुपश्यना स्मृतिप्रस्थान

२. वेदनानुपश्यना स्मृतिप्रस्थान

३. चित्तानुपश्यना स्मृतिप्रस्थान

४. धर्मानुपश्यना स्मृतिप्रस्थान

आरम्मण ४ वटा भएकोले स्मृति प्रस्थान पनि ४ वटा भएको हो । स्वभाव धर्मअनुसार स्मृति चैतसिक एउटै मात्र छ ।

### सम्यक्प्रधान ४–वटा

१. उत्पन्न भइसकेको अकुशल धर्मलाई हटाउनको निम्ति कोशिस गर्नु

२. उत्पन्न नभएको अकुशल धर्मलाई उत्पन्न हुन नदिनको निम्ति कोशिस गर्नु

३. उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गर्नको निम्ति कोशिस गर्नु

४. उत्पन्न भइसकेको कुशल धर्मलाई झन वृद्धि गर्नको निम्ति कोशिस गर्नु ।

स्वभावधर्मअनुसार वीर्य चैतसिक एउटा नै मात्र हो । सम्यक्प्रधानमा उत्पन्न भइसकेको अकुशल धर्मलाई हटाउनको निम्ति कोशिस गर्नु भनेको उत्पन्न भइसकेको अकुशल धर्म उत्पन्न भई निरोध भइसक्यो । साँच्चै नै गरिसकेको उत्पन्न भइसकेको अकुशल धर्मलाई हटाउन सकिंदैन । त्यो समानको (प्राणातिपात, अदिन्नदानासँग समान



https://dhamma.digital

भएको इत्यादिरूपले) उत्पन्न नभएको अकुशल धर्मलाई हटाउनको निम्ति कोशिस गर्न सकिन्छ ।

**ऋद्धिपाद ४ वटा**

१. छन्द ऋद्धिपाद – छन्द चैतसिक

२. वीर्य ऋद्धिपाद – वीर्य चैतसिक

३. चित्त ऋद्धिपाद – कुशल चित्त

४. वीमंश ऋद्धिपाद – अमोह चैतसिक

संख्याअनुसार, स्वरूपअनुसार पनि छन्द, वीर्य, चित्त, अमोह भनेर ऋद्धिपाद ४ वटा भएको भयो ।

**इन्द्रिय ५ वटा**

१. श्रद्धा इन्द्रिय – महाकुशल, महाक्रिया, अर्पणा जवनसँग मिलेको श्रद्धा चैतसिक ।

२. वीर्य इन्द्रिय – महाकुशल, महाक्रिया, अर्पणा जवनसँग मिलेको वीर्य चैतसिक ।

३. स्मृति इन्द्रिय – महाकुशल, महाक्रिया, अर्पणा जवनसँग मिलेको स्मृति चैतसिक ।

४. समाधि इन्द्रिय – महाकुशल, महाक्रिया, अर्पणा जवनसँग मिलेको एकाग्रता चैतसिक

५. प्रज्ञा इन्द्रिय – त्रिहेतुक साधिपति जवन ३४ वटामा भएको अमोह चैतसिक ।

संख्याअनुसार पनि ५ वटा स्वभावधर्म अनुसार पनि श्रद्धा, वीर्य, स्मृति, एकाग्रता, अमोह भनेर इन्द्रिय ५ वटा नै भएको भयो ।

**बल ५ वटा**

१. श्रद्धा बल – महाकुशल, क्रिया, अर्पणा जवनसँग मिलेको श्रद्धा चैतसिक ।



https://dhamma.digital

२. वीर्य बल – महाकुशल, क्रिया, अर्पणा जवनसँग मिलेको वीर्य चैतसिक ।

३. स्मृति बल – महाकुशल, क्रिया, अर्पणा जवनसँग मिलेको स्मृति चैतसिक ।

४. समाधि बल – महाकुशल, क्रिया, अर्पणा जवनसँग मिलेको एकाग्रता चैतसिक ।

५. प्रज्ञा बल – महाकुशल ज्ञानसम्प्रयुक्त, महाक्रिया ज्ञानसम्प्रयुक्त, अर्पणा जवनसँग मिलेको अमोह चैतसिक ।

संख्याअनुसारले पनि ५ वटा स्वभावधर्म अनुसार पनि श्रद्धा, वीर्य, स्मृति, एकाग्रता, अमोह भनेर बल ५ वटा नै भएको भयो ।

**बोध्यङ्ग ७ वटा**

१. स्मृति संबोध्यङ्ग – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको स्मृति चैतसिक

२. धर्मविचय संबोध्यङ्ग – महाकुशल ज्ञानसम्प्रयुक्त, महाक्रिया ज्ञानसम्प्रयुक्त, अर्पणाजवनमा भएको प्रज्ञा चैतसिक

३. वीर्य संबोध्यङ्ग – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको वीर्य चैतसिक

४. प्रीति संबोध्यङ्ग – महाकुशल सौमनस्य; महाक्रिया सौमनस्य; प्रथम, दुतिय, तृतीयध्यानजवनमा भएको प्रीति चैतसिक

५. प्रश्रब्धि संबोध्यङ्ग – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको प्रश्रब्धि चैतसिक

६. समाधि संबोध्यङ्ग – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको एकाग्रता चैतसिक

७. उपेक्षा संबोध्यङ्ग – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको तत्रमध्यस्तता चैतसिक



https://dhamma.digital

**मार्ग अङ्ग ८ वटा**

१. सम्यक्दृष्टि – महाकुशल ज्ञानसम्प्रयुक्त, महाक्रिया ज्ञानसम्प्रयुक्त, अर्पणाजवनमा भएको प्रज्ञा चैतसिक

२. सम्यक्संकल्प – महाकुशल, महाक्रिया, प्रथमध्यानजवनमा भएको वितर्क

३. सम्यक्वचन – महाकुशल, लोकुत्तरमा भएको सम्यक्वचन

४. सम्यक्कर्मान्त – महाकुशल, लोकुत्तरमा भएको सम्यक्कर्मान्त

५. सम्यक्आजीविका – महाकुशल, लोकुत्तरमा भएको सम्यक्आजीविका

६. सम्यक्व्यायाम – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको वीर्य

७. सम्यक्स्मृति – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको स्मृति

८. सम्यक्समाधि – महाकुशल, महाक्रिया, अर्पणाजवनमा भएको एकाग्रता

स्मृतिप्रस्थान इत्यादि ३७ वटा धर्मलाई मार्गज्ञानको पक्षमा समावेश रहेको धर्म भएर बोधिपक्षिय भनेको हो । बोधिपक्षिय धर्म संख्याअनुसार ३७ वटा भए पनि स्वभाव धर्म अनुसार स्मृति, वीर्य, छन्द, चित्त, उपेक्षा, श्रद्धा, प्रश्रब्धि, प्रीति, अमोह, वितर्क, सम्यक्वचन, सम्यक्कर्मान्त, सम्यक्आजीविका, एकाग्रता भनेर १४ वटा मात्र छन ।

सङ्कल्प, प्रश्रब्धि, प्रीति, उपेक्षा, छन्द, लोकोत्तर चित्त, सम्यक्वचन, सम्यक्कर्मान्त, सम्यक् आजीविका जम्मा ९ वटा धर्म एक कृत्य एक स्थान भएको धर्म हो । वीर्यको सम्यक्प्रधान ४, ऋद्धिपाद १, इन्द्रिय १, बल १, बोध्यङ्ग १, मार्गाङ्ग १ वटा हिसाबले ९ वटा स्थान छन् । स्मृतिको स्मृतिप्रस्थान ४, इन्द्रिय १, बल १, बोध्यङ्ग १, मार्गाङ्ग १ हिसाबले ८ वटा स्थान छन् ।



https://dhamma.digital

एकाग्रताको इन्द्रिय १, बल १, बोध्यङ्ग १, मार्गाङ्ग १ हिसाबले ४ वटा स्थान छन् । अमोह चैतसिकको ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यङ्ग, मार्गाङ्ग हिसाबले ५ वटा स्थान छन् । श्रद्धाको इन्द्रिय र बल हिसाबले २ वटा स्थान छन् ।

एकवटा लोकोत्तर चित्तमा ३७ वटा बोधिपक्षिय धर्म हुने होइन । लोकोत्तर चित्त सबैमा हुनुलाई मात्र उद्देश्य गरेर **सब्बे** भनिराखेको हो । उपमा – लोकोत्तर द्वितीयध्यान इत्यादिमा वितर्क, चतुर्थध्यान, पञ्चमध्यानमा प्रीति हुँदैन ।

लौकिक शोभन चित्तमा पनि ६ वटा विशुद्धिको उत्पत्ति भयो भने बोधिपक्षियधर्म मिल्न योग्य अनुसार उत्पत्ति हुन्छन् ।

## सर्वसंग्रह

सर्वसंग्रहमा स्कन्ध, आयतन, धातु र सत्य गरी चार किसिमका संग्रह छन् । ती ४ किसिमकामध्ये स्कन्धहरू रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध भनेर ५ वटा छन् ।

**स्कन्ध ५ वटा**

१. रूपस्कन्ध – २८ वटा रूप ।

२. वेदनास्कन्ध – चित्त ८९ वटामा भएको वेदना चैतसिक ।

३. संज्ञास्कन्ध – चित्त ८९ वटामा भएको संज्ञा चैतसिक ।

४. संस्कारस्कन्ध – चित्त ८९ वटामा भएको वेदना, संज्ञा वर्जित चैतसिक ५० वटा ।

५. विज्ञानस्कन्ध –चित्त ८९ वटा

यसप्रकारले रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान भनेर स्वभावधर्म अनुसार स्कन्ध ५ वटा छन् ।



https://dhamma.digital

**उपादानस्कन्ध ५ वटा**

१. रूप उपादानस्कन्ध – रूप २८ वटा

२. वेदना उपादानस्कन्ध – लौकिक चित्त ८१ वटामा भएको वेदना चैतसिक

३. संज्ञा उपादानस्कन्ध – लौकिक चित्त ८१ वटामा भएको संज्ञा चैचसिक

४. संस्कार उपादानस्कन्ध – लौकिक चित्त ८१ वटामा भएका वेदना, संज्ञा वर्जित चैतसिक ५० वटा

५. विज्ञान उपादानस्कन्ध – लौकिक चित्त ८१ वटा

यसरी रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान भनेर स्वभावधर्म अनुसार ५ वटा भयो ।

**आयतन १२ वटा**

१. चक्षुआयतन – चक्षुप्रसाद रूप
२. श्रोतायतन – श्रोतप्रसाद रूप
३. घ्राणायतन –घाणप्रसाद रूप
४. जिव्हायतन – जिव्हाप्रसाद रूप
५. कायायतन – कायप्रसाद रूप
६. मनायतन – चित्त ८९ वटा
७. रुपायतन – रूपारम्मण (वर्ण)
८. शब्दायतन – शब्दारम्मण
९. गन्धायतन – गन्धारम्मण
१०. रसायतन – रसारम्मण
११. प्रष्टव्यायतन – पृथ्वी, तेजो, वायु भनिने प्रष्टब्यारम्मण
१२. धर्मायतन – चैतसिक ५२ वटा शूक्ष्मरूप १६ वटा र निर्वाण

स्वभावधर्म अनुसारले चित्त ८९ वटा, चैतसिक ५२ वटा, रूप २८ वटा र निर्वाण भयो ।



https://dhamma.digital

**धातु १८-वटा**

१. चक्षुधातु – चक्षुप्रसाद रूप

२. श्रोतधातु – श्रोतप्रसाद रूप

३. घ्राणधातु – घ्राणप्रसाद

४. जिव्हाधातु – जिव्हाप्रसाद

५. कायधातु – कायप्रसाद

६. रूपधातु – रूपारम्मण

७. शब्दधातु – शब्दारम्मण

८. गन्धधातु – गन्धारम्मण

९. रसधातु – रसारम्मण

१०. प्रष्टव्यधातु – प्रष्टब्यारम्मण

११. चक्षुविज्ञानधातु – चक्षुविज्ञान द्वे (दुईवटा)

१२. श्रोतविज्ञानधातु – श्रोतविज्ञान द्वे

१३. घ्राणविज्ञानधातु – घ्राणविज्ञान द्वे

१४. जिव्हाविज्ञानधातु – जिव्हाविज्ञान द्वे

१५. कायविज्ञानधातु – कायविज्ञान द्वे

१६. मनोधातु – पञ्चद्वारावर्जन, सम्प्रतिच्छन द्वे

१७. मनाविज्ञान धातु – पञ्चद्वारावर्जन, द्वेपञ्चविज्ञान १० वटा, सम्प्रतिच्छन २ वटा जम्मा १३ वटा चित्त वर्जित ७६ वटा चित्त

१८. धर्मधातु – चैतसिक ५२ वटा शूक्ष्मरूप १६ वटा र निर्वाण

स्वभावधर्म अनुसारले चित्त ८९ वटा चैतसिक ५२ वटा रूप २८ वटा र निर्वाण हुन् ।

**४ वटा सत्य**

१. दु:ख सत्य – लौकिक चित्त ८१ वटा, लोभ वर्जित चैतसिक ५१ वटा, रूप २८ वटा



https://dhamma.digital

२. समुदय सत्य – लोभ चैतसिक

३. निरोध सत्य – निर्वाण

४. मार्ग सत्य – लोकोत्तर मार्गचित्त ४ वटामा भएको मार्गाङ्ग ८ वटा

स्वभावधर्म अनुसारले लौकिक चित्त ८१ वटा, चैतसिक ५२ वटा, निर्वाण ।

समूहलाई **स्कन्ध** भनिन्छ। **रूपस्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध** तीनवटालाई समूह भएको हुनाले **स्कन्ध** भन्न सकिन्छ। तर वेदनास्कन्ध संज्ञास्कन्ध एउटा एउटा मात्र भएर समूह नभएकोलाई कसरी स्कन्ध भन्न सकिन्छ ? यसरी प्रश्न राख्ने ठाउँ छ । त्यस किसिमले समूह भनेर लिने होइन । अतीत, अनागत, वर्तमान हिसाबले वेदना, संज्ञा समूह भएकोले वेदना, संज्ञालाई पनि स्कन्ध भन्न सकिने भयो । चित्त, चैतसिक उत्पन्न हुने कारण धर्मलाई आयतन भनिन्छ । आ-आफ्नो स्वभावलाई धारण गर्ने धर्मलाई **धातु** भनिन्छ । सत्य, सहि भएकोले सत्य भनिन्छ । ४ वटा सत्यलाई आर्यहरूले जानिने हुनाले **आर्यसत्य** भनिन्छ । स्कन्धमा रूपस्कन्ध एउटा रूप धर्म, बाँकी चारवटा नाम धर्म । वेदनास्कन्ध, संज्ञास्कन्ध एकवटा एकवटा मात्र भएर शुद्ध स्कन्ध, बाँकी तीनवटा मिश्रकस्कन्ध । आयतन १२ वटामा चक्षु आयतन ..... पूर्ववत् ..... प्रष्टव्यायतन जम्मा १० वटा रूप आयतन, मनायतन नाम आयतन; धर्मायतन रूप पनि नाम पनि । अर्को अनुसार, चक्षु आयतन ..... पूर्ववत् ..... रसायतन जम्मा ९ वटा शुद्धायतन; प्रष्टव्यायतन, मनायतन धर्मायतन मिश्रक आयतन । धातु १८ वटामा चक्षु धातु ..... पूर्ववत् ..... प्रष्टव्यधातु जम्मा १० वटा रूप धातु; चक्षुविज्ञान धातु ..... पूर्ववत ..... कायविज्ञान धातु, मनोधातु, मनोविज्ञानधातु जम्मा ७ वटा नाम धातु; धर्म धातु नाम र रूपमिश्रक धातु हो । अर्को किसिमले चक्षुधातु ..... पूर्ववत् ..... रस धातु जम्मा ९ वटा शुद्ध धातु; प्रष्टव्य धातु, चक्षुविज्ञान धातु ..... पूर्ववत् ..... कायविज्ञान धातु, मनो धातु, मनोविज्ञान धातु, धर्मधातु जम्मा ९ वटा मिश्रक धातु । चतुरार्य सत्यमा समुदय सत्य, निरोध सत्य, मार्ग सत्य जम्मा तीनवटा नाम सत्य, दुःख



https://dhamma.digital

सत्य एउटा नाम रूप मिश्रक सत्य हो । समुदय सत्य, निरोध सत्य शुद्ध सत्य; बाँकी २ वटा मिश्रक सत्य हो । उपादान धर्मको आरमण भइरहेको स्कन्धलाई **उपादानस्कन्ध** भनेर भनिन्छ । यस्तो नाम भएको रूपस्कन्ध पिजा समान हो । वेदना पानीको फोका समान हो । संज्ञा मृग तृष्णा समान हो । संस्कारस्कन्ध केराको बोट समान हो । विज्ञानस्कन्ध चटक देखाउने जादूगर समान हो ।

चक्षु, श्रोत, घ्राण, जिव्हा, काय, मन भनेको आध्यात्मिक आयतन ६ वटा मानिसहरूले त्याग गरेर गएको शून्य गाउँ समान हो । बाँकी रहेको बाह्य आयतन ६ वटा चोर समान हो । चक्षु, स्रोत, घाण, जिव्हा, कायधातु, ढोलकको मुख(अनुहार) समान हो । रूप, शब्द, गन्ध, रस, प्रष्टव्य धातु ढोलक बजाउने जस्तै हो । चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान धातुहरू ढोलकको स्वर समान हो । मनोधातु पञ्चविज्ञानको अगाडि पछाडि उत्पन्न हुन्छ । धर्मधातुमा वेदना चैतसिक फलामको सिकी समान हो । बाँकी रहेको चैतसिक एकाउन्न (५१) वटा फलामको सिकीले बाँधिराखेको व्यक्ति समान हो । सुखुम (शुक्ष्म) रूप सोह्रवटा विभिन्न प्रकारले उत्पन्न गर्न सक्ने स्वभाव भएकोले चक्र समान हो । निर्वाण केही नभएको ठाउँ समान हो । मनोविज्ञान धातु जंगली बाँदर समान हो । जंगली बाँदर एउटा हाँगाबाट अर्को हाँगामा जानेवेला एउटा हाँगामा समाति सकेपछि अर्को हाँगा छोड्छ । त्यस्तै नै मनोविज्ञान धातु पनि एउटा आरम्मण लिइसकेपछि अर्को आरम्मण छोड्छ । दुई वटा आरम्मणलाई एकैसाथ ग्रहण गर्न सक्दैन ।

दुःख सत्य रोग समान हो । समुदय सत्य अनुकूल नहुने औषधी, भोजन, ठाउँ, ऋतु समान हो । निरोध सत्य रोग निको भएको समान हो । मार्ग सत्य रोग निको गर्न सक्ने औषधी, भोजन, ठाउँ, ऋतु समान हो । निर्वाण वर्तमान, अतीत, अनागत, आध्यात्म, बाह्य, टाढा, नजिक, हीन, प्रणीत, शूक्ष्म, औदारिक भनिने एघारवटा भेद नभएकोले स्कन्ध सूचिमा परेन । सत्य विमुक्तमा मार्ग चितुत्पाद २९ वटा र फलचितुत्पाद



https://dhamma.digital

३७ वटा छन् ।

भगवान बुद्धले संक्षिप्तमा मनपर्नेहरूलाई उद्देश्य गरेर स्कन्ध देशना गर्नु भयो । मध्यस्थमा मनपर्नेहरूलाई उद्देश्य गरी आयतन देशना गर्नुभयो । विस्तृतरूपमा मनपर्नेहरूलाई उद्देश्य गरी धातु देशना गर्नुभयो । अथवा, इन्द्रिय तीक्ष्णहरूलाई स्कन्ध, इन्द्रिय मध्यस्थहरूलाई आयतन, इन्द्रिय मन्दहरू लाई धातु देशना गर्नु भयो । अथवा, नामधर्मको बारे नजान्नेहरूलाई स्कन्ध, रूपको बारेमा नजान्नेहरूलाई आयतन, नामरूप २ वटै नजान्नेहरू, नबुझ्नेहरूलाई धातु देशना गर्नु भएको हो ।

समुच्चय काण्ड समाप्त भयो ।

Dhamma.Digital



https://dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

# ८. प्रत्यय–काण्ड

**येसं सङ्खतधम्मानं** पालिमा **सङ्खतधम्मा**को स्वरूप अनुसार सहेतुक चित्त ७१ वटा, मोहमूल दुईवटामा रहेको मोहबाट अलग्ग भएको चैतसिक ५२-वटा, सहेतुक चित्तजरूप, सहेतुक प्रतिसन्धि कर्मजरूप इत्यादि प्रत्युत्पन्न धर्मलाई लिनुपर्दछ। **ये धम्मा पच्चया** भनिने पालिमा **पच्चया**को स्वरूपअनुसार छवटा हेतु इत्यादि प्रत्यय धर्मलाई लिनुपर्दछ।

## दुईवटा नयको फरक

प्रतीत्यसमुत्पाद पालिले 'प्रत्यय' र 'प्रत्ययुत्पन्न' धर्मलाई मात्र देखाएको छ । प्रस्थान पालिले 'प्रत्यय' 'प्रत्ययुत्पन्न' धर्म मात्र नभई प्रत्यय शक्तिलाई पनि राम्ररी पूर्णरुपले उद्धरण गरी देखाइराखेको छ । यसरी दुई वटा नयको फरक भइरहेको छ।

## प्रतीत्यसमुत्पादनय

अविद्या भनेको सूत्रनयअनुसार चार सत्यलाई नजान्नु हो । अभिधर्मनय अनुसार चारवटा सत्य, पूर्वान्त, अपरान्त, पूर्वान्तापरान्त, प्रतीत्यसमुत्पाद – यी ८ वटासँग सम्बन्ध भएकोलाई नजान्नु अविद्या हो । मोह भनिने अविद्याले गर्दा पुण्याभिसंस्कार अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार उत्पन्न हुन्छ। महाकुशल ८ वटा, रूप कुशल ५ वटामा भएको १३ वटा चेतनालाई 'पुण्याभिसंस्कार' भनिन्छ। अकुशल १२ वटामा भएको १२ वटा चेतनालाई 'अपुण्याभिसंस्कार' भनिन्छ । अरूप कुशल ४ वटामा भएको ४ वटा चेतनालाई 'आनेञ्जाभिसंस्कार' भनिन्छ । बुद्ध अरहन्तहरूमा अविद्या उत्पन्न नहुने हुनाले संस्कार उत्पन्न हुँदैन । संस्कारको कारणले १९ वटा प्रतिसन्धि चित्त भनिने विज्ञान, ३२ वटा लौकिक विपाक भनिने विज्ञान, ८९ वटा चित्त भनिने विज्ञान पनि उत्पन्न हुन्छ। प्रतिसन्धि चित्त १९ वटा प्रतिसन्धि



https://dhamma.digital

काललाई उद्देश्य गरी भनेको हो । लौकिक विपाक ३२ वटा भनिने विज्ञान र ८९ वटा चित्त भनिने विज्ञान प्रवृत्तिकाललाई उद्देश्य गरी भनेको हो । विज्ञानको कारणले प्रतिसन्धि चित्तमा सम्प्रयुक्त भएको चैतसिक ३५ वटा भनिने नाम, कर्मजरूप भनिने रूप उत्पन्न हुन्छ । यो प्रतिसन्धि कालमा हो । प्रवृत्तिकालमा ५२ वटा चैतसिक भनिने नाम, रूप २८ वटा भनिने रूप उत्पन्न हुन्छ । नामरूपको कारणले चक्षु, श्रोत, घ्राण, जिव्हा, काय, मन भनिने षडायतन (आध्यात्मिक आयतन) उत्पन्न हुन्छ । षडायतनको कारणले चक्षुसंस्पर्श, श्रोतसंस्पर्श, घ्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श, मनोसंस्पर्श भनिने स्पर्श उत्पन्न हुन्छ । छवटा स्पर्श उत्पन्न भएमा चक्षुसंस्पर्शज वेदना, श्रोतसंस्पर्शज वेदना, घ्राणसंस्पर्शज वेदना, जिव्हासंस्पर्शज वेदना, कायसंस्पर्शज वेदना, मनोसंस्पर्शज वेदना अथवा सुख वेदना, दुख वेदना, उपेक्षा वेदना उत्पन्न हुन्छ । छवटा वेदनाको कारणले कामतृष्णा; भवतृष्णा; नास्तिक, अक्रिय, अहेतुक भनिने विभवतृष्णा अथवा रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, प्रष्टव्यतृष्णा, धर्मतृष्णा उत्पन्न हुन्छ । तृष्णा उत्पन्न भएमा ४ वटा उपादान उत्पन्न हुन्छ । बलवान भएको तृष्णालाई उपादान भनिन्छ । उपादान उत्पन्न भएमा लौकिक कुशल, अकुशलमा भएको चेतना २९ वटा भनिने कर्मभव, लौकिक विपाक ३२ वटा, चैतसिक ३५ वटा, कर्मज रूप २० वटा भनिने उपपत्ति भव उत्पन्न हुन्छ । अथवा २३ वटा कामविपाक, ३३ वटा चैतसिक, २० वटा कर्मजरूप भनिने कामभव; ५ वटा रूपविपाक, चक्षुविज्ञान द्वे, श्रोतविज्ञान द्वे, सम्प्रतिच्छन द्वे, सन्तीरण ३ वटा, ३५ वटा चैतसिक, घ्राण, जिव्हा, काय, स्त्रीभाव, षुरुषभावबाट बाँकी रहेको १५ वटा कर्मजरूप भनिने रूप भव; ४ वटा अरूप विपाक, ३० वटा चैतसिक भनिने अरूपभव; नैवसंज्ञानासंज्ञायतन विपाकबाट बाँकी भएको ३१ वटा लौकिक विपाक, ३५ वटा चैतसिक, २० वटा कर्मजरूप भनिने संज्ञी भव; जीवित छक्क, जीवितनवक कलाप, असंज्ञासत्त्व प्रतिसन्धि भनिने असंज्ञीभव; नैवसंज्ञानासंज्ञायतन विपाक भनिने नैवसंज्ञीनासंज्ञीभव; जीवित छक्क, जीवितनवककलाप,



https://dhamma.digital

असंज्ञासत्त्व प्रतिसन्धि भनिने एकवोकारभव; अरूपविपाक ४ वटा, ३० वटा चैतसिक भनिने चतुवोकारभव; कामविपाक २३ वटा, रूपविपाक ५ वटा, ३५ वटा चैतसिक, २० वटा कर्मजरूप भनिने पञ्चवोकारभव उत्पन्न हुन्छ। यसलाई ठूलो भव ९ वटा भनिन्छ।

भव उत्पन्न भएमा त्यस त्यस भवमा विपाक विज्ञान भनिने नाम र कर्मजरूपको उत्पत्ति भनिने जाति उत्पन्न हुन्छ। जाति उत्पन्न भएमा नाम धर्मको जिर्ण हुनु, रूप धर्मको जिर्ण हुनु, नाम धर्मको विनाश हुनु, रूपधर्मको विनाश हुनु भनिने जरा मरण उत्पन्न हुन्छ। जातिको मुख्य नभएको फल भइरहेको द्वेषमूल द्वेमा रहेको वेदना भनिने शोक, द्वेषले गर्दा उत्पन्न हुने वचीभेदशब्द भनिने रुने (परिदेव), दुःख सहगत कायविज्ञानमा भएको वेदना भनिने दुःख, द्वेषमूल द्वेमा रहेको वेदना भनिने दौर्मनस्य, द्वेषमूल द्वेमा रहेको वेदना भनिने उपायास उत्पन्न हुन्छ।

संस्कार र कर्मभव स्वरूपअनुसार समान छ। कालअनुसार फरक छ। कसरी कालअनुसार फरक छ भने अतीतकालमा भएको कुशल, अकुशल चेतनालाई संस्कार भनिन्छ। यस वर्तमान भवमा भएको कुशल, अकुशल चेतनालाई कर्मभव भनिन्छ। यसरी कालअनुसार फरक छ। विज्ञान र जाति पनि स्वरूपअनुसार समान छ। कालअनुसार फरक छ। यस वर्तमान भव प्रतिसन्धिलाई विज्ञान भनिन्छ। पछि हुने अनागत प्रतिसन्धिलाई जाति भनिन्छ। यसरी कालअनुसार फरक छ।

प्रतीत्यसमुत्पादनयमा तीनवटा काल, बाह्रवटा अङ्ग, बीसवटा आकार, तीनवटा सन्धि, चारवटा संक्षेप, तीनवटा वर्त, दुईवटा मूललाई जान्नु पर्दछ (थाहा पाउनु पर्दछ)। कसरी जान्नु पर्दछ ? अविद्या र संस्कार दुइटालाई अतीत काल भनिन्छ। जाति, जरा, मरण तीनवटालाई अनागत काल भनिन्छ। बीचमा आठवटा विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भवलाई वर्तमान काल भनिन्छ। यसरी तीनवटा काललाई जान्नु पर्दछ। अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरा मरण



https://dhamma.digital

भनेर १२ वटा अङ्गलाई जान्नु पर्दछ । शोक, परिदेव, दुःख, दौर्मनस्य उपायासहरू जातिको मुख्य नभएको फल परम्परालाई देखाउने फल भएर प्रतीत्यसमुत्पादको अङ्ग भनेर गिन्ति गरेको छैन । अविद्यालाई अतीतकाल भनेर ग्रहण गरेमा तृष्णा उपादानलाई पनि अतीत काल भनेर लिनुपर्दछ । किनभने क्लेशवर्त आपसमा समान भएकोले हो । संस्कारलाई अतीतकाल भनेर ग्रहण गरेमा कर्मभवलाई अतीतकाल भनेर ग्रहण गर्नुपर्दछ। किनभने कर्मवर्त आपसमा (परस्परमा) समान भएकोले हो । त्यसैले अविद्या, संस्कार, तृष्णा, उपादान, कर्मभव भनी अतीतका कारण ५ वटा भएको हो । त्यस्तै नै तृष्णा, उपादानलाई वर्तमान भनेर ग्रहण गरेपछि अविद्यालाई वर्तमान भनेर ग्रहण गर्नुपर्दछ । किनभने क्लेशवर्त अनुसार समान भएकोले हो । कर्मभवलाई वर्तमानकालअनुसार लिएको खण्डमा संस्कारलाई वर्तमान काल भनेर लिनुपर्दछ । किनभने कर्मवर्तअनुसार समान भएकोले हो । त्यसैले तृष्णा, उपादान, कर्मभव, अविद्या, संस्कार भनेर वर्तमान कारण ५ वटा भएको हो । जाति, जरा मरणलाई अनागत काल भनेर लिएमा जाति, जरा, मरणको मुख्य कारण नभएको सामान्य कारण भइरहेको विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदनालाई पनि अनागत काल भनेर लिनुपर्दछ। त्यसैले विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना भनेर अनागत कालमा फल ५ वटा भएको हो । अविद्या, संस्कारलाई आधार लियो भने विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना ५ वटा मुख्य वर्तमान प्रतिफल हुन्छ । त्यसैले विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदनाहरू वर्तमान प्रतिफल अनुसार ५-वटा भएको हो । यो विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदनाहरूले जाति, जरा, मरणलाई आधार लियो भने अनागत प्रतिफल भनेर लिनुपर्दछ । अविद्या, संस्कारलाई आधार लियो भने वर्तमान प्रतिफल भनेर लिनुपर्दछ। अतीतको कारण ५ वटा अहिलेको वर्तमान फल ५ वटा, अहिले वर्तमान ५ वटा कारण, अनागतमा फल ५ वटा; यसरी बीस आकार छन्। अतीत कारण ५ वटा र वर्तमान फल ५ वटा एउटा सन्धि, वर्तमान फल ५ वटा र वर्तमान हेतु ५ वटा एउटा सन्धि, वर्तमान हेतु ५ वटा र अनागत फल



https://dhamma.digital

५ वटा एउटा सन्धि – यसरी सन्धि तीनवटा रहेको भयो। अतीत कारण ५ वटा एउटा संक्षेप, वर्तमान फल ५ वटा एउटा संक्षेप, वर्तमान कारण ५ वटा एउटा संक्षेप, अनागत फल ५ वटा एउटा संक्षेप – यसरी चार वटा पत्र रहेका छन्। अविद्या, तृष्णा र उपादानलाई क्लेशवर्त भनिन्छ। कर्मभव भनेको भवको केही अंश र संस्कारलाई कर्मवर्त भनिन्छ। उपपत्तिभव भनेको भवको केही अंश र बांकी रहेको विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरा, मरणलाई विपाकवर्त भनिन्छ। यसरी तीनवटा वर्तलाई जान्नुपर्दछ।

अविद्या र तृष्णा हिसाबले दुईवटा मूललाई पनि जान्नुपर्दछ। द्वेष इत्यादिलाई मूल नभनी के कारणले अविद्या र तृष्णालाई मात्र मूल भनेका हुन्? अविद्या पनि अतीत कारणको जरा, तृष्णा पनि वर्तमान कारणको जरा हुन्। त्यसैले अविद्या र तृष्णालाई मात्र मूल भनेका हुन्। द्वेष इत्यादि यसरी अतीत कारणको शुरु पनि होइन। वर्तमान कारणको शुरु पनि होइनन्। त्यसैले द्वेष इत्यादिलाई मूल नभनेका हुन्। दुईवटा मूल निरोध भयो भने वर्तधर्म निरोध हुन्छ। बुढा बुढी हुनु, मरण हुनु मुर्छा हुनुबाट निरन्तर कष्ट भोगिरहेका प्राणीहरूलाई आस्रवधर्महरू उत्पन्न हुन्छन्। आस्रव धर्मको उत्पत्तिले गर्दा अविद्या इत्यादि प्रतीत्यसमुत्पाद धर्म पनि उत्पन्न हुन्छ। प्रतीत्यसमुत्पादको शुरु अविद्या हो। निरन्तर घुमिरहेको शुरू थाहा नभएको अथवा जान्न गाह्रो शुरू भएको भूमि तीनवटामा उत्पा हुने वर्तधर्मलाई कारण धर्मको समन्वयलाई कारण गरी फलधर्मको उत्पत्ति हुनु नै प्रतीत्यसमुत्पाद हो भनेर भगवान बुद्धले प्रज्ञप्त गर्नुभयो।

प्रतीत्यसमुत्पाद धर्मलाई अर्थ योजना यसरी गर्नुपर्दछ।

**अविज्जापच्चया –** पूर्वान्त, अपरान्त, पूर्वान्तपरान्त, चतुरार्यसत्य, प्रतित्यसमुत्पाद ८ वटा धर्मलाई छोपि राख्ने मोह भनिने अविद्याको कारणले; **सङ्खारा** – पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार भनिने लौकिक कुशल, अकुशल चेतना २९ वटा संस्कार धर्म; **सम्भवति** – उत्पन्न हुन्छ। **सङ्खारापच्चया –** लौकिक कुशल, अकुशल चेतना



https://dhamma.digital

भन्ने संस्कारको कारणले; **विञ्ञाणं –** १९ वटा प्रतिसन्धि चित्त भनिने विज्ञान, ३२ वटा लौकिक विपाक भनिने विज्ञान, ८९ वटा चित्त भनिने विज्ञान धर्म; **सम्भवति** – उत्पन्न हुन्छ। **विञ्ञाणपच्चया** विज्ञान भनिने कारणले; **नामरूपं –** तीनवटा नामधर्म (वेदना, संज्ञा, संस्कार), २८ वटा रूपधर्म ; **सम्भवति –** उत्पन्न हुन्छ। **नामरुपपच्चया –** नाम, रूप भनिने कारणले; **सलायतनं –** चक्षु, श्रोत, घ्राण, जिव्हा, काय, मन भन्ने षडायतन; **सम्भवति –** उत्पन्न हुन्छ । **सलायतनपच्चया –** षडायतन भनिने कारणले; **फस्सो –** चक्षुसंस्पर्श, श्रोतसंस्पर्श, घ्राणसंस्पर्श, जिव्हासंस्पर्श, कायसंस्पर्श, मनोसंस्पर्श भन्ने ६ वटा स्पर्श धर्म; **सम्भवति –** उत्पन्न हुन्छ । **फस्सपच्चया –** ६ वटा स्पर्श भन्ने कारणले; **वेदना –** चक्षुसंस्पर्शज वेदना, श्रोतसंस्पर्शज, घ्राणसंस्पर्शज, जिव्हासंस्पर्शज, कायसंस्पर्शज, मनोसंस्पर्शज वेदना (अथवा) सुखवेदना, दुःखवेदना, उपेक्षावेदना; **सम्भवति –** उत्पन्न हुन्छ। **वेदनापच्चया –** ६ वटा वेदना भनिने कारणले; **तण्हा** – कामतृष्णा, भवतृष्णा, विभव तृष्णा (अथवा) रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, प्रष्टब्यतृष्णा, धर्मतृष्णा भन्ने ६ वटा तृष्णा; **सम्भवति –** उत्पन्न हुन्छ। **तण्हापच्चया –** ६ वटा तृष्णाको कारणले; **उपादानं –** काम उपादान, दृष्टि उपादान, शीलब्रत उपादान, आत्मवाद उपादान भन्ने ४ वटा उपादान; **सम्भवति –** उत्पन्न हुन्छ । **उपादानपच्चया –** ४ वटा उपादान भन्ने कारणले; **भवो** – कर्मभव, उपपत्तिभव भन्ने २ वटा भव; **सम्भवति –** उत्पन्न हुन्छ। **भवपच्चया** – २ वटा भवको कारणले; **जाति –** प्रतिसन्धि रहनु; **सम्भवति –** उत्पन्न हुन्छ । **जातिपच्चया** – जातिको कारणले; **जरामरणसोकपरिदेवदुक्ख-दोमनस्सुपायसा** – वृद्ध हुनु, मरण हुनु, शोक हुनु, रुनु, दुःख हुनु, मन बिग्रनु, अति डाह हुनु, **सम्भवन्ति –** उत्पन्न हुन्छन् । **एवं वुत्तनयेन –** यसरी माथि बताउँदै आएको तरीकाले; **पच्चयपरम्परा –** अविद्या इत्यादि प्रत्यय परम्परा अनुसार; **केवलस्स –** सुख इत्यादिसँग मिश्रित नभएको; **एतस्स दुक्खक्खधस्स –** यस दुक्खसमूहको; **समुदयो –** उत्पत्ति; **होति –** प्रकट हुन्छ ।



https://dhamma.digital

**तयो अद्धा, द्वादसङ्गानि** इत्यादि पालिमा **अद्धा, अङ्ग**आदिको स्वरूप सजिलोसँग यसरी सम्झीराख्नु पर्दछ –

| | |
|---|---|
| **तयो अद्धा** | अतीत अद्धा – अविद्या र संस्कार |
| (तीनवटा काल) | अनागत अद्धा – जाति, जरामरण |
| वर्तमान अद्धा - | विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव । |
| **द्वादसङ्गानि** (१२ अङ्ग) | अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण |
| **वीसताकार** (बीस आकार) | अतीत हेतु ५ वटा – अविद्या, संस्कार, तृष्णा, उपादान, भव |
| | वर्तमान फल ५ वटा – विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना |
| | वर्तमान हेतु ५ वटा – तृष्णा, उपादान, भव, अविद्या, संस्कार |
| | अनागत फल ५ वटा – विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना । |
| **तिसन्धि** | अतीत कारण भइरहेको संस्कार र वर्तमान फल भईरहेको विज्ञान |
| (तीनवटा सन्धि) | वर्तमान फल भइरहेको वेदना र वर्तमान कारण भइरहेको तृष्णा |
| | वर्तमान कारण भइरहेको कम्मभव र अनागत फल भइरहेको जाति । |



https://dhamma.digital

| | |
|---|---|
| **चतुसङ्खेप** | अतीत कारण ५ वटा |
| (चारवटा संक्षेप) | वर्तमान फल ५ वटा |
| | वर्तमान कारण ५ वटा |
| | अनागत फल ५ वटा |
| **तीणि वट्टानि** | क्लेश वर्त – अविद्या, तृष्णा, उपादान |
| (तीनवटा वर्त) | कर्मवर्त – संस्कार, कर्मभव |
| | विपाक वर्त – उपपतिभव, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरामरण । |
| **द्वेमूलानि** | अविद्या, तृष्णा । |
| (दुईवटा मूल) | |

**प्रस्थान नय**

प्रतीत्यसमुत्पाद नय बताइसकेपछि प्रस्थान नय देखाउनको निम्ति **हेतुपच्चयो, आरम्मणपच्चयो** इत्यादि पालिलाई देखाइराखेको हो ।

प्रत्यय २४ वटा – हेतु (मूल कारण) भएर उपकारक धर्म, आरम्मण (विषयवस्तु) भएर उपकारक धर्म, अधिपति भएर उपकारक धर्म, अन्तर नहुने भएर उपकारक धर्म, राम्रोसँग अन्तर नहुने भएर उपकारक धर्म, सँगै उत्पन्न भएर उपकारक धर्म ....., परस्पर भएर ....., आधार भएर ....., बलियो आधार भएर ...., अगाडि उत्पन भएर ....., पछि उत्पन्न भएर ....., बारम्बार सेवन गर्ने भएर ....., बिउ भएर उपकार गर्ने धर्म, फल भएर ......, टेवा दिएर ...., अधिकारी भएर ....., नजिक रही नियालेर ....., मार्ग भएर ....., सम्प्रयुक्त भएर ....., विप्रयुक्त भएर ....., भएको भएर ....., नभएको भएर ...., छुटेर ....., नछुटीकन उपकारक धर्म; यसरी चौबीस वटा प्रत्यय अनन्त नय रहेको समन्त पट्ठान ग्रन्थमा पाइन्छ ।



https://dhamma.digital

२४ वटा प्रत्ययमध्ये **छधा नामन्तु नामस्स** गाथाले नामले नामधर्मलाई कति प्रकारका प्रत्यय शक्तिले उपकार गर्दछ – इत्यादि छुट्याएर संक्षिप्तमा देखाइराखेको छ ।

१) नामले नामलाई उपकार गर्ने प्रत्यय ६ प्रकार

२) नामले नामरूपलाई उपकार गर्ने प्रत्यय ५ प्रकार

३) नामले रूपलाई उपकार गर्ने प्रत्यय १ प्रकार

४) रूपले नामलाई उपकार गर्ने प्रत्यय १ प्रकार

५) प्रज्ञप्तिनामरूपले नामलाई उपकार गर्ने प्रत्यय २ प्रकार

६) नामरूपले नामरूपलाई उपकार गर्ने प्रत्यय ९ प्रकार

१) नामले नामलाई अनन्तर, समन्तर, नास्ति, विगत, आसेवन र सम्प्रयुक्त प्रत्यय शक्तिद्वारा उपकार गर्दछ ।

२) नामले नामरूपलाई हेतु, ध्यान, मार्ग, कर्म र विपाक प्रत्यय शक्तिद्वारा उपकार गर्दछ ।

३) नामले रूपलाई पश्चात्‌जात प्रत्यय शक्तिद्वारा उपकार गर्दछ ।

४) रूपले नामलाई पूरेजात प्रत्यय शक्तिद्वारा उपकार गर्दछ ।

५) प्रज्ञप्ति नाम रूपले नामलाई आरम्मण र उपनिश्रय प्रत्यय शक्तिद्वारा उपकार गर्दछ ।

६) नामरूपले नामरूपलाई अधिपति, सहजात, अन्यमन्य, निश्रय, आहार, इन्द्रिय, विप्रयुक्त अस्ति र अविगत प्रत्यय शक्तिåf/f उपकार गर्दछ ।

### सहजातरूप २ प्रकार

**सहजातरूपन्ति पनेत्थ सब्बथापि ..... ।पे। ..... वेदितब्बं** भनिने पालिले यो प्रस्थाननयमा हेतु इत्यादि प्रत्ययलाई विस्तृतरूपले देखाइराखेको सम्पूर्ण ठाउँमा सहजातरूप भन्ने प्रवृति अवस्थामा चित्त नै उत्पत्ति कारण भइरहेको अथवा चित्तबाट उत्पन्न हुने रूपको र



https://dhamma.digital

प्रतिसन्धि अवस्थामा कर्मज रूपको हिसाबले दुई प्रकारका छन् भनेर जान्नुपर्दछ भनी देखाइराखेको हो ।

## नाम र रूप विभाजन

**तत्थ रूपधम्मा रूपक्खन्धो व ..... ।पे। ..... पवुच्चति** भनिने पालिले नामरूप छुट्याएर देखाइराखेको छ । प्रज्ञप्ति नामरूपहरूमध्ये रूपस्कन्धलाई नै रूपधर्म भनेर भनिन्छ। चित्त, चैतसिक भनिने चारवटा अरूपस्कन्ध र निर्वाणलाई नामस्कन्ध भनिन्छ।

## प्रज्ञप्ति भेद

प्रज्ञप्ति धर्ममध्ये पृथ्वी, पर्वत इत्यादि **संस्थान प्रज्ञप्ति;** घर, रथ, गाडा, माटोको भाँडो इत्यादि **समूह प्रज्ञप्ति**; पुरुष, स्त्री, सत्त्व पुद्‌गल इत्यादि **पुद्‌गल प्रज्ञप्ति**; पूर्व दिशा इत्यादि **दिशा प्रज्ञप्ति**; इनार, गुफा, प्वाल इत्यादि **आकाश प्रज्ञप्ति**; कसिण निमित्त, अशुभ निमित्त, उग्रह निमित्त इत्यादि **निमित्त प्रज्ञप्ति** भेदलाई जान्नुपर्दछ। यी प्रज्ञप्ति धर्महरू परमार्थ हिसाबले भइरहेको **विद्यमान प्रज्ञप्ति**; परमार्थ हिसाबले नभएको **अविद्यमान प्रज्ञप्ति**; परमार्थ हिसाबले भइरहेको साथै नभई पनि रहेको **विद्यमानेन अविद्यमान प्रज्ञप्ति**; परमार्थ हिसाबले नभएको साथै भई पनि रहेको **अविद्यमानेन विद्यमान प्रज्ञप्ति,** परमार्थ हिसाबले भएको भई नै रहेको **विद्यमानेन विद्यमान प्रज्ञप्ति** र परमार्थ हिसाबले नभएर नभई नै रहेको **अविद्यमानेन अविद्यमान प्रज्ञप्ति –** यसरी प्रज्ञप्ति ६- प्रकारका छन् ।

स्पष्ट गरेर देखाउँछु। ती ६ वटा प्रज्ञप्तिमध्ये भूमि, पर्वत इत्यादि प्रज्ञप्ति परमार्थ हिसाबले नभएको भएर अविद्यमान प्रज्ञप्ति भनिन्छ । रूप, वेदना इत्यादि प्रज्ञप्ति परमार्थ हिसाबले भएको भएर विद्यमान प्रज्ञप्ति भनिन्छ । ६ वटा अभिज्ञा भएको भन्ने शब्दमा अभिज्ञा परमार्थ हिसाबले प्रकटरूपले रहेकोले विद्यमान भयो । उक्त अभिज्ञा भएको पुद्‌गल प्रकटरूपले नभएको भएर अविद्यामान भयो । यी दुईवटालाई मिलाएर विद्यमानेन अविद्यमान प्रज्ञप्ति भनिन्छ । महिलाको स्वर (स्त्री



https://dhamma.digital

शब्द) स्त्री परमार्थ हिसाबले छैन, शब्द मात्र परमार्थ हिसाबले प्रकट भएकोले परमार्थ हिसाबले नभएर, परमार्थ हिसाबले प्रकट भएको हुनाले अविद्यामानेन विद्यामान प्रज्ञप्ति भनिन्छ। चक्षुविज्ञान चक्षु पनि, विज्ञान पनि परमार्थ हिसाबले प्रकट भएको भएर विद्यमानेन विद्यमान प्रज्ञप्ति भनिन्छ। राजपुत्र राजाको छोरा राजा पनि, छोरा पनि परमार्थ हिसाबले प्रकट नभएको भएर अविद्यामानेन अविद्यामान प्रज्ञप्ति भनिन्छ।

प्रत्यय काण्ड समाप्त भयो।

Dhamma.Digital



https://dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

# ९– कर्मस्थान – काण्ड

प्रत्यय काण्डलाई विस्तृतरूपले देखाइसकेपछि अब कर्मस्थान काण्डलाई देखाउँछु । कर्मस्थान पनि समथ (शमथ) कर्मस्थान र विपस्सना (विपश्यना) कर्मस्थान भनेर दुईवटा रहेकोमा क्रमशः समथ कर्मस्थानलाई सबैभन्दा पहिला देखाएर, विपस्सना कर्मस्थानलाई पछि देखाउँनेछु ।

**किन 'शमथ भावना' भनेको हो ?**

**नीवरणकिलेसानं तदङ्गपहानविक्खम्भनपहानवसेन समेतीति समथो** भनिने वचनार्थ अनुसार मनुष्य, देव, निर्वाण तीनवटा सुखलाई छेकि दिनसक्ने नीवरण क्लेशहरूलाई तदङ्गप्रहाण, विष्कम्भणप्रहाणको शक्तिले शान्त गरि दिनसक्ने भएकोले 'शमथ भावना' भनेको हो ।

**किन 'विपस्सना (विपश्यना)' भनेको हो ?**

**अनिच्चादितिलक्खणे खन्धादिनं विविधकालेसु सुद्धेन पस्सतीति विपस्सना** भनिने वचनार्थ अनुसार स्कन्ध, आयतन इत्यादि धर्महरूलाई अतीत, अनागत, वर्तमान भन्ने तीनवटा कालले अनित्य, दुःख, अनात्म तीनवटा लक्षणमा आरुढ गरी शुद्धपूर्वक देखिने हुनाले 'विपस्सना (विपश्यना)' भनेको हो ।

## समथ कर्मस्थान

यी दुईवटा भावनामध्ये शमथभावना कति वटा छन् ?

**समथसङ्गहे ताव दस कसिणानि, दस असुभा, दस अनुस्सतियो, चतस्सो अप्पमञ्ञायो, एका सञ्ञा, एकं ववत्थानं, चत्तारो आरुप्पा चे'ति**



https://dhamma.digital

**सत्तविधेन समथकम्मट्ठानसङ्गहो** भनिराखेको भएर कसिण १० वटा, अशुभ १० वटा, अनुस्मृति १० वटा, अप्रमाण्य ४ वटा, संज्ञा १ वटा, व्यवस्थान १ वटा र आरुप्प ४ वटा यसरी समथ कर्मस्थान ४० वटा छन् ।

**चरित्र कतिवटा छन् ?**

राग चरित्र, द्वेष चरित्र, मोह चरित्र, श्रद्धा चरित्र, वितर्क चरित्र, बुद्धि चरित्र भनेर ६ वटा छन् ।

**भावना कतिवटा छन् ?**

परिकर्म भावना, उपचार भावना, अर्पणा भावना भनेर तीनवटा छन् ।

**निमित्त कतिवटा छन् ?**

परिकर्म निमित्त, उग्रह निमित्त, प्रतिभाग निमित्त भनेर तीनवटा छन् ।

**कसिण १० वटा भनेका के के हुन् ?**

पृथ्वी कसिण, आपो कसिण, तेजो कसिण, वायो कसिण, नील कसिण, पीत कसिण, लोहित कसिण, ओदात कसिण, आकाश कसिण, आलोक कसिण भनेर १० वटा छन् ।

**अशुभ १० वटा भनेका के के हुन् ?**

**उद्धमातकं, विनीलकं, विपुब्बकं, विच्छिद्दकं, विक्खायितकं, विक्खित्तकं, हतविक्खित्तकं, लोहितकं, पुलवकं, अकिञ्चेति इमे दस असुभा नाम** भन्ने पालि अनुसार मरण पछि हावाले भरिएको छालाको झोला जस्तै फुलेर घिनलाग्दो उद्धुमातक मृतक शरीर, नीलो रङ्ग भएको घिनलाग्दो विनीलक मृतक शरीर; सिंगान बगिरहेको घिनलाग्दा विपुब्बक मृतक शरीर; बीचमा भाँचेर अथवा दुई टुक्रा भएर घिनलाग्दो भइरहेको विच्छिद्दक मृतक शरीर; कुकुर, स्याल आदिहरूले टुक्रा टुक्रा पारेर खाइराखेको भएर घिनलाग्दो (घृणित) विक्खायितक मृतक शरीर; कुकुर स्याल आदिहरूले नाना प्रकारले लुछी लुछी  एताउती फालिराखेको



https://dhamma.digital

घिनलाग्दो विक्षिप्तक मृतक शरीर; शस्त्र अस्त्रले काटेर नाना प्रकारले फालिराखेको भएर घिनलाग्दो अवस्था भइरहेको हतविक्षिप्तक मृतक शरीर; बगिरहेको रगत भएको घिनलाग्दो लोहितक मृतक शरीर; औंसाले भरिरहेको घिनलाग्दो पुलवक मृतक शरीर र हड्डि समूह मात्र भएर घिनलाग्दो अवस्थाको अस्तिक मृतक शरीर – यसरी अशुभ १० वटा छन् ।

**अनुस्मृति १० वटा के के हुन् ?**

**बुद्धानुस्सति, धम्मानुस्सति, संघानुस्सति, सीलानुस्सति, चागानुस्सति, देवतानुस्सति, उपसमानुस्सति, मरणानुस्सति, कायगतासति, आनापानस्सति चे' ति इमा दस अनुस्सतियो नाम** भन्ने पालि अनुसार अरहन्तादि बुद्धको गुणलाई बार बार स्मरण गर्नु बुद्धानुस्सति, स्वाक्खातता आदि धर्मको गुणलाई बारम्बार स्मरण गर्नु धर्मानुस्मति, सुप्पटिपन्नता आदि संघको गुणलाई बार बार स्मरण गर्नु संघानुस्मृति, आफ्नो शील गुणधर्मलाई बार बार स्मरण गर्नु शीलानुस्मति, आफ्नो त्याग गुण धर्मलाई बार बार स्मरण गर्नु त्यागानुस्मृति, देवताहरूको श्रद्धादिगुण समान भएको आफ्नो गुणलाई बार बार स्मरण गर्नु देवानुस्मृति, निर्वाणको उपशम गुणलाई बार बार स्मरण गर्नु उपशमानुस्मृति, मरण धर्मलाई स्मरण गर्नु मरणानुस्मृति, केश, रौं आदि काय समूहमा उत्पन्न हुने कायगतानुस्मृति र श्वास प्रश्वासलाई आरम्मण गरेर स्मरण गर्नु आनापानस्मृति – यसरी अनुस्मृति दशवटा छन् ।

ब्रम्हविहार चारवटा भनेका के के हुन् ?

**मेत्ता करुणा मुदिता उपेक्खाचेति इमा चतस्सो अप्पमञ्ञायो नाम, ब्रम्हविहारो' ति च पवुच्चति** भन्ने पालि अनुसारे सबै सत्त्वहरूलाई आफू समान स्नेह राख्नु मैत्री, दुःखित सत्त्वहरूलाई आरम्मरण गरी दया राख्नु करुणा, सुखित सत्त्वहरूलाई आरम्मण गरी खुशी हुनु मुदिता, दुःख सुख सबै आफूले गरेको कुशल अकुशल कर्मले गर्दा नै हो भनेर उपेक्षित भावमा रहनु उपेक्षा – यी चारवटा यति उति भनी प्रमाण



https://dhamma.digital

नराखी धेरै धेरै सत्त्वप्राणीहरू उपर भाविता गरीने भएकोले अप्पमञ्ञा (अप्रमाण्य) भनिन्छ। उत्तम विहार भएकोले अथवा ब्रम्हाको विहार गर्ने जस्तै भएकोले ब्रह्मविहार पनि भनिन्छ।

**के लाई आहारमा प्रतिकुल संज्ञा भनिन्छ ?**

परिभोग गरेको आहार सबै पित्त, खकार, सिंगान र रगत – यी चार प्रकारका आश्रय हुन जान्छ। शरीरलाई नचाहिने सबै मल मूत्रको रूपमा बाहिर निस्कन्छ। यसरी घृणायुक्त भइरहेको प्रत्यवेक्षण गर्नुलाई आहारमा प्रतिकूल संज्ञा भनिन्छ।

**के लाई चतुधातु व्यवस्थान भनिन्छ ?**

२० वटा पृथ्वी धातु, १२ वटा आपो धातु, ४ वटा तेजो धातु, ६ वटा वायो धातु, समूह गरी ४२ वटा; संक्षिप्तमा ४ वटा धातु मात्रै रहेका छन्। उक्त ४ वटा धातुलाई स्त्री, पुरुष, सत्त्व, पुदगल छैनन् भनेर छुट्याइ छुटयाई जानिने ज्ञानलाई चतुधातु व्यवस्थान भनिन्छ।

**आरूप्य ४ वटा भनेका के के हुन् ?**

आकाशलाई आरम्मण गरी भाविता गर्नु आकाशानन्त्यायतन, यही ध्यानलाई नै आरम्मण गरी भाविता गर्नु विज्ञानानन्त्यायतन, नास्तिभावलाई आरम्मण गरी भाविता गर्नु आकिंचन्यायतन, 'तृतीयारुप्यविज्ञान शान्त छ' भनेर भाविता गर्नु नैवसंज्ञानासंज्ञायतन भनेर चारवटा आरुप्य छन्।

## चरित्रद्वारा कर्मस्थान विभाजन

**चरित्रद्वारा कर्मस्थानलाई कसरी विभाजन गरिराखेको छ ?**

अशुभ १० वटा, रौं आदि काय समूहमा उत्पन्न हुने स्मृति भनेको कायगतास्मृति – यी ११ वटा कर्मस्थान राग चरित्र भएको व्यक्तिलाई योग्य (लायक) छ, सुहाउँछ।

मैत्री, करुणा, मुदिता र उपेक्षा भनिने ४ वटा चारवटा अप्रमाण्य; नीलकसिण, पीतकसिण, लोहितकसिण, ओदातकसिण – यी ८ वटा



https://dhamma.digital

कर्मस्थान द्वेष चरित्र भएका व्यक्तिलाई योग्य छ ।

श्वास प्रश्वासमा आरम्मण गर्नु आनापानस्मृति कर्मस्थान मोह र वितर्क चरित्र भएका व्यक्तिलाई योग्य छ ।

बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति भनेको छवटा अनुस्मृति कर्मस्थानहरू श्रद्धाचरित्र भएको व्यक्तिलाई योग्य छ ।

मरणानुस्मृति, उपसमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, चतुधातु व्यवस्थान – यी चारवटा कर्मस्थान बुद्धि चरित्र भएको व्यक्तिलाई योग्य छ ।

बाँकी रहेका पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु, आकाश कसिण, आलोक कसिण, चारवटा आरुप्य – यी १० वटा कर्मस्थानहरू राग, द्वेष, मोह, वितर्क, श्रद्धा र बुद्धि चरित्र भएकाहरूलाई अथवा सबै पुद्गलहरूलाई नै योग्य छन् । कसिण मण्डल बनाउने बेलामा मोह चरित्र भएकोलाई ठूलो कसिण मण्डल र वितर्क चरित्र भएकोलाई सानो कसिण मण्डल योग्य छ ।

## भावनाद्वारा कर्मस्थान विभाजन

चरित्रद्वारा कर्मस्थानलाई विभाजन गरी देखाइसक्यो । भावनाद्वारा कर्मस्थानको विभाजन कसरी जान्ने हो ? भन्ने प्रश्न राख्ने ठाउँ भएकोले **भावनासु पन सब्बत्थापि** भनिने पालि आज्ञा भएको हो ।

सबै नै कर्मस्थान चालीसवटामा नै परिकर्म भावना उपलब्ध छ । बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति, उपसमानुस्मृति, मरणस्मृति भनिने आठ अनुस्मृति; आहारमा प्रतिकूल संज्ञा; चतुर्धातु व्यवस्थान – यी दशवटा कर्मस्थानमा उपचार भावना मात्र पूर्ण हुने हुन्छ । अर्पणा भावना हुँदैन । बाँकी रहेका कसिण दशवटा, अशुभ दशवटा, आनापानस्मृति, कायगतास्मृति, ब्रम्हविहार चारवटा, आरुप्य चारवटा – यी ३० वटा कर्मथानमा अर्पणा भावना पूर्ण  हुन्छ ।



https://dhamma.digital

## ध्यानद्वारा कर्मस्थान विभाजन

यी तीसवटा कर्मस्थानहरूमध्ये पनि आनापानस्मृति, दशवटा कसिण – ध्यान पाँचवटा समूहको आरम्मण हुन् ।

१० वटा अशुभ, कायगतास्मृति – प्रथमध्यानको आरम्मण हुन् ।

मैत्री, करुणा, मुदिता भनिने तीनवटा ब्रम्हविहार – ध्यान चारवटा समूहको आरम्मण हुन् ।

उपेक्षा भनिने ब्रम्हविहार धर्म १ वटा – पञ्चमध्यानको आरम्मण हो ।

यसरी छबीसवटा (२६) कर्मस्थानहरू रूपावचर ध्यानका आरम्मण हुन् ।

चारवटा आरुप्य अथवा आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन, आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन भनिने चारवटा आरूप्य अरूप ध्यानको आरम्मण हुन्छ ।

## निमित्तद्वारा कर्मस्थान विभाजन

भावना, ध्यानद्वारा कर्मस्थानलाई विभाजन गरी देखाइसक्यो । निमित्तद्वारा कर्मस्थानको विभाजन कसरी जान्ने हो ?

परिकर्म निमित्त, उग्रह निमित्त, प्रतिभाग निमित्त यी तीनवटा मध्ये सबै कर्मस्थान चालीसवटैमा परिकर्म निमित्त, उग्रह निमित्त उपलब्ध हुन्छ । दशवटा कसिण प्रज्ञप्ति, दश अशुभ प्रज्ञप्ति, कायगतास्मृति, आनापानस्मृति – यी बाइसवटामा मात्र प्रतिभाग निमित्त उपलब्ध हुन सकिन्छ ।

## रूपध्यान उत्पत्ति ढङ्ग

**कसरी रूप ध्यानको उत्पन्न हुन्छ ?**

शुरुमा कर्मस्थान भाविता गर्ने योगीले कसिणमण्डलादि आरम्मणलाई आँखाले हेरेर पालिभाषाबाट 'पथवी पथवी' वा हाम्रो



https://dhamma.digital

भाषाबाट 'पृथ्वी पृथ्वी' भनेर भाविता गर्नुपर्दछ। कहिले कहिले आँखा बन्द गरेर भाविता गर्नुपर्दछ। यसरी भाविता गर्न लायक आरम्मणलाई 'परिकर्म निमित्त' भनेर भन्दछ। उक्त भावनालाई पनि 'परिकर्म भावना' भनेर भन्दछ।

आँखाले हेरी, आँखाले नहेरी 'पृथ्वी पृथ्वी' भनेर भाविता गर्दै जाँदा आँखा बन्द गरेर भाविता गरे पनि आँखाले प्रत्यक्ष देखेजस्तै गरी मनोद्वारमा (चित्तमा) प्रकट रूपले उत्पन्न हुन्छ। त्यसबेला चित्त अति नै शुद्ध हुन्छ। उक्त पृथ्वी कसिण मण्डलादि आरम्मणलाई नै उग्रह निमित्त भनिन्छ। उक्त भावनाले पनि समाधिस्थ हुने हुन्छ। यसरी समाधिस्थ हुने भावनालाई नै उपचार भावना भनिन्छ।

उपचार भावना सम्पन्न भइसकेपछि पछि उक्त प्रतिभागनिमित्तलाई नै उपचार समाधिद्वारा राम्ररी सेवन गर्ने योगाचवर पुद्गललाई वितर्क, विचार, प्रीति, सुख, एकाग्रता भनिने पाँचवटा ध्यान अङ्गले सम्पन्न भएको रूपावचर प्रथम ध्यान उत्पन्न हुन्छ। त्यसबेला **आवर्जन वशीभाव** अथवा ध्यान अङ्गलाई विचार गर्न समर्थ भएको योगी पुद्गलको सामर्थ्य, **समापर्जन वशीभाव** अथवा ध्यानलाई भाविता गर्न सक्ने योगी पुद्गलको सामर्थ्य, **अधिष्ठान वशीभाव** अथवा अधिष्ठान गर्न सक्ने योगीको सामर्थ्य, **व्युत्थान वशीभाव** वा ध्यानबाट उठन सक्ने योगीको सामर्थ्य, **प्रत्यवेक्षण वशीभाव** अथवा जवनचित्तले ध्यान अङ्गलाई विचार गर्न सक्ने योगीको सामर्थ्य – यसरी यी पाँचवटा वशीभावले वशीभूत गरेर वितर्क अति नै स्थूल ध्यान अङ्ग हो भनेर मनमा राखी यसलाई हटाउनको निम्ति बारम्बार पृथ्वी पृथ्वी भनी भाविता गर्नेबेला वितर्क शान्त भएर विचार, प्रीति, सुख, एकाग्रता भनिने चारवटा ध्यान अङ्गले सम्पन्न भएको द्वितीयध्यान उत्पन्न हुन्छ। उक्त द्वितीयध्यानमा पनि पाँचवटा वशीभावले वशीभूत गरी यो विचार स्थूल ध्यान अङ्ग हो भनेर विचारलाई शान्त गरी प्रीति, सुख, एकाग्रता – तीनवटा ध्यान अङ्गले सम्पन्न भएको तृतीयध्यानमा पुगिसकेपछि यो प्रीति स्थूल भएको ध्यान अङ्ग हो भनी प्रीतिलाई शान्त गरी सुख र एकाग्रता ध्यान अङ्ग



https://dhamma.digital

दुइटाले सम्पन्न भएको चतुर्थ ध्यान उत्पन्न हुन्छ। सुख स्थूल भएको ध्यान अङ्ग हो भनेर सुखलाई शान्त पारी उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुइटाले सम्पन्न भएको पञ्चमध्यान उत्पन्न हुन्छ।

यसरी बताउँदै आएको नय अनुसारले दशवटा कसिण प्रज्ञप्ति, दशवटा अशुभ प्रज्ञप्ति, रौ आदि कायसमूह प्रज्ञप्ति, श्वास प्रश्वास प्रज्ञप्ति भनिने बाइसवटा कर्मस्थानमा प्रतिभागनिमित्त उपलब्ध हुन्छ।

**पञ्चम ध्यान पुगिसकेपछि कसरी माथि जान्छ ?**

पञ्चमध्यान पुगेर विपस्सना (विपश्यना) भावना गरेका व्यक्ति अनागामि भएर सुद्धावास भूमिमा पुग्दछ। कोही व्यक्तिहरूले यो संज्ञा भएकोले पञ्च कामगुणमा भूलेर संसारचक्रमा लामोसमयसम्म घुमिरहनु परेको हो भनी संज्ञाको दोष देखेर **'सञ्ञा नत्थि सञ्ञा नत्थि'** वा **'संज्ञा छैन संज्ञा छैन'** भनी परिकर्म गरेर असंज्ञासत्त्व भुवनमा पुग्दछ। कोही पुदगलहरूले चारवटा अप्रमाण्य भाविता गरी वृहत्फल भूमिमा पुग्दछ। कोही पुदगलहरूले रूप भएकोले तातो चिसो सहनु पर्दछ, खान, पिउन, लाउन परेकोले खान, पिउन, लाउनलाई खोज्नु पर्ने दुःख, छोरा, स्वास्नीलाई भरण, पोषण गर्नु परेकोले लोभ, द्वेष, मोहले छोपि चोर्ने, लुट्ने हिंसा गर्ने काम गर्न पुगेर दण्डित हुनुपर्ने हुन्छ भनेर रूपको दोषलाई देखेर रूप नभएमा यस्तो दुःखबाट मुक्त हुन्छ भनेर अरूपध्यान अभ्यास गर्दछ।

## अरूपध्यान उत्पत्ति ढङ्ग

**अरूपध्यानको उत्पत्ति कसरी हुन्छ ?**

आकाश कसिणबाट अलग्ग भएको नौवटा कसिणहरूमध्ये कुनै एउटा कसिणलाई पन्छाएर (हटाएर) प्राप्त भएको अन्त नभएको आकाश प्रज्ञप्तिलाई अन्त नभएको अनुसार '**अनन्तं आकासं अनन्तं आकासं**' भनी बारम्बार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्गललाई प्रथम अरूपध्यान उत्पन्न हुन्छ। उक्त आकाशानन्त्यायतन भनिने प्रथम अरूप विज्ञानलाई नै अन्त नभएको अनुसारले **'अनन्तं विञ्ञाण, अनन्तं विञ्ञाणं'** भनेर



https://dhamma.digital

बारम्बार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्गललाई द्वितीय अरूपध्यान उत्पन्न हुन्छ । उक्त प्रथम अरूपविज्ञानको अभाव भनेको **'नत्थि किञ्चि, नत्थि किञ्चि'** भनेर भाविता गर्ने परिकर्म गर्ने योगी पुदगललाई तृतीय अरूपध्यान उत्पन्न हुन्छ । तृतीय अरूपध्यानलाई यो तृतीय अरूप विज्ञान शान्त छ, यो तृतीय अरूप विज्ञान प्रणीत छ **'सन्तमेतं पणीतमेतं'** भनेर यसरी भाविता गर्ने योगी पुद्गललाई चतुर्थ अरूपध्यान उत्पन्न हुन्छ ।

अर्पणाध्यानसम्म पुग्नसक्ने कर्मस्थान ३० वटा समाप्त भयो ।

बाँकी रहेको बुद्ध, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरणस्मृति, संज्ञा, व्यवस्थान भन्ने दशवटा कर्मस्थानमा पनि बुद्धगुणादि आरम्मणलाई परिकर्म गऱ्यो भने उपचार समाधि पनि सम्पन्न हुन्छ ।

**कुन ध्यानलाई मूल मानी अभिज्ञालाई प्राप्त गर्न सकिन्छ ? ती अभिज्ञा भनेका के के हुन् ?**

**अभिञ्ञापादकं पञ्चमझानं** भनिराखेको भएर रूपावचर कुशल क्रिया पञ्चमध्यान – यी दुइटा अभिज्ञाका मूल हुन् । अभिज्ञा भनेको नानाप्रकारको ऋद्धि चमत्कार देखाउन सक्ने **ऋद्धिविध अभिज्ञा**, देवताहरूको कानले जस्तै सानो स्वर, दूर (टाढा) बाट आएको स्वर (आवाज) सुन्न सक्ने **दिव्यस्रोत अभिज्ञा**, अरूको चित्तलाई जान्न सक्ने **परचित्त विजानन अभिज्ञा**, पहिलेको स्कन्ध कमलाई बारम्बार सम्झने स्मृतिसँग मिलेको **पूर्वेनिवासानुस्मृति अभिज्ञा**, देवताहरूको आँखाले जस्तै स-साना रूप, टाढा टाढाको रूपलाई देख्न सक्ने **दिव्यचक्षु अभिज्ञा** भनेर यसरी पाँच प्रकारले रहेका छन् । आस्रवक्षय ज्ञानलाई राखेर छवटा छन् ।

## विपश्यना कर्मस्थानको अभिप्राय

**विपस्सनाकम्मट्ठानेसु पन सीलविसुद्धि चित्तविसुद्धि दिट्ठिविसुद्धि कङ्खावितरणविसुद्धि मग्गामग्गञाणदस्सनविसुद्धि पटिपदाञाणदस्सनविसुद्धि ञाणदस्सनविसुद्धि चेति सत्तविधेन विसुद्धि सङ्गहो** भनेर भनिराखेकोले कर्मस्थान भाविता गर्नु अगाडि शील परिशुद्ध हुनुपर्दछ । अनि चित्त



https://dhamma.digital

शुद्ध हुनु, ज्ञानदृष्टि परिशुद्ध हुनु, संशय रहित भएर ज्ञान शुद्ध हुनु, मार्ग हो होइन भन्ने ज्ञानको शुद्ध हुनु, आचरण मार्ग ज्ञानदृष्टि परिशुद्ध हुनु र मार्ग ज्ञान भनेर विशुद्धि सातवटा भयो । यी विशुद्धि सातवटाले पूर्ण भइसकेपछि अनित्यलक्षण, दुःखलक्षण, अनात्मलक्षण भनेर ३ वटा लक्षण; अनित्यानुपश्यना, दुःखानुपश्यना, अनात्मानुपश्यना भनी ३ वटा अनुपश्यना – यीनिहरूलाई भाविता गर्नाले प्राप्त हुने ज्ञान हो – सम्मर्शन ज्ञान, उदयव्यय ज्ञान, भङ्गज्ञान, भयज्ञान, आदीनव ज्ञान, निर्विदाज्ञान, मुञ्चितुकाम्यताज्ञान, प्रतिसंख्याज्ञान, संस्कारूपेक्षाज्ञान, अनुलोमज्ञान भनेर १० वटा छन् । विपश्यनाबाट प्राप्त हुने विमोक्ष हो – शून्यतविमोक्ष, अनिमित्तविमोक्ष, अप्रणिहितविमोक्ष भनेर ३ वटा; शून्यतानुपश्यना, अनिमित्तानुपश्यना, अप्रणीहितानुपश्यना भनेर अनुपश्यना तीन प्रकारका छन् ।

**ती सातवटा विशुद्धिमध्ये शीलविशुद्धि के लाई भनिन्छ ?**

भिक्षुहरूले सातवटा आपत्तिहरूलाई कडा विष भएको गौमन सर्पजस्तै थानेर रक्षा गर्नु; श्रामणेरहरूले १० वटा लिङ्ग, दण्ड १० वटालाई मलजस्तै थानेर रक्षा गर्नु; गृहस्थीहरूले पञ्चशील, दुश्चरित्र १० वटालाई आगोको रास जस्तै सम्भेर रक्षा गर्नु **प्रातिमोक्षसंवरशील**; चक्षु, स्रोत, घ्राण, जिव्हा, काय, मन भनेका ६ वटा द्वारलाई राजाको भण्डारलाई रक्षागर्ने भण्डागारिकले ढोका सुरक्षित हुने गरी बन्द गरेर भण्डार रक्षा गरेजस्तै सुरक्षित हुने गरी रक्षा गर्नु **इन्द्रियसंवर शील**; भिक्षुहरूले कुलदूसन ८ वटा, अनेसन २१ वटाबाट प्राप्त भएको प्रत्ययहरूलाई फलामको डल्लोलाई जस्तै अलग्ग राखेर मिथ्याजीवले विरत भएर धार्मिकपूर्वक प्राप्त भएको प्रत्ययबाट जीवन चलाउनु, मानिसहरूले मिथ्या कायकर्म ३ वटा, मिथ्या वचीकर्म ४ वटाबाट प्राप्त भएको प्रत्ययबाट विरत भएर धार्मिकपूर्वक खेती गर्नु, व्यापार गर्नु, अक्षर सिकाउनु आदि गरी प्राप्त हुने प्रत्ययबाट जीविका गर्नु **आजीवपारिशुद्धिशील**; भिक्षु, श्रामणेरहरूले **'पटिसंखा योनिसो'** आदिरूपले प्रत्यवेक्षण गरी चतुप्रत्यय प्रयोग(उपयोग) गर्नु, गृहस्थीहरूले **आहारे पटिकूलसञ्ञा** आदिरूपले उपभोग गर्नु भनेको



https://dhamma.digital

**प्रत्ययसन्निश्रित शील**– यी चारवटाले सम्पन्न भएकाहरूमा शील परिशुद्ध हुने हुनाले **शीलविशुद्धि (सीलविसुद्धि)** भनिन्छ ।

**के लाई चित्तविशुद्धि भनिन्छ ?**

**उपचार समाधि, अप्पनासमाधि चेति दुविधोपि समाधि चित्तविसुद्धि नाम** भनिराखेकोले कामावचर कुशलको आनुभावले ध्यानको नजिक पुगेर स्थिर हुनु; महर्गत, लोकोत्तर कुशलको आनुभावले ध्यान मार्गफलमा पुगेर स्थिर हुनु – यी दुईवटा भएका व्यक्तिको चित्त शुद्ध भइराख्ने हुनाले **चित्तविशुद्धि** (**चित्तविसुद्धि**) भनिन्छ ।

**के लाई दृष्टिविशुद्धि भनिन्छ ?**

**लक्खणरसपच्चुपट्ठानपदट्ठानवसेन नामरूपपरिग्गहो दिट्ठिविसुद्धि नाम** भनिराखेकोले वेदना, संज्ञा, संस्कार, विज्ञान – यी चारवटालाई नाम भनिन्छ । रूप २८ वटा शीतोष्ण आदि विरुद्ध हेतुको कारणले परिवर्तन हुन सक्ने भएर रूप भनिन्छ । यी नामरूप धर्महरूको साधारण स्वभाव भनिने लक्षण, कृत्य भनिने रस, प्रकट हुने आकार भनिने प्रत्युप्रस्थान, नजिकको कारण भनिने पदस्थानको हिसाबले नामरूपहरूलाई परिग्रहण गर्नु अथवा शुद्धरूपले देखिनुलाई **दृष्टिविशुद्धि (दिट्ठिविसुद्धि)** भनिन्छ ।

**के लाई कांक्षावितरणविशुद्धि भनिन्छ ?**

**तेसमेव च नामरूपानं पच्चयपरिग्गहो कङ्खावितरणविसुद्धि नाम** भनिराखेकोले नामरूप धर्म, ब्रम्हा, विष्णु, इन्द्र, देव, वृक्षदेवता, भूमिदेवता इत्यादि कोहींले (कसैले) पनि निर्माण गरेको होइन । पुद्गल, सत्त्व, जीव, स्त्री, पुरुष भनेर पनि छैन । अविद्याबाट शुरू भएर मरणले अन्त भइरहेको १२ वटा अङ्ग, ३ वटा काल, २० वटा आकार, ३ वटा सन्धि, ४ वटा पत्र, ३ वटा वर्त, २ वटा मूल – यी ७ वटा धर्मसमूह मात्र छन्, कारण र कार्य मात्र छन् भनेर संशयलाई नाघेर जानसक्ने ज्ञानको परिशुद्ध हुने भएकोले **कांक्षावितरणविशुद्धि (कङ्खावितरणविसुद्धि)** भनिन्छ ।
के लाई **मार्गामार्गज्ञानदर्शनविशुद्धि** भनिन्छ ?



https://dhamma.digital

**ततो परं पन तथा परिग्गहितेसु सपच्चयेसु तेभूमकसङ्खारेसु अतीतादिभेदभिन्नेसु खन्धादिनयमारब्भ कलापवसेन सङ्खिपित्वा अनिच्चं खयट्ठेन, दुक्खं भयट्ठेन, अनत्ता असारकट्ठेनाति अद्धानवसेन सन्ततिवसेन खणवसेन ..... ॥पे॥ ..... उदयब्बयं समनुपस्सन्तस्स च। ओभासो, पीति, पस्सद्धि, अधिमोक्ख च पग्गहो । सुखं ञाणमुपट्ठान-मुपेक्खा च निकन्ति चेति । ओभासादि विपस्सनुप क्किलेसपरिबन्धपरिग्गहवसेन ..... ॥पे॥ ..... मग्गामग्गञाणदस्सन विसुद्धि नाम** भनेर भनिराखेकोले नामरूपलाई जम्मा गर्नुको पछिको कारण सहित भइरहेको अतीत आदि भेदले भिन्नता भएको त्रैभूमिक संस्कारधर्ममा स्कन्ध आयतन आदि नयलाई आरम्मण गरी समूहको हिसाबले संक्षेप गरी क्षय भएर जाने नाश भएर जाने भएकोले अनित्य भनिन्छ, भय सहित भएकोले दुःख भनिन्छ, आत्म भन्ने सार नभएकोले अनात्म भनिन्छ भनेर यसरी काल तीनवटाको हिसाबले, सन्तति र लक्षणको हिसाबले परामर्श गरिने बेलामा विपश्यनाचित्तले गर्दा उत्पन्न हुने शरीरबाट निस्कने ओभास भनिने प्रकाश (ज्योति); विपश्यना संगै उत्पन्न हुने क्षुद्रिका प्रीति, क्षणिका प्रीति, अवक्रान्तिका प्रीति, उद्वेगा प्रीति, स्फरणा प्रीति भनिने पाँच प्रकारका प्रीति; शरीर र मनको डाह हुनुबाट शान्त हुने लक्षण भएको काय प्रश्रब्धि, चित्त प्रश्रब्धि; आरम्मणलाई निर्णय गर्ने अधिमोक्ष (दरिलो श्रद्धा); मनलाई दह्रो बनाउने प्रग्रह; विपश्यना चित्तसँग सम्प्रयुक्त भइरहेको चैतसिक सुख; देवराज इन्द्रले छोडी पठाउने बज्र समानको लक्षण तीनवटालाई देखिने तीक्ष्ण ज्ञान, दरिलो (दृढ) स्मृति; सम्प्रयुक्त धर्मसँग मिलेको विपश्यना सहितको उपेक्षा सम्बोध्यङ्ग भइरहेको तत्रमध्यस्थुपेक्षा, मनोद्वारावर्जन चित्तसँग सम्प्रयुक्त भइरहेको चेतना भनिने आवर्जनुपेक्षा; ओभास इत्यादि नौवटामा टाँसिने सूक्ष्म तृष्णा – यसरी ओभासादि दशवटा विपश्यनालाई मलिन पार्ने बिध्नबाधालाई परिग्रहण गर्ने हिसाबले मार्ग हो होइनलाई छुट्याउने ज्ञान दृष्टिको परिशुद्ध हुनुलाई **मार्गामार्गज्ञानदर्शनविशुद्धि (मग्गामग्गञाणदस्सनविसुद्धि)** भनिन्छ ।



https://dhamma.digital

**के लाई प्रतिपदाज्ञानदर्शनविशुद्धि भनिन्छ ?**

**तथा परिबन्धविमुत्तस्स पन तस्स उदयब्बयञाणतो पट्ठाय ..... ॥पे॥ ..... पटिपज्जन्तस्स नवविपस्सनाञाणानि पटिपदाञाणदस्सन विशुद्धि नाम** भनिराखेकोले ओभासादि दशवटा विपश्यनालाई मलिन गर्ने उपद्रवले अलग्ग भइसकेपछि उत्पत्ति विनाशलाई जान्ने उदयव्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म त्रिलक्षणलाई तह तहको विपश्यनाको रूपमा आचरण गर्ने योगी पुदगलको नौवटा विपश्यना ज्ञान दृष्टिको परिशुद्ध हुनुलाई **प्रतिपदाज्ञानदर्शनविशुद्धि (पटिपदाज्ञाणदस्सनविसुद्धि)** भनिन्छ ।

**के लाई ज्ञानदर्शनविशुद्धि भनिन्छ ?**

**तस्सेवं पटिपज्जन्तस्स पन विपस्सनापरिपाकमागम्म इदानि अप्पना उप्पज्जिस्सतीति भवङ्गं वोच्छिन्दित्वा उप्पन्नमनोद्वारावज्जनान्तरं द्वे तीणि विपस्सनाचित्तानि यं किञ्चि अनिच्चादिलक्खणमारब्भ परिकम्मोपचारानुलोमनामेन पवत्तन्ति । या सिखापत्ता सा सानुलोमा सङ्खारूपेक्खा वुट्ठानगामिनीविपस्सनाति च पवुच्चति** भनिराखेकोले उपद्रवबाट अलग्ग भएर विपस्सना ज्ञान तह तह माथि गएर विपश्यना ज्ञान छिपेर जानुलाई कारण बनाएर "म अब अर्पणामा पुग्न लाग्यो" अथवा "मलाई लोकोत्तर मार्ग उत्पन्न हुनलाग्यो" भनी विचार गर्ने वित्तिकै मनोद्वारवर्जनको अनन्तरमा अनित्य, दुःख, अनात्म भन्ने तीनवटा लक्षणमध्ये एउटा एउटालाई आरम्मण गरी परिकर्म, उपचार, अनुलोम भन्ने जवनचित्त उत्पन्न हुन्छ। कामावचर जवनको शक्तिले विपश्यनाको शिखरमा पुग्दछ। परिकर्म, उपचार, अनुलोम निरोध भइसकेपछि गोत्रभू चित्त निर्वाणलाई आरम्मण गरी पृथग्जनहरूको गोत्रलाई अभिभूत गरी आर्य गोत्रमा पुगेर उत्पन्न हुन्छ । उक्त गोत्रभू चित्तको अनन्तरमा नै स्रोतापत्ति मार्गले दुःखसत्यलाई छुट्याएर जानी, समुदय सत्यलाई हटाएर, निरोध सत्यलाई साक्षात्कार गरी, मार्गसत्यलाई भाविता गरी अर्पणा वीथिमा पुग्दछ। स्रोतापत्ति मार्ग अर्पणा वीथिमा पुगेपछि स्रोतापत्ति फलचित्त दुईपटक, तीनपटक उत्पन्न भएर भवङ्ग अवतरण हुन्छ ।



https://dhamma.digital

फेरि भवङ्गको स्रोतलाई तोडेर प्रत्यवेक्षणज्ञान उत्पन्न हुन्छ । यसबेला मार्ग, फल र निर्वाणलाई प्रत्यवेक्षण गर्दछ । हटाइसकेको क्लेशहरूलाई र हटाएर बाँकी भएका क्लेशहरूलाई प्रत्यवेक्षण गर्ने पनि छ, नगर्ने पनि छ । यसरी क्लेश रहित भई शुद्ध भएर ४ वटा आर्य सत्यलाई प्रत्यक्षरूपले जानिने ज्ञानदृष्टिको परिशुद्ध हुनुलाई **ज्ञानदर्शनविशुद्धि (ञाणदस्सनविसुद्धि)** भनिन्छ ।

**विशुद्धि ७ वटा उल्लेख भइसक्यो । अब ज्ञान १० वटाको अभिप्राय कसरी हो ?**

जो व्यक्तिले गुरुको समीपमा रहेर ५ वटा स्कन्ध, ६ वटा द्वार, ६ वटा आरम्मण, ६ वटा विज्ञान, ६ वटा स्पर्श, ६ वटा वेदना, ६ वटा संज्ञा, ६ वटा चेतना, ६ वटा तृष्णा, ६ वटा वितर्क, ६ वटा विचार, ६ वटा धातु, १० वटा कसिण, ३२ वटा आकार, १२ वटा आयतन, १८ वटा धातु, ४ वटा सत्य, १६ वटा इन्द्रिय, ३ वटा भव, ९ वटा भव, ८ वटा ध्यान, १२ वटा प्रतीत्यसमुत्पाद – यी धर्मसमूहहरूलाई अतीत, अनागत, वर्तमान तीनवटा कालमा अनित्य, दुःख र अनात्म भनेर परामर्शन गरिने ज्ञानलाई **सम्मर्शन ज्ञान** भनिन्छ । उत्पत्ति विनाशलाई जान्ने ज्ञानलाई **उदयव्यय ज्ञान** भनिन्छ । उत्पत्तिलाई छोडेर विनाश भएर जानुलाई मात्र जान्ने ज्ञानलाई **भंगज्ञान** भनिन्छ । प्रत्येक पल्ट होश राख्दै जाँदा विनाशलाई मात्र देखेर भयनाक ठान्ने ज्ञानलाई **भयज्ञान** भनिन्छ । सबै संस्कारधर्महरूको दोषलाई देखिने ज्ञानलाई **आदिनवज्ञान** भनिन्छ । संस्कारधर्म दखेर उद्विग्न हुने ज्ञानलाई **निर्विदा ज्ञान** भनिन्छ । उद्विग्न भएकोले गर्दा संस्कारधर्मबाट मुक्त हुन मन लाग्ने ज्ञानलाई **मुञ्चितुकाम्यता ज्ञान** भनिन्छ । मुक्त भएर जानलाई विशेष व्यापार गरेर फेरि भाविता गर्नुलाई **प्रतिसांख्या ज्ञान** भनिन्छ । विशेष व्यापार गर्न नपर्ने गरी स्वतः प्रकट भएर उत्पन्न हुने संस्कारहरूलाई उपेक्षितरूपले भाविता गर्नुलाई **संस्कारूपेक्षा ज्ञान** भनिन्छ । यस किसिमले उपेक्षित रूपले भाविता गरिसकेपछि ४ वटा स्मृतिप्रस्थान, ४ वटा सम्यक्प्रधान, ४ वटा ऋद्धिपाद, ५ वटा इन्द्रिय, ५ वटा बल, ७ वटा बोध्यङ्ग, ८



https://dhamma.digital

वटा मार्गाङ्ग – यी ३७ वटा बोधिपक्षिय धर्म अनुकूल भएको ज्ञानलाई **अनुलोम ज्ञान** भनिन्छ ।

**विमोक्ष ३ वटा के के हुन् ?**

**तत्थ अनत्तानुपस्सना अत्ताभिनिवेसं मुञ्चन्ती सुञ्ञतानुपस्सना नाम विमोक्खमुखं होति । अनिच्चानुपस्सना विपल्लासनिमित्तं मुञ्चन्ती अनिमित्तानुपस्सना नाम विमोक्खमुखं होति । दुक्खानुपस्सना तण्हापणिधिं मुञ्चन्ती अपणिहितानुपस्सना नाम विमोक्खमुखं होति** भनिराखेकोले अनात्म भनी भाविता गरिनेबेला आत्मनिमित्त शून्य हुने हुनाले **शून्यतविमोक्ष (सुञ्ञतविमोक्ख)** भनिन्छ । अनित्य भनेर भाविता गरिने बेला नित्य भनी विपरित रूपले ग्रहण गरिने विपर्यास निमित्तबाट मुक्त हुने हुनाले **अनिमित्तविमोक्ष (अनिमित्तविमोक्ख)** भनिन्छ । दुःख भनेर भाविता गर्नेबेला सुख भनी आसक्त हुने तृष्णाबाट मुक्त हुने हुनाले **अप्रणिहितविमोक्ष (अपणिहित विमोक्ख)** भनिन्छ ।

**सोतापत्तिमग्गं भावेत्वा दिट्ठिविचिकिच्छापहानेन पहीनापायगमनो** इत्यादि पालिमा स्रोतापत्तिमार्ग भाविता गर्ने व्यक्ति दृष्टिगत सम्प्रयुक्त ४ वटा विचिकिच्छालाई अवशेष बाँकी नराखी प्रहाण गरिने हुनाले अपायमा पतन हुँदैन । **स्रोतापन्न** भनिने नाम हुन्छ । सकृदागामीमार्ग भाविता गर्ने व्यक्तिलाई कामराग व्यापादलाई पातलो गरी लाने हुनाले मनुष्यलोकमा एकपटक मात्र आउने कारणले **सकृदागामि** भनिन्छ । अनागामिमार्गलाई भाविता गर्ने व्यक्तिलाई वस्तुकाम, क्लेशकाम, व्यापादहरूलाई अवशेष बाँकी नराखी प्रहाण गरी यो काम भूमिमा नफर्कने कारणले गर्दा **अनागामि** भनिन्छ । अरहत्तमार्गलाई भाविता गर्ने व्यक्तिलाई रूपराग, अरूपराग, मान, औधृत्यहरूलाई अवशेष बाँकी नराखी हटाउने कारणले अग्र दक्षिणालाई ग्रहण गर्न योग्य भएको भएर **अरहन्त** भनिन्छ ।

## समापत्ति भेद

**फलसमापत्तिवीथियं पनेत्थ सब्बेसम्पि यथासकं फलवसेन साधारणाव। निरोधसमापत्तिसमापज्जनं पन अनागामीनञ्चेव अरहन्तानञ्च**



https://dhamma.digital

**लब्भति** भनिराखेकोले समापत्ति, फलसमापत्ति र निरोधसमापत्ति भनेर दुई किसिमका छन् । यी दुईवटामध्ये फलसमापत्तिमा फलस्थ पुद्गलहरू आफूहरूले प्राप्त गरेको फलमा प्रवेश हुन सकिन्छ । निरोध समापत्तिमा भने अनागामि पुद्गल र अरहन्तपुदगलहरू मात्र प्रवेश हुन सकिन्छ । निरोध समापत्तिमा प्रवेश हुने इच्छा भयो भने आफूहरूले प्राप्त गरिराखेका लौकिक ध्यानमध्ये प्रथमध्यान आदि महर्गत ध्यानमा प्रवेश गरेर संस्कार धर्मलाई अनित्य, दुःख, अनात्म भनेर परामर्श गर्दै लगेर आकिञ्चन्यायतन सम्म पुगिसकेपछि अधिस्थान गर्ने आदि पूर्वकृत्य सबै गरिसकेपछि नैवसंज्ञानासंज्ञायतन ध्यानमा प्रवेश गर्नुपर्दछ । यसबेला चित्त  निरोध हुन्छ । चित्त सन्तति छुट्ने बित्तिकै चैतसिक र चित्तजरूप पनि उत्पन्न हुने अवसर हुंदैन । चित्त, चैतसिक चित्तजरूप निरोध हुनुलाई नै 'निरोध समापत्तिमा प्रवेश हुनु' भनेर भनिन्छ । निरोध समापत्तिबाट उठने समयमा अनागामि पुद्गललाई अनागामिफल चित्त, अरहन्त पुद्गललाई अरहत्तफल चित्त एकपटक मात्र उत्पन्न भएर भवङ्ग अवतरण हुन्छ । पछि प्रत्यवेक्षण ज्ञान उत्पन्न हुन्छ ।

**भावेतब्बं पनिच्चेवं** भनिने पालि गाथाले शमथ विपश्यना भनिने आचरणको आनिशंस भइरहेको सुख अनुभूति भएको रस भन्ने ध्यानसुख फलसुखादि भेद भएको आनन्दलाई प्रार्थना गर्ने कुलपुत्रले नीवरण क्लेशलाई उखेलेर पठाउने शमथ भावना विपश्यना भावना भनिने दुइटा भावनालाई वृद्धि गर्नुपर्दछ भनी प्रोत्साहन दिइराखेको छ ।

कर्मस्थान काण्ड समाप्त भयो ।



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## षष्ठम पत्र

# बौद्ध दर्शन र अभिधर्म

## पाठ्यक्रम

**जम्मा शिक्षण अवधि १५० घण्टा**

(**अंक विभाजन** : एकाई १ को ३० अंक, एकाई २ को ३० अंक र एकाई ३ को २० अंक, एकाइ ४ को २० अंक )

**एकाइ १ : वम्मिक सुत्त** **शिक्षण अवधि ४० घण्टा**

**एकाई २ : अभिधर्म** **शिक्षण अवधि : ४० घण्टा**

१) समुच्चय काण्ड

२) प्रत्यय काण्ड

३) कर्मस्थान काण्ड

**एकाइ ३ : जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग :**

**शिक्षण अवधि : ३० घण्टा**

१) द्वारहरू तथा चित्तका भौतिक आधारहरू

२) धातुहरू

३) हाम्रा जीवनका शोभन चित्तहरू

४) लोकहरू

५) समथ

६) ध्यान चित्तहरू

७) लोकुत्तर चित्तहरू

८) सम्बोधि

**एकाइ ४ : अभिधर्मार्थ संग्रहको व्याख्या** **शिक्षण अवधि : ४० घण्टा**



https://dhamma.digital

**सन्दर्भ सामग्रीहरू :**


१. गोरकम, एन.भी. (ले.), आर.बि. वन्द्य (अनु.), *जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग,* काठमाण्डौः नन्दसिद्धि तथा कयो मय्जु, बु.सं.२५२८ ।

**२.** प्रज्ञानन्द महास्थविर (अनु.), अनागारिका अग्गञाणी (स.), *म्यूप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश, ललितपुरः अनागारिका ञाणशीला,* श्री शाक्यसिंह विहार, ललितपुर ।

३. भिक्षु ज्ञानपूर्णिक (अनु.), *अभिधर्मार्थ संग्रह,* काठमाण्डौः आनन्दकुटी विहारगुठी, बु.सं.२५३५ ।

४. शाक्य, धर्मरत्न ,*बौद्ध दर्शनया विकास* (प्रथमावृत्ति), ललितपुरः एस.एस.हःखा, बु.सं.२५३८ ।

५. भिक्षु भदन्त ऊ सोभन महास्थविर (महासी सयादो), भिक्षु ज्ञानपूर्णिक महास्थविर (अनु. नेपालभाषा), भिक्षु नायको (अनु. नेपाली), *वम्मिक सुत्त,* काठमाडौंः ओमप्रकाश, सुशिलादेवी, वि.सं. २०७७

६. भिक्षु प्रज्ञानन्द महास्थविर(अनु.), अनागारिका अग्गञाणी (स.),*म्यूप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश,* पुस्तकको संगीता धाख्वाद्वारा नेपालीमा अनुवाद भएको अप्रकाशित पुस्तकबाट साभार ।

७. तुलाधर, रीना (ले./सं.), *अभिधम्म,* धम्मवती गुरुमांको देशनामा आधारित, काठमाडौंः धर्मकीर्ति प्रकाशन, २०७९ ।




https://dhamma.digital